CC-0. In Public Domain. Digitization by eGangotri

# दशमहाविद्या



ज्यो.पं. दण्डपाणि अर्ज्याल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दशमहाविद्या

## (तन्त्रशास्त्र)



ज्योतिष पण्डित दण्डपाणि अर्ज्याल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

© : प्रकाशकमा
कृति : दशमहाविद्या (तन्त्रशास्त्र)
कृतिकार : ज्यो. प. दण्डपाणि अर्ज्याल
संस्करण : प्रथम २०६२ विजया दशमी, एक हजार प्रति
प्रकाशक : दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान, काठमाडौं
मूल्य : रू. २५०/-

आई.एस.बि.एन. : 99946-848-0-9

**Dashamahavidya** (Tantra Shastra)
***Written by:*** **Jyotish Pandit Dandapani Arjyal**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# विषयसूची


१ दशमहाविद्या-एक सरस ग्रन्थ प्रा.डा. दुर्गाप्रसाद दवाडी ५

२ भावोद्गार प्रा.डा. विष्णुराज आत्रेय २१

३ आफ्नो भनाइ- २५

४ प्रकाशकीय- २७

५ दशमहाविद्या- २९

६ **निगमागम रहस्य- ३१-३६**
सूर्यविद्या नै निगम हो-३१, पृथ्वी विद्या नै आगम हो-३३

७ **विद्या रहस्य- ३७-४५**
ब्रह्मादि पाँच तत्त्वको उत्पत्तिक्रम-४१, विश्वेश्वर प्रजापतिका कलाहरू-४४

८ **दश संख्या रहस्य- ४६**

९ **दश महाविद्या प्रकरण- ५३-७३**
(१) महाकाल पुरुषकी शक्ति महाकाली-५३ (२) अक्षोभ्य पुरुषको महाशक्ति उग्रतारा-५८ (३) पञ्चवक्त्र शिवको शक्ति षोडशी सृष्टिशक्ति-६० (४) त्र्यम्बक शिवकी शक्ति भुवनेश्वरी-६४ (५) कवन्ध शिवकी शक्ति छिन्नमस्ता-६४ (६) दक्षिणामूर्ति कालभैरवकी शक्ति भैरवी-६७ (७) पुरुषशून्य महाशक्ति धूमावत्ती-६८ (८) एकवक्त्र महारुद्रकी महाशक्ति वगलामुखी-७० (९) मतङ्ग शिवकी महाशक्ति मातङ्गी-७१ (१०) सदाशिव पुरुषकी महाशक्ति कमला-७१

१० **श्रीविद्या महिमा- ७४-८३**
(१) श्रीविद्यानै व्रह्मविद्या हो-७४ (२) श्रीविद्या नै आत्मशक्ति हुन्-७५ (३) श्रीकामेश्वरीका हतियार-७७ (४) रहस्य पूजा (षोडशोपचार) विधि-७८ (५) आत्मशक्तिको चतुर्विधरुप-७९ (६) गुरुमन्त्र र देवतामा अभेदभावनाको रहस्य-८० (७) कामराज विद्याको स्वरुप-८० (८) श्रीविद्या नै त्रिपुरा हुन्-८१ (९) त्रिपुरा आत्मशक्ति हुन्-८१ (१०) श्रीविद्यानै चिच्छक्ति हुन्-८२ (११) श्रीविद्याका लीलावतार-८३


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**११ तन्त्र रहस्य- ८४**

**१२ श्रीयन्त्र प्रकरण- ८६-१०७**

क) श्रीयन्त्र, नवचक्रको स्वरुप-८७

ख) नवचक्रको नाम र देवता-८८

ग) श्रीयन्त्रको शन्दार्थ-८८

घ) श्रीशव्दको अर्थ- ८९-१०९

(१) विन्दुचक्र (पूर्णाहन्ता या शिवभाव)-९२ (२) त्रिकोण चक्र (शक्ति या जीवभाव)-९४ (३) अष्टार चक्र (नवयोन्यात्मक)-९९ (४) अन्तर्दशार चक्र-१०१ (५) बहिर्दशार चक्र-१०१ (६) चतुर्दशार चक्र-१०३ (७) अष्टदल चक्र-१०४ (८) षोडशदल-१०५ (९) भूपुरचक्र-१०५, संक्षिप्त पूजा रहस्य-१०७

**१३ श्रीयन्त्रलेखन विधि र प्रकार- ११०-१२२**

परिभाषा-१११, दिशा ज्ञान-११२, शक्ति त्रिकोण-११२, शिव (वहि्न) त्रिकोण-११३, यन्त्र लेखने विधि-क्रम-११४, नवयोनिचक्र निर्माण विधि-११५, अन्तर्दशार विधि-११६, वहिर्दशार विधि-११९, चतुर्दशार विधि-१२१, चतुर्दशार चक्र-१२२

**१४ संहारक्रमबाट श्रीयन्त्र लेख्ने विधि- १२४-१३५**

चक्रहरुको वर्ण-१२६, अष्टमावरण त्रिकोणचक्र-१२७, सप्तमावरण अष्टकोण चक्र-१२८, षष्ठावरण अन्तर्दशारचक्र-१२८, पञ्चमावरण वहिर्दशारचक्र-१२९, चतुर्थावरण चतुर्दशारचक्र-१२९, तृतीयावरण अष्टदलचक्र-१३०, द्वितीयावरण षोडशदल चक्र-१३१, प्रथमावरण भूपुर (चतुरस्र) चक्रम्-१३१, श्रीयन्त्रको चित्र-१३५

**१५ तन्त्रको प्रसङ्ग र रहस्य- १३६-१३८**

श्रीयन्त्रको सेवा गर्ने संक्षिप्त विधि-१३७

**१६ परिशिष्ट- १३९-१६०**

**(क) महासरस्वती तत्त्व- १३९**

**(ख) विद्याशक्ति- १५०**

अधिभौतिकी विद्या-१५२, आध्यात्मिक विद्या-१५३, अधिदैविकी विद्या-१५३

**(ग) विद्यादान महिमा- १५५**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दशमहाविद्या-एक सरस ग्रन्थ

प्राध्यापक डा. दुर्गाप्रसाद दवाडी

*वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।*
*यं नत्वा कृतकृत्याः स्युस्तं नमामो गजाननम् ।।*

"हाम्रो देश नेपाल अतिप्राचीन कालदेखि नै स्वतन्त्र रही आएको हिन्दुराज्य हो । हामी हिन्दुहरू आदिसृष्टिदेखि नै वैदिक, तान्त्रिक र वैदिकतान्त्रिक मिश्रित यी तीन धर्म-संस्कृतिवाट हुर्कंदै आइरहेका छौं," भन्ने अभिप्राय राख्ने दण्डपाणि अर्ज्यालज्यूले लेखेको **"दशमहाविद्या"** भन्ने ग्रन्थरत्न मेरा परममित्र अत्यन्त सहृदयी प्राध्यापक श्री शिवहरि मरहट्टाज्यूले आगम विषयको अध्येताका नाताले मलाई देखाएर केही मन्तव्य पनि प्रकट गरिदिने आदेश दिनुभयो । ग्रन्थको अवलोकन गर्दा अतिगहन विषयमा अत्यन्त सूक्ष्मदृष्टिले अवलोकन गरेर लेखनीको व्यापार गरे जस्तो लाग्यो । यो विषय नै अति गहन र "गोपनीयं प्रयत्नेन स्वयोनिवच्च पार्वति ।" भएकाले पनि यस विषयमा प्रकाश पार्नु यस विषयका साधकको नै अधिकारको कुरो हो, तथापि आगम विषयको साधक नभए पनि अध्येताको नाताले आफ्नो ज्ञान अनुसार मन्तव्य प्रकट गर्नु पनि सेवा नै सम्झेर यहाँ केही मातृकाहरू उपस्थापित गर्न लागिएको छ ।

यस ग्रन्थका लेखकले ग्रन्थको भूमिका "केही वक्तव्य" मा "यस्तो गम्भीर विषयमा कलम उठाउनु आडम्वर मात्र हो, हाम्रा वृद्धवचनानुसार आफूले गरेको अपराध प्रचार गऱ्यो भने अपराध लाग्दैन भन्ने विश्वास गरी यसमा भएका गल्ती अपराध सवै सज्जन महानुभावहरूका सामु प्रस्तुत गरेको छु" भन्नुभएको छ । यस कथनले तन्त्रशास्त्रको यस्तो गहन विषयमा लेखन गर्ने ग्रन्थकार महान् साधक भए पनि अत्यन्त विनीत हुनुहुन्छ भन्ने कुरा ज्ञात हुन्छ । महाकवि कालिदासले पनि रघुवंश महाकाव्य प्रणयनको प्रसङ्गमा यस्तो नम्रता र अभिमानराहित्य प्रदर्शन गरेका छन्- "म मन्द वुद्धि भएर पनि कविको यशको इच्छुक भएकोले उन्नत पुरुष (लामो शरीर भएको मनुष्य)ले पाउन सकिने वृक्षको फल चाहने वामन (वाउन्ने) पुरुष जस्तो उपहासको पात्र हुनेछु" भनेर रघुवंश महाकाव्यको प्रारम्भमा आफ्नो नम्रता र अभिमानराहित्य प्रदर्शन गरेका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् ।[१] कालिदासको जस्तो नम्रता यस ग्रन्थकारमा रहेछ भन्ने कुरा यसवाट स्पष्ट हुन्छ । श्रीहर्षजस्ता कविले आफूलाई कविराज मान्ने र आफ्नो ग्रन्थ (नैषधीय चरित) पढ्ने खल-दृष्ट/यस ग्रन्थमा क्रीडा न गरोस् यस उद्देश्यले यस ग्रन्थमा कुनै कुनै स्थानमा प्रयत्नले ग्रन्थका ग्रन्थिहरू (दुरुह विषयहरू) राखेको छु । श्रद्धाको साथ गुरुको सेवाद्वारा ग्रन्थको ग्रन्थि गाँठो फुकाउन सक्ने सज्जनले नै यस काव्यरसको लहरीमा (भेलमा) मज्जन गर्न (स्नान गर्न) सकोस् भन्ने मेरो आशय हो भन्ने कुरा जसले काव्यकुब्जेश्वरवाट पानका दुइ पत्र (आदरसूचक मानका दुई विडा) र आसन प्राप्त गर्छ, जसले समाधिमा परव्रह्मको आनन्दी-समुद्रको साक्षात्कार गर्दछ, जसको काव्यले मधुको वर्षा गर्छ तर्कमा जसका उक्तिले प्रतिपक्ष पराजित हुन्छ, उनै श्रीहर्षको यो कृति विद्वान्हरूको हर्षको विषय बनोस् । भनेर आफ्नो कृतिको प्रशंसा गरेका छन् र आफ्नो पाण्डित्यको स्वाभिमानसहित उल्लेख गरेका छन् ।[२]

किन्तु यो दश महाविद्या ग्रन्थ ग्रन्थग्रन्थिले मुक्त न भए पनि यस विषयमा भएको ग्रन्थिलाई 'श्लथीकृत दृढग्रन्थि' भनिएको छ । तन्त्रशास्त्रका गाँठाहरूलाई फुकाउने काम भएको छ. र तन्त्रशास्त्रमा श्रद्धाले गुरुको आराधना गरेर प्राप्त तन्त्रविद्या भएका मानिसले यस ग्रन्थको रस पान गर्न सक्छ भन्ने धारणा सहजै राख्न सकिन्छ । यो विषय तन्त्रको भएकाले तन्त्रशास्त्रको सामान्य परिचय उपस्थापित गर्नु उचित नै हुनेछ ।

तन्त्र, शास्त्र हो र यो दर्शन पनि हो । दर्शनको गहन विवेचन तन्त्रमा गरिएको छ । तन्त्रशास्त्रानुसार तन्त्र नै दर्शनशास्त्रको अन्तिम सोपान हो । तन्त्र दर्शनमा पुगे पछि दर्शनको अन्तिम श्रेणीमा पुगिन्छ भन्ने आशय तन्त्रको पाइन्छ ।

---

१. मन्दःकवियशःप्रार्थी गमिष्याम्युपहास्यताम् ।
प्रांशुलभ्ये फले लोभादुद्वाहुरिव वामनः ॥ (रघुवंश १/३)

२. ग्रन्थग्रन्थिरिह क्वचित् क्वचिदपि न्यासि प्रयत्नान्मया
प्राज्ञं मन्यमना हठेन पठिती माऽस्मिन् खलः खेलतु ।
श्रद्धाराद्धगुरुश्लथीकृत-दृढग्रन्थिःसमासादय
त्वेतत्काव्यरसोर्मिमज्जनसुखव्यासज्जनं सञ्जनः (नैषधीय चरित २२) कवि प्रशस्ति ३
ताम्बूल द्वयमासनञ्च लभते यः कान्यकुब्जेश्वरात्
यः साक्षात्कुरुते समाधिषु परव्रह्मप्रमोदार्णवम् ।
यत्कात्यं मधुवर्षि धर्षितपरास्तर्केणु यस्योक्तयः
श्री श्रीहर्षकवेः कृतिःकृतिमुदे तस्याम्भ्युदियादियम् । नैषधीयचरित २२ कवि प्रशस्ति ४



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसो हुँदा दर्शनको रूपमा पनि तन्त्रको विवेचन गर्नु उचित नै हुनेछ।

ईश्वर र जीवको स्वरूप कस्तो छ ? ती दुईको सम्वन्ध कस्तो छ ? यो विश्वप्रपञ्चंको वास्तविक स्वरूप कस्तो छ ? प्रपञ्चको उत्पत्ति कसरी भयो ? वन्ध र मोक्षको स्वरुप कस्तो छ ? सृष्टि र संहारको प्रक्रिया कसरी चल्छ ? यस्ता प्रश्नहरूको समाधान गर्दै हाम्रो प्राच्य (भारतीय) दर्शनको परम्परा चलेको छ। भारतीय दार्शनिक चिन्तनपरम्परामा तन्त्र पनि यौटा दर्शनको रूपमा स्वीकृत छ। तन्त्रलाई आगम भन्ने पनि चलन छ। निगम शव्दले वेदलाई आगमशव्दले तन्त्रलाई बुझ्न पर्ने हुन्छ। आगम र तन्त्र यी दुई शव्दको अर्थ र त्यसको शव्दार्थ, लक्ष्यार्थ पनि ज्ञातव्य नै मान्न पर्छ। आगम शव्दका तीन अक्षर मध्ये प्रत्येकको अर्थ यस्तो गरिएको पाइन्छ-

*आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखे*
*मतञ्च वासुदेवस्य तस्मादागम उच्यते।*

यस उक्तिले ज्ञात हुन्छ- भगवान् वासुदेवको अभिमत आगमशास्त्र भगवान शिववाट पार्वतीका कर्णको विषय वन्यो। यद्यपि भारतीय दार्शनिक चिन्तन मूलत आस्तिक र नास्तिक दुई प्रकारका छन्। आस्तिक दर्शन छ प्रकारको र नास्तिक दर्शन पनि वौद्धका चार भेद, चार्वाक, जैन यी दुई भेद सहित छ प्रकारको नै मानिएको छ। तथापि दर्शनको वर्गीकरण अनेक प्रकारले गरिने हुनाले दर्शनका पूर्वोक्त भन्दा धेरै भेद हुन जान्छन् र त्यसमा यौटो आगम वा तन्त्र दर्शन पनि पर्न जान्छ। तन्त्र शव्द तनु विस्तारे धातुवाट वनेको हो। "सर्वधातुभ्यःष्ट्रन्" ले ष्ट्रन् प्रत्यय गरे पछि षकारको इत्संज्ञा र लोप गरेर तन्त्र शव्द वन्दछ त्यसको अर्थ–

*तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान्।*
*त्राणञ्च कुरुते यस्मात्तन्त्रमित्यमिधीयते॥*
*व्यवहारः कथ्यते यन्त्र तथा चाध्यात्मवर्णनम्*
*इत्यादि लक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते॥*

तत्त्वविचारको साथै मन्त्रको पनि विचार गरेर विस्तृत अर्थको जसले विचार गर्दछ र जसले रक्षा पनि गर्छ, त्यो तन्त्र भनिन्छ। तन्त्रमा लोकव्यवहारका साथै अध्यात्मको पनि वर्णन हुन्छ। यस्तो लक्षणले युक्त ज्ञानलाई नै तन्त्र भनिन्छ।

पहिले नै भनियो तन्त्र र आगमको लक्ष्यार्थ यौटै हो। तन्त्र शव्दको व्युत्पत्तिलभ्य अर्थ गर्ने हो भने "तन्यन्ते विस्तीर्यन्ते ऐहिकामुष्मिकाभ्युदय-निःश्रेयससाधका उपाया अनेन" इहलोक र परलोकको अभ्युदय र निःश्रेयस (लौकिक उन्नति र परलोकको मोक्ष) का उपाय जुन साधनद्वारा वुझिन्छ त्यो



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र हो, यस्तो अर्थ गरिन्छ । गायत्री तन्त्रमा आगमलाई तन्त्र भनिएको पाइन्छ । त्यहाँ भनिएको छ–

*आगमं परमं तन्त्रम् पञ्चाशन्मातृकाक्षरम् ।*
*पञ्चाशन्मातृका-व्याख्यां यो जानाति द्विजोत्तमः ॥*
*आचार्यः स तु विज्ञेयः सर्वतन्त्रेषु निश्चयः*
*एतत्तत्त्वमविज्ञाय आचार्यः स कथं भवेत् ॥*
*(गायन्त्रीतन्त्रे १पटले २२२,२२३)*

आगम शिवको मुखवाट निःसृत गिरिजाको मुखमा गत, वासुदेवसँग सम्मत भन्ने कुरा कामधेनु तन्त्रमा पनि उल्लिखित छ–

*आगतं मम वक्त्राद् यद् गतं तव मुखे सदा ॥*
*मतं श्रीवासुदेवस्य इति ते कथितं प्रिये ॥*
*(कामधेनुतन्त्र १२/११)*

यहाँ यौटा कुरो यो पनि भन्नैपर्छ कि सबै आस्तिक दर्शनको स्रोत र आगमको पनि स्रोत वेद नै हो । निगम र आगम यौटै धातुबाट निष्पन्न हुन् र आगमहरु निगमको प्रतिकूल जाँदैनन् । निगम र आगमको मुख्य भेद निगम (वेद) परमेश्वरका निश्वास भूत हुन् र ती स्वतः आविर्भूत हुन्छन्, जो अपौरुषेय छन् । अस्मर्यमाणकर्तृकत्वेन निगमको अपौरुषेयत्व सिद्ध हुन्छ । आगम भने परम्पराद्वारा प्राप्त हुन्छ । शिव र पार्वतीको संवादका रूपमा आगमको प्रादुर्भाव हुन्छ र लोक कल्याणका निमित्त प्रवर्तन हुन्छ ।

वेदको निमित्त वेदमा नै "अनन्ता वै वेदाः" भन्ने कुरा आउँछ । वेद जस्तो नै तन्त्रशास्त्र पनि अति विस्तृत छ । तन्त्रको यौटा विशेषता यो पनि हो कि तन्त्रमा वेदको संहिता, ब्राह्मण (आरण्यक) र उपनिषद् भागको रहस्य र मन्वादि स्मृति शास्त्रको विषय पनि त्यसमा पाइन्छ । त्यसै हुनाले तन्त्रशास्त्रको विस्तार चौध हजार मानिएको छ- *सप्त सप्त सहस्राणि संख्यातानि महर्षिभिः*

तन्त्रशास्त्रको विषय अत्यन्त विस्तृत छ । वेद (श्रुति) स्मृति, पुराणका विषयहरू पनि तन्त्र शास्त्रमा छन् । संक्षेपमा तन्त्रका विषयहरू–

सर्गश्च प्रतिसर्गश्च तन्त्रनिर्णय एव च ।
देवतानाञ्च संस्थानं तीर्थानाञ्चैव वर्णनम् ॥
तथैवाश्रमधर्मश्च विप्रसंस्थानमेव च ।
संस्थानञ्चैव भूतानां मन्त्राणाञ्चैव निर्णयः ॥
उत्पत्तिर्विबुधानाञ्च तरूणां कल्पसंज्ञितम् ।
संस्थानं ज्योतिषाञ्चैव पुराणाख्यानमेवच ॥



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोषस्य कथनञ्चैव व्रतानां परिभाषणम् ।
शौचाशौचस्य चाख्यानं नरकाणाञ्च वर्णनम् ॥
सगुणोपासना दिव्या पञ्चतत्त्वविभेदतः ।
चतुष्टयेन भेदेन व्रह्मणो ध्यानधारणे ॥
मन्त्रयोगो लयश्चैव राजयोगो हठस्तथा ।
उपासनविधिः सम्यगीश्वरस्य परात्मनः॥
सप्तानां ज्ञानभूमीनां शास्त्रोक्तानां विशेषतः।
ज्ञानस्य चाधिकाराँस्त्रीन्भावतात्पर्यलक्ष्यतः॥
तन्त्रेषु च पुराणेषु भाषायास्त्रिविधां सृतिम् ।
वेदस्य च षडङ्गानि उपवेदचतुष्टयम् ॥
प्रेततत्त्वं पितृतत्त्वं लोकतत्त्वं वरानने ।
जीवतत्त्वं ज्ञानतत्त्वं कर्मतत्त्वं शुभाशुभम् ॥
रसायनं रससिद्धिं जयसिद्धिं तपः परम् ।
दैवं रहस्यं शक्तिञ्च निश्शेषदेवपूजिताम् ॥
हर-चक्रस्य चाख्यानं स्त्री-पुंसोश्चैव लक्षणम् ।
राजधर्मो दानधर्मो युगधर्मस्तथैव च ॥
व्यवहारः कथ्यते च तथा चाध्यात्मवर्णनम्
(इत्यादिलक्षणैर्युक्तं तन्त्रशास्त्रं विदुर्वुधाः ॥
इत्यादिलक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते ॥ इति शव्दकल्पद्रुमे

अर्थात् तन्त्रशास्त्रमा सृष्टि प्रकरण, प्रलयप्रकरण, तन्त्रनिर्णय, दैवी सृष्टिको विस्तार, तीर्थ वर्णन, व्रह्मादि आश्रमधर्म, व्राह्मणादि वर्णधर्म, जीवसृष्टिको विस्तार, मन्त्रनिर्णय, देवताहरूको उत्पत्ति, औषधिकल्प, ज्योतिःकल्प -ग्रहनक्षत्रादि संस्थान, पुराणाख्यान, कोषको कथन, व्रतहरूको परिभाषा, शौचाशौचको निर्णय, नरकहरूको वर्णन, पञ्चतत्त्वको भेदले पञ्चतत्त्वको अधिकारानुसार पञ्चसगुणोपासना, स्थूलध्यानादि भेदले चार प्रकारको (व्रह्मको) ध्यान र धारणा, मन्त्रयोग, हठयोग, लययोग, राजयोग, परमात्मा परमेश्वरको सवै प्रकारका उपासनाविधि सप्तदर्शनशास्त्रका सात प्रकारका ज्ञान- भूमिहरूको रहस्य, अध्यात्मादि तीन प्रकारका भावको लक्ष्य, तन्त्रपुराणहरूमा विद्यमान तीन प्रकारका भाषाको रहस्य, वेदका छ अङ्गहरूको विवेचन, चार उपवेदका विषयको विवेचन, प्रेततत्त्व, पितृतत्त्व, चतुर्दशलोकतत्त्व, जीवतत्त्व, ज्ञानतत्त्व, शुभाशुभकर्मतत्त्व, रसायनशास्त्र, रससिद्धि, जयसिद्धि, परतपस्याको सिद्धि, दैवीजगत्सम्वन्धी रहस्य, सकल देवगणपूजित शक्तिको रहस्य, हरचक्रको आख्यान, स्त्रीपुरुष लक्षणवर्णन,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजधर्म, दानधर्म, युगधर्म, व्यवहाररीति अध्यात्मवर्णन (आत्माअनात्माको निर्णय) इत्यादि विषय जुन शास्त्रमा वर्णन गरिएको हुन्छ त्यसलाई तन्त्रशास्त्र भनिन्छ। यस्तो विस्तृत तन्त्रशास्त्रको विषयमा कुरा गर्दा त्यसमा श्रुतिस्मृतिपुराणोक्त सबै विषयको समावेश भएको छ भने हुन्छ। श्रुतिस्मृति-पुराणमा जसको अधिकार छैन उनीहरूको पनि तन्त्रशास्त्रमा अधिकार हुनाले तन्त्रशास्त्र सर्वलोकोपकारी हो भने हुन्छ होला।

तन्त्र प्रणेताका अनुसार तन्त्रलाई तीन भागमा विभक्त गर्न सकिन्छ, शिवोक्त तन्त्र, पार्वत्युक्त तन्त्र तथा अन्य ऋष्याद्युक्त तन्त्र। शिवोक्त तन्त्रलाई निगम, पार्वत्युक्त तन्त्रलाई आगम, ऋष्याद्युक्त तन्त्रलाई आर्षतन्त्र भने हुन्छ। तन्त्रमा अन्तिम प्रतिपाद्यविषय शिव र शक्तितत्त्वको विवेचन हो। दार्शनिक चिन्तनको क्षेत्रमा प्रवेश गर्दा जागतिक प्रपञ्चमा दुई तत्त्व मुख्य भेटिन्छन्- जड र चेतन। जडलाई शक्ति भन्न सकिन्छ भने चेतनतत्त्वलाई शिव भनिन्छ। जडतत्त्वलाई माया, अविद्या, प्रपञ्च आदि नाम दिइन्छ। आस्तिक दर्शनहरूको क्षेत्रविचार गर्दा न्याय र वैशेषिक दर्शनले चेतन तत्त्वलाई जीवात्मा र परमात्मा भन्ने गरेका छन्। जडतत्त्वको आत्मभिन्न द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय पदार्थमानेका छन्। सांख्य र योगले जडतत्त्वलाई प्रकृति चेतनतत्त्वलाई पुरुष मानेका छन्। त्यसमा पनि योगले क्लेशकर्मविपाकाशयले अस्पृष्ट पुरुष विशेष ईश्वर हो भनेर योगले न्यायवैशेषिकले बताएको जीवात्मापरमात्माको भेदले चेतनतत्त्वको द्विविध भेदलाई मान्यता दिएको छ। मीमांसा दर्शनले शक्तिलाई अतिरिक्त पदार्थ (तत्त्व) मानेर त्यसको विशेष विवेचन गरेको छ भने वेदान्तले माया अविद्यारूप शक्तिलाई स्वीकार गर्दागर्दै पनि त्यसलाई असत् भनेर "एकमेवाद्वितीयम्" को सिद्धान्तलाई अँगालेर शाक्तितत्त्वलाई मिथ्या सिद्ध गरिदिएको छ- "ब्रह्मभिन्नं सर्वं मिथ्या ब्रह्मभिन्नावाद् यदेवं तदेवं यया शुक्तिरूप्यम्" ब्रह्मदेखि भिन्न समस्त पदार्थ मिथ्या हुन्, ब्रह्मभिन्न हुनाले नै जो ब्रह्मभिन्न हुन्छ त्यो मिथ्या (असत्य) हुन्छ जस्तै शुक्तिरूप्य (सीपीमा चाँदीको ज्ञान)। यस अद्वैतको सिद्धान्तलाई मान्दामान्दै पनि शिवाद्वैत सिद्धान्तलाई अँगाले पनि तन्त्रशास्त्रले शक्तिको मिथ्यात्वलाई स्वीकार गर्दैन। उसको कथन छ- शिव शक्तिले युक्त भएर नै विश्वप्रपञ्चलाई सृष्टि गर्न समर्थ हुन्छन्। यदि शक्ति रहित हुने हो भने शिव चलवलाउन पनि सक्दैनन्। त्यसै हुनाले "शिवदृष्टि" मा भनिएको छ–

*न शिवः शक्तिरहितो न शक्तिर्व्यतिरेकिणी ॥*
*शिवः शक्तस्तथा भावानिच्छया कर्तुमीहते ।*
*शक्तिशक्तिमतोर्भेदः शैवे जातु न वर्ण्यते ॥ (शिवदृष्टि ३।२,३)*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव कहिल्यै पनि शक्तिरहित हुँदैनन्, शक्ति पनि शिवदेखि पृथक् कहिल्यै हुन्नन् शाक्त (शक्तिले युक्त) भएर नै शिवले भावहरूको (विश्व प्रपञ्चको) आफ्नो इच्छाले सृष्टि गर्न सक्छन् । शैवशास्त्रमा शक्ति र शक्तिमान्मा भेदको वर्णन गरिँदैन । (अ. ३ श्लो २ र ३)[३]

तन्त्रको भेद पुनः प्रकारान्तरले तीन प्रकारको मान्न सकिन्छ- शैव तन्त्र, शाक्त तन्त्र र (उभयमिश्रित) यामल तन्त्र । शैवतन्त्रले शैवाद्वैत अँगालेर तत्त्व विवेचन र शाक्ततन्त्रले शक्त्यद्वैतलाई अँगालेर तत्त्व विवेचन गर्छ । यामलतन्त्रले तदुभययामल-शक्ति र शिवको जुम्ल्याहा रूपलाई अँगालेर तत्त्व विवेचन गर्छ । दार्शनिक स्तरले विचार गर्दा वैशेषिक दर्शनले सात पदार्थ मानेर तत्त्व विवेचन गर्छ भने न्यायले सोह्र पदार्थ मानेर, सांख्यले पच्चीस पदार्थ मानेर, योगले छव्वीस पदार्थ मानेर तत्त्व विचार गर्छ । मीमांसामा कुमारिलमतानुसार पाँच पदार्थ-

*आचार्यमतपीयूषपारावारविहारिणः ।*
*वयन्तावत् प्रमेयन्तु द्रव्यजातिगुणक्रियाः*
*अभावश्चेति पञ्चैतान् पदार्थानाद्रियामहे ॥*

अनुसार पाँच पदार्थमा द्रव्य जाति गुण क्रिया र अभाव मानिएका छन् भने गुरु (प्रभाकर) मतानुसार द्रव्य, जाति, गुण, कर्म, संख्या, सादृश्य, शक्ति, समवाय आठ पदार्थ मानिएका छन् ।

*द्रव्यजातिगुणाःकर्मसंख्यासादृश्यशक्तयः*
*समवाय इतीमेऽष्टौ पदार्था गुरुसम्मताः।*

वेदान्त (शाङ्कर वेदान्त, ब्रह्माद्वैतवादी वेदान्त) ले त ब्रह्मातिरिक्त कुनै पनि पदार्थ स्वीकार गर्दैन ता पनि प्रायः सांख्यको पच्चीस-तत्त्वको सिद्धान्त, वैशेषिकको सप्त-पदार्थको सिद्धान्त र न्यायको सोह्र-पदार्थको सिद्धान्तलाई लिएर तत्त्वविचारमा प्रवृत्त भएको देखिन्छ । तदनुसार नै तन्त्रदर्शन अनुसार पदार्थको विचार गर्दा छत्तीस पदार्थ स्वीकार गरेको पाइन्छ– "सृष्टिको आदिमा सकलतत्त्वातीत केवल एकमात्र शिव (परमशिव) तत्त्व रहेको हुन्छ जुन (शिव) सूक्ष्म चित् अचित् रूप प्राप्त गरेकी शक्तिले विशिष्ट भएको हुन्छ । त्यस निस्तरङ्गमहोदधितुल्य त्यस परमशिवमा कुनै क्षोभ हुँदैन, केवल शान्त हुन्छ । त्यस (परम) शिवमा सिसृक्षा (प्रपञ्च सृष्टिको इच्छा) उत्पन्न भएपछि सर्वप्रथम पराशक्तिको उत्पत्ति हुन्छ ।

---

३ शिव ! शक्त्यामुक्तो यदि भवति शक्तः प्रभवितुम्
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।
अतस्त्वामाराध्यां हरिहरविरिञ्च्यादिभिरपि
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यःप्रभवति ॥ (सौन्दर्यलहरी १)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पराशक्तिलाई नै शैव दर्शनमा र तन्त्रशास्त्रमा शिवतत्त्व, परविन्दु, परमाया, शुद्धमाया, महामाया, कुटिला, कुण्डलिनी आदि शव्दले भनिन्छ र उनले शुद्धाध्वको शरीर भुवन भोगस्थान भोगोपकरणको उपादानकारण भएर उत्पन्न गर्छिन्। त्यस पराशक्तिवाट शक्तितत्त्व, सदाशिवतत्त्व, ईश्वरतत्त्व (महेश्वर) शुद्धविद्या यी चार तत्त्वको उत्पत्ति हुन्छ। शुद्धविद्या पछि मायातत्त्व (अपरमाया) को उत्पत्ति हुन्छ जुन माया तत्त्वले मिश्राध्वको सम्पूर्ण शरीर भुवन भोगस्थान भोगोपकरणको उपादानकारण भएर उत्पन्न गर्छ। त्यस पछि काल, नियति, कला, विद्या, राग, पुरुष यी छ तत्त्वको उत्पत्ति हुन्छ। त्यसपछि अव्यक्त (प्रकृति) को उत्पत्ति हुन्छ, जुन तत्त्व अशुद्धाध्वको शरीर भुवन भोगस्थान आदिको उपादान कारण भएर उत्पत्ति गर्छ[४]। त्यसपछि वुद्धि, अहङ्कार, मन, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच शव्दादितन्मात्रा, पाँच आकाशादि महाभूत यसरी तेइस तत्त्व उत्पन्न हुन्छन्। यस प्रकार पराशक्तिदेखि लिएर पृथिवीसम्मका जड छत्तीस तत्त्व शिव शास्त्रमा (शैव तन्त्रहरूमा) प्रसिद्ध छन्[५]। यो कथन व्रह्मसूत्रको श्रीकण्ठ भाष्यमा टीका गर्ने अप्पय दीक्षितको हो। यद्यपि यहाँ पराशक्तिदेखि लिएर छत्तीसै तत्त्वलाई जड भनिएको छ, किन्तु पराशक्ति, सदाशिव, ईश्वर, पुरुष आदिलाई जड मान्न सकिँदैन शिवको शक्तिलाई चिच्छक्ति भनिन्छ, त्यो जड छैन। वास्तवमा जडत्वेन अभिमत पदार्थमा चिच्छक्तिको वास मान्न पर्ने हुन्छ। प्रकृति जड हो तर तो सक्रिय छ, क्रिया गर्छ भने त्यसलाई चलाउने कुनै चेतन तत्त्व त्यहाँ छ भन्ने मान्न पर्ने हुन्छ। चेतनको सत्ताले नै प्रकृति नियमवद्ध कार्य गर्न समर्थ छ। प्रकृतिमा परमशिवको सत्ता नभएमा अन्धगतिले कार्य हुने थियो, सृष्टि स्थिति प्रलयको धारावाहिक कार्य हुने थिएन। सृष्टिपरायण प्रकृति सदा सृष्टि मात्रै गर्ने

---

४ सूक्ष्म चिदचिद्रूपापन्नचिच्छक्तिविशिष्टः सकलतत्त्वातीतःशिव एक एव समाधिसमयेऽवतिष्ठते। सिसृक्षोस्ततः प्रथमं शिवतत्त्वपरविन्दु-परमाया -शुद्धमाया-महामाया-कुटिल-कुण्डलिन्यादिशव्दावलम्वत्वेन प्रसिद्धा शुद्धाध्वगतसंकलभुवनभोगस्थान-भोगोपकरणानामुपादानभूता पराशक्तिरुत्पद्यते। ततःशक्तिः सदाशिवो महेश्वरः शुद्धविद्येति चत्वारितत्त्वान्युत्पद्यन्ते। तदनन्तरमपरमाया मिश्राध्वगतसकलतनुभुवनाद्युपादानभूता जायते। तदनन्तरमशुद्धाध्वगततनुभुवनाद्युपादानभूतमव्यक्तंमाविर्भवति। (व्रह्मसूत्र २।२।३८ श्रीकष्ठभाष्य शिवार्थमणि दीपिका टीका अप्पयदीक्षितकृता)।

५ ततो वुद्धिरहङ्कारोमनपञ्चज्ञानेन्द्रियाणि पञ्चकर्मेन्द्रियाणि पञ्च शव्दानि तन्मात्राणि पञ्च वियदादीनि भूतानीति त्रयोविंशति तत्त्वान्याविर्भवन्ति। एवमेतानि पराशक्त्यादीनि पृथिव्यन्तानि षट्त्रिंशत्तत्वानि शिवशास्त्रेपु प्रसिद्धानि तत्र तत्र श्रुतिन्यायैर्व्यवस्थापितानि। (व्रह्मसूत्र २।२।३८) श्रीकण्ठभाष्ये शिवार्कमणिदीपिका टीकायाम्)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो कहिल्यै प्रलय हुने थिएन । लीकमा चल्ने रेलगाडी सदैव हिँडी राख्ने थियो यदि त्यसभित्र त्यसको चालक (ड्राइवर) नहुने हो भने । त्यस्तो चेतन तत्त्व भनौं अथवा चिच्छक्ति भनौं ती जगदम्बिका परब्रह्मरूपिणी परमशिव महाशक्तिको कृपाले नै यो संसार चलेको छ। त्यो शक्ति नै जडपदार्थमा जडशक्तिरूपले, मानवमा मानवीय विविधशक्तिरूपले दैवी जगत् ग्रहादिमा देवतारूपले, ज्ञानक्षेत्रमा ऋषिशक्तिरूपले प्रकाशित छ। वायुमा चेतनाशक्ति हुनाले नै ब्रह्माण्डव्यापी वायुद्वारा जीवहरूको प्राणरक्षा हुन्छ। श्री सूर्य नारायणमा चेतनशक्ति हुनाले सर्वत्रचैतन्य विस्तृत छ, अन्यथा सदैव रात्रि नै रहने थियो । त्यसै हुनाले वेदले "सूर्य आत्मा जगतस्तस्थुपश्च" अर्थात् स्थिर जङ्गम चल र अचल सवैको आत्मा (चेतनशक्ति) सूर्य नै हो भनेको छ।

वास्तवमा शिवाद्वैत सिद्धान्त र ब्रह्माद्वैत सिद्धान्तमा शिव र ब्रह्म शब्दको भिन्नता मात्रै हैन, अपि तु अरू केही केही कुरामा पनि भिन्नता छ। यद्यपि ब्रह्माद्वैतवाद "सर्वं खल्विदं ब्रह्म तज्जलानीति शान्त उपासीत" (छान्दोग्योपनिषद् ३।१५।१,२) इत्यादि श्रुत्यनुसार सम्पूर्ण संसार ब्रह्ममय हो भन्छ, तथाऽपि संसारलाई मिथ्या पनि मान्छ, जड पनि मान्छ। किन्तु शैवाद्वैतवादले संपूर्ण संसार शिवमय मान्नुको साथै, शिवाभिन्न संसार चेतन नै हो भन्छ। शिव चेतन भए पछि शिवाभिन्न विश्वलाई जड कसरी मान्ने ? शिवाभिन्न शिवमय यो संसार पनि असत्य मिथ्या कसरी मान्ने ? त्यसो हुँदा, सम्पूर्ण विश्व सत्य र चेतन हो यो शैवाद्वैत अथवा शक्त्यद्वैतको मान्यता हो। परमशिवको परमेश्वरता दुई प्रकारले अभिव्यक्त हुन्छ, विश्वोत्तीर्णता रूपले र विश्वमयता रूपले। विश्वोत्तीर्णता परमशिवको अचलता, कूटस्थता आदि हो भने विश्वमयता परम शिवको रुपन्दमानता, चलता, ईश्वरता, शक्तिरूपता आदि हो । अभिव्यक्तिका यी दुइ प्रकार नै शिव र शक्ति भनिन्छन् । शिव प्रकाशस्वरूप हुन् भने शक्ति विमर्शस्वरुपा हुन् । प्रकाशको विमर्श भएन भने प्रकाश प्रकाश नै रहदैंन । त्यसो हुँदा शिव र शक्तिको परस्परमा अभिन्नता मान्नुपर्छ। त्यो परमशिव नै विश्वरूपमा प्रकाशित छ भन्ने कुरा मान्नु पर्छ[६] । भगवान् परमशिवकी शक्ति यौटै छिन् तापनि कार्य अनुसारले ती अनेक नामले पुकारिन्छिन् । यो कुरो यस्तै हो भनेर ठोकुवा गर्ने शक्तिलाई ज्ञानशक्ति भनिन्छ। यस प्रकारको यो वस्तु यस्तो वनोस् भनी निर्माण गर्ने शक्ति क्रियाशक्ति भनिन्छिन् । तिनै शक्ति परमशिव सृष्ट्युन्मुख भएपछि

६ स्वात्मैव सर्वजन्तूनामेक एव महेश्वरः ।
विश्वरुपो ऽहमिदमित्यखण्डामर्श वृंहितः ॥ (ईश्वप्रत्यभिज्ञा ४।१।१)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छाशक्ति भनिन्छिन्[७] । परमेश्वर परमशिवका अनन्तशक्ति मध्ये चिच्छक्ति, आनन्द शक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति मुख्य हुन् ।

यसरी अवरोह क्रममा तत्त्व विचार गर्दा शिव, शक्ति, सदाशिव, ईश्वर, शुद्धविद्या (सादाख्यतत्त्व अथवा सद्विद्या) माया, मायाका पाँच कञ्चुक विद्या, (अशुद्ध विद्या) राग, कला, काल, नियति यी सांख्यका भन्दा अतिरिक्त तत्त्व तन्त्र शास्त्रमा मानिएका देखिन्छन् । यी ११ र सांख्यका २५ तत्त्वको योग गर्दा ३६ तत्त्व तन्त्रशास्त्रले मानेको देखिन्छ । शैव तन्त्रमा शिवको प्राधान्य र शाक्ततन्त्रमा शक्तिको प्राधान्य देखिन्छ । अरू कुरामा दुवै तन्त्र समान जस्ता देखिन्छन् । यसमा शिवतत्त्वदशा अद्वैत अवस्था हो । शिव निस्तरङ्ग महोदधि जस्तो संझे हुन्छ । कुनै पनि तरङ्ग नै नभएको शान्त समुद्र जस्तो शिवतत्त्व हुन्छ त्यो पूर्ण र निःशेष छ जसमा द्वैतको आभास नै हुँदैन । त्यसमा प्राणिकर्मवशात इच्छाशक्तिको स्फुरण हुन्छ र त्यस दशामा "अहम्" म (स्वास्तित्त्वप्रस्फुटित) इत्याकारक हुन जान्छ, त्यो शिवमा शक्तिको स्फुरण भनौं अथवा शक्तिमा शिवको स्फुरण भनौ एकै हो । अहम् यो प्रमातृ अंशको नै स्फुरण हो ।[८] त्यस पछि "अहमिदम्" (यो म हुँ) यो

---

७ या सा शक्तिर्जगद् धातुः कथिता समवायिनी ।
इच्छाख्यं तस्य सा देवी सिसृक्षोःप्रतिपद्यते ॥
सैकाऽपि सत्यनेकत्वं यथा गच्छति तच्छृणु ।
एवमेतदिति ज्ञेयं नान्यथेति सुनिश्चितम् ॥
ज्ञापयन्ती जगत्यत्र ज्ञानशक्तिर्निगद्यते ॥
एवं भूतमिदं वस्तु भवत्विति यदा पुनः ।
जातातदैवतत्कुर्वत्यत्र क्रियोच्यते ॥ -मालिविजयोत्तरतन्त्र ३।५,६,७,८

८ निराशंसात् पूर्णादहमिति पुरा भासयति यद्
द्विशाखामाशास्ते तदनु च विभक्तुं निजकलाम् ।
स्वरूपादुन्मेष प्रसरणनिमेषस्थितिजुषम्
तदद्वैतं वन्दे परमशिव-शक्त्यात्मनिखिलम् ।

इह खलु चिन्मात्र स्वभावः परमशिवः एव पूर्णत्वात् निराशंसो निराकांक्षो ऽपि स्वस्वातन्यमाहात्म्याद् बहिरुल्लिलसिषया परमानन्दचमत्कारतारतम्येन पुरा प्रथमम् अहमिति परामर्शतया शक्तिदशामधिशयानः प्रस्फुरेत्, प्रस्फुरति इति संभाव्यते । तदनन्तरञ्च अहमिदमिति परामर्शरूपशाखा द्वयमवभासयेत् । तत्र च शुद्धचिन्मात्राधिकरण एवं अहमित्यंशे यदा परमेश्वर इदमंशमुल्लासयति, तदा तस्यप्रोन्मियलनमात्रचित्रकल्पभावराशिविषयत्वेनास्फुटत्वादिच्छा प्रधानं सदाशिवतत्त्वम, अहमिदमिति भावराशौ पुनः स्फुटीभूते तदधिकरण एवं इदमंशे यदा अहमशं निषिञ्चति, अभिनिविशते तदा ज्ञानप्रधानमीश्वरतत्त्वं इदमहर्मिति अत एवच अहंविमर्शस्य अविशेषेऽपि अत्र इदमंशस्य अस्फुटत्वस्फुटत्वाभ्याम् अयं विशेष पदा प्ररूढभेदभाव राशिगतेदमंश प्रस्फुरणे चिन्मात्रगतत्त्वेन अहमंशः समुल्लसति तदा द्वैतवादिनामिव ईश्वरस्य यः समधृततुला पुटन्यायेन अहमिति परामर्शः तत् क्रियाशक्तिप्रधानं विद्या तत्त्व मिति विभागः । (ईश्वरप्रत्यभिज्ञाविमर्शिनी टीका १।१।१)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अंशको स्फुरण हुन्छ। यस अवस्थामा सदाशिव तत्त्वको स्फुरण हुन्छ। यस अवस्थामा पनि अद्वैतको नै भान हुन्छ किन्तु द्वैतताको यत्किञ्चित् स्फुरण यस अवस्थामा मात्र प्रारम्भ हुन्छ। यस पछि "इदमहम्" यस प्रकारको स्फुरण हुन्छ। 'यो सम्पूर्ण म नै हुँ' यस प्रकारको स्फुरणमा यद्यपि अद्वैतको नै भास हुन्छ भने हुन्छ तथापि यस अवस्थालाई प्रमेय तत्त्वलाई प्रमातृतत्त्ववाट भिन्न पारिएको हुनाले अद्वैत नै भने हुन्छ। यस अवस्थामा ईश्वरतत्त्वको अभिव्यक्ति हुन्छ। सदाशिव तत्त्वमा 'अहम्' अंशको प्रधानता हुन्छ, ईश्वर तत्त्वमा 'इदम्' अंशको प्रधानता हुन्छ। सदाशिवदशामा ज्ञान शक्तिको अभिव्यक्ति हुन्छ भने ईश्वरदशामा क्रियाशक्तिको अभिव्यक्ति हुन्छ। शक्तितत्त्वमा इच्छा शक्तिको अभिव्यक्ति हुन्छ। इच्छा शक्तिका दुइदले पात जस्ता हुन् ज्ञान शक्ति र क्रियाशक्ति। वोडीको वीज उम्रंदा जस्तै दुइटा ती आफ्ना दल पात लिएर उम्रन्छ त्यस्तै गर्दा इच्छाशक्तिले ज्ञानशक्ति र क्रियाशक्ति रूप दुइपाते भएर उम्रन्छ। चिच्छक्ति र आनन्दशक्ति शिवस्वरूप हुन्। "अहमिदम्" यसमा जव इदम् र अहम् यी दुवै समधृततुलापुटन्यायेन दुवै समान रूपले भासित हुन्छन्। त्यसवेला सद्विद्या वा शुद्धविद्यातत्त्वको अभिव्यक्ति हुन्छ। शुद्ध विद्या क्रियाशक्ति प्रधान हुन्छ।

आगम (तन्त्र) दृष्टिका अनुसार समग्र सृष्टि नै संसार भनिन्छ। त्यसो हुँदा छत्तीसतत्त्व र त्यसै भित्रका सवै भुवनहरू संसारका अन्तर्गत मान्नुपर्छ र यसैलाई विश्व पनि मान्नु पर्छ। जवसम्म विश्वातीत अथवा तत्त्वातीत अवस्था रहन्छ, तवसम्म संसार रहन्छ। पृथ्वीदेखि प्रारम्भ गरेर मायासम्म जुन संसार छ त्यो भव वा विश्व हो। यो विश्व अथवा संसार केवल एक प्रकारको मात्रै छैन। पुराण इत्यादिमा ब्रह्माण्डपर्यन्त नै सृष्टिको विस्तार वताइएको छ। तर हामी संकल्पमा "अनन्तकोटि ब्रह्माण्डानामेकतमे" अनन्त कोटि ब्रह्माण्डमध्ये यौटो ब्रह्माण्डमा भन्छौं। यस शून्य आकाशमा अनन्तकोटि नक्षत्रहरूमा अनन्त ब्रह्माण्डको अस्तित्त्व संभावना छ भनेर आजको विज्ञानले पनि भन्छ। यो हाम्रो ग्रह नक्षत्र तारापुञ्जले युक्त ब्रह्माण्ड यौटा ब्रह्माण्ड मात्रै हो। यो ब्रह्माण्ड शतकोटि योजन विस्तीर्ण छ यो तिर्यग् दृष्टिले हो, अतः ऊर्ध्वमा पनि शतकोटि योजन विस्तीर्ण नै छ। यस्तो ब्रह्माण्डको वर्णन पातञ्जल योगदर्शनका विभूति पादमा भुवनज्ञानं सूर्ये संयमात् (३।२६) सूत्रमा छ। भूलोकदेखि सत्यलोक पर्यन्त ऊर्ध्वलोक र अतलदेखि पाताल पर्यन्त अधोलोक यी १४ भुवनहरूको समष्टि ब्रह्माण्ड भनिन्छ। वास्तवमा भुवन पनि अनन्त नै छन्। पुराणहरूमा केवल पृथ्वी तत्त्वान्तर्गतका भुवनहरूको नै वर्णन छ र ती भुवनहरूको समष्टिलाई ब्रह्माण्ड भनिएको छ। किन्तु तन्त्रवाङ्मयानुसार पृथ्वीतत्त्व वाहिर पनि विश्वको विराट् विस्तार छ। पृथ्वीतत्त्वको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्तर अन्यान्यतत्त्वहरूमा पनि भुवनहरू छन् र अण्ड पनि व्रह्माण्ड मात्रमा सीमित छैन । व्रह्माण्ड संख्यामा अनन्त छन् र अनन्त व्रह्माण्ड एक प्रकृत्यण्डभित्र पर्छन् । यसको यौटा झलक देवी भागवतमा पाइन्छ । व्रह्मा विष्णु महेश देवीको द्वीपमा पुगे पछि स्थिरभाव प्राप्त व्रह्माले आफ्नो जस्ता स्वरुप भएका अनेक व्रह्मालाई देखे जुन अनेक तत्तद् व्रह्माण्डका अधिपति थिए । व्रह्माण्डभन्दा पर भिन्न व्रह्माण्ड प्रकृत्यण्ड जस्ता अण्ड पनि छन् । प्रकृत्यण्ड पनि त्यसै गरी अनन्त छन् जस्तै व्रह्माण्ड । यौटो यौटो प्रकृत्यण्डमा असंख्य व्रह्माण्ड छन् । व्रह्माण्ड पृथिवीतत्त्वको अन्तर्गत पर्छ जलतत्त्व देखि प्रकृतिसम्मका तत्त्वहरूको समष्टिले प्रकृत्यण्ड वन्छ । प्रकृत्यण्ड भन्दा पर मायाण्ड छ र त्यसभित्र असंख्य प्रकृत्यण्ड छन् । मायाण्ड पुरुषदेखि लिएर मायाका पाँच कञ्चुक र विद्या (अशुद्धविद्या) कला, राग, काल नियति) र माया समेत लिई वन्छ । मायादेखि पर पनि ज्योतिमर्य शुद्ध सत्त्वात्मक शाक्ताण्ड छ । यो शाक्ताण्ड शुद्धविद्या ईश्वर र सदाशिव यी तीन तत्त्वबाट बनेको छ । व्रह्माण्ड अथवा पार्थिवाण्डका अधिष्ठाता व्रह्मा हुन् भने प्रकृत्यण्डका अधिष्ठाता विष्णु तथा मायाण्डका अधिष्ठाता रुद्र हुन् । मायाको साम्राज्य पुरुष र मायाको पाँचकञ्चुकसम्म मात्रै छ । शाक्ताण्डका अधिष्ठाता महेश्वर (ईश्वर) र सदाशिव हुन् । यसरीतिले हेर्दा तन्त्रको क्षेत्र अति विस्तृत छ । विश्वको यो विस्तृति पार्थिवाण्ड प्रकृत्यण्ड मायाण्ड शक्त्याण्डादि वर्णन तन्त्रशस्त्रमा पाइन्छ[९] । मायाको माथि शुद्धविद्याको स्थान छ । मातृका वा वागीश्वरी, शुद्धमहाविद्याको नामान्तर हो । परमशिव शक्ति, सदाशिव ईश्वर, शुद्धविद्या यी पाँचतत्त्वसम्मको शुद्धसृष्टिमा मायाको कुनै प्रभाव हुँदैन ।

यहाँ मायाका पाँचकञ्चुक- विद्या, राग, कला, काल, नियतिको स्वरूप जान्नु आवश्यक देखिन्छ । मायाको विद्या नामक कञ्चुकले आवृत भएर सर्वज्ञपरमशिव यत्किञ्चिज्ज्ञ बन्न जान्छ, अल्पज्ञ हुन्छ । राग भनेको प्रेम हो कुनै एक प्रति आकर्षण । द्वेषको विरोधी राग अन्तःकरणको यौटो स्वभाव हो, त्यो रागतत्त्व हैन । त्यो राग कञ्चुक मायीय प्रमाता (सङ्कुचितशिव) पुरुष तत्त्वको रूप प्रकट गर्ने यौटो सङ्कोचक तत्त्व हो । यस कञ्चुकद्वारा आवृत भएर शिव विश्वप्रेमको भावलाई त्यागेर सङकुचित कुनै विशेष विषयसँग अनुरक्त हुन्छ । यो रागतत्त्व वैराग्यको विरोधी पनि हैन, आरोहणको स्थितिमा सङ्कुचित प्रमाता वैराग्यमा पनि राग राख्न सक्छ । रागलाई रुचि अथवा मनःकर्षकभाव भन्न सकिन्छ । कला भन्ने

---

९ पार्थिवप्रकृताण्डाभ्यामूर्ध्वमण्डद्वये परे ।
शुद्धाः सत्त्वादयः सन्ति विन्दुनादकलासु च ॥



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृति अथवा कृतितत्त्व हो । कला चौसट्टी मानिएका छन् । यो कञ्चुकद्वारा आवृत भएर सङ्कुचित प्रमाता सर्वकर्ता भएर पनि स्वयंलाई यत्किञ्चित् कर्ता ठान्छ । काल भनेको समय हो । यो कञ्चुकले आवृत भएर सदासर्वत्र विद्यमान व्यापक प्रमाता स्वयंलाई 'अहमस्मिन्काले इहास्मि जानानः' म यहाँ यसकालमा जाँदै छु भन्ने ठान्छ । म थिएँ, म छु, म हुनेछु इत्यादि प्रकारका कल्पना काल कञ्चुकद्वारा आवृत भएर नै हुन्छ, अन्यथा शिव ता सर्वदा सर्वथा सर्वत्र छँदैछ, थियो छ, हुनेछ ! यस प्रकार सङ्कुचित प्रत्यय शिवमा हुन सक्दैन । नियति भनेको भाग्य हो । यस नियति कञ्चुकद्वारा सङ्कुचित भएर परमशिव म ब्रह्मा हुँ, मेरो सृष्टि कार्य हो, म विष्णु हुँ मेरो पालन कार्य हो, म रुद्र हुँ मेरो संहार कार्य हो, यस प्रकारको नियमित (कर्म) को वश्यता अनुभव गर्दछ ।[१०] परमशिव शक्ति सदाशिव ईश्वर शुद्धविद्या यी पांचतत्त्वलाई शुद्ध अध्व भनिन्छ र शुद्ध सृष्टि पनि भनिन्छ । वस्तुतस्तु सर्वत्र शिव नै कर्ता हुन् तथाऽपि शिवले आफ्नु स्वतन्त्र कर्तृत्व शक्तिको यौटो सानुअंश जीवभावमा अवस्थित आफ्नो स्वरूपलाई पनि दिएका छन् । जीव ले परिमित स्वातन्त्र्य र कर्तृत्वको अभिमान गर्छ । ब्रह्मा विष्णु रुद्र आदि देवगण पनि जीव नै हुन् किन भने ज्ञान र क्रिया हुनु नै जीवको जीवन हो र यी सवैमा ज्ञान र क्रिया शक्ति छ । जडत्वेनाभिमत सवै तत्त्वको प्रतिष्ठा जीवन भएका तत्त्वमाथि निर्भर छ र ज्ञान क्रियाशक्ति हुनु जीवहरूको जीवन हो[११] – ज्ञान भन्नु र विद्या भन्नु यौटै कुरा हो । विद्याशक्ति परा भट्टारिका भगवती त्रिपुरसुन्दरी नित्यानन्दमय स्वरूपिणी छन् । दृश्यमान चराचर विश्वको जन्मदात्री उनै हुन् । प्रकाशस्वरूप स्वयं शिव पनि विमर्श स्वरूपा आद्याशक्तिमा प्रतिविम्वित हुन्छन् । यदि शक्ति नहुने हो (प्रकाश रूप शिवका विमर्श नहुने हो) भने शिवको शिवत्त्व नै रहँदैन ।[१२] आदिशक्ति पराभट्टारिका त्रिपुर सुन्दरीललितादेवी नित्यानन्दमय छन् । उनी जस्तो अर्को कुनै छैन । उनी भन्दा वढी हुने कुरा हुँदै भएन ।[१३] ती

---

१० ब्रह्मा येन कुलालवन्नियमितो ब्रह्माण्ड-भाण्डोदरे
विष्णुर्येन दशावतारगहने क्षिप्तो महासङ्कटे ।
रुद्रो येन कपालपाणिपुटके भिक्षाटनं कारितः
सूर्यो भ्राम्यति नित्यमेव गहने तस्मै नमः कर्मणे ॥ (भतृहरि नीतिशतक)

११ तथाहि जडभूतानां प्रतिष्ठा जीवदाश्रया ।
ज्ञानं क्रिया च भूतानां जीवानां जीवनम् मतम् ॥ (ईश्वर प्रत्यभिज्ञा १।१।४)

१२ स्वाभवमवभासस्य विमर्श विदुरन्यथा ।
प्रकाशोर्थोपरक्तोऽपि स्फटिकादि जडोपमः ॥ (ईश्वरप्रत्यभिज्ञा १।५।११)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पराशक्तिमा नै शिवशक्तिको समागम छ। वीजवाट अंकुर र अंकुरवाट वीजको उत्पत्ति जस्तै शिववाट शक्ति, शक्तिवाट शिवको अस्तित्त्व छ। बीज र अंकुर शिवशक्तिका प्रतीक हुन्। शिव ज्ञानशक्ति, शक्ति क्रियाशक्ति हुन्। त्यसैवाट अहम्को अभिव्यक्ति हुन्छ। अहम्मा अ देखि ह सम्मनै सम्पूर्ण वर्णहरू समाहित छन्। अ देखि ह सम्मको लिपिले शिवशक्तिलाई वुझाउँछ।[१४] वर्णसमुदाय पद र पदसमुदायले नै मन्त्र वन्छ। त्यसो हुँदा वर्ण, पद, मन्त्र यी तीन शव्दाध्व, तथा भुवन, कला, तत्त्व यी तीन अर्थाध्व हुन्। यी छ अध्व (मार्ग) बाट नै समस्त विश्व प्रपञ्चको उत्पत्ति हुन्छ, अतः शव्द एवं अर्थ यी दुई शिवशक्ति स्वरूप हुन्। शव्द र अर्थको सम्वन्ध नित्य छ। यी दुई तत्त्व तीन रूपमा परिणत हुन् वाग्भव (ऐं बीज) कामराज (क्लीं बीज) शक्ति (सौं बीज) यी तीन बीजद्वारा नै शिवदेखि पृथ्वी पर्यन्त समस्त तत्त्वको उत्पत्ति हुन्छ, पालन हुन्छ र लय पनि हुन्छ त्यो लय उनै परमभट्टारिकामा हुन्छ।[१५]

श्री चक्रमा नौ त्रिकोण हुन्छन् जसमा चार त्रिकोण शिवका र पाँच त्रिकोण शक्तिका हुन्छन्। शिवको त्रिकोण माथितिर शक्तिका त्रिकोण तलतिर कोण भएका हुन्छन्। त्रिकोण, अष्टकोण अन्तर्दशार बहिर्दशार, चतुर्दशारमा पाँचकोण शक्तिका हुन्, अष्टदल कमल, षोडशदल कमल भूपुर यी शिवका चक्र हुन्। विन्दु शिव हुन् र त्यसमा संलग्न त्रिकोण शक्ति हुन्। यसरी श्रीयन्त्रमा शिव र शक्तिका चक्रहरू अविनाशीको स्थितिमा छन्। विन्दु र त्रिकोण शिवशक्ति स्वरुपी हुन्। ती दुई शिव र शक्तिलाई काम र कला भनिन्छ। काम भनेको कामेश्वर शिव हुन्। कला भनेको क्रियाशक्ति भगवती त्रिपुरसुन्दरी ललितादेवी हुन्। यी दुईको विलास नै कामकला विलास हो।

प्रस्तुत दशविद्या ग्रन्थमा श्री यन्त्रको विस्तृत विवेचन प्रामाणिक रूपमा गरिएको छ। श्री यन्त्रमा श्री विद्याको उपासना गरिन्छ। श्री विद्याको उपासना

---

१३ सा जयति शक्तिराधा निजसुखमयनित्यनिरुपमाकारा।
भावि चराचरवीजं शिवरूपविमर्शनिर्मलादर्शः ॥ (कामकलाविलास २)

१४ स्फुटशिवशक्तिसमागमवीजरूपिणी पराशक्तिः।
अणुतररूपानुत्तर विमर्शलिपि लक्ष्यविग्रहा भाति ॥ (कामकलाविलास ३)

१५ क) वागर्थौ नित्ययुतौ परस्परं शक्तिशिवमयावेतौ।
सृष्टि-स्थितिलयभेदौ त्रिधा विभक्तौ त्रिवीजरूपेण ॥ (कामकल्प विलास १२)
ख) वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये। जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥ (रघुंवंश १।१)
ग) नित्यस्तु स्याद्दर्शनस्य पदार्थत्वात् (मीमांसासूत्र १।१।१८)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको राजराजेश्वरी पराभट्टारिका ललितामहात्रिपुरसुन्दरी हुन् । श्रीविद्यारत्नाकर ग्रन्थमा स्वामी करपात्रीजीमहाराजले श्री ललितामहात्रिपुरसुन्दरी पराभट्टारिका भनेर लेख्नुभएको छ । त्यसमा श्री ललिता सहस्रनामले श्रीयन्त्रमा पूजा गर्ने विधान छ । त्यसमा चतुरायतन देवता पूजनपूर्वक पञ्चपञ्चिका पूजनादि विधानको पछि सहस्रनामावलिले पूजा गर्ने विधान दिइएको छ । यस्तै गरी संक्षिप्त श्रीविद्या सपर्या पद्धति ज्योतिष्पीठाधीश्वर तथा शारदापीठाधीश्वर जगद गुरुशंकराचार्य श्री स्वरूपानन्द सरस्वतीमहाराजको प्रेरणामा प्रकाशित छ, जसमा राजराजेश्वरीको उपासनालाई श्रीविद्याको नामले जानिन्छ भनेको छ र त्यसमा ललिता-सहस्रनामावलि दिइएको छ । यसरी श्री विद्याको उपासनामा दशविद्याको उपासना पनि तन्त्रशास्त्रमा वर्णन गरिएको पाइन्छ । दशविद्याका नाम काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी, कमला यी १० महाविद्याको उल्लेख द्वितीय मुण्डमाला तन्त्रमा पाईन्छ । ग्रन्थकार अर्ज्यालज्यूले उल्लेख गर्दा भुवनेश्वरी, छिन्नमस्ता त्यस पश्चात् भैरवीको नाम छ । यी दश विद्या सिद्धविद्या भनिएको छ अत्यन्त दुर्लभ बताइएको छ । यो विद्या सुखदा हो र त्यस प्रकारको क्लेशदा विद्या पनि हैन । यस विद्यामा सिद्धयादिको अपेक्षा पनि छैन, नक्षत्रादिको विचारणा पनि छैन कालादिशोधन पनि गर्न पर्दैन र मित्रादिदूषण पनि छैन, भनिएको छ ।[१६] त्यस्तो दशै विद्याको विवेचन प्रस्तुत ग्रन्थमा शाक्त प्रमोदादि तन्त्र ग्रन्थ र संहिता, ब्राह्मण, उपनिषदादि वेद ग्रन्थहरूको प्रमाण सहित उल्लेख गरेर वर्णन गरिएको छ । यस ग्रन्थको मुख्य विशेषता यी पंङ्क्तिका लेखकलाई लागेको श्रीयन्त्र निर्माण विधि र श्रीयन्त्रमा राजराजेश्वरी परम भट्टारिका ललितमहात्रिपुरसुन्दरी देवीको पूजाविधान नै हो । दशमहाविद्याको पूजन र ज्ञान

---

१६ काली तारा महाविद्या षोडशी भुवनेश्वरी ।
भैरवी छिन्नमस्ता च विद्या धूमावती तथा ॥
बगलामुखी सिद्ध-विद्या मातङ्गी कमलात्मिका ।
एता दश महाविद्याः सिद्धविद्याःप्रकीर्तिताः॥
अत्यन्तं दुर्लभं लोके षडाम्नाय-नमस्कृताः ।
एताश्च परमा विद्या स्त्रिषु लोकेषु दुर्लभाः ॥
सुखदा मोक्षदा विद्या क्लेशसाध्या न तादृशी ।,
येन केन प्रकारेण सिद्धिर्यास्यति भूतले ॥
सर्वन्ते कथयिष्यामि प्रेमभावेन केवलम् ।
नैव सिद्ध्याद्यपेक्षास्ति नक्षत्रादिविचारणा ॥
कालादिशोधनं नास्ति नास्ति मित्रादिदूषणम् ।
सिद्धविद्या महाविद्या युगसेवा परिश्रमम् ॥ (द्वितीय मुण्डमाला तन्त्र १।७-११)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री विद्याको अवान्तर पूजन अथवा तदङ्गत्वेन पूजन हो। यस्तो यो तन्त्रमा अति गुह्य मानिएको श्री विद्यालाई प्रकाश पारिदिने यो ग्रन्थ हामी नेपालीहरूका निमित्त अत्यन्त सौभाग्यको कुरो हो। पराम्वाजगदम्विका कदाचिद् विद्याको रूपमा भएर पनि पौरुषरूप पनि धारण गर्नु हुन्छ। त्यस वेलामा भगवती ललितादेवी कृष्ण रूपमा परिवर्तित हुनुहुन्छ भन्ने कुरा पुराणादिमा वर्णित भएको पाइन्छ।

अहञ्च वासुदेवाख्यो नित्यं कामकलात्मकः।
अहञ्च ललितादेवी पुंरूपा कृष्णविग्रहा॥
आवयोरन्तरं नास्ति सत्यं सत्यं हि नारद।
इदं वृन्दावनं नाम रहस्यं मम वै गृहम्॥

(पद्मपुराणे वृन्दावन माहात्म्ये)

भगवती जगदम्विका यौटै छन् तापनि आगमवेत्ताहरू परव्रह्ममहिषी, महाविद्या महामाया महात्रिपुरसुन्दरी ललिता आदि नामले जान्दछन्।

गिरामाहुर्देवीं द्रुहिणगृहिणीमागमविदो
हरेःपत्नी पद्मां हरसहचरीमद्रितनयाम्।
तुरीया काऽपि त्वं दुरधिगमनिस्सीममहिमा
महामाये विश्वं भ्रमयसि परव्रह्ममहिषी॥ (सौन्दर्य लहरी- ९८)

यस्ती महामाया जगदम्वाको सपर्यासित परिचित गराउने ग्रन्थ लेखकलाई जति धन्यवाद दिए पनि न्यून नै हुन्छ। अवश्य नै यी मातृकालेखक यस ग्रन्थको अवलोकन गरेर आफूलाई धन्य मान्दछ। यी मातृकांको लेखक साक्षर भए पनि आफूलाई सरस ठान्दैन, सरस ता यो पुस्तकका लेखक नै हुनुहुन्छ। जसले अमृताब्धिमा अवगाहन गरेर अमृतको निष्यन्दरूप यस्तो ग्रन्थ लेख्नुभयो-

*साक्षरा विपरीताश्चेद् राक्षसा एव केवलम्।*
*सरसो विपरीतश्चेत्सरसत्वं न मुञ्चति॥*

साक्षर विपरीत भयो भने राक्षस हुन्छ, सरस विपरीत भए पनि सरस नै रहन्छ। यति केही निवेदन गरेर विश्राम लिइन्छ।

पुनश्च- यति भूमिका वाँध्न विशेष प्रेरणा गर्नु हुने प्राध्यापक श्री शिवहरि मरहट्टाज्यू प्रति अत्यन्त आभार प्रकट गर्दछु, उहाँको प्रेरणाले तन्त्रशास्त्र आलोडनको अवसर प्राप्त भयो र शास्त्रचर्चा र शास्त्रालोडनमा केही समय लाग्यो, यो सौभाग्यको कुरो हो। साथै यस ग्रन्थका लेखकका प्रति पनि अत्यन्त आभारी हुनु पर्छ। उहाँले यस्तो गम्भीर शास्त्रीय विषयलाई उत्थापन नगरेको भए यसरी लेखनीको व्यापार हुने थिएन होला। धन्यवाद।

वि.सं. २०६० माघ श्रीपञ्चमी

काठमाडौं, नेपाल।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# भावोद्‌गार

प्राज्ञ डा. विष्णुराज आत्रेय

वि.सं. २०६० सालको एक दिन कमलादी गणेश मन्दिरनिर मलाई एउटा निम्तोपत्र दिदै 'न आइ हुन्न है दाजु !' भन्दै राजेन्द्रप्रसाद अर्ज्याल मोटर साइकल हुइँक्याएर पुतलीसडकतिर लाग्नुभयो । गणेश र हनुमानजीको दर्शन पछि मैले निम्तो कार्ड हेरें- कथाकार सीता अर्यालको कथा-सङ्ग्रह मृगतृष्णाको विमोचन कार्यक्रमको निम्तो रहेछ। आफ्नै सगोत्री महिला व्यक्तित्वलाई कथाकारका रूपमा पाउँदा साह्रै खुशी लाग्यो । विशेष परिचय चाहिँ थाहा हुन सकेन । सीता अर्यालसँग प्रत्यक्ष चिनजान नभए पनि मनमनै उनकै गीता गाएँ एकछिन ।

विमोचनको दिन थाहा भयो, सीता अर्याल राजेन्द्रजीकै पत्नी हुनुहुँदोरहेछ । अनि यो पनि थाहा भयो कि दुवै जना गोरखाका अर्ज्याल विभूति प्रातः स्मरणीय पं. दण्डपाणि अर्ज्यालका कान्छा छोरा-वुहारी हुनुहुँदोरहेछ । पं. दण्डपाणि अर्ज्याल अर्ज्यालवंशावलीका अन्वेषक भएको कुरा मलाई पहिलेदेखि थाहा थियो । आफू पनि यसतर्फ अभिरुचि राख्ने हुँदा गोर्खा पुगेर उहाँको दर्शन गर्ने इच्छा उत्कट थियो । तर त्यो धोको पूरा हुन सकेन । राजेन्द्रजीलाई पिताज्यूका अप्रकाशित पाण्डुलिपिहरू प्रकाशित गर्दै लानुपर्छ भन्ने सल्लाह पनि दिएको थिएँ ।

त्यसको धेरै समय पछि विष्णुप्रभात (अर्ज्याल) मार्फत पं. दण्डपाणि अर्ज्याल विरचित **दशमहाविद्या**को पाण्डुलिपि सहित कम्प्यूटर टङ्कणको प्रथम प्रतिलिपिसाथ म छेउँ आइपुग्यो । म एउटा व्याकरणको विद्यार्थीलाई तन्त्रशास्त्र विषयको त्यत्रो कृति साह्रै अजङ्गको लाग्यो । अर्को अर्थमा भनौं देख्तै निसासिने नीलोरह जस्तो । ओल्टाइपल्टाई हेरें चारै वेद, शतपथ कौषीतकी र तैत्तिरीय व्राह्मण ग्रन्थहरू शाक्तप्रमोद र त्यस अर्न्तातका विभिन्न तन्त्रहरू, कठ-मुण्डक, श्वेताश्वतर जस्ता उपनिषद्हरू, गीता, देवीभागवत, ललिता सहस्रनाम, भैरवीतन्त्र, सौन्दर्यलहरी, सुन्दरी तापनीय तन्त्रसार, सप्तशती जस्ता अनेकौं ग्रन्थका सूक्ष्मातिसूक्ष्म रहस्य र उदाहरहणले भरिपूर्ण यो **दशमहाविद्या** ग्रन्थमा म जस्ताको गति के हुनु ! वरु यसवारे कलम चलाउँदा आफ्नै दुर्गति हुने लाग्यो । तथापि भार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विको त्यो पद्यांश सम्झे जसमा भनिएको छ- तलाऊ जतिसुकै गहिरो भएपनि किनारका भऱ्याङ्ग खुड्किला ओर्लदै जाने हो भने त्यसमा डुबुल्की मार्न सकिन्छ-
*विषयोपि विगाह्यते नय:*
*कृतवीर्थ: पयसामिवाशय: ॥ किरातार्जुनीयम् (२ सर्ग)*

अनुवाद सहित आफ्ना व्यक्तिगत पुस्तकालयमा भएका यी पुस्तकको अध्ययनका भरमा मैले कृतिकार दण्डपाणि अर्ज्यालको प्रस्तुत ग्रन्थ भित्र प्रवेश गरें । अनि यस पुस्तक वारे आफ्ना दुई हरफ कोर्न कम्मर कसेको छु ।

अर्ज्यालहरू परम्परादेखि नै शनिम र तन्त्रका उपासक हुन् । नारायणदास अर्ज्यालका पिता गुल्मी अमरभूमिका विद्वान श्रीपति भट्ट तान्त्रिक पनि थिए । अमर भूमिको लेकमा उनले मालिका भगवती ल्याई महाअराण्यको बीचमा स्थापना गरी पूजाआजा चलाएका थिए । उनले इस्माको अर्ज्याल वंशमा बैष्णवधर्म पनि भित्र्याए यसरी वैष्णव मत नै तन्त्र हो भनिएको छ-
*आगतं शिववक्तेम्ण गतं च गिरिजामुखे ।*
*मतम्रव वासुदेवस्य तस्मारागम मुच्चते ॥*

माथि श्रीपतिभट्टको उल्लेख गरियो । यिनका छोरा नारायण दास अर्ज्याल पनि योगाभ्यासी तान्त्रिक थिए । यिनले वोलीमा सिद्धिप्राप्त गरेका थिए । द्रव्यशाहलाई राजा बनाउन यिनले गोसाई थान तथा चेपेघाटमा तान्त्रिक पुरश्चरण गरे उनलाई दीक्षित गरी राजगद्धीमा वसाली राज्याभिषेक गरेका हुन् ।

१८२५ वि.सं. मा सुनाखानी नुवाकोटमा (हाल धादिङमा पर्दछ) । जन्मेका चक्रपाणि अर्ज्यालका छोरा दैवज्ञकेशरी अर्ज्याल पनि तन्त्रविद्या मर्मज्ञ थिए । यिनले गोरक्षतन्त्रम् कृतिको रचना गरेका छन । यसैगरी नेपाली भाषाका पहिला व्याकरणकार सुब्बा वीरेन्द्रकेशरी अर्ज्याल पनि तान्त्रिक विद्वान हुन् । यिनको जन्म काठमाडौंको प्यूखा टोलमा वि.सं. १९०९ को कार्तिक महिनामा भएको हो । सुधादैवज्ञ केशरीले तारातन्त्रम नामक ग्रन्थ लेखेका छन् । काठमाडौंका तान्त्रिक धनसंशेर ज.व.रा. पनि वीरेन्द्र केशरीका शिष्य थिए । वि.सं. १९१६ मा जन्मेका खड्गपाणि अर्ज्यालले पनि वडवानल तन्त्र अन्तर्गत श्वेतकाली पञ्चाङ्गम लेखेका छन ।

तान्त्रिक विद्वत्ताको अर्ज्याल वंशीय परम्परामा मुरलीधर अर्ज्यालका सुपुत्र द्विजराज अर्ज्याल जसको जन्म १९४१ वि.सं. हो । **षट्चक्र साधना** नामक योगतन्त्र विषयक कृति रचना गरेका छन् । यो कुण्डलिनी जागरण सम्वन्धी ग्रन्थ हो ।

अर्ज्याल वंशको यसै परम्परामा गोर्खाका प्रसिद्ध विद्वान पं. दण्डपाणि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्ज्यालको नाउँ पनि तान्त्रिक विद्वान एवं ग्रन्थकारमध्ये स्वर्ण अक्षरमा अङ्कित छ। प्रस्तुत दश महाविद्या नामक ग्रन्थ यिनैको तन्त्र विषयक कृति हो।

तन्त्र शब्द तत्रि संकोचे धातुवाट पचदिगणत्वात् अय् प्रत्यय भएर वनेको छ। यसरी यसको अर्थ यस शास्त्रद्वारा प्राप्त सिद्धिलाई जसले पायो उसले दुरुपयोग नगरोस भनेर यसको निगुढ तात्पर्य ग्रन्थिग्रन्थ गरेर कीलित गरिराखिएको विधा दर्शन वा आगम हो। यो कुरा श्री हर्षले आफ्नो नैषध काव्यमा स्पष्टतः लेखेका छन्- ग्रन्थ ग्रन्थिरिह *क्वचित् क्वचिदपि न्यासि प्रयत्नान्मया*
*प्राज्ञं मन्यमजा हठेन पढितीमाऽस्मिन खलः खेलतु ॥*

भगवान शंकरले समेत पार्वतीलाई तन्त्र शास्त्रलाई आफ्नो योनि (लाज हुने कुरा) जस्तै लुकाएर वा ढाकेर राख्नु पर्दछ। यो रहस्य जो पायो उसैका सामु खोल्नु हुदैन भन्नु भएको छ र यसलाई कीलोठोकंर वाँधे जस्तै वाँधेर वा कीलित गरेर राख्नु पर्दछ र खास वेलामा मात्र प्रयोग गर्नु पर्दछ। उहाँ आफै भन्नु हुन्छ-
गोपनीयं प्रयत्नेनस्वयोनिरिव पार्वति।
इत्थंरूपेण कीलेन महादेवेन कीलितम्।
योनिष्कीलां विधायैनां नित्यजपत संस्कुटम् ॥

गोर्खा दरवारका राज गुरुको वंश अर्ज्याल जस्तै गोर्खा नरेशको वंशपनि शक्ति पूजक थियो यन्त्र पूजक थियो। गोरखाका राजा पृथ्वीपति शाहका पालादेखिनै भकुण्डो जस्तो गोलो शिलामा श्री यन्त्र लेखाई त्यसमा पूजा गर्ने परम्परा थियो। पछि बडामहाराजा श्री ५ पृथ्वीनारायण शाह एकीकरणको अभियानमा दरवार वाहिर जानुपर्दा गोरखा दरवारमा नियमित रूपमा पूजा हुने गरेको श्री यन्त्रको पूजा खण्डित हुन जाने स्थितिमा देवीस्वयं प्रकटभै मेरो के वन्दोवस्त गर्छौ भनी प्रश्नगरेपछि उनलाई स्थानीय तान्त्रिक अर्ज्यालविद्वान वैजनाथ अर्ज्याल कहाँ राख्नलगाई तिनीबाट नै विधिवत् पूजा अर्चना नियमित गरेका हुन्। यसका लागि घोर टारी भन्ने ८० मुरी धान खेतको गुठी समेत राखिदिएको कुरा थाहा पाइन्छ। यो प्रसंग स्वयं दण्डपाणि अर्ज्यालले समेत यसै ग्रन्थमा उल्लेख गर्नु भएको छ।

तन्त्रको अध्ययन र उपासना गर्ने धनिमले दुवै लोक यस लोक र परलोकमा उन्नति र मोक्ष प्राप्त गर्छ तन्त्रशास्त्रको व्युत्पतिले नै यसै भन्दछ- तन्यनो विस्तीर्यन्त ऐहिकाभुष्मिका म्युदय निः श्रेयस साधका उपाया अनेन इति तन्त्रम्
अथवा तनोति विपुलानर्थान् तत्त्व मन्त्र समन्वितान्।
त्राणश्त्र कुरुते यस्मात् तन्त्र मित्य मिधीयते ॥

यस्तो महत्वपूर्ण विषयको ज्ञान सर्वसाधारणलाई होस् भन्ने उद्देश्यले यो दशमहाविद्या नामक ग्रन्थ विभिन्न श्रुति स्मृति दर्शन, उपनिषद् पुराणका उदाहरण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टान्त दिएर पं. दण्डपाणि अर्ज्यालले नेपाली भाषामा रचना गर्नु भएको छ। जिज्ञासु र साधक दुवैलाई यो अत्यन्त उपयोगी सिद्ध हुने कुरामा मैले विश्वास लिएको छु।

प्रस्तुत ग्रन्थमा विद्या रहस्य, दशमहाविद्या प्रकरण श्री विद्या महिमा प्रकरण श्री यन्त्र प्रकरण, महासरस्वती तत्व जस्ता मूल प्रकरण शीर्षक र त्यसका अवान्तर उपप्रकरण शीर्षक दिएर साथै यथास्थानमा आवश्यक चित्र र चित्र लेखन विधि समेत खुलाइदिएर पुस्तकलाई सर्वाङ्ग सुन्दर वनाइएको छ।

आफ्ना पिताको अप्रकाशित रचना प्रकाशनमा ल्याइ दिएर ग्रन्थकार सुरीको यशको साथै अर्ज्यालवंशकै गौरवविस्तारमा मद्दत पुऱ्याउने ग्रन्थकारका सन्ततिहरूलाई साधुवाददिदैं आफ्नो भावोद्‌गारका हरफहरूलाई यहीं नै विश्राम दिन चाहन्छु।

ददानेदीनेभ्यः श्रियमनिशमाशानुसद्दृशी नुसदृशी
ममन्दं सौन्दर्य प्रकरमकरन्दं विकिरति
तवास्मिन् म्न्दारस्तवक सुभगे यातु चरणे
निमज्जन् मज्जीवः ? करण चरणष्प पट्‌चरणताम् ॥ सौन्दर्य कहरी।

२०६२ वैशाख ९ गते ४

आर्या विहार, आनन्दवाग
कपिलवस्तु



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# आफ्नो भनाइ

हाम्रो नेपाल अति प्राचीन कालदेखि नै स्वतन्त्र रही आएको हिन्दुराज्य हो । हामी नेपालीहरू आदिसृष्टि वैदिक कालदेखि नै वैदिक, तान्त्रिक र वैदिक-तान्त्रिक मिश्रित यी तीन धर्म संस्कृतिलाई हुर्कांउदै आईरहेका छौं । हाम्रो जस्तो असीमित प्राचीन धर्म संस्कृति संसारमा अरू कुनै कसैको थियो र छ भन्न कुनै इतिहासले सकेको छैन । यी तीनै धर्म संस्कृतिको सारतत्त्व शक्तितत्त्व नै हो । विना शक्ति संसारमा कुनै कार्य सम्पन्न हुन सक्दैन, र हामी सवै शक्तिपूजक शक्तिसेवक छौं । यसैले हाम्रो मुख्य संस्कार नै गायत्री, शक्ति दीक्षाको उपदेश हो । हामी नेपालीहरूको चाडपर्व, पीठ, मन्दिर, तीर्थस्थलहरू पनि शक्ति सम्वन्धी नै छन् । शिव विष्णु आदि देवताहरूको पूजाआजा हुन्छ तापनि शक्तिहीन शिव विष्णुहरू शव समान हुन्छन् । यसैले साम्व सदाशिवाय नमः लक्ष्मीनारायणाभ्यां नमः, राधा-कृष्ण, सीता-राम इत्यादि शक्तिलाई अग्रगण्य मानेर पूजा-सेवा भजन गर्दछौं ।

हाम्रा चाडपर्व पूजा पनि विशेष शक्ति सम्वन्धी नै छन् । सवै चाडपर्वहरूमा अग्रगण्य मानेर दशैं नवरात्री दुर्गापूजा, लक्ष्मीपूजा विशेष राष्ट्रिय पर्वका रूपमा हाम्रो औकातले भेटेसम्म ठूलो उल्लासका साथ हर्षपूर्वक श्रद्धा-भक्तिका साथ व्रत पूजा वलिनिष्ठा गर्छौं । सरकारवाट पनि यो राष्ट्रियपर्व भएकाले कर्मचारीहरूलाई विशेष विदा मिल्दछ र आफ्ना परिवार वाल वृद्धका साथ सहर्ष चाड मनाई, श्री भवानीको प्रसाद टीका लगाई आफ्ना मान्यजनंवाट आशीर्वाद ग्रहण गरी आफूलाई धन्य सम्झन्छन् ।

हाम्रा वेद तन्त्र पुराण षड्शास्त्र आदि करोडौं ग्रन्थहरूले विश्व व्रह्माण्डको सार गर्भित यस्तो शक्तितत्त्वको उच्चस्वरले गाथा गाइरहेका छन् । दूरदर्शी करामलकवत् विश्व भएका आत्मज्ञानी वसुधैव कुटुम्वकम् भन्ने हाम्रा पूर्वज महर्षिहरूले यस्तो सारगर्भित शक्ति तत्त्वको उपदेश दिएर गएकोले आजसम्म हामीहरूले पनि समयानुकूल भक्ति सेवा गर्दै आईरहेका छौं गर्दै जाने पनि छौं ।

यस्ता सारगर्भित ग्रन्थहरू संस्कृत भाषामा लिपिवद्ध छन् यस्ता अमूल्य कृति मध्ये केही हाम्रा द्रव्य-लोभी भाइहरूले विक्री गरेर र अपहरणकारीहरूले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपहरण गरेर समेत विदेशिंदै छन् । सतर्क नरहनाले हामीहरू पनि ज्ञानवाट वञ्चित हुँदैछौं । जति वाँकीरहेका पनि काल परिस्थितिले संस्कृत भाषाका ज्ञानको अभाव वढदैगएको र केही केही भाषा जान्ने हुँ भन्नेहरू पनि शुष्क हावाले भेट्टाएर सिखिंदै सारगर्भित तत्त्ववाट वहिर्मुख भई वोक्रा चुस्न पट्टि लागेका छौं ।

संस्कृत भाषा जान्ने र नजान्ने दुवै थरी हामीहरू हाम्रो वंश परम्परागत शक्तिको प्रभावले वोक्रा चुस्न लागेका छौं तापनि गुदी नै मीठो थियो र हुन्छ भन्ने ज्ञानवाट कहिल्यै विमुख हुने छैनौ । पुन: गुदीतर्फ अभिमुख भई सारगर्भित गुदीको रसस्वाद चाखेर नै छाड्नेछौं । यस्तो उमङ्ग लिएर आदिशक्ति महामायाको दशावतारको संक्षिप्त चरित्र अल्पवुद्धि भएतापनि उत्सुकताले लेख्दैछु । म कुनै शास्त्रभाषाविज्ञ लेखक पनि होइन, यो आफ्नो बुद्धिले मात्र कल्पना गरेको नभई सङ्ग्रह गरी लेखेको हो । संस्कृतका प्रमाणहरू जस्ताको तस्तै संस्कृत र अरू साधारण गाउँले नेपाली भाषामा उतार गरी सज्जनहरूका समक्ष प्रस्तुत गरेको छु ।

यो कुनै विज्ञ महानुभावसँग परामर्श लिई लेखेको पनि होइन, यस्तो गाम्भीर्ययुक्त विषयमा कलम उठाउनु आडम्वर मात्र हो । हाम्रा वृद्ध वचनानुसार आफूले गरेको अपराध प्रचार गऱ्यो भने अपराध लाग्दैन भन्ने विश्वास गरी यसमा भएका गल्ती कमीहरू सवै सज्जन महानुभावहरूका समक्ष प्रस्तुत गरेको छु । यसमा हाम्रो राष्ट्रका केही ऐतिहासिक पूज्य देव-देवी र अरू आफूले वुझ्नेजानेका विषयहरू पनि समावेश छन् ।

दशमहाविद्या मध्ये विशेष सृष्टिविद्या षोडशी (त्रिपुरासुन्दरी) श्री विद्याको महिमा र यिनको यन्त्र महिमा (श्रीयन्त्र) लेख्ने तरिका मन्त्र सहित श्री यन्त्र पनि दर्शाइएको छ । वाँकी विज्ञ पाठकहरूले नै गम्नुहुनेछ ।

वि.सं. २०३५
पोखरीथोक, गोरखा ।

विनीत
पं. दण्डपाणि अर्ज्याल



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रकाशकीय

ज्यो. पं दण्डपाणि अर्ज्याल (१९६३-२०४५) नेपालको इतिहासका ज्ञाता, ज्योतिष र तन्त्रशास्त्रका साधक एवं शिक्षासेवी विद्वान हुनुहुन्थ्यो । उहाँले गोरखाको शैक्षिक जागरणमा महत्त्वपूर्ण योगदान दिनु भएको थियो र सामाजिक सुधारका लागि अन्धविश्वासको विरोध गर्नु हुन्थ्यो । किसान भए पछि ब्राम्हणले हलो जोत्न नहुने कुरै छैन भनी शास्त्रीय तर्कहरू अघि सारेर प्रेरित गर्दै आफ्नो समयमा जाति र वर्ग भेदलाई समेत नेपाली समाजवाट निर्मूल गर्नु पर्ने विचार राख्नु हुन्थ्यो । उहाँका तिनै विचार र भावनालाई अघि वढाउँदै र गोरखाली प्रतिभालाई थप प्रेरणा दिनका लागि २०६२ कार्तिक २ गते दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठानको स्थापना गरिएको छ । यसले ज्यो. पं. दण्डपाणि अर्ज्यालका कृतिहरूको अन्वेषण-प्रकाशनका अतिरिक्त अन्य गोरखाली तथा नेपाली प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन दिई जनकल्याणकारी कामलाई समेत अघि वढाउने सोच राखेको छ । प्रतिष्ठानको यसै सोचअनुसार तन्त्रशास्त्रको यो पुस्तक-**दशमहाविद्यालाई** प्रकाशित गरिएको हो ।

ज्ञानका अनेकौं शाखाहरू मध्ये तन्त्रशास्त्र पनि एउटा हो । विज्ञानको युगमा तन्त्रको के भूमिका होला र ? प्रश्न गर्न त सकिन्छ, तर यसले अघिसारेको लौकिक भावधारा र सृष्टिको निरन्तरताका लागि शक्ति साधना गर्ने परम्परा आज सारा मानव जातिमा 'शक्ति-पूजाको संस्कृति' वनेर रहेको छ । शक्ति जुनसुकै रूपको होस् त्यसको आड-भरोसा र वल-वैभवमा मान्छेले आफ्नो अस्तित्व र आसन निर्धारण गर्ने गर्दछ । तन्त्रशास्त्र त्यही शक्ति-विद्याको रूपमा रहेको छ । यसले आगम र निगम धाराका अतिरिक्त ती दुवैको सङ्गमस्थल पनि निर्माण गरिदिन्छ । आर्षतन्त्रका रूपमा रहेको पछिल्लो धारा वैदिक र अवैदिकसमेत देखा पर्दछ । शक्तिको आराधना भिन्न-भिन्न रूपवाट गर्दै मान्छेले आफ्नो सभ्यता र सँस्कृति निर्माण गरेको छ । शिव पार्वतीको विम्व पूजामा लिङ्ग र योनिको एकीभूत रूप देखाइएको छ भने तन्त्रशास्त्रमा त्यसलाई चक्र, मण्डल र कोणहरूका आधारमा विभिन्न देवीहरूको परिकल्पना विनिर्माण गरिन्छ । त्यही चक्र, मण्डल र कोणहरूको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्माप्टिरूप श्रीयन्त्र वन्दछ । यसै क्रममा भूमण्डल र खगोलको, पृथ्वी र सूर्यको, ज्ञान र व्यवहारको, पदार्थ र चेतनाको, सृष्टि र संहारको सतत सम्वन्ध समेतलाई श्रीविद्याले वर्णन गर्दछ । तन्त्रशास्त्र एउटा साधना शास्त्र हो र यसले ज्ञान-विज्ञानको विकासमा खेलेको भूमिका ऐतिहासिक रहेको छ । त्यसैले ज्योतिप पण्डित दण्डपाणि अर्ज्यालद्वारा विरचित यस पुस्तकलाई हामीले प्रकाशनमा ल्याउने काम गरेका छौं । ज्यो.पं. दण्डपाणि अर्ज्यालको सुधारवादी सामाजिक चिन्तन, शैक्षिक देन एवं तथ्यपरक ऐतिहासिक अन्वेपणले गोरखालाई मात्र हैन, सिङ्गो नेपाली समाजलाई प्रभावित गरेको छ । यस वारेका तथ्यहरू क्रमशः सार्वजनिक हुँदैआएका पनि छन् । नेपाली भापामा लेखिएको **दशमहाविद्या** नामक यस पुस्तकले पनि हाम्रो साहित्य भण्डारमा विशेप स्थान राख्ने छ । **दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान**को उद्देश्य अनुरूप ज्यो.पं. दण्डपाणि अर्ज्यालका कृतिहरूको अनुसन्धान प्रकाशन गर्दै जाने, गोरखाली एवं नेपाली प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन दिँदै कृतिहरू प्रकाशित गर्दै जाने क्रममा पहिलो पटक हामीले यो पुस्तक सार्वजनिक गरेका छौं । यस सम्वन्धमा आफ्ना राय सुझाव दिएर हामीलाई सहयोग पुऱ्याउन अनुरोध गर्दै पुस्तकको सर्वाधिकार यस प्रतिप्ठानलाई प्रदान गरिएकोमा प्रतिप्ठान सम्वन्धित सवैलाई र विशेप गरेर दण्डपाणिका सन्ततिहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

अन्त्यमा **दशमहाविद्या** पुस्तक प्रकाशनका क्रममा यसको भूमिका लेखेर पुस्तकको मर्म र महत्त्व छर्लङ्ग्याई दिनुहुने विद्वान् प्राध्यापक डा. दुर्गाप्रसाद दवाडीज्यू र प्राध्यापक डा. विप्णुराज आत्रेयज्यू, सम्पादन कार्यमा दिलोज्यानले सहयोग पुऱ्याउनु हुने विद्वान् साहित्यकार श्री विप्णु प्रभातज्यू, प्रकाशनको व्ययभार वहन गर्नुहुने दण्डपाणिका साँहिला छोरा श्री हरिहर अर्यालज्यू तथा अत्यन्तै लगनशीलता साथ खटेर सवैलाई संयोजन गर्दै समग्र व्यवस्था मिलाउनु हुने कान्छा छोरा श्री राजेन्द्रप्रसाद अर्यालज्यू प्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद व्यक्त गर्दछौं ।

मिति: २०६२ कार्तिक ३ गते
काठमाडौं

**दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान**



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दशमहाविद्या

*श्री मङ्गलमूर्तये नमः ॥ श्री आदिशक्त्यै नमः*
*विश्व सृष्टि स्थिति गर्छ्यौं मायाव्यक्तस्वरूपिणी ।*
*विश्व ब्रह्माण्ड स्वात्मामा लीन गर्छ्यौं अरूपिणी ॥*

श्रीआदिशक्ति महामाया सर्वेश्वरीका प्रसादले व्रह्मा विष्णु, महेश्वर आदि देवता चराचर जगत् आफ्नु आफ्नु कार्य सम्पन्न गर्न सशक्त हुन्छन् । जुन शक्ति स्थूलरूप व्रह्माण्डदेखि लिएर विभाजन गर्न नसकिने सूक्ष्मभन्दा पनि अति पर सर्वव्यापक छन् । जसको कृपाले विश्व व्रह्माण्डमा अनुमान गर्न पनि नसकिने अनेक चमत्कार भईरहेका छन् र होलान् । यस्ती महामायाका दशावतारको यथामति संक्षिप्त वर्णन गरिन्छ ।

आधुनिक युगमा पढेलेखेका सभ्यशाली विद्वान्हरूले वैज्ञानिक हुं सर्वज्ञ छौं भनेर नाक फुलाउँछन् । वैदिक सुसंस्कृत सूक्ष्मातिसूक्ष्म ज्ञानमय आध्यात्मिक ज्ञानले मात्र मर्म वुझ्न जान्न र चिन्न सकिने यस्तै वैदिक मानव हिन्दु धर्मको सूक्ष्माति सूक्ष्म आध्यात्मिक वैज्ञानिक रहस्यको मर्म, मादक पदार्थले कुण्ठित पक्षपाती अइरदर्शी अनध्यात्मिक भौतिक गन्धदृष्टिले युक्त अवुद्धिले जान्न वुझ्न चिन्न नसकी नतमस्तक भई आफ्नु वढत्व दर्शाउन यो धर्म अवैज्ञानिक भनी अनभिज्ञ मुर्खलाटालाई भ्रममा पारी आफ्नु नाक ठाडो पार्दै छन् हत्केलाले सूर्य कहिल्यै ढाकिंदैन ॥

जुन धर्मले सारा प्रतिष्ठित छ । संसारका सम्पूर्ण वस्तुको वास्तविक स्वरूपलाई आफ्नू आफ्नू स्वरूपमा सुरक्षित राखेर जुन शक्ति त्यस वस्तुद्वारा धारणा गरिएको छ त्यही शक्तितत्त्वलाई शास्त्रमा धर्म भनिएको छ ।

ताप अग्निको धर्म, प्रकाश सूर्यको धर्म र थाम्नु पृथ्वीको धर्म इत्यादि । जहांसम्म यी धर्मीहरूमा ताप प्रकाश आदि धर्मरहन्छन् । त्यहांसम्म यिनीहरूको सत्ता स्वरूप रहन्छ । जुनदिन यिनीहरूको तापादिस्वरूप धर्म नष्ट हुन्छ त्यस दिन तिनीहरूको सत्ता स्वरूप पनि नष्ट हुन्छ । वस्तुहरूको सत्ता त्यहांसम्म रहन्छ, जहांसम्म उनीहरूको शक्ति स्वरूप धर्म उनीहरूमा रहन्छ ।

शक्ति सत्तामा कल्याण भावले रहने पदार्थ शिव तत्त्व हो, निदान शास्त्र सिद्धान्तका अनुसार इ अक्षरले व्यवहार गरिने शक्ति नभई ऊ पदार्थ (शिव) शव शव्दले व्यवहार गरिन्छ (मुर्दा हुन्छ) यसवाट यो सिद्ध हुन्छ कि धर्मनै धर्मीको प्रतिष्ठा हो, जुन दिन धर्मरहदैन तेस दिन धर्मी पनि रहदैन । यही व्यवस्था मनुष्यधर्म कर्म जातिधर्म वर्णधर्म



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलधर्म देशधर्म आदिमा पनि सम्झनै पर्छ। मनुष्य त्यहाँसम्म मनुष्य रहन्छ जहाँसम्म उसमा मनुष्य-धर्म रहन्छ। नत्र भने ऊ पशु हो, आहार निद्रादि मात्र त पशुमा हुन्छ। यो वास्तविक रहस्यमय वैदिक मानव धर्म नै सनातन (कहिल्यै नाश नहुने) हिन्दु धर्म हो, यो वैदिक मानव धर्म आज हिन्दुहरूमा मात्र विद्यमान रहेकोले यसलाई अरूहरूले हिन्दु धर्म भन्दछन्।

यो वैदिक धर्म पूर्णमानव धर्म हो, यो धर्म जहाँसम्म हिन्दुहरूमा रहन्छ त्यहाँसम्म हिन्दुहरूमा हिन्दुत्त्व र मानव स्वरूप रहन्छ नभए सर्वे भवन्तु सुखिन नभई अरू जस्तै पक्षपाती असूक्ष्मदर्शी भई विश्व अशान्तिको अखडा हुन्छ।

असूक्ष्मदर्शीय पक्षपाती कूटनीतिज्ञहरू भन्दछन् हिन्दुधर्ममा व्राह्मणहरूको वोलवाला छ। त्यस्ता विद्वानको लक्ष धर्मज्ञप्रति द्वेषभाव पैदा गराई हिन्दु समाजलाई फुटाई आफ्नु वोलवाला संसारमा फैलाउनु हो। कल्पादिदेखिका वेद पुराण आदि करौंडौं साहित्य धर्मले सुसंस्कृत गहिरो वलियो जग भएको हिन्दु समाज देखेर, बुझेर यो जग खलबल्याउन इत्यादि कुटनीति चल्दै छन्, यो पनि हिन्दु समाजले बुझीराखेकै छ।

सृष्टिको आदिमा शव्द र अर्थ सृष्टि भयो शव्द राशि हो वेद। वेदको रहस्य ज्ञाता· वसुधैवकुटुम्व कम् भएका विश्वकै माता पिता वडेवडे संयमी सर्वद्रष्टा आत्मज्ञानी महर्षिहरू पनि प्रार्दुभाव भए। यिनै महर्षिहरूको तपस्यावाट विश्वकल्याणका निमित्त वेद वैदिक धर्मको यथार्थ व्याख्यान भयो। नाना आगमादि शास्त्र वने उनैका सन्ततिहरू विश्वभर फैलिंदै जाँदा कति वैदिक धर्ममर्यादावाट च्युत हुँदै गई आफ्नु पूर्व मयार्दालाइ विर्संदैगई हामी वेग्लै हौं भन्ने ठानी विभिन्न धर्म मर्यादामा विभक्त हुँदै गए। तिनीहरूले वैदिक धर्मको मर्यादामा चली रहिआएकालाई हिन्दु भन्न लागे र वैदिक धर्मको नाम पनि हिन्दु धर्ममात्र भयो। कुनै इतिहासले पनि वैदिक धर्मभन्दा पुरानु धर्म संसारमा छ भन्न सकेको छैन र छैन पनि। अरू धर्मको उदय भएकोत ३५।३६ सय वर्षमात्र भयो भनी इतिहासकारले भनेकै छन्।

यस्ता ब्रह्मनिष्ठ विश्वनै परिवार भएका संयमी ज्ञानी महर्षिहरूले व्याख्यान गरेको वैदिक धर्म साहित्य हो। कुनै गुण कर्म विहीन स्वार्थी पक्षपाती, असंयमी अदूरदर्शी लोभी जाति ब्राह्मणले गरेको व्याख्यान होइन। यस्तामा यस्तो गाम्भीर्य रहस्यमय व्याख्यान गर्ने क्षमता नै हुँदैन। यस्ता असंयमीहरूमा यस्तो गाम्भीर्य रहस्य ज्ञान मगजमा चढ्ने भए यी कुरा भन्नेहरूको पनि मगजमा चढ्ने थियो र भन्ने नै थिएनन्।

यो वैदिक हिन्दु धर्म हो। यसको सूक्ष्मातिसूक्ष्म मर्म वैज्ञानिकता जान्न बुझ्न, सूक्ष्मातिसूक्ष्म आस्तिक्य युक्त आध्यात्मिक वुद्धि विवेक चाहिन्छ र त्यसले मात्र निगमागम (वेद पुराण उपनिषद् तन्त्र अनि षट्शास्त्र) को यथार्थ मर्मवोध गर्न सकिन्छ र त्यस पछि मात्र तन्त्रको रहस्य जान्न सकिन्छ।

❊❊❊



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# निगमागम रहस्य

## सूर्यविद्या नै निगम हो

विचारको अन्त्य भेट्टाएका, जान्नुपर्ने विषयवस्तुको पूर्णज्ञान भएका, महामहिमाशाली महर्षिहरूले सम्पूर्ण शव्दराशिलाई निगम र आगम भेदवाट दुईभागमा विभाजन गरे। यसको यही अर्थ हो कि प्रकृतिसिद्ध शव्दव्रम्ह दुई भागमा विभक्त छ। यद्यपि *अथो वागेवेदं सर्वम्* (ऐ.आ.३।१।६) वाचीमा विश्वाभुवनान्यर्पिता (तै. व्रा. २।८।८।४।५) इत्यादि श्रौत सिद्धान्त अनुसार वाक्तत्त्ववाट प्रादुर्भाव हुने शव्द प्रपञ्चले कुनै ठाउँ खालि छैन र हुँदैन।

तत्त्वरूप तमो विशाल सर्ग। कृमि, कीट, पंछी, पशु, मनुष्य भेदादि भिन्न पञ्चविध रजो विशाल सर्ग। यक्ष, राक्षस, पिशाच गन्धर्व, पैत्र्य ऐन्द्रय, प्राजापत्य, व्राह्म भेद भिन्न अष्टविध सत्व विशाल सर्ग नामले प्रसिद्ध छन्। यी चौध प्रकारका भूत सर्गका साथ प्रधान रूपले अग्निवाक्– इन्द्रवाक्को नै सम्वन्ध छ। *यथाग्निगर्भा पृथिवी तथा द्यौरिन्द्रेण गर्भिणी* (शतं १४।९।७२०) का अनुसार पृथ्वी अग्निमयी छन्। द्युलोकोपलक्षित सूर्य इन्द्रमय छन्। यद्यपि यी दुई लोक वाहेक तेश्रो अन्तरिक्ष (भुव) लोक छ। भू (पृथ्वी) भुव (अन्तरिक्ष) स्व (द्यौ सूर्य) यी तीन लोकवाट प्रजाको सृष्टि हुन्छ। पृथ्वीमा अग्निको सत्ता छ, योसंग विशेप मनुष्य प्रजाको सम्वन्ध छ। अत एव पृथ्वीलाई मनुष्यलोक भनिन्छ। अन्तरिक्षमा विशेप चन्द्रमाको सत्ता मानेको छ। यो संग पितृ प्रजाको सम्वन्ध छ। यसै आधारले (विधूर्ध्वभागे पितरो वसन्ति) सि.शि.म.। चन्द्रमादेखि उभो पितृहरू वस्तछन्। यही दोश्रो पितृलोक हो। द्युलोकमा सूर्यको सत्ता छ, योसंग देव प्रजाको सम्वन्ध छ। *"चित्रं देवानामुदगात्"* इत्यादि भनिएको छ। यही तेस्रो देवलोक हो। यी तीनै लोक 'वागिति पृथ्वी' (जै. उ. ४।२२।११) *वाग्घ चन्द्रमा भूत्वोपरिष्ठात् तस्थौ* (शत. ८।१।२।७) *सा या सा वाक् असौ स आदित्यः* (शत. १०।५।१।४) को अनुसार सूर्य वाङ्मय छ। तथापि पृथ्वीमा सूर्यवाक्को नै प्रधानता छ भनी मानिन्छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारणः- पार्थिव र सौराग्नि अन्नाद (अन्नखाने) हुन् । मध्य पतितचन्द्र (सोम) यो अग्निको अन्न वन्दछ (एप वै सोमो राजा देवाना मन्त्रं यद्य चन्द्रमा, (शत. १। ६।४।५) अन्न जव अन्न खानेको पेटमा जान्छ अन्नको सत्ता जान्छ । केवल अन्न खानेको सत्तामात्र रहन्छ, यसैले पृथ्वी सूर्य वाक्लाई प्रधान मानेको हो । श्रुति भन्दछः

द्वयं वाऽइदम् अत्ता चैवाद्यञ्च । तद्यदोभयं समागच्छति-अत्तैवा ख्यायते नाद्यम् । सवै यः सोत्ताग्निरेव सः । (शत. १०।६।२।१)

यसकारण त्रैलोक्य (तीनलोक) लाई लिएर द्यावा (पृथ्वी) भन्ने व्यवहार हुन्छ । यसकारण प्रधान रूपवाट पृथ्वीलोक र सूर्यलोक दुई लोक नै रहन्छन् । यी अन्नाद (अन्न खाने) हुनाले दुवै अग्निमय छन्, पार्थिवाग्नि गायत्राग्नि हो, सौराग्नि सावित्राग्नि हो । -तस्य वा एतस्याग्नेर्वागेवोपनिपत् । (शत. ५।१।१) यसअनुसार दुवै अग्नि वाक् कहिन्छन् । वैज्ञानिक परिभापाअनुसार पृथ्वीको वाक् अनुष्टुप् कहिन्छ । सूर्यको वाक् वृहती कहिन्छ । अनुष्टुप् वाक्वाट क.च.ट.त.प.य.श. आदिमा हुने वर्णवाक्को प्रादुर्भाव हुन्छ । वृहती वाक्वाट अ.आ.ई आदि स्वर वाक्को प्रार्दुभाव हुन्छ ।

दोस्रो शव्दमा वर्णवाक् अनुष्टुप् हो । स्वर वाक् वृहती हो । स्वरो क्षरम् (प्रत्तिशाख्य) का अनुसार स्वर अक्षर हो । अविनाशी छ । वर्ण क्षर हो विनाशी छ । अर्थ सृष्टिमा भौतिक क्षरकूटको प्रतिष्ठा अक्षर तत्त्व हो । (शव्देव्रह्मणि निष्णातः परंव्रह्माधिगच्छति) यस अनुसार अर्थव्रह्मको सामान धारामा प्रवाहित हुने शव्द व्रह्म पनि क्षररूप वर्णको प्रतिष्ठा अक्षर रूप स्वरतत्त्व नै हो । अर्थ व्रह्ममा जस्तो अक्षर रूप सूर्य सत्तालाइ छोडे र क्षररूप पृथिवी स्व स्वरूपमा प्रतिष्ठित रहन सक्दैन । यस्तै सूर्यवाङ्मूलक स्वरतत्त्व विना पृथिवीमूलक वर्णराशि पनि स्वरूपमा प्रतिष्ठित रहन सक्दैन । स्वरको सहायता नभई व्यञ्जनको उच्चारण गर्न सकिँदैन । स्वरमूलक यो सूर्य विद्याको नाम नै त्रयी विद्या हो । सूर्य विद्या ऋगवेद हो । सूर्यको रश्मिमण्डल सामवेद हो । सूर्यमा रहने अग्निपुरुप यजुर्वेद हो । सूर्य निकै तातो हुन्छ, त्रयी विद्या पनि तप्त-तातो हुन्छ । यसैका आधारमा- (सैपा-त्रय्येव विद्या तपति । शत. १०।५।२।२) भनी वताइएको छ । त्रयीमयाय त्रिगुणात्मधारिणेको रहस्य यही नै हो ।

यो वेद तत्त्वनित्य तत्त्व हो, स्वयं प्रादुर्भाव भएको हो । स्वयं व्रह्म मुखवाट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्केको हो । यसकारण ऋषिहरूले यस्लाई निगम नामले व्यवहार गरेका हुन् । निर्गत नै परोक्षभावले निगम भनिएको हो । निष्कर्ष यही नै हो कि त्रयी विद्या नामले प्रसिद्ध सूर्यविद्याको नाम नै निगम हो ।

## पृथ्वी विद्या नै आगम हो

दोस्रो आगम विद्या, शनि, मङ्गल, बुध, वृहस्पति पृथ्वी आदि सूर्यका उपग्रह हुन् । सूर्यकै प्रवर्ग्य भाग (सूर्यवाट अलग भएका भाग) शनि आदि रूपमा परिणत भएर सूर्यकै वरिपरि घुमिरहन्छन् । यसरी सूर्यविद्याको अंश भएको पृथ्वीविद्या (पृथ्वी लोक) सूर्यको चारैतर्फ घुमिरहन्छ । यसरी पृथ्वीविद्या सूर्यविद्यावाट आएको हो । यो रहस्य सम्झाउनाका निमित्त ऋषिहरूले पृथ्वीविद्याको नाम आगम राखेका हुन् । यसरी सूर्यविद्या जस्तो पृथ्वीविद्या स्वयं. आएको होइन निगमवाट आएको हो । अतएव निगमात् आगत यो व्युत्पत्तिवाट पृथ्वीविद्या आगम नामले प्रसिद्ध भयो । माथि वताइयो कि पृथ्वीको वाक् वर्णवाक् हो स्वरदेखि भिन्न छ । यसकारण आगम शास्त्रोक्त प्रयोगहरूमा उदात्तादि स्वरहरू सँग विशेष सम्वन्ध मानिदैन, यसमा केवल शव्दहरूको आवृत्ति (जप) बाट नै सिद्ध हुन्छ । परन्तु निगम (वेद) विद्यामा यो कुरा हुँदैन कि यहाँ स्वर वाक् (उदात्तादिस्वर) कै प्रधानता हुन्छ । यसकारण निगमोक्त (वैदिक) प्रयोगमा उदात्तादि स्वरमा पूरा ध्यान राख्नुपर्छ । यथा:-

*दुष्टः शव्दः स्वरतो वर्णतो वा मिथ्या प्रयुक्तो न तमर्थमाह ॥*
*स वाक् वज्रो यजमानं हिनस्ति यथेन्द्र-शत्रुः स्वरतोऽपराधात् ॥*

यो अनुसार विना स्वर निगम काण्ड निरर्थक हुन्छ, अनिष्ट गर्ने हुन्छ । किनभने स्वर वाक् नै निगम (वेद) को मूल हो ।

यस्को यो तात्पर्य होईन कि निगममा खाली सूर्यको मात्र निरूपण छ, आगममा केवल पृथ्वीको मात्र । दुवैमा सारा विश्वको निरूपण छ- लक्ष्यभेद मात्र हो । निगमशास्त्र सूर्यलाई प्रधान मानेर सारा विश्वको निरूपण गर्छ, आगमशास्त्र पृथ्वीलाई प्रधान मानेर अगाडी वढेको छ, हुन्छ । (द्यौष्पितः पृथ्वीमातः ऋक्४।८।१) द्युलोको प्रलक्षित पिता सूर्य हुन् पृथ्वी माता हुन् । पिता पुरुष हुन् माता प्रकृति हुन् पुरुष रेतोधा हो प्रकृति योनी हो । पुरुष शास्त्र निगम हो । अतएव निगम वेद पुरुष कहिन्छ । प्रकृति शास्त्र आगम हो । आगम शास्त्र (विद्या) विना निगमको प्रतिष्ठा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन । जस्तो कि अनुपदमा उ स्पष्ट हुन्छ । निगममा पनि आगमको साम्राज्य छ, यसकारण पुरुष वेदलाई वेदविद्या भनिन्छ । सूर्य साक्षात् रूद्र हुन् सूर्यका अनन्त किरण अनन्त रूद्र हुन् । अनन्तरूद्र विराट्रूद्र (प्रजारूद्र) हो । सूर्य रूद्र क्षेत्र रूद्र हो, जहाँ वैज्ञानिक रश्मिगत त्रैलोक्य व्यापक अनन्त रूद्रको (असंख्ययाता सहस्राणि ये रूद्राः ये चैनं रूद्रा अभितो-दिक्षुश्रिताः) इत्यादि रूपवाट निरूपण गरेका छन् । उ सूर्यरूप क्षेत्ररूद्रको लक्ष राखेको छ । (एको हि रुद्रो न द्वितीय तस्थुर्य इमाँल्लोका नीशत ई हानि भिः (श्वेता.३।२) यस्तो भनियो । यो रूद्र रूप सौर अग्निको ( अग्निर्वा रूद्रः । तस्यै ते द्वौ तनवे घोराऽन्या च शिवान्याच) यो अनुसार घोर, शिव भेदवाट दुई शरीर छन् । अध्यात्म जगत्मा दुई मूर्तिको साक्षात्कार गर्न सकिन्छ । माथि अग्निलाई अन्नाद भनियो । अन्न खानु अग्निको स्वाभाविक धर्म हो । आगो वलिरहन्छ जहाँसम्म अग्निमा काष्ठादि अन्न दिई रहिन्छ, त्यहाँसम्म अग्नि स्वस्वरूपमा प्रतिष्ठित रहन्छ । अग्निको इन्धन (प्रज्वलन) काष्ठादि आहुतिमा निर्भर हुन्छ । उही अवस्था शरीराग्निमा हुन्छ । अतएव काष्ठादिलाई इन्धन भनिन्छ ।

सर्वाङ्ग शरीरमा वैश्वानर अग्नि वलिरहन्छ, जहाँ छोएपनि तातो पाइन्छ, यही नै शरीराग्निको प्रत्यक्ष दर्शन हो । नाक, मुख, कान थुनी राख्दा जुन नाद सुनिन्छ उही अग्निको श्रुति हो । यो अन्नाद अग्निको सत्ताका लागि विहान वेलुका वा कुनै वेला अन्न आहारा खानुपर्छ । जहाँसम्म यो अन्नाद अग्निको आहुति भई रहन्छ, त्यहाँसम्म शरीरको शरीर पनि स्वस्थ भईरहन्छ यही अवस्था सारा वस्तुको हो । यस्को कारण यही हो कि अन्न सोम तत्त्व हो । यो शान्तस्वभावको तत्त्व हो, यस्को आहुति दिनाले रूद्राग्नि शान्त भएर शिव रूप वन्न जान्छ । यदि अन्नाहुति भएन भने उही रुद्र घोर रूपमा परिणत भएर शरीरीको शरीरमा रहेका रसासृङ्मांसादि धातुहरूलाई जलाउन लाग्दछ र नाशभएर जान्छ । आखिर यही अवस्था विश्व व्रह्माण्डको रूद्राग्निले भस्म गर्छ र प्रलय हुन्छ । यही हो अग्निको घोर र शिव रूप । यो माथि वताईएको छ । यस्को निष्कर्ष यही हो कि अन्नाहुतिले रूद्र तनु शिव भावमा परिणत भएर पालना गर्छ । अन्नाहुतिको अभावमा घोर तनु वनेर नाश संहार गर्दछ । यसकारण वैज्ञानिक ऋषिहरूले यस अन्न (सोमतत्त्व) को नाम शान्तदैवत्य वा शान्त रूद्रीय (जुन अन्नवाट रूद्र देवताशान्त हुन्छन्) अन्नको नाम राखे । परोक्ष प्रेमी देवताहरूको परोक्षभाषामा उ शान्त रूद्रीय अन्न



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शतरूद्रीय नामले प्रसिद्ध छ। यो पूर्व विज्ञानको लक्षमा राखेर याज्ञवल्क्य ऋषि भन्दछन्-

*(अत्रैव सर्वोग्निः संस्कृतः स एषोऽत्र रुद्रो देवता। स दीप्यमानोऽतिष्ठदन्नमिच्छमानः। तस्माद्देवा अबिभयु :। यद्वै नोयम् नहिंस्यत् इति। तस्मै एतदन्नं समभरत् शान्त-देवत्यम्। तेनैनमशमयन्। शान्त देवत्वं ह वै शतरूद्रीयमित्याचक्षते परोक्षम्। परोक्षकामा हि देवा :।* (श. ९।१।१।१)

आमाको गर्भमा अग्निको क्रमिक स्थितिले क्रमैसँग वढ्दै जाने गर्भ नौ महीना पछि पूर्ण भएर सर्वात्मना संस्कृत रूद्राग्निको आघात युक्त वायुको प्रेरणावाट योनिद्वारा वाहिर निस्कनु पर्छ। त्यसवेला सारा इन्द्रिय देवता डराउन लागेका हुन्छन्। आत्म रक्षाका निमित्त उसमा अन्नाहुति गर्छन्। अन्नाहुति हुन गर्न नसके इन्द्रिय देवताले पनि छाड्दछन् र बालक नष्ट हुन्छ।

यस प्रकार उही रूद्राग्नि पनि अन्नको सम्वन्धवाट शिव रूप वनेर संसारको रक्षा गर्छन्। अन्नाहुतिको अभाववाट उही रूद्राग्नि नाशको कारण वन्न जान्छ। यही दुई भाव सूर्यमा हुन्छ, सूर्य साक्षात रूद्र हुन् प्राणीलगाएत सम्पूर्णलाई संतप्त गर्नेहुन्। पार्थिवादि रस सूर्यरश्मिद्वारा लिएको हुन्छ। यसकारण उ रूद्र (शिव) वन्न जान्छ।

माथि वताए वमोजिम पृथ्वी माता हुन् शक्ति हुन्, सूर्य पिता हुन् शिव हुन्। परन्तु शिवको शिवत्व शक्तिको समन्वयमा भर परेको हुन्छ। जुन दिन पार्थिवान्नको सम्वन्ध हुँदैन सूर्य, रूद्र, घोर रूपमा परिणत भएर सम्पूर्ण विश्वलाई भस्म पार्दछ।

सौर तेज हिरण्य हो, यस्को सत्ता सोम(अन्न) मा निर्भर हुन्छ। यस्मा प्रविष्ट महदरक्षररूपाचिद्शक्ति नै हैमवती उमा हुन्, यिनैलाई भगवत् शक्ति भनिन्छ। यिनैलाई अद्वैतवादीहरू माया भन्दछन्। उपासक भक्तहरू राधा, लक्ष्मी, सरस्वती आदि भन्दछन्। हैमवती उमा हुन्। मम योनिमाहद्व्रह्मका अनुसार पारमेष्ट्यमहत्सोमनै चिदात्मा (अव्यय पुरुष) को प्रतिष्ठा हो, उही सोम सौर मण्डलमा आकर (खानी) हैमवती चित् शक्तिले युक्त छ। अत एव उमायुक्ततत्त्वका अनुसार उ पारमेष्ट्य तत्त्व सोम भनिन्छ। यिनै उमालाई व्राह्मण ग्रन्थमा विशेष भेद अनुसार अम्विका, अम्वा, माता, जननी, धरा, जाया, आप, आदि नाम भन्दछन्।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौर इन्द्र शिव हो। यिनकी शक्ति पार्थिव प्राज्ञ सोमरूपा हैमवती उमा हुन्। सोम स्व स्वरूपले कृष्णा (कालो) छ, परन्तु सौर विज्ञान मण्डलमा आकर (खानी) अग्निदाहक तापवाट उही कृष्ण चम्किलो-तेजिलो वन्न जान्छ। सूर्यमा जे प्रकाश देखिन्छ यो उही सोमाहुतिको प्रभाव हो। यो आधारमा (त्वं ज्योतिषा वितमो ववर्थ, ऋक् १।९।२२) कहिएको छ। (त्वं ततन्थों वान्तरिक्षम्, ऋक् १।९१।२१) उही सोम विशाल आकाशमा सर्वत्र व्याप्त रहन्छ। यी सोममयी शक्ति उही चिद्घन अव्यय पुरुषकी प्रकृति हुन्। इन्द्रादि देवताहरूको ज्ञान आकाशमा रहेकी यिनै महामायाको क्रियाकलापवाट हुन्छ। विनाशक्तिको अगाडी ब्रह्म ज्ञान असम्भव हुन्छ। यस्तो शक्ति विज्ञानको लक्ष्य राखेर उपनिषद् भन्दछ-

*स तस्मिन्नेवाकाशे स्त्रियमाजगाम वहुशोभमानामुयां हैमवतीम्। ता गुँ हो वाच किमेतद्यक्षमिति॥ सा ब्रह्मति हो वाच। ब्रह्मणो वा एतद्विजयेमहीध्वमिति। ततो हैव विदाञ्चकार ब्रह्मति।* (केन.३।१२।४।१)

ब्रह्मज्ञानका निमित्त शक्ति मायाको सेवा प्रधान छ भनी गीता भन्दछ-

*दैवी ह्येषा गुणमयी मम माया दुरत्यया*
*मामेवये प्रपद्यन्ते मायामेतां तरन्ति ते॥*

यसबाट शक्तिको नै प्रधानता सिद्ध हुन्छ। यो भयो शिव शक्तिको रहस्य॥

सौर प्राणको प्रधानताबाट पुरुषहरू सृष्टि हुन्छन्। सम्पूर्ण स्त्रीहरू शक्ति (देवी) रूप र सम्पूर्ण पुरुषहरू शिव रूप हुन्। सारा विश्व शिव शक्तिमय छ। दुवै अभिन्न छन्। आगम शास्त्र माता पृथ्वीसँग विशेष सम्वन्ध राख्छ। उसमा शक्ति कै प्रधानता छ। यसकारण आगम शास्त्रप्रति विचार पुऱ्याएर विद्वानहरूले मनन गरी रहस्य पत्ता लगाउनु पर्छ। यो भयो आगम निगम रहस्य।

***



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# विद्या रहस्य

अव वैदिक सर्व धर्मको मूल भएकी महाशक्ति नामले प्रसिद्ध महाशक्तिविद्या नाम भएकी शक्तितत्त्वको यथामति संक्षेपमा वर्णन गरिन्छ।

निगमवाट आएको आगम हो भन्ने कुरा पूर्व व्याख्यानमा उल्लेख भयो। निगमले "सैषा त्रयी विद्या" भन्ने रूपवाट विद्या शव्दको प्रयोग गरेको छ। आगमाचार्यहरूले (विद्यासि सा भगवती) यस रूपले विद्याको प्रयोग गरेका छन्। निगममा त्रयंव्रह्मा, त्रयी विद्या, त्रयो वेदाः इत्यादि रूपवाट यी ३ लाई अभिन्नार्थ (यौटै अर्थ) मानेको छ। विश्व सांसारिक दृष्टिले यी भिन्न छन्। शक्तितत्त्व विद्या के हुन् ? महाविद्या शव्दवाट किन व्यवहार भयो ? यसको उत्तर यी तीनका स्वरूपज्ञानमा भर पर्दछ।

अनन्त ज्ञानघन, क्रियाघन, अर्थघन, यी तत्त्व विशेषको नाम अक्षर व्रह्म हो। यो सर्वज्ञानमय, सर्वक्रियामय, सर्वार्थमय छ। दोस्रो अर्थमा यो अक्षर मन, प्राण, वाङ्मय छ।

जस्तो क्षर पुरुषको आलम्वन अक्षर पुरुष हो, यस्तै सवैको आलम्वन पुरुषोत्तम नामले प्रसिद्ध अव्यय पुरुष हो। यो अव्यय पुरुष स्वयं ज्ञानशक्ति, क्रियाशक्ति, अर्थशक्ति रूप हो। अव्ययको ज्ञान शक्तिको उक्थ (प्रभव) मन हो। क्रिया शक्तिको प्रभव प्राण हो। अर्थशक्तिको प्रभव वाक् हो। यी ३ कलाको अतिरिक्त आनन्द र विज्ञान थप दुई कला हुन्। यी आनन्द विज्ञान, मन, प्राण र अन्न पाँच कलालाई व्रम्ह कोषको विस्तारवाट निरूपण गरिएको छ। आनन्दादि पाँच कलाले युक्त भएकोले अव्यय पुरुष स्वयं शक्ति रूप हो। सामान्य भावका अनुसार आनन्दमा आनन्द छैन, विज्ञानमा विज्ञान छैन, मनमा मन छैन, प्राणमा प्राण छैन, वाक्मा वाक् छैन यसकारण अक्षरदेखि पनि पर रहने तत्त्व हो यो।

*दिव्यो ह्यमूर्तः पुरुषः सबाह्याभ्यन्तरो ह्यजः।*
*अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात् परतः परः॥* (मुण्डक)

इत्यादि रूपवाट निरूपण हुन्छ। अप्राण अमनमा क्रिया हुँदैन यसकारण ऊ अव्यव पुरुष कर्तृत्व करणादि धर्मले रहित हुन्छ र सृष्टि विद्यादेखि वहिर्भूत हुन्छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न उ कर्ता हो, न उ लिप्त छ, यो भावको निरूपण गर्दै वेद भन्दछ-
न तस्य कार्यं करणं च विद्यत्ते न तत्समञ्श्चाभ्यधिकश्च दृश्यते ॥
परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानवलक्रियां च ॥ (श्वेताश्व ६।८)
अव्यय पुरुष निर्धर्मक मानिन्छ, यो चेतन छ, चिदात्मा हो । ज्ञानमूर्ति हो, निष्क्रिय छ । यसकारण क्रियासापेक्ष सक्रिय विश्वको निर्माण वहिर्भूत हुन्छ ।

सृष्टि संसृष्टि हो, योषा, वृषा नामले प्रसिद्ध रयि, प्राण नामका दुई तत्त्वको रसायनिक संयोग नै सृष्टि हो । संसर्ग व्यापार हो, व्यापार क्रिया हो, यसको उसमा अभाव छ । अत एव उ कर्ता हो । यद्यपि पञ्चकला अव्यय पुरुषप्राण रूप हुनाले क्रिया शून्य छ भन्न सकिदैन, परन्तु कोरा क्रिया केही गर्न सक्दैन । क्रियावान् क्रिया गर्न सक्दछ अव्यय क्रियावान् छैन क्रिया रूप हो । क्रियावान् हो उही पूर्वोक्त अक्षर पुरुष ।

यो अक्षर पुरुष नै अव्यक्त, परापर प्रकृति, परव्रह्म आदि नामले प्रसिद्ध छ । उ पुरुष यी प्रकृतिका साथ समन्वित हुन्छ । तत्तु समन्वयात्, व्यास सूत्रका अनुसार यस समन्वयवाट अव्ययको शक्ति अक्षरमा संक्रान्त हुन्छ, यसरी अव्ययको शक्तिले अक्षर शक्तिवान् हुन्छ, वन्दछ । यसकारण अक्षरलाई आनन्दवान्, अर्थवान् विज्ञानवान्, मनस्वी, क्रियावान्, अर्थवान् मानिन्छ । अक्षर शक्तिवान् छ, सक्रिय छ ।

पूर्वोक्त अव्यक्त कलाहरूमा आनन्दकला प्रसिद्ध छ, विज्ञान कला चित् छ मन, प्राणवाक्को समष्टि सदसत् हो । सत् चित र आनन्दको समष्टिनै सच्चिदानन्द व्रह्म हो । अक्षर यी तिनै कलाले नै युक्त छ । यसैले अक्षर आनन्दवान्, विज्ञानवान् भनिन्छ । आनन्द विज्ञान मुक्तिसाक्षी अव्यय हो, प्राणवाक् सृष्टिसाक्षी अव्यय हो । मध्यपतित मन(उभयात्मक मन) हो । यस अनुसार मन दुवै तिर जान्छ । मुक्तिको सम्वन्ध आनन्द विज्ञान मनवाट हुन्छ । सृष्टिको सम्वन्ध प्राण, वाक्, मनवाट हुन्छ । यसकारण सृष्टिसाक्षी आत्मालाई (स वा एष आत्मा) वाङ्मय, प्राणमय, मनोमय इत्यादि रूपले मन प्राण वाङ्मय नै वताइन्छ । सृष्टिसाक्षी अव्ययमा ज्ञानघन मनस्, क्रियाघन प्राण, अर्थघन वाक्को सत्ता वताईयो । यी तीनमा ज्ञानकलाको विकास स्वयं अव्यय पुरुष हो । उसमा यस कलाको प्रधानता छ । क्रियाको विकास अक्षर पुरुष हो । अर्थको विकास क्षर पुरुष हो । अर्थको प्रधान क्षर पुरुष निष्क्रिय छ । ज्ञानप्रधान अव्यय पुरुष पनि निष्क्रिय छ । मध्यपतित क्रियाप्रधान एकमात्र अक्षर पुरुष हो । क्रिया गर्नु एकमात्र अक्षरको धर्म हो । अतः यी ३ तीन पुरुषहरूमा एकमात्र अक्षर पुरुषनै सृष्टिकर्ता मानिन्छ । अव्यक्त अक्षर, प्रकृतिनै विश्वको प्रभा प्रतिष्ठा परायण हो, यस विज्ञानलाई लक्ष्यमा राखेर श्रुति



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछ-

यथा सुदीप्तात्पावकाद्विष्फुलिङ्गाः सहस्रशः प्रभवन्ते सरूपाः
तथा क्षराद्विविधाः सौम्यभावाः प्रजायन्ते तत्र चैषापियन्ति ॥ (मुण्डक २।१।१)

तथा

*अव्यक्ताद् व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।*
*रात्र्यागमे प्रलीयन्ते तत्रैवाऽव्यक्तसंज्ञके ॥* (गीता ८।१८)
*अव्यक्तादीनि भूतानि व्यक्त-मध्यानि भारत ।*
*अव्यक्त- निधनान्येव तत्र का परिदेवना ॥* (गीता २।२८)

यी आदि स्मार्त वचनले पनि यस भावनालाई प्रकट गर्छन् । जस्तै कुमाल भुइँमा वसेर समुदाय रूपवाट सर्वथा गतिशून्य अवयववाट गतिशील चकमाथि माटो राखेर घटादि निर्माण गर्दछ । यस्तै अक्षर प्रजापतिरूप कुमाल पनि आनन्द, विज्ञान, मनोघन मुक्ति साक्षी अव्ययरूप धरातलमा वसेर मन प्राण वाक्-घन सृष्टिसाक्षी अवयवरूप माटो राखेर यसवाट त्रिलोकी रूप घटादिको निर्माण गर्दछ । यस्तो विद्या जान्ने ऋपिहरूले यस्तो सृष्टि गर्ने कुमाललाई प्रजापति भनी नाम राखेका छन् ।

पूर्वोक्त क्षरपुरुष उस अव्ययको अपरा प्रकृति हो, अक्षर पुरुष पराप्रकृति हो । अव्यय आलम्वन कारण हो, अक्षर असमवायी (निमित्त) कारण हो र क्षरपुरुष समवायी (उपादान) कारण हो । यी तीनमा कर्ता अक्षर पुरुप हो, किनभने उही नै क्रियामय छ । एक अर्कोवाट चिदात्मा अव्ययको ज्ञानभाग लिएर ऊ सर्वज्ञ वन्दछ, दोस्रो अर्कोवाट क्षररूप अर्थलाई लिएर सर्वविद् वन्दछ । क्षर उपादान हुनाले व्रह्म कहलाउँछ । यो अभिप्रायले (व्रह्माक्षरसमुद्भवम्) योवताएको हो । अक्षरवाटनै क्षर प्रादुर्भाव भएको हो । यसलाई अक्षर व्रह्म भनिन्छ । क्षरापेक्षया अक्षर पुरुष पर र अव्यक्तापेक्षया अवर हुनाले अक्षर पुरुप परावर कहिन्छ । व्यक्तक्षर, अव्यक्त अक्षर यी दुवैवाट पर हुनाले कारण अव्ययपर भनि कहिन्छ । मध्यपतित अक्षर पुरुषमा परसम्पति (अव्यय सम्पति) हुन्छ । यस्तै व्रह्ममय सम्पति (क्षर सम्पति) पनि हुन्छ । अत एव यो अक्षर पुरुपलाई पर र व्रह्म दुवै भन्न सकिन्छ । यसको ज्ञानवाट सवै गतार्थ हुन्छ । यसै अभिप्रायले वेद भन्दछ–

*एतद्ध्येवाक्षरे व्रह्म एतदध्येवाक्षरं परम् ।*
*एतद्ध्येवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ॥* (कठ.१।२।१६)
*भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।*
*क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे ॥*

प्रसङ्गवश दशमहाविद्याको प्रसङ्गमा केही सृष्टितत्त्वको निरूपण गरियो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अव्यय एवं क्षरानुगृहीत अक्षर पुरुषनै सृष्टि कर्ता हो, यो सिद्ध भयो। हुन त अक्षर ज्ञान, क्रिया र अर्थ, यी तीनै वस्तुले युक्त छ, तथापि क्रिया अर्थको पूर्ण विकास क्रियापूर्ण विकास क्रियार्थघन विश्वमा नै हुन्छ। सृष्टि हुनुभन्दा पहिले केवल ज्ञानको मात्र प्रधानता रहन्छ, यसकारण अक्षरको तप (क्रिया) लाई ज्ञानमय नै वताईन्छ र यो अक्षर चेतना नामले प्रसिद्ध छ। अव्यय क्षरानुगृहीत अत एव सर्वज्ञविद् छ। यस अक्षरको ज्ञानमय तपवाट उत्पन्न हुने सृष्टिको कस्तो रूप छ यसकोसमाधान गर्दै वेद भन्दछ-

*यःसर्वज्ञः सर्वविद्यस्य ज्ञानमयं तपः।*
*तस्मादेतद् ब्रह्म नामरूपं मन्त्रं च जायते॥* (मुण्डक १/१/९)

प्रतिष्ठा, ज्योति, यज्ञको नाम नै क्रमशः ब्रह्म नामरूप अन्न हो। यी तीनमा सम्पूर्ण सृष्टिको अन्तरभाव छ। अक्षर पुरुष सर्वप्रथम यी तीन रूपमा विकसित हुन्छ। प्रतिष्ठातत्त्वको नाम ब्रह्म हो। ज्योतितत्त्वको नाम इन्द्र हो। यज्ञ तत्त्वको नाम विष्णु हो। अग्नि सोम हो। प्रत्येक पदार्थमा जो ठहर भएको देखिन्छ, स्थिति अस्तित्त्व देखिन्छ, त्यही प्रतिष्ठा हो। यही तत्त्व सृष्टिको मूलआधार हो। स्थिर भावमा नै सृष्टि क्रिया हुन सक्छ। गतिको प्रतिष्ठा, प्रतिष्ठा (स्थिति) नै हो। बीजलाई भूगर्भमा प्रतिष्ठित गर तव मात्र अङ्कुर सृष्टि हुन्छ। शुक्रलाई गर्भमा प्रतिष्ठित गर प्रजासृष्टि हुन्छ, उत्पन्न हुने वस्तुमा उत्पत्ति रूपक्रियाको आधार भूत पहिलो प्रतिष्ठा (ब्रह्म) नै उत्पन्न हुन्छ। वस्तु मात्रमा पहिले जन्म धारण गर्ने जो छ त्यही त्यसको आधार भूत तत्त्व हो। प्रतिष्ठा, यसैको आधारमा वस्तु सृष्टि हुन्छ।

*ब्रह्म वै सर्वस्य प्रतिष्ठा ब्रह्म वै सर्वस्य प्रथममजम्।*
*ब्रह्मा देवानां प्रथमं संवभूव विश्वस्य कर्ता भुवनस्य गोप्ता॥* (शत. ६/१/१)

यो ब्रह्म के कुन हो, प्रतिष्ठा के हो ? यस्को उत्तर यो हो- गति समुच्चय, सर्वतोदिग्गति, अथवा दिग्द्वय गतिको समन्वय नै स्थिति हो। जस्तै समान वल भएका दुई जनाले यौटा डोरी दुवै तिर समातेर तान्दा डोरी स्थिर रहन्छ, यही हो प्रतिष्ठा, यसै स्थिर भावलाई नै ब्रह्म भन्दछन्। यही हो पहिलो सृष्टि। यसको निमित्त तस्मादेत ब्रह्म कहिन्छ।

दोस्रो सृष्टि हो नामरूपात्मिका। नाम रूपलाई कर्मको उपलक्षण संझनुपर्छ। प्रत्येक वस्तुमा पहिले उसको प्रतिष्ठाको जन्म हुन्छ भन्ने वताईयो। यसपछि नाम, रूप र कर्म। पहिले यी ३ को संवन्धवाट वस्तु स्वरूप सम्पन्न हुन्छ। नाम र रूप विना वस्तु अन्धकारमा हुन्छ छुट्टिदैन। नाम रूप नै वस्तुज्ञानको कारण हो, यो नै ज्योति हो। यो ज्योति (अयं घटः इत्याकारक वस्तु स्वरूप प्रकाश) साक्षात् इन्द्र हो।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपं रूपं मघवा वोभवीति । इन्द्रो रूपाणि करीकृदचरत् । (ऋक् संहिता) वेदहरूले इन्द्ररूप ज्योतिर्मय भनी वताएको छ। यसरी वस्तुस्वरूप सम्पन्न भयो । तेश्रो सृष्टि हो- अन्नदान विसर्गात्मक यज्ञ । यसरी वस्तुस्वरूप सम्पन्न भएपछि, उ वस्तुमा अन्नदान विसर्गात्मक यज्ञ प्रारम्भ हुन्छ । जड होस् वा चेतन सम्पूर्ण पदार्थ (वस्तु) आ-आफ्नू अन्न (खाना) खान्छन् । सवैमा निरन्तर अन्नको आहुति भई रहन्छ । जुन त्रि-शक्तिले अन्न खिच्दछ उसको नाम हो- विष्णु । यो अन्न यज्ञ विष्णुद्वारा हुन्छ। यज्ञो वै विष्णुः विष्णुर्वै यज्ञ । विष्णु र यज्ञको भेद छैन । अन्न एक खिच्ने शक्ति दुई र जस्मा अन्नको आहुति हुन्छ तीन, यी तीन प्रकारका शक्तिको मेलवाट यज्ञस्वरूप सम्पन्न हुन्छ । अन्न खिच्ने शक्ति विष्णु हो, अन्न सोम हो, जस्मा अन्नाहुति हुन्छ त्यो अन्न खाने शक्ति अग्नि हो । यसप्रकार अन्नरूप यज्ञमा विष्णु, सोम र अग्नि यी तीन देवताको अन्तरभाव सिद्ध भयो, यही हो तेस्रो सृष्टि ।

**ब्रह्मादि पाँच तत्त्वको उत्पत्तिक्रमः** अक्षरलाई माथि क्रियाधन वताइयो । क्रिया गति हो, यसकारण अक्षरलाई गतिमान् भनिन्छ यसै गतिले व्रह्मा १ इन्द्र २ विष्णु ३ अग्नि ४ सोम ५ यी पाँच रूप धारण गर्छ । यहाँ अक्षररूप गतितत्त्व समुचित भावमा स्थित जो हो त्यो उही व्रह्म हो विशेषण भावमा र गतिभावमा उही इन्द्र हो र आर्कषण (अगति) भावमा उही गति विष्णु हो । यी इन्द्र विष्णु दुवै स्थितिरूपमा व्रह्मतत्त्वको गर्भमा जान्छन् । यी दुई क्रमैले अग्नि सोम रूपमा परिणत हुन्छन् । स्थिति गर्भितगति (इन्द्र) अग्नि हो । स्थिति गर्भित अगति (विष्णु) सोम हो । यसकारण यौटे गत्यात्मक अक्षर तत्त्व, गति समुदय १ शुद्धगतिमा २ शुद्ध अगति ३ स्थिति गर्भितगति ४ स्थिति गर्भित अगति ५, यी पाँच भावमा परिणत भएर क्रमशः व्रह्मा १ इन्द्र २ विष्णु ३ अग्नि ४ सोम ५ यी नाम गत्यात्मक अक्षर तत्त्वले धारण गर्छ । यसरी यौटे अक्षरतत्त्व गति तारतम्यवाट पञ्चाक्षर-वन्न जान्छ। जुनप्रकार शव्द सृष्टि हुन्छ। त्यो *अ, इ, उ, ऋ, लृ,* यी नै पाँच अक्षरवाट वन्दछ। उसै प्रकार अर्थसृष्टि पूर्वोक्त पाँच प्रकारवाट वन्दछ र जुनक्रम शव्द सृष्टिको छ उही क्रम अर्थव्रह्म सृष्टिको छ।

शव्द व्रह्मको पहिचान गर, अर्थ व्रह्म गतार्थ छ। शव्दार्थको अभिन्न सम्वन्ध छ, उत्पन्न सृष्ट होइन कि उत्पत्ति सृष्ट सम्वन्ध हो, व्रह्मा सृष्टिकर्ता हो, विष्णु पालक हो, अग्नि, सोम, उपादान हुन् र इन्द्र (रूद्र) संहार कर्ता हो। जहाँसम्म व्रह्मा, विष्णु, रूद्र यी त्रिमूर्तिका साथ अग्निसोमात्मक यज्ञको सम्वन्ध



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहिरहन्छ त्यहाँसम्म इन्द्र (रूद्र) शिवरूप वनि रहन्छन् । जव अग्निसोमात्मक यज्ञ उच्छिन्न (नाश) हुन्छ तव उही इन्द्र (रूद्र) घोर रूपमा परिणत हुन्छन् र विश्व संसारलाई संहार गर्छन ।

वाह्र सूर्य आदित्य प्राणको शासक सर्वव्यापक अमृतरूप अन्यतम प्राणको नाम नै इन्द्र हो, अत एव द्वादशादित्यघन सूर्यलाई त्वष्टा,भग, पूषन् आदि नामले व्यवहार गरिन्छ ।

*अथ य स इन्द्रोऽसौ स आदित्यः ।* (शत. ८/५/३/२)

*एष वा इन्द्रो य एष तपति ॥* (शत. २/३/४/१२)

यस अनुसार इन्द्र शव्दले नै व्यवहार गरिन्छ । यी सूर्यरूप इन्द्र, अग्नि, सोम यी तीन ज्योतिर्मय पदार्थ हुन् । यी तीनवाट विश्व प्रकासित हुन्छ । यी तीनको समष्टिरूप शिव हो । अन्नयज्ञमा शिवरूप प्रतिष्ठित रहन्छ । अग्नीषोमको समन्वयको नाम नै यज्ञ हो । आगम पुराणादि शास्त्रमा व्रह्मा, विष्णु, शिव यो त्रित्व विज्ञानको प्रधानता मान्दछ । निगमवेद व्रह्मादिपञ्चाक्षर विज्ञानमा प्रतिष्ठित छ । निरूपण शैलीमा भेद मात्र हो, कुरा यौटै हो । आगम (पुराणादिशास्त्र) इन्द्र, अग्नि, सोमको भेदलाई उन्मुग्ध मानेर यी तीनौटैलाई शिवशव्दवाट निरूपण गर्छ । निगम (वेद) यी तीनलाई उद्‌वुद्ध रूपले निरूपण गर्छ ।

सारा प्रपञ्चको निष्कर्ष यही हो कि उ अक्षर तत्त्व सृष्टिकामुक वनेर आफू ज्ञानमय तपले व्रह्म, नामरूप, अन्न, अर्का शव्दमा प्रतिष्ठा, ज्योति, यज्ञ, तेश्रो शव्दमा व्रह्मादि पञ्चाक्षर रूपमा परिणत हुन्छ । यी पाँच अक्षरमा व्रह्मा, विष्णु, इन्द्र यी तीनवटैको हृदय (केन्द्र) मा प्रतिष्ठित भएर उसको संचालन गर्दै अन्तरयामी रूपले (नामले) प्रसिद्ध छ । एवं अग्निसोमवाट वस्तु स्वरूप वन्दछ । यस आधारले अग्निसोमात्मक जगत् यो कहिएको छ ।

पाँच अक्षरमा परिणत हुने अक्षर तत्त्वले पहिलो सृष्टि
प्रतिष्ठा = व्रह्मा १,
नामरूप = ज्योति = इन्द्र २,
अन्न = यज्ञ =विष्णु अग्नि सोम ५,
प्रजा सृष्टिको अधिष्ठात हुनाको कारण यी पाँच अक्षरतत्त्वलाई प्रजापति भनिन्छ ।

*अर्धं ह वै प्रजापतेः प्रजापतेरात्मनो मर्त्यमासीदर्धममृतम् ।* (शत. १०/१/३/१) यस अनुसार यो प्रजापतिको आधाभाग अमृत छ, यो कहिल्यै विकृत हुँदैन, उ सधै अविपरिणामी छ । आधा भाग मर्त्य हो, यसवाट विकार सृष्टि हुन्छ । यी दुई भागलाई क्रमैले अक्षर र क्षर भनिन्छ । यही क्षर भागवाट विश्व



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पन्न हुन्छ, यही उपादान हो ।

जुन व्रह्मादि पाँच कलाहरू अक्षरका हुन्, उही नै क्षरका पनि हुन् । अक्षरको व्यापारवाट यी व्रह्मादि पाँच र क्षरकलावाट क्रमशः प्राण, आप, वाक्, अन्नाद, अन्न, यी पाँच विकारको जन्म हुन्छ । वैकारिकी सृष्टि यिनैवाट हुन्छ । यसकारण यिनीहरू विश्वसृष्टि कहलाउँछन् । यी पाँचको सर्वहुत यज्ञवाट (यो सर्वहुत यज्ञ प्रक्रिया हो यसलाई दर्शनमा पञ्चीकरण नामले जानिन्छ) पञ्चजन उत्पन्न हुन्छन् । जस्तै प्राणलाई आधा गऱ्यो भने वाँकी आधाको ४ भाग गरिएको १/१ भाग आप, वाक्, अन्नाद होम गऱ्यो । यस्तै आपमा आधा गऱ्यो वाँकि आधामा ४ भाग लगाएर १/१ भाग प्राणमा, वाक्मा अन्नाद, अन्न होम हुन्छ । यस्तै परस्परमा होम हुन्छ, यसो गर्दा प्राणमा आफू आधा भाग छ अरूको १/१ भाग आफ्नु प्राणमा आहुति हुन आउँछ । यस्तै सवैमा आफ्नु आधामा अरूको १/१ भाग आहुति हुन्छ । यसरी प्राणादि पाँचको परस्पर आहुति हुन्छ र पञ्चीकृत प्राणादि उत्पन्न हुन्छन् । यिनीहरूनै पञ्चजन नामले प्रसिद्ध छन् ।

व्या.सू. शा. द.-वैशेष्यात्तु तद्वाद स्तद्वादःका अनुसार यिनीहरूको नाम प्राण, आप, वाक्, अन्नाद, अन्न नै रहन्छ । यी पाँच पञ्चजनवाट अगाडि गएर क्रमैले वेद, लोक, प्रजा, भूत, पशु, यी पाँच पुरञ्जन उत्पन्न हुन्छन् । यी वाट व्रह्मपुरुष विश्वको रूप वन्दछ यसकारण यिनीहरू पुरञ्जन कहिन्छन् । यी पाँच पुरञ्जनमा सवैको मूलाधार वेदनामा पुरञ्जन नै हो, विश्वपुरको प्रथम आधार वेद नै हो, मनुले यो वताएका छन्-

*वेदशव्देभ्य एवादौ पृथक् संस्थाश्च निर्ममे ।*

यी पूर्वोक्त पाँच पुरञ्जनवाट क्रमशः स्वयंभू, परमेष्ठी, सूर्य, पृथ्वी, चन्द्र यी पाँच पुरको प्रादुर्भाव हुन्छ ।

यसरी आफू क्षर भागवाट विश्वसृट् (प्राण, आप, वाक्, अन्नाद, अन्न) पञ्चजन (पञ्चीकृत प्राणादि) पुरञ्जन (वेदादि पुरञ्जन) क्रमैले पाँच पुर स्वयंभू, परमेष्ठी, सूर्य, पृथ्वी, चन्द्र) को उत्पत्ति गरेर तत्स्रष्टा तदेवानुप्रविशत्को अनुसार अव्यय पुरुष, क्षरानुगृहीत अक्षरात्मामा प्रविष्ट हुन्छ, अत एव विशत्यस्मिन्नात्मा । पञ्चव्रह्मपुर समष्टिको नाम विश्व हो ।

१) विश्वातीत परात्पर

२) आनन्द, विज्ञान, मन, प्राण, वाक्, भेद भिन्न पञ्चकल अव्यय पुरुष

३) अमृत व्रह्ममा, अमृत विष्णु, अमृत इन्द्र, अमृत अग्नि, अमृत सोमभेद भिन्न पञ्चकल अक्षर

४) मर्त्य व्रम्हमा, मर्त्य विष्णु, मर्त्य इन्द्र, मर्त्य अग्नि, मर्त्य सोम भेद भिन्न



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चकाल आत्मक्षर ।

यी ४ को समष्टि नै षोडशकल प्रजापति हो । यो षोडषी प्रजापतिको क्षर भाग नै विश्व हो । यसकारण प्रजापतिवाहेक विश्वमा अरू केही छैन । यो प्राजापत्य विश्वको निरूपण गर्दै वेद भन्दछ-

प्रजापतेन त्वदेतान्यन्यो विश्वाजातानि परिता वभूव । यत्कामास्तेजुहमस्तन्नो अस्तु वय गुङ् श्यामपतयोरयाणा म् । य मान्ना जातः परो अन्योअस्ति य अ-विवेश भुवनानि विश्वा । प्रजापतिः प्रजया सं गुङ् रराण स्त्रीणि ज्योतीं गुङ् षि सचतेस षोडशी । पूर्वोक्त विषय निम्न लिखित तालिका (कोष्ठ) वाट स्पष्ट

| षोडशी प्रजापति | | | | विश्व | | | |
|---|---|---|---|---|---|---|---|
| १ | अव्यय | अक्षर | आत्मक्षर | विश्वसृट् | पञ्चजन पंचीकृत | पुरञ्जन | पुर |
| विश्वातीत परात्परम् | आनन्द<br>विज्ञान<br>मन<br>प्राण | अमृत ब्रम्हा<br>अ. विष्णु<br>अ. इन्द्र<br>अ. अग्नि | मर्त्य ब्रम्ह<br>' विष्णु<br>' इन्द्र<br>' अग्नि | शुद्ध प्राण<br>' आप्<br>' वाक्<br>' अन्नाद | पं. प्राण<br>' आप्<br>' वाक्<br>' अन्नाद | वेद<br>लोक<br>प्रजा<br>भूत | स्वयं भू<br>परमेष्ठी<br>सूर्य<br>पृथ्वी |
| | वाक् | अमृतसोम | ' सोम | ' अन्न | ' अन्न | पशु | चन्द्रमा |

गरिन्छ ।

## विश्वेश्वर प्रजापतिका कलाहरूः

जुन ज्ञान धन हो ऊ षोडशी विश्वमा संन्तुष्ट भएर उपाधि सहित वनेको माथी त्रयम् व्रह्म, त्रयी विद्या र त्रयो वेदाः भनि वताईयो । यो वेद, विद्या ब्रह्म यी तीन रूपमा परिणत हुन जान्छ । जस्तै एउटै सूर्य प्रकाश दर्पण आदिको भेदले हरियो, नीलो, रातो, वर्णमा परिणत हुन जान्छ, ऊ ज्ञान घन पनि अक्षर प्रधान प्रजापति वेदाधि उपाधि भेदले तीन स्वरूप धारण गर्छ विश्व सृष्टिमा वेद, ब्रह्म, विद्या यी तीनको साम्राज्य हुन्छ । शव्द तत्त्व वेद हो । विषय ब्रम्ह तत्त्व हो । यस्तै संस्कार व्रह्म विद्यातत्त्व हो ।

उदाहरणका रूपमा प्रजापतिको अंश भूत जीव प्रजापतिको सम्मुख राख, राम-कृष्ण घट, पट आदि अन्य शव्द सुनिन्छ, साथै मनुष्य अश्व गज घट पटादि पदार्थ पनि देखिन्छ । शव्द सुन्नाले ज्ञान हुन्छ । पदार्थ देख्नाले ज्ञान हुन्छ । गाई भन्ने शव्द सुन्नाले गाईको आकार प्रकारको ज्ञान हुन्छ, गो, पशु आदि लेख्नाले ज्ञान तदाकारित हुन्छ । यसकारण शव्द विषयक भेदले ज्ञान दुई भागमा व्यक्त हुन्छ र दुई शव्दावच्छिन्न ज्ञानको नाम हो वेद । यस्तै विषयावच्छिन्न ज्ञानको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम हो व्रम्ह । यो दुई ज्ञान वाहेक शव्द सुन्नाले र विषय देख्नाले सामान्य ज्ञान हुन्छ । यही सामान्य ज्ञान अगाडि गएर विशेष रूपमा परिणत हुन जान्छ, जसको नाम हो संस्कार ।

शव्द र विषय ज्ञान सामान्य ज्ञान गर्नेमा लीन हुन्छ । यही सामान्य ज्ञान अनुभवद्वारा अगाडि गएर विशेष भावमा प्राप्त भए पछि आत्मामा थुप्रिन्छ, यसलाई दार्शनिक परिभाषामा अनुभवातीत संस्कार मानिन्छ । वैज्ञानिक भाषामा यही नै विद्या नामले प्रसिद्ध छ ।

अव व्यवहार मार्ग चल्दछ- जहाँसम्म संस्कार छ त्यहाँसम्म आफू स्वस्वरूपमा प्रतिष्ठित रहन्छ । संस्कार भावमा आफू विश्वातीत हुन्छ । (मुक्ति छ) विश्वासमा नै संस्कार-सत्ता भर छ । यसकारण शव्दरूप वेद र विषयरूप ब्रह्मको अपेक्षा संस्कार रूप विद्याको नै प्रधान रूपवाट विश्वरूप सम्पादन हुन्छ । उही ज्ञानमा चितिक्रमवाट संस्कार पुटपुट लाग्नाले विश्व वन्न गएको छ । जस्तै हाम्रो विश्व हाम्रो संस्कार हो, त्यस्तै महाविश्व उसको संस्कार हो । यसकारण विश्व नै विद्या रूप हो ।

संस्कार अविच्छन्न हुन्छ र ज्ञान मूर्ति विद्या संस्कारावच्छिन्न हुन्छ । यही भेद हो, विषयावच्छिन्न वनेर यही ब्रह्म हो । पूर्वकथा अनुसार सृष्टिको सम्वन्ध विद्यावाट हुन्छ । निगम, आगम दुवैले विश्वको निरूपण गर्दछन् । यसैकारण यी दुई शास्त्र विद्या नामले प्रसिद्ध छन् ।

सूर्य, चन्द्र, अग्नि औषधि वनस्पति, कृमि, पशु, पन्छी मनुष्य धातु, रस, विष, आदि प्रत्येक पदार्थ विश्व अन्तरगतका छुद्र विद्या हुन् यस्तै सम्पूर्ण विद्या महाविद्या हो । यही महाविश्वविद्यालाई सृष्टिक्रमका अनुसार ऋषिहरूले दश भागमा विभक्त गरेका छन् । निगममा यो दशावयवविद्या विराट्विद्या नामले प्रसिद्ध छ भने आगममा महाविद्या नामले प्रसिद्ध छ ।

अव अगाडि गएर यो स्पष्ट हुन जान्छ, विश्व कसरी उत्पन्न भयो ? उत्पन्न विश्वको के स्वरूप हो ? यो विश्वविद्यालाई संझनाले र जान्नाले हामीलाई के लाभ हुन्छ ? आगमाचार्यहरूले दशमहाविद्याद्वारा यी प्रश्नहरूको समाधान गरेका छन् । आगमोक्त शक्तितत्त्वलाई किन महाविद्या भनेको हो ? अव प्रकृतको अनुसरण गरिन्छ ।

❊❊❊



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दश संख्या रहस्य

पुरुष र प्रकृतिको समन्वयवाट विश्वरचना-सृष्टिको वर्णन भयो। उही पुरुष काल र यज्ञभेदले २ भागमा विभक्त छ। कालपुरुष अनादि व्यापक छ, यज्ञपुरुष सादिपरिच्छिन्न छ। व्यापक कालपुरुषको केही भाग परिच्छिन्न भएर यज्ञ पुरुष भयो। कालपुरुष सृष्टिको प्रथम प्रवर्तक हो। स्वयं यज्ञपुरुष पनि कालपुरुषको सहायताले विश्व निर्माणमा समर्थ हुन्छ। यो महाकालको पेटमा अनन्त विश्वचक्र भ्रमण गरिरहन्छ।

मन्त्र संहितामा काल नामले प्रसिद्ध रहेको तत्त्वलाई उपनिषदमा परात्पर नामले प्रख्यात गरिन्छ। सर्व मृत्युघन अमृत तत्त्वको नाम नै परात्पर हो। अमृत तत्त्व सत् छ, मृत्यु तत्त्व असत् छ।

*अन्तरं मृत्योरमृतं मृत्यावमृतमाहितम् ॥* (शत. १०/५/२)

*तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य वाह्यतः ।* (इशा. ५)

यो अनुसार यी दुवै दुवैमा ओतप्रोत छन्। एक निरञ्जन, निर्गुण शान्त अभयपूर्ण मृत्यु लक्षण छैन। दोस्रो साञ्जन, सगुण, अशान्त, अशाश्वत, सभय, स्वलक्षण, समृत्यु छ। अन्धकार र प्रकाश जस्तै परस्पर विरोधी भएर पनि दुवै ओतप्रोत छन्, अभिन्न छन्। दुवैमा कुन आधार हो, कुन आधेय हो, छुट्टयाउन भन्न सकिंदैन। दुईमा एक सत् नै छ, कहिल्यै नाश हुंदैन। दोस्रो सर्वथा असत् नै छ, विनाश उसको स्वरूप हो। यही आधारमा भगवत् गीता भन्दछ-

*अमृतश्चैव मृत्युश्च सदसच्चाहमर्जुन ।*

यसकारण उ केवल असत् पनि छैन, यसैले उसलाई सत् भनिन्छ, । केवल असत् पनि छैन। सत् असत्मा परस्पर विरोध छ, यसले सदसत् पनि भन्न सकिदैन। तेसो भए के हो त ? यसको उत्तरमा वेद भन्दछ -

*नैव वा इदमग्रे ऽ सदासीत् नैव सदासीत् । आसीदिव*
*वा इदमग्रे नैवासीत् । तस्मादेतत् ऋषिणाऽभ्यनुक्तम् ।*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नासदासीन्नो सदासीत्तदानीम् इति ।* (शत. १०/४/१)

यस्तो विलक्षण तत्त्वको नाम हो परात्पर । यही कालपुरुष हो । यस्तो असीम परात्परमा प्रतिक्षण विलक्षण धर्म भएकी माया शक्ति र वलको उदय हुन्छ ।

जस्तै समुद्रमा दिग्देश कालवाट अनन्त वास्तव संख्यामा, एकमहासमुद्रमा दिग्देश कालवाट शान्त संख्यामा अनन्त फोका उत्पन्न भई रहन्छन् । यस्तै दिग्देश कालवाट अनन्त संख्यामा एक भएको अमृत रूपी समुद्रमा दिग्देश कालवाट अनन्त सीमा भाव पैदा गर्ने अनन्त माया वल (शक्ति) प्रतिक्षण उत्पन्न भई रहन्छ । यस्तै क्षणान्तर उसमा विलीन भएर रहन्छ । शान्तरस नित्य अशान्तिले युक्त छ । अशान्ति गर्भित नित्य शान्ति नै उसको स्वरूप हो । शान्त अमृत तत्त्वको अपेक्षा ऊ सर्वथा निश्चल स्थिर छ । अशान्त मृत्यु तत्त्वको अपेक्षा उ सर्वथा अस्थिर रूप छ । उसको अचिन्त्य रूपको निरूपण गर्दै वेद भन्दछ-

*अनेजदेकं मनसोजनीयो नैनछ्वेवा आफूवन् पुर्व मर्शन् ।*
*तद्धावतोऽन्यानत्येति तिष्ठत् तास्मिन्नयोमातरिश्वा दधाति । तदेजति तन्नैजति तद्दूरे तदन्तिके तदन्तष्य सर्वस्य तदुसर्वस्यास्यवाह्यत:* (ईशावास्योपनिषद् ४/५)

माया वलले सीमा नभएको उसलाई सीमावद्ध वनाएर छोड्दछ । जस्को प्रभावले उ विश्वातीत पनि विश्वचर विश्व वन्दछ । यस्तो जुन शक्ति हो उस्ले काललाई यज्ञरूपमा परिणत गरेर छाड्दछ, यही हो माया प्रकृति ।

यो मायाको समन्वयले उ कालपुरुष आफू केही भाग सीमित वनेर कामनाको चक्रमा फस्न जान्छ । एक एक मायावाट एक एक विश्व चक्र उत्पन्न हुन्छन् । मायावल अनन्त छ, यसकारण मायामा अनन्त विश्वचक्र छन् । उस्का रोम रोममा एक एक व्रह्माण्ड छ । अनन्त विश्वको अधिष्ठाता काल-पुरुष नियति (नियन्त्रक) रुप खड्ग लिएर सवैलाई शासन गर्छ । सातलोक चौध भुवन सृष्टि सारा विश्वचक्र उहीवाट उत्पन्न भएको हो । ऊ पूर्णपुरुष सवैमा प्रतिष्ठित र व्यापक छ । यो सर्वेसर्वा कालपुरुषको निर्णय गर्दै अथर्व श्रुति भन्दछ-

कालोअश्वो वहति सप्तरश्मि : सहस्राक्षो अजरो भूरिरेता:
*तमारोहन्ति कवयो विपश्चितस्तस्य चक्रा भुवनानि विश्वा ।*
*स इमा विश्वा भुवनान्यञ्जन् काल: स ईयते प्रथमो नु देव: ॥*
*स एव संभुवनान्याभरत् स एव संभुवानानि पर्येत् ॥*
*पितासन्न भवत्पुत्र एषाँ तस्माद्वै नान्यत् परमस्ति तेज:*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*कालोऽदिवमुंमजनयत् काल इमाः पृथिवी रुत ।*
*कालो ह भूतं भव्यं चेषितं ह वि तिष्ठते*
*काले तपः काले ज्येष्ठ काले व्रह्मा समाहितम् ।*
*कालो ह सर्वस्येश्वरो यः पितासीत्प्रजायतेः*
*कालः प्रजा असृजत कालो अग्रे प्रजापतिम् ।*
*स्वयंभू : कश्यपः कालात् तपः कालादजायत*
*काले यमङ्गिरादेवोऽथर्वा चाधितिष्ठतः ।*
*इमञ्च लोकं परमञ्च लोकं पुण्याँञ्च लोकान् विधृतीश्च पुण्याः॥*
*सर्वाँल्लोकानभिजित्य व्रह्मणा कालः स ईयते परमो नु देवः॥*
(अर्थव- १९/६/५३/५८)

तमः अन्धकार अनुपाख्य, अनिरुक्त, निरुक्त, भेदवाट तीन प्रकारको छ। कालो रङ्ग अङ्गार आदि निरुक्त तम हो। यस्को निर्वचन गर्न सकिन्छ। रात्रिको अन्धकार आँखा चिम्लँदाको अन्धकार हो र यो प्रत्यक्ष मात्र छ। अनिर्वचनीय भएको यो अनिरुक्त तम हो। निरुक्तविश्व सत्ता हो। दिन सृष्टि काल हो रात प्रलय काल हो अहोरात्रको समष्टिविश्व हो। विश्वाभाव हो अनुपाख्यातम्। यो अनुपाख्यातम् प्रलय कालमा अनिरुक्त तमले आवृत रहन्छ। यो विज्ञानको लक्ष्य राखेर अनिरुक्ततमले ढाकेको अनुपाख्यतमको निरूपण गर्दै ऋक् वेद भन्दछ-
*तम आसीत्तमसागूढमग्रे प्रकेतं सलिल सर्वमा इदम् ।*
*तुच्छेनाभ्यपिहितं यदासित्तपसस्तन्महिना जायतैकम् ।* (ऋग्वेद-१/२९/३)

यो विश्वातीत अनुपाख्यतमनै काल पुरुष हो, सत् रूप भएर पनि हाम्रो ज्ञान चक्षुमा अतीत हुनाले ऋषिहरूले असत् भनेका हुन्। तर असत्को अर्थ अभाव होइन। विश्वकालमा ऊ यस्तो विलक्षण छ कि उ सत् छ। यही यसश्लोकको तात्पर्य हो। यसै अभिप्रायले शास्त्र भन्दछ-

*असदेवेदमग्र आसीत् तत् सदासीत् कथमसतः सज्जायते*

*तत् समभवत् तद्आण्डं निरवर्तत ।* इत्यादि कहिएको छ। उही असत् किन्तु सत्कालपुरुष महामायाले परिच्छिन्न हुन जान्छ। अपरिमितमा अभाव छैन। उ आप्त काम हो, अप्राप्त वस्तुको प्राप्ति निमित्त कामना हुन्छ, उस व्यापकमा सवै हुन्छ। अत एव उसमा कामनाको अभाव छ तापनि उसको न्यायिक प्रदेश सीमित भएर (वनेर) अनाप्त काम भएर पनि काममय बन्न जान्छ। उसको कामनाको एकोऽहं वहु स्याम् यही रूप हो। माया वलको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अव्यवहितोत्तर कालमानै उसमा हृदयवल (केन्द्र शक्ति) उत्पन्न हुन्छ। केन्द्रस्थ (केन्द्रमा रहेको) उही रसवलात्मक तत्त्व कामना भएर मन भन्ने नाम धारण गर्दछ। कामना मनको व्यापार हो, हृद्यतिष्ठं (यजु) का अनुसार मन हदयमा नै रहन्छ। सवैभन्दा पहिले यो मनवाट विश्वरेत (उपादान भूत शुक्र) भूत कामनाको नै उदय हुन्छ। जस्तो ऋग्वेद भन्दछ -

*कामस्तदग्रे समवर्तताधि मनसो रेतः प्रथमं यदासीत्।* (ऋक् १०/१/९/४)

उसको यो कामनावाट पूर्वोक्त पञ्चजनादि क्रमले पहिले वेदनामा पुरञ्जन प्रादुर्भाव भयो। ऋग् यजुः साम, अथर्व भेदले चार प्रकारको भयो। त्रयी (ऋग्, यजुः साम) वेद अग्नि वेद हो, अथर्व सोम वेद हो। त्रयी व्रह्म स्वायंभुव व्रह्म हो। अथर्व पारमेष्ट्य सु-व्रह्म हो। स्वयंभू व्रह्म आग्नेय हुनाले पुरुष हो, सुव्रह्म सौम्य हुनाले स्त्री हो।

त्रयी व्रह्मको माझमा रहेको यजुर्मा यत्, जु, दुई तत्त्व छन्। यत् गति तत्त्व हो। यही प्राणवायु नामले प्रसिद्ध छ। जू स्थितितत्त्व हो, यही वाक्, आकाश नामले प्रसिद्ध छ। प्राण वाक्, वायुआकाश रूप गति स्थिति तत्त्वको समष्टि नै यजुर्वेद हो। प्राणरूप यत्को काम तप श्रमवाट वाक् रूप जूभागदेखि पानी नै उत्पन्न हुन्छ।

सोपसृजत वाच एवं लोकात्। वागेव सा सृजत। तथा मनुअप एवं ससर्जादौ इत्यादि। (श. ६/१/१) यस्तो भनिएको छ। त्रयी व्रह्मको वाक् भागबाट उत्पन्न भएको यो आपतत्त्वको नाम अथर्व वेद हो यजुरूप स्वायंभुव व्रह्मको पसिना नै अथर्वरूप सुव्रह्म हो। (हेर्नुहोस् गोपथ १/१/१) पूर्वोक्तयजुको यत् र जूको व्याख्यान गर्दै याज्ञवल्क्य भन्दछन्।

*अयमेवाकाशो जूः यदिदमन्तरिक्षम्। तदेवयजुर्वायुश्चान्तरिक्षञ्च, यच्चजूश्च तस्माद्यजुः तदेतद्यजुर्ऋक्सामयोः प्रतिष्ठा। ऋक्सामे वहतः।* (शत. १०/२/३/६/१) यसप्रकार ऋक् साम यत् जू भेदवाट अग्निवेद चार कलायुक्त छ। दोस्रो हो आपोमय सोम (अथर्व) वेद। यो भृगु अङ्गिरा भेदवाट दुई भागमा विभक्त छ। घन, तरल, विरल यी तीन अवस्था भएको भृगु आप वायु, सोम यी तीन अवस्थामा परिणतः हुन्छ। यस्तै अङ्गिरा पनि अग्नि, यम, आदित्य तीन अवस्थामा परिणत हुन्छ। यसरी आप (अथर्व) वेद ६ कलाले युक्त छ। यो भृगु अङ्गिरा रूप आप (अथर्व) वेदका साथ, चार कलाले युक्त त्रयी वेदको समन्वय हुन्छ। यो विज्ञानको लक्षमा राखेर वेद भन्दछ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*आपो भृग्वङ्गिरोरूपमापो भृग्वङ्गिरो यमम् ।*
*अन्तरैते त्रयो वेदा भृगूनङ्गिरसश्रिताः ॥*

पूर्वोक्त चारकलाले युक्त त्रयी व्रह्म आग्नेय हुनाले पुरुष हो । छ कलाले युक्त सुव्रह्म सौम्य हुनाले स्त्री हो । यी दुवैको समन्यवाट व्रह्मा सुव्रह्मात्मक विराट पुरुषको जन्म हुन्छ । उ वेद मूर्ति पूर्ण पुरुष आफैले यो आफ्नू मूर्तिलाई दुई भागमा विभक्त गरेर विराट्को उत्पन्न गर्छन् । यही अभिप्रायले मनु भन्दछन् -

*द्विधा कृत्वात्मनोदेहमर्धेनपुरुषो भवत् ।*
*अर्धेन नारी तस्यां स विराज मसृजत् प्रभुः ॥*

यसरी ऋक्, साम, यत्, जू, अप, वायु, सोम, अग्नि, यम, आदित्य भेदले त्यो विराट् दश कलाले युक्त छ । पूर्वोक्त उही अक्षर पुरुष(प्रजापति) पंचजनादि क्रमले वेदरूपमा परिणत भएर दशकला वन्न जान्छ । यही आधारमा शत पथ भन्दछ- **दशाक्षरा वै विराटः** (शत. १/१/२) अग्निसोमरूप व्रह्म सुव्रह्म समन्वयवाट उत्पन्न भएको यो विराट् पुरुष यज्ञपुरुष भनेको यही हो । किनभने अग्निसोमको सम्वन्ध नःन नै यज्ञ हो । उ काल पुरुषको अवयव भूत हो मनु भन्दछन्-
*तं मां वित्तस्य सर्वस्य स्रष्टारं द्विजसत्तम ।* (मनु स्मृति १/३३)

यस अनुसार सृष्टिकर्ता दशाक्षर विराट् पुरुष नै दोस्रो यज्ञ पुरुष हो । यसैवाट सारा प्रजा उत्पन्न हुन्छन् । विश्वका सारा पदार्थ यज्ञ रूप हुन्, अग्निसोमात्मक हुन्, विराट् रूप हो, अत एव प्रजापति स्वरूप हो । यो विश्वरूप विराट् प्रजापति दश अवयवले युक्त छ ।

अत एव प्राजापत्य विश्वलाई पूर्वोक्त निगम विद्याको आधारमा दश अवयव युक्त मानिन्छ । यसलाई दश होता, दशाह आदि दश नामले व्यवहार गरिन्छ । यही सारा विश्वको प्रतिष्ठा हो । जस्तै निम्नलिखित निगम अनुगम श्रुतिवाट स्पष्ट हुन्छ ।

१) यज्ञो वै दश होता (तै.व्रा. २।२।१।६)
२) विराट् वा एषा समृद्धा यद्दशाहनि (ता.व्रा.४।८।६)
३) विराट् वै यज्ञः (शत. १।१।१)
४) दशाक्षरा वै विराट् (शत. १।१।१)
५) यज्ञ उ वै प्रजापतिः (कौ.व्रा.१०।१)
६) प्रजापति वै दशहोता (तै.व्रा.२।२।१।६)
७) अन्नो वा एष यज्ञस्य यद्दशममहः (तै.व्रा.२।२।६।१)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८) प्रतिष्ठा दशमहः (कौ.व्रा.२७।२)
९) एतद्वै कृत्स्नमन्नाद्यं यद् विराट् (कौ.व्रा १४।२)
१०) विराट् विरमणाद् विराजनाद् वा (दे.३।१२)
११) न्यूनाद्वा इमाःप्रजाःप्रजायन्ते। श्रौत सूत्र ११।१।२।४

यो सिद्धान्त अनुसार न्यून विराट्वाट नै सृष्टि हुन्छ। पुरुषै पुरुष मात्र र स्त्री, स्त्रीवाट मात्र सृष्टि सम्भव हुँदैन, पुरुष स्त्रीको समन्वयवाट सृष्टि हुन्छ। स्त्री सौम्य हुनाले भोग्य र पुरुष अग्नि हुनाले भोक्ता हुन्छन्। यसकारण पुरुष स्त्री भन्दा प्रवल हुन्छ, स्त्री पुरुषभन्दा कमजोर हुन्छिन्। यस्तो न्यूनाधिक सम्वन्धवाट नै प्रजासृष्टि हुन्छन्।

अव उतातिर विराट्मा पनि त्रयीव्रह्म अग्नेय हुनाले भोक्ता हो, सुव्रह्म सौम्य हुनाले भोग्य हो। व्रह्म प्राण हो, सुव्रह्म रयि हो। प्रश्नोपनिषद्मा रयि प्राण शव्दवाट दुवैले व्यवहार गरेको छ। भन्नु यही नै छ कि दशाक्षर पूर्ण विराट्वाट सृष्टि हुँदैन नौ अक्षर भएको न्यून विराटवाट सृष्टि हुन्छ।

*न वै एकेनाक्षरेण छन्दांसि वियन्ति न द्वाभ्याम्।*

यो श्रौत सूत्र अनुसार एक अक्षर कम हुनाले पनि विराटको विराट्पनाक्षत (नाश) हुँदैन।

सवैभन्दा पहिले अरू केही थिएन शून्य थियो (विन्दु थियो) विन्दुको अर्थ अन्त्य होइन पूर्ण थियो। ज्योतिष विज्ञानले पनि शून्यलाई पूर्ण मानेको छ।

यो व्रह्माक्षरको पहिलो उन्मुग्ध रूप हो। उसवाट नौ अक्षरको नै विराट् उत्पन्न हुन्छ। यत् जूलाई उन्मुग्ध भन्नाले पूर्वोक्त विराट नौ अक्षरको नै हुन्छ। नौ नै प्रधान हो। यस्को रहस्य वताउनका निम्ति नौ संख्याको प्रधानता वताईन्छ।

मुख्य संख्या नौ नै पहिले शून्य विन्दु थियो। यसवाट क्रमैले १।२।३।४।५। ६।७।८।९ यी नौ संख्याको विकास भयो। नौ पुगे पछि संख्या समाप्त हुन्छ। नौ पुगे पछि एक को साथ शून्यको सम्वन्ध हुन्छ। यही नै दश हो। अव यिनै अङ्क दोहोरिईरहन्छ। १ संग १ को संवन्ध भयो। ११ संख्या भयो, २ को संवन्ध भयो १२, हुन्छ, यस्तैगरी ९ सम्मको संवन्ध भएर १९ सम्म हुन्छ। अव फेरी दुई संग शून्यको संवन्ध हुन्छ २० भयो, २ संग एकको संवन्ध भयो २१ भयो यसै गरी ९ सम्मको संवन्ध हुदा २९ भयो, फेरी ३ संग शून्यको संवन्ध हुन्छ ३० भयो। यसैगरी ९ मानै संख्याको विसर्जन हुन्छ, फेरि उनै अंक उसैगरी दोहोरीई रहन्छन्।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण ९ संख्यालाई छोडेर १।२।३ आदि कुनै संख्याको संकलन फल समान आउदैन । ९ मा १ झिक ८ बाँकी रहन्छ । एक जोडिदेउ १८ हुन्छ । २ मा ७, ३ मा ६, ४ मा ५, ५ मा ४, ६ मा ३, ७ मा २ अन्तमा ९ नै रहन्छ ।

९+९=१८ हुन्छ । १+८=९ हुन्छ । ३x९ जोड्नाले २७ हुन्छ । २+७=९, ४x९ जोड्नाले ३६ हुन्छ । ३+६=९ । यही क्रम गर्दै जाउ आखिर नौ नै शेष रहन्छ । १० दशौ उही पूर्ण रूप हो । उही नै महाकाल नाम भएको विश्वातीत परात्पर हो । त्यो शून्य रूप पूर्ण पुरुषको पेटमा ९ अक्षर विराट् रूप यज्ञ पुरुष रहेको छ । उ पूर्ण रूपलाई १० प्रतिष्ठा नाम भएको अङ्क(दिन) भनि बताइन्छ । यसकोपूर्ण निरूपण गर्दै वेद भन्दछ-

*यस्मात्परं नापरमस्ति किञ्चित् यस्मान्नाणीयो न ज्यायोस्ति किञ्चित्*
*वृक्ष इव स्तब्धो दिवि तिष्ठत्येक स्तेनेदं पूर्णं पुरुषेण सर्वम् ॥*

१० संख्यामा एकको स्वतन्त्र विभाग छ । यो उही विन्दु हो । नौ ९ स्वतन्त्र विभाग छ, उही विराट् हो, तल लेखिएको तालिकामा पूर्वोक्त संख्या विज्ञान स्पष्ट छ ।

शून्य. पूर्ण ब्रह्म काल स्वरूप
१+८ = १८-९
२+७ = २७-९
३+६ = ३६-९
४+५ = ४५-९
५+४ = ५४-९
६+३ = ६३-९
७+२ = ७२-९
८+१ = ८१-९
९+० = ९०-९
(विराट् ब्रह्म विश्वेश्वर)

इति संख्या रहस्यम् ।

❊❊❊



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दश महाविद्या प्रकरण

पूर्वोक्त दश संख्या विज्ञानवाट यो अत्यन्त सिद्ध हुन्छ कि वास्तविक निगम (वेद) अर्थात् सृष्टिविद्या दश भागमा विभक्त छ। एउटै पुरुष दश भागमा विभक्त भएर रहेको छ। पुरुष प्रकृतिवाट अभिन्न छ।

निगम मूलक आगम (पुराणादि) शास्त्र सृष्टिविद्या रूप यी दश शक्तिको निरूपण गर्छ। उही शक्ति प्रपन्च दशविद्या नाममले प्रसिद्ध छन्। यिनै निम्नांकित हुन्- दशमहाविद्या।

१) महाकाली २) उग्रतारा ३) षोडशी ४) भुवनेश्वरी ५) छिन्नमस्ता
६) भैरवी ७) धूमावती ८) वगलामुखी ९) मातङ्गी १०) कमला।

## (१) महाकाल पुरुषकी शक्ति महाकाली

परात्पर नामले प्रसिद्ध विश्वातीत काल पुरुषकी आद्यशक्तिको नाम हो- महाकाली। शक्ति शक्तिमान्देखि भिन्न छैन, यसकारण द्वैत छैन कि अद्वैतवाट अक्षुण्य छ। अग्निको दाहशक्ति अग्निदेखि र सूर्यको प्रकाशशक्ति सूर्यदेखि भिन्न छैन। तेस्तै चिदात्माको शक्ति चिदात्मादेखि भिन्न छैन। यो यौटै तत्त्व हो। यो शिवशक्तिमा परिणत भइरहेको छ। अर्धनारीश्वरको उपासनामा यही मौलिक रहस्य छ,। शक्ति शक्तिमान्मा स्त्री-पुरुषभाव भन्नु उचित देखिँदैन।

*सा च ब्रम्हस्वरूपाच नित्या सा च सनातनी*
*यथात्मा च तथा शक्तिर्यथाग्नौ दाहिका स्थिता (१)*
*अत एव हि योगीन्द्रैः स्त्री-पुंभेदो न मन्यते।*
*सर्वं ब्रह्ममयं ब्रह्मन् शश्वत् सदपि नारद ॥२॥*
*अहमेव सपूर्वं तु नान्यत् किञ्चिन्नराधिप।*
*तदात्मरूपं चित्संवित् परब्रह्मैकनामकम् ॥१॥*
*तस्य काचित् स्वतः सिद्धा शक्तिर्मायेति विश्रुता।*
*पाकस्योष्णतेवेयमुष्णांशोरिवदीधितिः ॥२॥*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*(स्व शक्तेश्च समायोगा-दहं वीजात्मतां गता)*
*मन्माया शक्ति संश्लिष्टं जगदेतच्चराचरम् ।*
*सापि मत्तः पृथङ्माया नास्त्येव परमार्थत : ॥१॥* (देवी भागवत)

माथि बताइयो कि जव केही थिएन त्यो समय केवल अनुपाख्य नाम भएको तम थियो । यो स्थितिको निरूपण गर्दै मनु भन्दछन् -

*आसीदिदं तमो भूत मप्रज्ञातमलक्षणम् ।*
*अप्रतर्क्यमनिर्देश्यँ प्रसुप्तमिव सर्वत : ॥*

यो अप्रतर्क्य, अप्रज्ञात, अलक्षण, अनिर्देश्य तत्त्व नै महाकाल हो, उसैको शक्ति महाकाली हुन् । सृष्टि हुनुभन्दा पहिले यिनै महाकालीको साम्राज्य थियो, (महाविद्याको साम्राज्य थियो) यो पहिलो स्वरूप हो । यसकारण महाकाली आगमशास्त्रमा प्रथमा, आद्या आदि नामले व्यवहार गरिन्छिन् । रात्रि प्रलय कालको स्वरूप हो, उसमा पनि मध्य रातको समय झन् घोर तम हो, यही नै महाकालीको स्वरूप हो ।

सूर्योदयदेखि पहिले मध्यरातको वीचको सारा समय महाकाली हुन् । यसमा उत्तरोत्तर रातको ह्रास हुन्छ । यति समयको अन्धकारलाई तारतम्यको कारणबाट ऋषिहरूले ८४ चौराशी भागमा विभाजन गरेका छन् । यिनै महाकाली हुन् । यिनैको त्यो ८४ चौराशी अवान्तर (विभाग) हो, यी प्रत्येकका स्वरूप भिन्न भिन्न छन् । शक्तिका यही स्वरूपहरू संझाउनका निमित्त निदान विद्याको आधारमा ऋषिहरूले, यिनका मूर्तिहरूको निर्माण गरेका हुन् । सवै शक्ति अचिन्त्य छन्, निर्गुणी छन्, प्रत्यक्षबाट पर छन् ।

*अचिन्त्यस्याऽप्रमेयस्य निर्गुणस्य गुणात्मनः ।*
*उपासकानां सिद्धयर्थं ब्रह्मणो रूपकल्पना ॥* आर्ष सिद्धान्त

यस सिद्धान्त अनुसार स्वरूपज्ञान जस्तै उपासनाका निमित्त उनको कल्पित मूर्ति वनाइएको हो ।

अव्यय निर्गुणरूप मन बुद्धिदेखि पर रहेकाले उ अगोचर छ र उपासनाका निमित्त मनलाई स्थिर गर्न सगुण मूर्तिको कल्पना गरी उपासना गरिन्छ । यसैले मूर्ति कल्पना-पूजाको महत्व छ ।

उही निर्गुण अव्ययवाट विश्वसमेत सारा दृश्य सगुण मूर्तिधारीसमेत हामी चर-अचर प्राणीहरू प्रादुर्भाव हुन्छौं, त्यही अव्यय निर्गुण ईश्वरको सगुण मूर्ति हुदैन भन्न सकिंदैन । ईश्वरको सगुण निर्गुण दुवै स्वरूप हुन्छ, उ जेपनि हुन सक्छ नभए उ ईश्वर नै भएन । निर्गुण ईश्वर मन वुद्धिदेखि पर छ । मन वुद्धिले यसलाई भेटाउन सकिँदैन । निर्गुण प्राप्ति नभई मोक्ष्य हुँदैन, निर्गुण प्राप्ति मूलाधार नै



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सगुण मूर्ति हो, यसैले मूर्तिपूजामा ध्यानको ठूलो महत्व हुन्छ। हृदयाकाशमा ईश्वर (इष्टदेव) को सगुण मूर्तिको अवच्छिन्न लगाईएको ध्यानवाट त्यही मूर्तिमा मन विलाउन गई अनमस्क भए पछि मात्र निगुर्णको अनुभव हुन्छ यो अवस्था अनिर्वचनीय छ। श्री मद्भागवत् ले पनि यही नै भन्दछ।

धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद, रहस्यगाथा आदि लुप्तप्राय हुँदै गएकाले मूर्तिरचना वैचित्र्यमा आज सन्देह रहेको देखिन्छ। यसको मूल कारण निदानशास्त्र लोप भएर हो। दशमहाविद्याको स्वरूप निदानसँग सम्वन्धित छ। अतः यहाँ संक्षेपमा निदान शव्दको निर्वचन (व्याख्यान) गर्नु अनुचित नहोला।

सङ्केतको नाम नै निदान हो। अमुकलाई अमुक सम्फ यही निदान हो। इहलौकिक परलौकिक दुवै भावमा निदानको समान सम्वन्ध हुन्छ। जस्तै- शोकको निदान कालो। खतराको निदान रातो। निरूपद्रवको निदान हरियो। कीर्तिको निदान सेतो। पृथ्वीको निदान कमल। मोहशक्तिको निदान सुरा। लक्ष्मीको निदान हात्ती। विजयको निदान ध्वजा। संहारशक्तिको निदान शिरकट्टा (मुड्कट्टा) इत्यादि। यो केवल हिन्दु समाजमा मात्र होईन कि सारा मनुष्यहरू यी हाम्रा निदानका उपासक छन्। जस्तै पाश्चात्यहरू शोक परेमा कालो कपडा हातमा वाँध्छन्। फाँसीको सजाय दिने जज रातो वस्त्र लगाउँछन्।

हिन्दु मूर्ति निर्माणमा नाक मुख खुम्चाउने महानुभावहरूलाई प्रश्न सोधौं कि कालो वस्त्रसँग शोकको के सम्वन्ध छ ? यसको उत्तरमा यिनीहरूले हिन्दु निदान विद्याकै शरण पर्नु पर्छ अरू केही उपाय छैन। परन्तु यति सम्फनु पर्छ कि यो निदानको सजातीय भावसँगनै सम्वन्ध रहन्छ, चाहे जोसँग जोउपर सङ्केत सम्वन्ध होस्। यसमा शोकवाट ज्ञानप्रकाश मन्द हुन्छ। सारा चेतनाको ज्योति शोक-सन्तापले ढाकेको हुन्छ, यता कालोले पनि सारा प्रकाशलाई छोप्दछ, यो समानताको लक्षमा राखेर नै कृष्ण (कालो) वस्त्रलाई शोकको निदान मानिन्छ।

कीर्ति मनुष्यवाट किरण समान निस्केर चारैतर्फ मनुष्यलाई प्रकाश गरिदिन्छ। प्रकाशको रूप सेतो हुन्छ। अतः सेतोवस्त्र त्यसै सेतो भयो। साथै कालो वस्त्रमा भैं सेतोमा सूर्यकिरण लीन नभएर प्रतिफलित हुन्छ। यो शादृश्यवाट शुक्लरूप (सेतो) कीर्तिको मानिन्छ।

पानीमा रूद्रवायुको प्रवेशवाट घनता प्राप्त हुन्छ। यही घन पानी हरीयो लेउ बन्दछ, यही पुष्कर पर्ण हो। आपो वै पुष्करपर्ण, (शत.६।४।२।२) यस अनुसार यो लेउ पानीको हो। यही अगाडी गएर माटो पत्थर, फलाम, सुन यी आदि रूपमा परिणत हुँदै आखिर पृथ्वीरूपमा परिणत हुन्छ। पुष्कर हुनाले नै यसलाई पुष्कर भनिन्छ, पृथ्वीको सृष्टि पुष्कर पर्णवाटनै भयो, यसैले पृथ्वीलाई पुष्करीणी पनि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। यस्तै पानीवाट उत्पन्न हुने हुँदा कमललाई पनि पुष्कर भनिन्छ। यसकारण भ्रमणलाई पृथ्वीको निदान भनिन्छ जुन देवताको कमलसँग संवन्ध देखिन्छ, विश्वास गर सम्पूर्ण भूमण्डल उसै देवताको साम्राज्य हो।

मायाजनित मोहबाट मनुष्यको विवेक शक्ति नष्ट हुन्छ। यता मदिराको पनि उही गुण हो। यसकारण भगवतीको हातमा सुरापात्र छ, यसवाट ऋषिहरूले यही सिकाएको हो कि उनी महामायाले आफ्नू मोहरूपी मदिराले सवैलाई मोहितपारी राखेकी छन्। मार्नु काटनु रक्तपात हो, यसकारण रक्त(रातो) यस्को निदान जो छ त्यो खतराको निदान हो।

वृष्टि भएपछि सारा रूख्खा-सुख्खा हटेर वृक्षहरूमा हरियोपन फैलिनगई शान्तानन्दको वातावरण फैलिन्छ, यसैले हरित (हरियोवर्ण) शान्तिको निदान हो। जहाँ हरियो ध्वजा देखिन्छ, निरूपद्रव शान्तिको निदान हो। इत्यादि मिल्दो जुल्दो सङ्केत दिएर महर्षिहरूले हिन्दुशास्त्रमा निदानद्वारा स्पष्ट गराएका छन्। यसरी निदानशास्त्र अनुरूप भावले भावार्थसँग सम्वन्ध राख्छ।

यो प्रकृत लेखमा शक्तितत्त्वनै निरूपणीय छ, अत यहाँ प्रधान रूपले शक्ति सम्वन्धी निदान उपर प्रकाश पारिन्छ-

शक्ति प्रतिमामा प्रतिमामूर्तिका अनेक रूप छन् जस्तै कुनैका ६४ भुजा (हात) कुनैका ३२ वत्तीस, कुनैका ८ कुनैका ४ कुनैका २ दुई हातहरू छन्। कुनैले जिभ्रो निकालिराखेको छ, कुनैको हातमा कमल छ, कुनैको हातमा नरमुण्ड, कसैको हातमा कैंची, कुनै कसैको परशु, कुनैमुर्दामाथि बसेको, उभिएको, कोही अट्टहास गर्ने, कोही सुरापान गर्ने, कोही नाङ्गा छन्, यस्ता अनेक मूर्ति कल्पना गरिएका छन्। नवुझ्ने अज्ञहरू उपहास गर्छन्। जुनदिन निदान रहस्य उनीहरूले जान्लान्, मनन गरेर वुझ्लान् त्यस दिन हिन्दु संस्कृतिको सामुन्ने सवैले नतमस्तक हुनैपर्छ।

पूर्वोक्त महाकाल पुरुषको महाशक्ति रूप महाकालीको अर्थ निरूपण गरियो। अब सर्वप्रथम उनको निदान उपर ध्यान आकर्षित गरिन्छ। जुन जुन देवताहरू र शक्तिहरूलाई संझाउनका निमित्त ऋषिहरूले निदानद्वारा ती देवताहरूको प्रतिमा बनाएका छन्। ती ती देवताको ध्यान तिनै प्रतिमा-मूर्ति अनुरूप उपासना गरिन्छ। उपासनाको विधिभन्दा पहिले नै सम्वन्धित देवताको स्वरूपको ध्यान गर्नुपर्छ, यदि महाकालीको उपासना गर्नु छ भने निम्न लिखित ध्यानले अनुमोदन गरेको कालिका रूपमा ध्यानदृष्टि राख्नु पर्छ।

*शवारूढां महाभीमां घोरदंष्ट्रां हसन्मुखीम्।*
*चतुर्भुजा खड्ग-मुण्ड-वराभयकरां शिवाम्॥*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*मुण्डमालाधरां देवीं ललज्जिव्हां दिगम्बराम् ।*
*एवं सञ्चिन्तयेत् कालीं श्मशानालयवासिनीम् ॥* (शाक्तप्रमोद कालीतन्त्र)

उनी महाकाली मुर्दा माथि वसेकी सारै डरलाग्दी सारै डरलाग्दा दाह्रा भएकी यस्तो भयानक रूप भएकी हाँसिरहेकी, चार हात भएकी, चारहात मध्ये एक हातमा खड्ग, अर्कोमा नरमुण्ड, अर्कोमा वर, अर्कोमा अभय लिएकी शिवकल्याण रूप भएकी, नरमुण्डमाला लगाएकी, जिभ्रो वाहिर निकालेर ल्यां ल्यां गरेकी, नाङ्गी, श्मशानमा वसेकी, देवी दैदीप्यमान भएकी यस्ती कालीलाई ध्यान गरोस् । यो ध्यानको यही अर्थ हो । अव यसको रहस्यप्रति ध्यान राख्नु छ ।

महाकाली नाम भएकी महाशक्तिको प्रथम रात्रिको मध्यकालसंग सम्वन्ध छ भन्ने कुरा माथि वताईसकिएको छ । संसार जहाँसम्म शक्तिमान रहन्छ त्यहाँसम्म संसार शिवस्वरूप हुन्छ, जव शक्ति निक्लेर जान्छ, रहँदैन तव संसार शव (मुर्दा) रूप हुन्छ । अर्थात् उसको स्वरूप नै नाश हुन्छ । विश्वातीत परात्पर नामले प्रसिद्ध महाकाल पुरुषको शक्ति भएकी महाकालीको भाव (सत्ता) विकास विश्वभन्दा पहिलेदेखिनै निरन्तर रूपले थियो । विश्वलाई संहार गर्ने कालरात्री यिनैहुन् । सृष्टिकाल यिन्को प्रतिष्ठा होइन, प्रलयकाल प्रतिष्ठा हो । अर्को शव्दमा भन्ने हो भने शक्तिमान् विश्व उनको प्रतिष्ठा होइन । शक्ति शून्य शवरूप विश्व उनको आलम्वन हो । प्रलयकालमा विश्व शवरूपमा रहन्छ, उनी महाकाली शव (मुर्दामाथि खडा रहन्छिन्) यो रहस्य सँग उनको निमित्त शिव शक्तिहीन शवरूप भएको विश्वको निदान मानेको हो ।

उनी काली के हुन् त भने अनुपाख्या तमरूप हुन् अर्थात नाश गर्ने हुन् । मामुली नाश उपद्रो गर्ने मानिस त भयावह हुन्छ भने विश्वसंहार शक्ति किन भयावह नहनु ! यसैले प्रलय गर्ने हुन् भन्ने निदान भयानक रूप कल्पना गर्नु हो । यही स्थिति महाकालीको हो ।

प्रत्येक गोलवृतमा ३६० तीनसय साठी अंश (भाग) मानेको छ । यसमा ९०।९० नव्वे अंशवरावर ४ भाग छन् । यही नै त्यस गोल वृत्तको चार भुजा (हात) हो । ख लाई स्वस्तिक भनिन्छ, खगोलको चारौं स्वस्तिक इन्द्रोपलक्षित चित्रा नक्षत्र, पूष्पोपलक्षित रेवती, तार्क्ष्योपलक्षित श्रवण, वृहस्पत्युपलक्षित तिष्य यी ४ नक्षत्रसंग संवन्ध छ । आकाश ४ नक्षत्ररूप ४ भुजा (हात) निरूपण गर्दै वेद भन्दछ-स्वस्तिन इन्द्रो वृद्धश्रवा इत्यादि ।

पूर्ण वृत्तमा यही ४ हात हो, महाकाली पूर्णरूपकी छन् । यसले पूर्वोक्त संख्याविज्ञानलाई स्पष्ट गर्छ । अनन्त आकाशमा चतुर्भुज रूपमा परिणत भएर विश्वको संहार गर्दछिन् । यो रहस्यको निदान हो चार हात ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाश शक्तिको निदान हो खड्ग । नाश हुनेको निदान हो शिरकट्टा (मुडकट्टा) । स्थिति खललको निदान हो कम्प । कम्प भयावह हो, यही क्षोभ हो । विश्वसीमावद्ध छ, यसकारण उ सभय छ । आसीम व्यापक रूपमा कम्परूप भएको अभाव हुन्छ । व्यापकदेखि वाहेक अरू कुनै स्थान छैनन् । अत एव उसमा भय छैन । यस्तो छ एक मात्र विश्वातीत महाकाल पुरुष । के भने उ व्यापक छ, अभयँ गतो भवति इत्यादि रूपवाट उ परात्परलाई उपनिषदले अभयं वताएको छ, उनको शक्ति पनि अत्यन्त अभयरूपा सिंह हुन्छन् ।

यी शक्ति संहार गर्छिन् डरलाग्दी छन्, घोररूपा छन्, सर्वेसर्वा हुन् । परन्तु विश्वास गर कि अभय पद प्राप्ति पनि उनैको आराधनामा निर्भर छ । अभय मुद्रा यसैको निदान हो । विश्वको सुख क्षणिक हो, अत एव दुःख रूप हो, परम सुख त उनैको आराधनामा मिल्दछ ।

परम शिवरूपा यिनै हुन्, जीवित अवस्थामा जुन सवैकी आधार थिइन् । प्रलयकालमा पनि सवैको आधार उनै हुन् । ध्वस्त विश्वको निर्जीव प्राणीका शव भाग पनि उनैमा प्रतिष्ठित छ । उत्पादक तत्त्वदेखि वाहिर कोही केही छैन, यो परायण भावको निदान मुण्डमाला हो । विश्व उ शक्तिको आवरण (वस्त्र) हो । 'तत् सृष्ट्वादेवानु प्राविशत्' यस अनुसार उनी शक्ति विश्वसृष्टि गरेर उही विश्वको भित्र प्रविष्ट हुन्छिन् । यसैले विश्व शक्तिको वस्तु हो । परन्तु विश्व नाशको अन्तर उ शक्ति स्व स्वभावमा उल्वण हुन्छिन् । यो स्थितिमा आवरण-वस्त्रको अभाव हुन्छ, यस अवस्थाको निदान हो नग्नता अर्थात् नाङ्गोपन ।

तिनै महाशक्तिको पूर्ण विकास काल हो, विश्वको प्रलयकाल । सारा विश्व प्रलय (नष्ट) भएर जव मशान वन्न जान्छ, तव उ तमोमयी शक्तिको विकास हुन्छ । यो अवस्थाको निदान हो श्मशान ।

यो हो महाकालीको स्वरूप । साधारण मनुष्य यस्तो गम्भीर भावको आराधना गर्न सक्दैन । अत एव महर्षिहरूले निदानद्वारा पूर्वोक्त ध्यानमा वताइएको प्रतिमा-मूर्तिको कल्पना गरी भक्त-साधकहरूलाई सेवा ध्यान गर्न मन वुद्धि गोचर वनाएका हुन् ।

प्रलयकालमा कस्तो अवस्था रहन्छ ? यो जान्नाले के हुन्छ ? के लाभ छ ? यी सवैको उत्तर पूर्वोक्त महाकालीको ध्यान- विज्ञानवाट थाह भयो ।

अन्त्यमा उनै परमाराध्या आद्यशक्तिको स्मरण गर्दै यस प्रथम विद्याको निरूपण यथावुद्धि समाप्त गरेर दोस्रोमहाविद्याको वर्णन गरिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (२) अक्षोभ्य पुरुषको महाशक्ति उग्रतारा

मध्यरातदेखि सूर्योदयसम्म ८४ भेद भिन्न महाकाली सत्ता वताइयो, यस समयपछि ताराको समय हुन्छ। हिरण्यगर्भ विद्या अनुसार निगम शास्त्रले सम्पूर्ण विश्वको रचना सूर्य तेजको आधारमा मानेको छ। सौर मण्डल आग्नेय हुनाले हिरण्मय कहिन्छ, किनभने अग्नि हिरण्यरेता हो र हिरण्यमय मण्डलको केन्द्रमा सौर व्रह्मतत्त्व प्रतिष्ठित छ। यसकारण सौर व्रह्मलाई हिरण्य-गर्भ भनिन्छ। भूः भुवः स्वः रूप रोदसी, त्रिलोक,निर्माता एवं अधिष्ठाता स्वयंभू परमेष्ठी रूप अमृता सृष्टि पृथ्वी, चन्द्रमारूपा मर्त्या सृष्टिको विभाजन एवं सञ्चालक विश्व केन्द्रमा प्रतिष्ठित यी हिरण्य-गर्भ भगवानको प्रादुर्भाव हुन्छ। यस सिद्धान्तको प्रतिपादन वेदले गर्दछ।

*हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ॥*
*सदाधार पृथिवीन्द्यामुतेमाङ्स्मै देवाय हविषा विधेम ॥* (यजुर्वेद २३।१)

विश्वातीत कालपुरुषकी शक्ति महाकाली हुन् भने हिरण्यगर्भ पुरुषकी शक्ति उग्रतारा हुन्। घोर अन्धकारमा वत्ती (विम्व-तारा) सदृश प्रकाशित रहन्छ। उ महान्धकारको केन्द्रमा उत्पन्न हुने सूर्य (तेज) को उही स्थिति हो वेदमा सूर्य नक्षत्र नामले प्रसिद्ध छ। अतएव यिनकी शक्ति आगमशास्त्रमा तारा नामले प्रसिद्ध छिन्। यो पुरुष तन्त्रशास्त्रमा अक्षोभ्य नामले प्रसिद्ध छ। वैदिक सिद्धान्त अनुसार सूर्य सर्वथा स्थिर छ। वृहती छन्दको नामले प्रसिद्ध सुप्रसिद्ध विषुवत् वृत्तको ठीक माझमा क्षोभ रहित भएर स्थिर रूपले भगवान् सूर्य प्रकाशित रहन्छन्। *सूर्यो वृहती अध्यूढस्तपति, उदयास्त मनश्चैव दर्शना दर्शनं रवे :।* इत्यादि वचनवाट स्थिर छ भन्ने वताईन्छ। यी क्षोभ रहित छन्, यसकारण अक्षोभ्य नामले प्रसिद्ध छन्। सूर्यलाई माथि- रूद्र, शिव, घोरतम इत्यादि नाममा वताइयो। आपोमया पारमेष्ठ्य महासमुद्रमा घर्षणद्वारा आग्नेय परमाणु उत्पन्न भयो। अनन्त र श्वेतवराह नामले प्रसिद्ध प्रजापत्य वायुद्वारा उसको केन्द्रमा संघात हुन्छ, संघात हुँदा हुँदा उ अग्नि परमाणुसंघपिण्डरूपमा परिणत भएर सहसा प्रज्वलित हुन्छ। त्यसैको नाम सूर्य हो।

यो उत्पन्न हुने रूद्राग्निलाई अन्नको इच्छा भयो। अन्नाद अग्नि अन्नाहुति विना एक क्षण पनि प्रतिष्ठित (शान्त) रहन सक्दैन। अन्नाहुति हुनुभन्दा पहिले सूर्य उग्र थिए, संसारलाई भस्म गर्ने थिए। त्यस समयका उग्रसूर्यको जुन शक्ति थियो, त्यही शक्तिको नाम हो उग्रतारा। जहाँसम्म अन्नाहुति भईरहन्छ त्यहाँसम्म तारा शान्त भईरहन्छ। अन्नाभावमा त्यही शक्ति उग्रभएर संसारको नाश गर्ने हुन्छिन्। त्यही उग्रभाव उग्रशक्तिको निरूपण गर्दै रहस्य कहन्छ-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*प्रत्यालीढ-पदार्पिताङ्घ्रि-शवहृद् घोराट्टहासापरा*
*खड्गेन्दीवर-कर्त्रिखर्पर-भुजा-हुङ्कार-बीजोद्भवा ॥*
*खर्वा नील-विशाल-पिङ्गलजटा-जूटैकनागैर्युता*
*जाड्यन्न्यस्य कपालकेत्रिजगतां हन्त्युग्रतारा स्वयम् ॥* (शाक्तप्रमोद-तारातन्त्र)

महाकाली महाप्रलयकी अधिष्ठात्री थिईन् । उग्रतारा सूर्यप्रलयकी अधिष्ठात्री हुन् । प्रलय गर्नु दुवैको समान धर्म हो । महाकाली र उग्रताराको ध्यानमा प्रलयको भेदअनुसार केही अन्तर छ । यिनको चार भुजामा सर्प लपेटिएको छ । यो शक्ति प्रलयकालमा विषाक्त हावाद्वारा विश्वको नाश गर्छिन् । संसार नष्ट हुन्छ । यो शक्तिको सत्ता विश्व केन्द्रमा वताइयो । शवरूप विश्वकेन्द्रमा त्यो शक्ति प्रतिष्ठित छ, यो रहस्य वताउनका निमित्त शव (मुर्दा) छातीमा उसको प्रतिष्ठत्व देखाइएको छ ।

सौराग्नि अन्नाहुति बन्द हुनासाथ प्रलयवेग धारणा गर्छ, भयानक शव्द उत्पन्न हुन्छ, यसैको निदान हो अट्टहास ।

प्रलयकालमा पृथ्वी, चन्द्र, मनुष्य आदि चराचरको रसं उग्रताराले शोषेर पिई दिन्छिन् । त्यो सारा प्राणी चराचरको मुख्य भाग हो, जो प्रधानरूपले शिरमा रहन्छ, श्री (रस्) रहने मुख्य ठाउँ भएकोले शिर नाम रह्यो । (हेर-शत.६।१।१) यसलाई आधार वनाएर उनी शक्ति रसपान गर्छिन् यसको निदान हो खप्पर ! नीलग्रीवो विलोहितः (यजु १६।७) उग्र सूर्य नलीग्रीव हो, पिङ्गल छ, उसकी शक्तिको पनि उही रूप हो । सूर्यरूप शिर भागमा चारैतर्फ रश्मिको पनि उही रूप हो । यी रश्मि (किरण) नै उ शक्तिको जटा हो ।

प्रति सौर रश्मि उ भीषणमहाकालमा विषालु वायु भरिएको हुन्छ । यही बुझाउनका निमित्त 'नील-विशाल- पिङ्गल-जटाजूटैकनागैर्युता' बताइएको हो ।

यी महाशक्ति यस्तो उग्ररूपमा परिणत भएर विश्वको संहार गर्दछिन् । यही दोस्रो सृष्टिको धारा हो । महाकालीरूप विश्वातीत तत्त्वको अन्तरवाट सूर्यरूपी दोस्रो महाशक्तिको प्रादुर्भाव भएको हो ।

## (३) पञ्चवक्र शिवको शक्ति षोडशी सृष्टिशक्ति

सूर्य उत्पन्न भए, उसमा पारमेष्ठ्य आहुति भयो, यसवाट उग्रतारा शान्त भईन्, रूद्र सूर्य शान्त शिवमा परिणत भए । शिवभावापन्न सूर्य (तेज) नै संसारको प्रभव (उत्पति) हो । शिवात्मक सूर्यले नै पृथ्वी, अन्तरिक्ष, द्यौरूप त्रैलोक्य र उसमा रहने अमृत, मर्त्यप्रजाको निर्माण गर्दछन् । यस आधारमा ऋग्वेद भन्दछ-


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नूनं जनाः सूर्येण प्रस्तुताः । यजु-निवेशयन्नमृतं मर्त्यञ्च तथा सूर्य आत्मा जगतस्तस्थुषञ्च इत्यादि*

यो शिवात्मक सूर्य (जो शिव तन्त्रमा पञ्चवक्र नामले प्रख्यात छ) शक्तिको नाम नै षोडशी हो । घोर सूर्य मध्यान्ह कालको र शान्त सूर्य प्रातः कालका शिवभनी संझनु पर्छ । घोर सूर्यको शक्ति उग्र र शान्त शिव-सूर्यको शक्ति षोडशी शान्त रूपकी हुन् । षोडशीको निदान रहस्य वताइन्छ । यसको पहिलो प्रसङ्गमा आएको पञ्चवक्री शिव सम्वन्धी निदानको संक्षिप्त स्वरूप कहिन्छ ।

*मुक्ता पीत-पयोद-मौक्तिकजवावर्णैर्मुखैः पञ्चभि*
*स्त्र्यक्षैरञ्चितमीशमिन्दु-मुकुटं पूर्णेन्दुकोटिप्रभम् ॥*
*शूलं टङ्क-कृपाण-वज्रदहनान् नागेन्द्रपाशाङ्कुशान्*
*घण्टां पाशं/भीतिहरं दधानममिता कल्पोज्वलाङ्गम् भजे ॥* (तन्त्र सार)

शक्ति एवं कार्य भेदवाट भगवान् शङ्करका अनेक रूप हुन्छन्, यौटै शिव सूर्य पाँच दिशामा व्याप्त भएर पञ्चमुख वन्न गएका छन् । यो. ध्यान पाँच मूर्ति (मुख) स्वरूप वताइएको हो । उ यौटैको पाँचमुख पूर्व, पश्चिम, उत्तर, दक्षिण, उर्ध्व (उभो) दिशाको भेदले क्रमश तत्पुरुष, सद्योजात, वामदेव, अघोर, ईशान, यी पाँच नामले प्रसिद्ध छन् । यी पाँचमुख क्रमश चतुष्कल, अष्टकल, त्रयोदशकल, अष्टकल, पञ्चकल छन् । एवं यी पाँच क्रमश हरित, रक्त, धूम्र, नील, पीत, वर्णका छन् ।

यी पञ्चकल शिवका दश हात छन् । यी दश हातमा अभय, टङ्क, शूल, वज्र, पाश, खड्ग, अङ्कुश, घण्टा, नाग, अग्नि, यी दश आयुध छन् । यी शिव सर्वज्ञ छन् । ऋक्षरूप तीन आँखा छन् । अनादि बोधक रूप छ । स्वतन्त्र छन्, अलुप्तशक्ति छन् । अनन्त शक्तिमान् छन् । पाँच दिशामा यिनको व्याप्ति छ । यो पञ्चमुखको भाव निदान हो ।

यी शिवको आग्नेय, वायव्य, सौम्य तीन स्वरूप धर्म हो, यी तीन वटै तीन प्रकारका छन् । आग्नेय प्राणको अग्नि, वायु, इन्द्र यी तीन भेद छन् । एवं वायव्य प्राणको वायु, शव्द, अग्नि यी ३ भेद छन् । सौम्य प्राणको वरुण, चन्द्र, दिक् यी ३ भेद छन् । यसप्रकार यी शिवका नौ शक्तिहरू छन्, यी नौ नै घोर उग्र छन् । यी नवैको आधारभूत परोरजा नामको सर्व प्रतिष्ठा रूप शान्तिमय प्रजापत्य प्राण हो । यी नै दशशक्ति निदान हो, दश हात र दश आयु छ ।

१) टङ्कले आग्नेय ताप सूचित गर्छ । २) शूलको वायव्य ताप सँग संवन्ध छ (नवातेन विना शूलम्) यो निश्चित सिद्धान्त हो । ३) वज्रनाद ऐन्द्र ताप अभिप्रेत हो । ४) पाशवाट वरूण पाश अभिप्रेरित हुन्छ । वरूण्या वा एप यद् रज्जुका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार पाशका अधिष्ठाता वरुण हुन् । ५) खड्गको चन्द्र शक्तिसँग सम्वन्ध छ । ६) अङ्कुश दिश्याहेतिसँग सम्वन्ध छ । ७) नागवाट सञ्चार नाडी विषालु वायुको इशारा गर्छ । जुन वायुसूत्रवाट रूद्र प्रवेश हुन्छ, उही सञ्चार नाडी भनिन्छ । यो नाडीको नाक्षत्रिक सर्पप्राणसँग सम्वन्ध छ । सारा ग्रह सर्पाकार छन् । यिनमा सौर तेज व्याप्त छ, सवै ग्रहरूप सर्पाकार भई रूद्र सूर्यको भोग हुन्छ, अत एव उनको हातमा र शरीरमा सर्प वेरीएको यसको निदान हो । ८) आगम रहस्यअनुसार शव्द (स्वर वाक्) को अधिष्ठाता धण्टा हो । ९) यिन्को दृष्टि प्रकाशरूप छ यस्को निदान अग्निज्वाला हो । १०) शक्तिरूप परोजा प्राणको निदान हो- अभय मुद्रा । यी १० हात र १० हतियारका निदान हुन् । सोमाहुतिको निदान शिरको चन्द्रमा हो ।

उपर्युक्त विषयहरू निम्नानुसार स्पष्ट हुन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १ | टङ्क | आग्नेय ताप | अग्नि | आग्नेय प्राण |
| २ | शूलम् | वायव्य ताप | वायु | आग्नेय प्राण |
| ३ | वज्रम् | ऐन्द्र ताप | इन्द्र | आग्नेय प्राण |
| ४ | पाश | वारुण हेति | वरुण | सौम्य प्राण |
| ५ | खड्ग | चान्द्रहेति | चन्द्र | सौम्य प्राण |
| ६ | अङ्कुश | दिश्याहेति | दिक् | सौम्य प्राण |
| ७ | नाग | सञ्चार नाडी | वायु | वायव्य प्राण |
| ८ | घण्टा | ध्वनि (शव्द) | शव्द | वायव्य प्राण |
| ९ | अग्नि | प्रकाश | अग्नि | वायव्य प्राण |
| १० | अभयम् | प्रजापत्यम् | शान्ति | परोजा प्राण |

यस्ता पञ्चवक्र शिवकी शक्तिको नाम हो- षोडशी । पञ्चकल अव्यय, पञ्चकल अक्षर, पञ्चकल आत्माक्षर, परात्परको समष्टि षोडशी रूप पुरुषको पहिले वताई सकिएको छ । स्वयंभू परमेष्ठी, सूर्य, चन्द्र, पृथ्वी यी ५ पुरमा सूर्यमा मात्र षोडशीको पूर्ण विकास हुन्छ । स्वयंभू अव्यक्त छ अत एव उहाँ पूर्ण विकास छैन । परमेष्ठीमा यज्ञ त्रिकोणाकार विकास छैन, उहाँ षोडशी अन्तर लीन हुनुहुन्छ । परन्तु सूर्य अग्निमय हुनाले चितिधर्मा हो । अतएव यसमा आउने चिदात्मा पूर्णरूपले उल्वण (व्यक्त) हुन जान्छ । स्वयंभू आदि ५ मा क्रमशः व्रम्हा विष्णु, इन्द्र, अग्नि, सोम, यी ५ अक्षरको प्रधानता हुन्छ, यी ५ मा इन्द्रात्मक सूर्यमा नै षोडशीको विकास हुन्छ, अत एव यो सूर्यरूप इन्द्रका निमित्त इन्द्रो ह वै षोडशी (शत. ४।२।५।१४) यो वताइएको छ । सृष्टिसाक्षीभाग मन, प्राण, वाक् रूप हो, यसमा स्वयंभू वाक् विकास हुन्छ । परमेष्टिमा वाक्, प्राण दुवैको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकास हुन्छ । उता पृथ्वीमा केवल वाक्को विकास हुन्छ । चान्द्र आन्तरिक्षमा वाक् प्राणको विकास हुन्छ । मध्यपतित चितिधर्मा सूर्यमा मन प्राण, वाक् तिनवटैको विकास हुन्छ । यस आधारमा १. वागिन्द्र २. आदित्यंमन: ३. प्राण: प्रजानामुदयत्येष सूर्य: इत्यादि । (वृहदारण्यक) स वा एष आत्मा वाङमय : प्राणमयो मनोमय: ।) अनुसार सृष्टि साक्षी आत्मा मन प्राण वाङ्मय युक्त छ । सूर्यमा तिनैवटाको सत्ता छ । अतएव सूर्य आत्मा जगतस्तस्थुषश्च इत्यादि रूपवाट सूर्य नै स्थावर् जङ्गम सम्पूर्ण विश्वको आत्मा भनिन्छ । किनकि षोडशकल पुरुपको पूर्ण विकास छ । अत: एव यसलाई षोडशी नै भनिन्छ । यिनकी शक्तिलाई पनि षोडशी भनिन्छ । भू: भुव, स्व: तीन पुर रूप जगत् (विश्व) यही महाशक्तिवाट नै उत्पन्न हुन्छ । अत: तन्त्रमा यी शक्तिलाई त्रिपुरसुन्दरी आदिनामले पुकारिन्छ । यी शक्तिको रूप वताउँदै ऋषि भन्दछन् -

*वालार्क-मण्डलाभासां चतुर्वाहुंम् त्रिलोचनाम्*
*पाशांकुश-शराँश्चाप-धारयन्तीं शिवांभजे ॥* (शाक्तप्रमोद-षोडशीतन्त्र)

सूर्यमा प्रकाश छ, ताप अग्नि हो, आहुति सोम । त्रणिज्योतींषि स चते षोडशीका अनुसार उनी शिवशक्तिले विश्वलाई प्रकाश गरिराखेका छन् । यस कारण सूर्यलाई लोकचक्षु भन्दछन् । यी तीन ज्योतिको निदान तीन आँखा हुन् ।

तेज सौरशक्ति खगोलमा व्याप्त छ, खगोललाई चतुर्भुज मानेको छ, यसका चार हात छन् । सोमाहुतिवाट जो शान्त भईरहेको छ, प्रात: कालको वालसूर्य यिनको साक्षात् प्रकृति हो । वालार्क यस अवस्थाको निदान हो ।

सूर्यवाट उत्पन्न हुने विश्वप्रजा सौर आकर्षण सूत्रले वद्ध रहन्छन् । स्वयं पृथ्वी पनि वद्ध छ । अर्थात् पृथ्वी क्रान्तिवृत्त नाघेर कहिल्यै जाँदैन । सौरतेज शक्तिको आकर्षणरूपी पाशले सवैलाई बाँधेर राखेको छ, पाश यसको निदान हो । अक्षर रूप ऊ नियतिको डरले सवै आफ्नु-आफ्नु काम यथावत् गरिरहन्छन् स्वयं सूर्यतेज पनि ऊ नियतिरूप अयस्कान्त (चुम्वक) को अय हो । अर्थात सूर्य पनि उही नियतिको अधीनमा छन् ।

*भयादस्याग्निस्तपति भयात्तपति सूर्य: ।*
*भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चम: ॥* (कठोपनिषद् २।६।३)

यसअनुसार उनी सवै शक्ति उपर अङ्कुस लगाई राख्दछिन् । अङ्कुस यसैको निदान हो । जो स्पर्धापराधले शक्तिको अटल नियमलाई उल्लङ्घन गर्दछन् । उनीहरूलाई उ शक्तिले पृथ्वी, अन्तरिक्ष द्यौ तीनै लोकमा व्याप्त रूद्रको अन्न वायु वर्षा यी तीन प्रकारका वाणद्वारा नाश गर्छिन् ।

*तेषामन्नइषव:, तेषांवातइषव: तेषाँवर्षाइषव:।* (यजुर्वेद १६ अ. ६४।६५।६६)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यीं बाण शक्तिका बाण हुन्, यी बाणद्वारा नियम उल्लङ्घन गर्नेहरूलाई नाश गर्दछिन्, शक्तिको शर यसको निदान हो । यस ध्यानले षोडशीको यो स्वरूप प्रकट गर्दछ ।

## (४) त्र्यम्बक शिवकी शक्ति भुवनेश्वरी

सूर्य उत्पन्न भए, पारमेष्ठ्य सोमको आहुति भयो । यसवाट यज्ञ संपन्न भयो । यसैवाट त्रैलोक्य निर्माण भयो, तीन भुवन उत्पत्ति भयो । यस विश्वोत्पत्तिको उपक्रममा षोडशीको सत्ता थियो । भुवनको उत्पत्ति गरेर सञ्चालन गर्दी छँदी उनै शक्ति अहिले भुवनेश्वरी नामले प्रख्यात छन्, यही चारौं सृष्टि क्रम हो । यो चारौं सृष्टि धाराको विद्याको स्वरूप वताउँदै ऋषि भन्दछन्-

उद्यदिनद्युतिमिन्दुकिरीटां तुङ्गकुचां नयनत्रय-युक्ताम् ।
स्मेरमुखीं वरदाङ्कुशपाशाभीतिकरां प्रभजे भुवनेश्वरीम् ॥ (शाक्तप्रमोद भुवनेश्वरी तन्त्र)

यदि सूर्यमा सोमाहुति नहुँदो हो त यज्ञ संभव थिएन, विना यज्ञ भुवन रचना सम्भव थिएन । विना भुवन भुवनेश्वरी उन्मुग्ध थिइन् सूर्यको शिरभागमा प्रतिष्ठित ब्राह्मणस्यत्य सोमाहुति भईरहन्छ र यसवाट भुवन उत्पत्ति हुन्छ । यस पछि भुवनेश्वरी उद्बुद्ध हुन्छिन् । इन्दु किरीट यस अवस्थाको निदान हो । तीन आँखाको निदानका बारेमा पहिले उल्लेख भइसकेको छ ।

त्रिभुवन व्यापिका भुवनेश्वरीवाट त्रिभुवनमा जति प्रजा पदार्थ छन् । तिनमा आफ्नू-आफ्नू अन्न प्राप्ति भई रहन्छ र सारा जीव पदार्थहरू जीवित रही प्रतिष्ठित हुन्छन् यसको निदान हो वरदा । जुन भुवन प्रलय कालरूपी समुद्रमा विलीन थियो, आज त्यही भुवन यिनै शक्तिको प्रभाववाट विकसित भई रहेको छ । उनी शक्ति आफ्नू उग्रतालाई छाडेर विश्वप्रति कृपादृष्टि दिईराखेकी छन् । स्मेरमुखी शव्दको निदान यही हो ।

शासन शक्तिको निदान अङ्कुश पाशादि हुन् यसबारेमा पनि माथि भनी सकेको छ । अमृत रूपी पयोवर्षा तथा पौष्टिक पदार्थ प्रदान गर्दै विश्वलाई सम्वर्धन गर्छिन् भन्ने निदान तुङ्ग-कुचाँ हो ।

## (५) कबन्ध शिवकी शक्ति छिन्नमस्ता

शतपथ ब्राम्हणको भनाई– पाङ्तो वै यज्ञः (शत. १।१।२) अनुसार सृष्टिको मूल यज्ञ - पाकयज्ञ, हविर्यज्ञ, महायज्ञ, अतियज्ञ, शिरोयज्ञ गरी पाँच भागमा विभक्त छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) स्मार्त यज्ञ– पाकयज्ञ हो, यसलाई गृहयज्ञ, एकाग्नि यज्ञ पनि भन्दछन् ।
२) हविर्यज्ञ– अग्निहोत्र, दर्शपौर्णमास्य, चर्तुमास्य, पशुवन्ध इत्यादि हुन् ।
३) महायज्ञ– भूतयज्ञ, मनुष्य यज्ञ, पितृयज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ यी पाँच छन् ।
४) अतियज्ञ– अग्निचय, राजसूय, अश्वमेध, वाजपेय,यी ४ हुन् ।
५) शिरोयज्ञ– 'छिन्नशीर्षो वै यज्ञः' यस श्रुति अनुसार पूर्वोक्त सारा यज्ञ छिन्न शीर्ष हुन् । सवैको शिर काटिएको हुन्छ । पुराणको हृयग्रीवोपाख्यानमा चढाएको धनुको ताँदो काटिदिँदा सुतेका विष्णुको शिरच्छेदन भएको निरूपण छ । यो छिन्न शीर्षसंग सम्वन्ध छ । यसरी प्रत्येक यज्ञको अन्त्यमा शिर सन्धानको निमित्त जो यज्ञ गरिन्छ उसलाई शिरो यज्ञ भनिन्छ। अन्त्यमा शिरसन्धान नभएको यज्ञ छिन्नशीर्ष हुन्छ । यही यज्ञलाई व्राह्मण-ग्रन्थमा सम्राट्याग प्रवर्ग्ययाग, धर्मयाग, महावीरोपासनायाग इत्यादि नामले व्यवहार गरिन्छ ।

सूर्यो ह वा अग्नि होत्रम् । सूर्यो वा ज्योतिष्टोमः इत्यादि अनुसार अग्निसोमात्मक सूर्ययज्ञ रूप हो । यी यज्ञमूर्ति अत एव विष्णु नामले प्रसिद्ध सूर्य पुरुषको यज्ञात्मना निरूपण गर्दै वेद भन्दछन्-

*चत्वारि शृङगास्त्रयो अस्यपादा द्वे शीर्षे सप्तहस्तासोअस्य*
*त्रिधावद्धो वृषभो रोरवीति महादेवो मर्त्यां गुथर्व आविवेश ॥*

ऋग, यजु, साम, अर्थव यी चारवेद यिनको सिङ् हो । मन्त्र, कल्प, व्राह्मण यी तीनवाट यो मर्यादित छ । प्रातःसवन, माध्यन्दिन सवन, सायं सवन यिनका तीन पाउ हुन् । ब्रह्मौदन र प्रवर्ग्य यी दुई यिनका शिर हुन् । गायत्री आदि सात छन्द यिनका हात हुन् । यस्तो यो महावृषभ विश्वमा हुङ्कार गरिरहन्छन् । यिनै महादेव मरणधर्मी सवै प्राणीका आत्मा वनेका छन्, सवैमा आत्मारूपले प्रवेश गरेका छन् ।

यी पूर्वोक्त यज्ञावयवमा ब्रह्मौदन र प्रवर्गप्रति विचार पुऱ्याउनु छ ।

जुन वस्तुको आत्मासँग नित्य सम्वन्ध रहन्छ त्यो तेस आत्माको ब्रह्मौदन कहिन्छ । उही वस्तु (अन्न) ब्रह्माको ओदन हो, त्यो वस्तुलाई ब्रह्म वाहेक अरू कसैले लिन सक्दैन । जुन वस्तु आत्मादेखि पृथक् भएर दोस्रो आत्माको अन्न वन्न जान्छ त्यो वस्तु प्रवर्ग कहिन्छ, यसलाई उच्छिष्ट पनि भन्दछन् । जस्तै सूर्यको तापको सूर्यसँग सम्वन्ध रहन्छ । उ ताप सूर्यको ब्रह्मौदन हो । परन्तु जुन ताप सूर्यबाट अलग भएर औषधि वनस्पति मनुष्य आदिको निर्माणमा उपयुक्त हुन जान्छ त्यो प्रवर्ग हो । सूर्य अस्ताएर गए पछि पनि पृथ्वी हावा पत्थर पानीहरूमा तातो वसी रहन्छ यो तातो हो तापको प्रवर्ग्यभाग ।

उसको धर्मभाग धर्म नै निरुक्त क्रमानुसार गरम रूपमा परिणत भएर



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरम वन्न जान्छ। ताप सौर यच्च यावत् पदार्थको उपलक्षण हो। सवै सौर पदार्थ सूर्य (तेज) वाट अलग भई रहन्छ। यदि सूर्यले यो उच्छिष्ट न छोड्दो हो त विश्व निर्माण असंभव थियो, यही आधारमा 'उच्छिष्टात् सकलं जगत् यो' कहिएको हो। यो प्रवर्ग्य पूर्वोक्त श्रुति अनुसार उस यज्ञको मस्तक हो जो अलग काटिई गएको हो, यसै आधारमा यज्ञलाई छिन्न शीर्ष भनिएको हो। पार्थिव गणेशको प्राण प्रतिष्ठा रूप मूपक (मूसा) को आत्मा वन्न जाने घनवायु नै आफ्नू व्यापारवाट उस प्रवर्ग्यलाई यज्ञवाट अलग्ग गर्दछ, यसैले मूसाद्वारा नै यज्ञरूप विष्णुको मस्तक (शिर) काटिएको भनीपुराणमा भनेको छ।

यहाँ यही नै भन्नुछ कि व्रह्मौदनवाट आत्मरक्षा हुन्छ, प्रवर्ग्यवाट सृष्टिको स्वरूप वन्दछ। यस प्रवर्ग्यलाई नै निगममूलक आगमशास्त्रले कवन्धनामले व्यवहार गर्दछन्। यो कवन्ध-पुरुषकी शक्तिको नाम हो- छिन्नमस्ता। छिन्नमस्ता वनेर नै यी शक्तिसञ्चार रूप वन्दछिन् एवं यही रूपले नै नाश पनि गर्दछिन्।

सूर्यका तेजवाट उत्पन्न हुने जड-चेतनरूप सवै पदार्थ यज्ञमूर्ति नै हुन्। सवैदेखि प्रवर्ग्य भाग निस्किनै रहन्छ। अन्यान्य हामी उसको प्रवर्ग्य भाग लिएर जीवित रहन्छौं, साथै हाम्रो प्रवर्ग्य भाग उसमा गई रहन्छ र उ जीवित रहन्छ। तेज (सूर्य) त्रैलोक्य एवं त्रैलोक्यका पदार्थ प्रजालाई प्रवर्ग्यान्न दिन्छन्, साथै आफ्नु किरणद्वारा लिन्छन् पनि। जसरी प्रवर्ग्य छाड्नुवाट उ सूर्यरूप प्रजापतिको शरीर विस्त्रस्त (क्षीण) भईरहन्छ, आदान (लिनु) बाट प्रतिक्षण उ प्रजापतिको शरीर सन्धान (थपिनु) पनि भई रहन्छ, यस प्रक्रियाको नाम हो शिरसन्धान, यही प्रवर्ग्य याग हो। मस्तक (शिर) काटिनाले जस्तो प्राणी निर्जीव हुन्छ, त्यस्तै प्रवर्ग्य विना यज्ञस्वरूप पनि नाश हुन्छ। अतएव व्रह्मौदन जस्तै प्रवर्ग्यलाई पनि यज्ञको मस्तक भनिन्छ, यसैले द्वेशीर्षे, भनेको हो।

यो प्रवर्ग्य भागलाई हामी दिन्छौ पनि लिन्छौ र खान्छौ पनि। खानेलाई हामी खाई पनि रहन्छौं दिनेलाई हामी दिई पनि रहन्छौं। वस्तु मात्रमा यो आदान-प्रदान निरन्तर भई रहन्छ, जहाँसम्म आदान विसर्गात्मक यज्ञ भई रहन्छ त्यहाँसम्म विश्वसत्ता पनि रहिरहन्छ। यो आदान (विसर्ग) जुन दिन हुँदैन वन्द हुन्छ, त्यस समय विश्व पनि रहँदैन, प्रलय हुन्छ। यस्तो यज्ञ रहस्यको निरूपण गर्दै वेद भन्दछ- अहमस्मि प्रथमजा ऋतस्य पूर्वे देवेभ्योऽमृतस्य नाम-
यो मा ददाति स इदेवमावत् अहमन्नमन्न मदत्तमद्मि ॥

म छिन्न शीर्ष अवस्य नै हुं परन्तु अन्नागमन शिरसन्धान यज्ञवाट स्व स्वरूपमा प्रतिष्ठित छु, जव यो शिरसन्धान रूप अन्नागमन वन्द हुन जान्छ त्यसवेला केवल छिन्नमस्ता नै हुन जान्छ। त्यसवेला उही सर्वात्मना शक्तिले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवैशोषण गरिलिन्छिन् । यस्ती जो महामाया हुन् उनै महामाया कहिले षोडशी कहिले भुवनेश्वरी हुँदै क्रमश संसारको पालना गर्छिन् । उनै शक्ति अन्तकालमा छिन्नमस्ता भएर विश्व ब्रम्हाण्डको नाश गर्दछिन् । यसैको निरूपण गर्दै ऋषि भन्दछन्-

*प्रत्यालीढपदां सदैव दधतीं छिन्नं शिरः कर्त्रिकां*
*दिग्वस्त्रां स्वकबन्धशोणितसुधाधारां पिबन्तीं मुदा ॥*
*नागावद्धशिरोमणिं त्रिनयनां हृद्युत्पलालङ्कृतां*
*रत्यासक्त-मनोभवोपरिदृढां ध्यायेज्जवासन्निभाम् ॥*
*दक्षे चातिसिता विमुक्तचिकुरा कर्त्री तथा खर्परं*
*हस्ताभ्यां दधतीं रजोगुणभवां नाग्नायि सा वर्णिनी ॥*
*देव्या छिन्न कवन्धतः पतदसृग्धारां पिबन्ती मुदा*
*नागाबन्धशिरोमणिर्मनुविदा ध्येया सदा सा सुरैः ॥*
*प्रत्यालीढयदा कवन्धविगलद्रक्तं पिबन्ती मुदा*
*सैषा या प्रलये समस्तभुवनं भोक्तुं क्षमा तामसी ।*
*शक्तिःसापि परात्परा भगवती नाम्ना परा डाकिनी ॥* (शाक्तप्रमोद छिन्नमस्ता तन्त्र)

विषयको आवश्यकताले गर्दा पाँच मूर्तिको मात्र ध्यानको वर्णन यथाज्ञान गरियो । यही अनुकूल पछिका मूर्तिहरूका निदानहरू छन् । लेख विषयभन्दा टाढा जाने हुँदा छोटकरी गरिन्छ, निदानको उदाहरण मात्र दिएको हो । यी छिन्न मस्ताको ध्यानमा पनि यही सम्झनु पर्छ । कर्गी, खर्पर, रक्तनाग, दिगम्वरा आदि संहार शक्तिको निदान हो ।

## (६) दक्षिणामूर्ति कालभैरवकी शक्ति भैरवी

छिन्नमस्ताको महाप्रलयसँग विशेष सम्बन्ध छ, उपर्युक्त उनको ध्यानवाट स्पष्ट ज्ञान हुन्छ । दोस्रो प्रलय हो नित्यप्रलय । प्रतिक्षण पदार्थहरू नाश भई रहन्छन्, नाश गर्नु रूद्रको काम हो । यही रूद्र विनाशोन्मुख भएर यमनामले प्रख्यात हुन्छन्, यो याम्य अग्निको सत्ता प्रधानरूपले दक्षिण दिशामा रहन्छ, यसकारण दक्षिण दिशाको दिक्पाल यमराज भने को हो । दक्षिणमा अग्निको सत्ता छ । उत्तरमा सोमको सत्ता छ । सोम स्नेहतत्त्व हो, संकोच धर्मी हो । अग्नि तेजतत्त्व हो । विशकलन धर्मी छ, विशकलन कियाले नै वस्तुको नाश हुन्छ । यो धर्म दक्षिणाग्निको हो । यसकारण यी रूद्रलाई दक्षिणामूर्ति कालभैरव आदि नामले पुकारिन्छ । यिनकी शक्तिको नाम हो भैरवी अथवा त्रिपुरभैरवी ।

उपर्युक्त राजराजेश्वरी नामले प्रसिद्ध भुवनेश्वरी जुन तिनै भुवनका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थको रक्षा गर्दछिन् । यी त्रिपुरभैरवी तीनै भुवनका पदार्थको नाश गर्छिन् । छिन्नमस्ता पराडाकिनी थिइन् । यी भैरवी अपरा डाकिनी हुन् । कल्याणको इच्छा गर्नेले यी त्रिपुरभैरवीको निरन्तर ध्यान सेवा गरोस् ।

*उद्यभ्दानु-सहस्र-कान्तिमरुणक्षौमां शिरोमालिकां*
*रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वरम् ॥*
*हस्ताब्जैर्दधतीं त्रिनेत्रविलस द्वक्त्रारविन्दश्रियं*
*देवीं बद्धहिमांशु-रत्न-मुकुटां वन्दे सुमन्दस्मिताम् ॥* (भैरवीतन्त्र)

## (७) पुरुष शून्य महाशक्ति धूमावती

संसारमा दुखको कारण रूद्र, यम, वरूण, निर्ऋति यी चार देवता हुन् । विविध प्रकारको ज्वर महामारी उन्माद आदि आग्नेय (संतप) आदि रोग रुद्रका प्रभाववाट हुन्छन् । मूर्छा, अङ्ग-भङ्ग, मृत्यु आदि रोग यमको प्रभाववाट हुन्छ । सवै रोगमा डरलाग्दो शोक, कलह, दारिद्रय आदिको सञ्चालन निर्ऋति हो । भीखमङ्गा क्षत-विक्षता पृथ्वी, उषर भूमि, भत्केको घर, फाटेको वस्त्र, भोकप्यासमा रुनु, पति-पत्नीमा कलह हुनु मृत्यु, पुत्र सन्ताप, झगडा आदि सवै निर्ऋतिका साक्षात् मूर्ति हुन् । यी सवैको मूलरूप दरिद्रता हो । यसप्रकार शतपथ ब्राह्मण भन्दछ– *घोरा पाप्मा वै निर्ऋतिः* (शत. ७।२।१।१)

श्रुतिले यसलाई दरिद्रता नामले व्यवहार गरेको छ । यसलाई शान्त गर्नका लागि निर्ऋतिलाई रिझाउनुपर्छ । यो शक्ति सर्वत्र व्याप्त छ, परन्तु यसको सामान (सर्जाम वा हतियार) जेष्ठा नक्षत्र हो । यसैवाट यो आसुरी कलहप्रिया शक्ति प्रादुर्भाव हुन्छे यसकारण ज्येष्ठा नक्षत्रमा जन्मेको मानिस दुखी हुन्छ भनेको हो, यही शक्तिको नाम धूमावती हो । यसमा मनुष्यका वस्तुको पतन हुन्छ, अतएव यी शक्तिलाई अवरोहिणी पनि भन्दछन् । अलक्ष्मी पनि यिनै हुन् । डरलाग्दो आकार चेष्टा नराम्रा दाँत, रूक्षता (रूखोपना) आदि यही शक्तिको प्रभाव हो । यस्ती शक्तिको निरूपण गर्दै ऋषि भन्दछन्-

*विवर्णा चञ्चला दुष्टा दीर्घा च मलिनाम्बरा ।*
*विमुक्त-कुन्तला वै सा विधवा विरलद्विजा ॥*
*काकध्वज-रथारूढा विलम्बितपयोधरा ।*
*शूर्पहस्ताऽतिरुक्षाक्षी धृतहस्ता वरान्विता ॥*
*प्रवृद्धघोणा तु भृशं कुटिला कुटिलेक्षणा ।*
*क्षुत्पिपासार्दिता नित्यं भयदा कलहास्पदा ॥* (शाक्तप्रमोद धूमावतीतन्त्र)

यो ध्यानवाट नै धूमावतीको निदानको ज्ञान हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आप्यप्राणलाई असुर भाव भनिन्छ, आग्नेय एवं ऐन्द्र प्राणलाई देवभाव मानिन्छ। आषाढ शुक्ल एकादशीदेखि कार्तिकशुक्ल एकादशीतक वर्षाकाल मानिन्छ। यो चारमहीना पृथ्वीपिण्ड, सौर प्राण आपोमय (जलमय) रहन्छ। यसकारण चर्तुमासमा दुवै आग्नेय, ऐन्द्र प्राण देवता असुर (आप्य) प्राणको प्रधानतावाट निर्वल हुन्छन्। यिनको शक्ति दविएर गएको हुन्छ। यसकारण यो चर्तुमास देवताको सुषुप्तिकाल मानिन्छ। चर्तुमासभर आसुर प्राणको दवाव हुन्छ। यसकारण दिव्य देवता प्राणको उपासना गर्ने हिन्दु सनातन धर्मीहरू गृहस्थाश्रमको मूलभूत व्रतवन्ध विवाह कार्य गर्दैनन्। किनकि चर्तुमासमा निर्ऋति दानवहरूको दवदवा (प्रभाव) हुने हुँदा दाम्पत्य जीवन ब्रह्मचर्यादि भङ्ग हुने संभावना हुन्छ।

दैवीशक्ति आसुरीशक्तिको दवावमा परेको हुन्छ भन्ने कुरा संझाउने निदान चतुर्मासमा भगवान् असुरवलिका घरढोका पातालमा वस्दछन् भन्ने कथा हो, अवरोहिणी शक्तिको प्रावल्य संझाउन उँधोया पातालशव्द प्रयोग गरेको हो। यसवखत अवरोहिणी शक्तिको दवाव हुने हुँदा यसवाट वँच्न हिन्दु सनातन धर्मीहरूले सवैभन्दा ठूलो पर्व शरदकालीन उत्सवलाई शक्ति पूजा दशैंको प्रतीक मान्दछन्।

जव कार्तिक कृष्णा चतुर्दशी आउँछ। यसदिन दरिद्रता अलक्ष्मी विदा हुने दिन (नरक तुल्य दुख दारिद्र्यवाट मुक्तहुने दिन हुनाले) नरक चतुर्दशी भन्दछन्। यस दिन दरिद्रता र दूषित भएको मन शरीर शुद्धगर्न पखाल्न अनेक मंगल सामान दीप जुटाई स्नान गर्दछन्। भोलिपल्ट आमावास्याको दिन-रोहिणी शक्ति कमलाको आगमनका दिन, ठूलो हर्षका साथ लक्ष्मीपूजा गर्दछन्।

कार्तिकमा सूर्य नीच स्थानमा प्राप्त हुने हुँदा सौर प्राण मलिन हुन्छ। रात्रिमा यही मलिन पनि देखिदैन। औंसिका रात्रिमा त झन् चन्द्रज्योति पनि लुप्त भएको हुन्छ। यतावाट चार महीनाको वर्षाले प्राकृत प्राणमयी अग्नि पनि निर्वल भईरहेकोले (त्रीणिज्योतींषि-सचेत षोडशी) का अनुसार यो कार्तिक औंसीका रात्रिमा प्रायः तीनवटै ज्योति अभाव हुन्छ। अत एव ज्योर्तिमय आत्मा पनि यसदिन हतवीर्य होला भन्ने त्रासले यो तमोभाव हटेको अनुभव गर्दछ।

अवरोहिणी शक्ति र आप्य असुरप्राणवाट मुक्त भएको दिन हुनाले उँधो पातालमा रहेका असुरराज वलि प्रति कृतज्ञताप्रकट गर्दै वलिराजको समेत सहर्ष सम्मान पूजा गर्दछन्। हाम्रा पूर्वज महर्षिहरूले यस्ता अनेकन वैज्ञानिक रहस्य पत्ता लगाई विश्व समाजको प्रगतिका निमित्त अनेकन चाड पर्व धार्मिक दिनहरू मनाउने गरेका छन्। निर्ऋतिरूपा धूमावती शक्तिप्रधान रूपले रहेकी हुन्छिन्।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण लक्ष्मी प्राप्तगर्न, दरिद्रतावाट मुक्त हुन र सुख प्राप्तिका निमित्त सदा यिनै धूमावतीको स्तुति-पूजा-सेवा गर्नुपर्दछ ।

## (८) एकवक्र महारुद्रकी महाशक्ति बगलामुखी

प्राणीहरूका शरीरमा एक अथर्वा नामक प्राण सूत्र हुन्छ, यो निक्ली रहने हुन्छ । प्राणरूप भएकोले यसलाई स्थूल दृष्टिले देखिँदैन, यो एक टेलीग्राफ भने पनि हुन्छ । जस्तै जति टाडा रहेका आफन्तहरूको दुखवाट यहाँ आफू जुन परोक्ष शक्तिले व्याकुल हुन्छ, त्यो परोक्ष सूत्रको नाम हो अथर्वा । यो शक्ति सूत्रको विज्ञानवाट हजारौं कोश टाढा रहेको व्यक्ति वा वस्तुलाई पनि आकर्षण गर्न सक्दछ ।

परमेश्वरको विश्व निर्माणको विचित्र लीला छ, जस्तै आज पाहुना आउँछन् भनेर कागले सूचना गर्दछ । हामी थाहा पाउँदैनौ । त्यस्तै जुन अथर्वा प्राणसूत्रको हामीले पहिचान गर्न सकेका छैनौ । यो पहिचान सजिलैसँग कुकुरले गर्दछ । हुन त पशुहरूमा विशेष घ्राणशक्ति वढी मात्रामा देखिएको छ, मनुष्यहरू बुद्धिको भरमा तर्क-वितर्क धेरै गर्ने हुँदा घ्राणेन्द्रिय रसेन्द्रिय स्पर्शेन्द्रिय विकसित हुन सकेका छैनन् ।

अथर्वा प्राणसूत्रको ज्ञान पहिचानवाट भागेको मृगादि चोरलाई तिनले कुल्चेको जमीन सुङ्दै गएर पत्ता लगाउँछ । व्यक्तिले छोएको कुल्चेको वा लगाएको वस्तु धुलो इत्यादिमा यो अथर्वा प्राणसूत्र सूक्ष्म वासनारूपले संसक्त (टाँसिएको) हुन्छ । यी वस्त्रादिको आधारमा पनि हजारौं कोश टाढा रहेका व्यक्ति उपर आकर्षण, मारण-मोहन, उद्घाटन अनेक मनोमानी गर्न सकिन्छ । अहिले यस्ता तान्त्रिक साधक हराउदै गएता पनि मेरो वालकको लुगा, मेरो फरीया-चोलाको टुक्रा कस्ले काटेर लगेछ ? कुन वोक्सा-वोक्सीले छौंडा भेद गर्न, पुत्ला गाड्न लग्यो कि ? भन्ने प्रचलन गाउँघरमा आजसम्म छँदैछ । यस्ती अथर्वा प्राणसूत्र शक्ति हुन् ।

भौमस्वर्ग अमरावती भन्ने सहरमा वस्ने पुराणमा हरिवाहन वेदमा हरिवान् भन्ने राजाले सरमा नाम गरेकी कुकुर्नी पालेका थिए, यो कुकुर्नीद्वारा वृहस्पतिको गाई चोरेर लाने पणिनाम गरेको दानव चोरलाई पत्ता लगाइएको थियो (हेर-ऋग्वेद) पूर्वकालमा मनुष्य देवताहरू आफ्ना शत्रुप्रति यो अथर्वा शक्तिद्वारा कृत्या प्रयोग, मारण, मोहन, उद्घाटन वशीकरण इत्यादि प्रयोग गरी शत्रु दमन गर्दथे ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेदको घोराङ्गिरा र अथर्वाङ्गिरा नामक दुई भेद छन् । घोराङ गिरामा औषधि वनस्पति आदि विज्ञान र दोस्रो अथर्वाङ गिरामा अभिचार आदि छन् । मनु भन्छन्-

*श्रुतिरथर्वाङ्गिरसीःकुर्यादित्यभिचारयन्*

*वाक्शस्त्रं वै ब्राह्मणस्य तेन हन्यादरीन् द्विजः ।* (मनुस्मृति ११।३३)

यस अनुसार अघि अभिचार प्रयोग गरिन्थ्यो । यसको उही पूर्वोक्त अथर्वा सूत्रसँग सम्वन्ध छ । यो अथर्वा सूत्ररूपा महाशक्तिको नाम हो- वगलामुखी । पुराणमा यिनैलाई वल्गामुखि भनिन्छ । शतपथ श्रुति भन्दछ-

*यदा वै कृत्यामुत्खनन्ति अथ सालसामोघा भवति ।*
*तथो एवैष एतद्यद्यस्मा अत्र-कश्चिद् द्विषन् भ्रातृव्यः*
*कृत्यां वल्गां निखनति तानेवैतदुत्किरति । शत. ३।५।४।३*

निरुक्त क्रमानुसार संस्कृत भाषामा जस्तो हिंस शव्द वर्ण व्युत्पन्नको अनुसार सिंह वन्दछ । यसै अनुसार निगमोक्त वल्गा शव्द आगममा वगला रूपमा परिणत हुन्छ । यी कृत्या शक्तिको आराधना गर्ने मनुष्य आफ्ना शत्रुहरूलाई जेपनि गर्न सक्दछ । जस्तै उनको ध्यानवाट स्पष्ट थाह हुन्छ । वगलामुखीको ध्यान-

*जिह्वाग्रमादाय करेण देवीं*
*वामेन शत्रून् परिपीडयन्तीम् ॥*
*गदाभिघातेन च दक्षिणेन*
*पीताम्वराढ्यां द्विभुजां नमामि ॥* (शाक्तप्रमोदः वगलामुखी- तन्त्र)

## (९) मतङ्ग शिवकी महाशक्ति मातङ्गी

*श्यामां शुभ्रां सुभालां त्रिनयनकमलां रत्नसिंहासनस्थां*
*भक्ताभीष्टप्रदात्रीं सुरनिकरकरासेव्यकञ्जाङ्घ्रियुग्मम् ॥*
*नीलांभोजांशुकान्मि् निशिचरनिकरारण्यदावाग्निरूपां*
*पाशं खड्गं चतुर्भिवरकमलकरैः खेटकं चाङ्कुशञ्च ॥*
*मातङ्गीमावहन्ती मभिमतफलदां मोदिनीं चिन्तयामि ।* (शाक्तप्रमोदःमातङ्गीतन्त्र)

इत्यादि यो ध्यानवाट नै मातङ्गीशक्तिको कार्यस्वरूप ज्ञान हुन्छ ।

## (१०) सदाशिव पुरुषकी महाशक्ति कमला

धूमावती र कमलामा प्रतिस्पर्धा छ । धूमावती ज्येष्ठा कमला कनिष्ठा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेष्ठा अवरोहिणी थिइन् यी कमला रोहिणी छन् । उनी ज्येष्ठा आसुरी थिइन् । यी रोहिणी दैवीगुणयुता लक्ष्मी हुन् । उनी ज्येष्ठा दरिद्रा थिइन्, यी रोहिणी लक्ष्मी हुन् । रोहिणी नक्षत्रवाट ज्येष्ठा नक्षत्र षड्भान्तर अर्थात १८० अंशको फरकमा छ । जस्को रोहिणीमा जन्म हुन्छ उ भाग्यशाली हुन्छ । यसको निरूपण गर्दै ऋषि भन्दछन्-

*कान्त्या काञ्चन-सन्निभां हिमगिरिप्रख्यैञ्चतुर्भिर्गजै*
*हस्तोत्क्षिप्त-हिरण्यमामृतघटैरासिच्यमानां श्रियम् ।*
*विभ्राणां वरमब्जयुग्ममभयं हस्तैः किरीटोज्ज्वलां*
*क्षौमावद्ध-नितम्वविम्बवलिताँ वन्देऽरविन्दस्थिताम् ॥* (शाक्तप्रमोदःकमलातन्त्र)

यो दशमहाविद्याको विषय सारै नै गम्भीर र जटिल विषय छ । यसमा कलम उठाउनु लेखकको उमङ्ग मात्र हो । यस विषयमा बडेबडे धुरंधर महर्षि विद्वान्हरू त मोहित भईरहेका छन् भने हामी जस्ताले महामायाको मोहजाल पार गरेर यथार्थ मर्म भेट्टाएर लेख्न सकिने विषय नै होइन ।

यो सृष्टिविद्या महर्षिहरूले प्रकारान्तरवाट १० शक्तिलाई अन्तरभाव गरेर तीन शक्तिमा विभाजित पनि गरेका छन् । उनै तीन शक्तिहरू हुन्- महाकाली, महालक्ष्मी, महासरस्वती । तमोगुण प्रधान महाकाली कृष्णवर्णकी छन् । रजोगुण प्रधान महालक्ष्मी रक्तवर्णकी छन् । सत्त्व गुण प्रधान महासरस्वती श्वेतवर्णकी छन् ।

यी महाकाली, महालक्ष्मी, महासरस्वती क्रमशः प्रलय, सृष्टि र मुक्तिकाल हुन् । उही अजनाम भएका पुरुषकी अजा नाम भएकी महाशक्ति तीन रूपमा परिणत भएर सृष्टि प्रलय मुक्तिकी अधिष्ठात्री भएर रहेकी छन् । आगमोक्त यी त्रिरूपा शक्तिको मूल निगम मन्त्र यही नै हो ।

*अजामेकां लोहितशुक्लकृष्णां*
*वह्वीः प्रजाः सृजमानां सरूपाः ॥*
*अजो ह्येको जुषमाणोऽनुशेते*
*जहात्येनां भुक्तभोगामजोन्यः॥* (श्वेताश्वर ४।५)

अवान्तर (अन्य) क्षुद्र विद्याको अपेक्षा पूर्वोक्त दश महाविद्याहरू नै महाविद्या हुन् । परन्तु यिनीमा पनि परस्परको तारतम्यवाट भेद हुन गएको छ । जस्तै कोही महाविद्या, कोही श्रीविद्या, कोही सिद्धविद्या इत्यादि भेद छन् ।

दिवा पुरुष, हो रात्रि स्त्री हुन् शक्ति हुन् । अतएव यी विद्याहरू महारात्रि,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालरात्रि, मोहरात्रि, दारूण रात्रि आदि नामले प्रसिद्ध छन् । निम्न लिखित तालिकावाट यसलाई स्पष्ट गरिएको छ ।

| संख्या | शक्ति | नामान्तर | रात्रि | विद्या | शिव |
|---|---|---|---|---|---|
| १-० | महाकाली | - | महारात्रि | महाविद्या | महाकाल |
| २-१ | तारा | - | क्रोधरात्रि | श्रीविद्या | अक्षोम्य |
| ३-२ | षोडशी | त्रिपुरसुन्दरी | दिव्यरात्रि | सिद्ध विद्या | पंचवक्र |
| ४-३ | भुवनेश्वरी | राजराजेश्वरी | सिद्धरात्रि | सिद्ध विद्या | त्र्यम्वक |
| ५-४ | छिन्नमस्ता | - | वीररात्रि | विद्या | कवन्ध |
| ६-५ | भैरवी | त्रिपुरभैरवी | कालरात्रि | सिद्धविद्या | कालभैरव |
| ७-६ | धूमावती | अलक्ष्मी | दारूणरात्रि | विद्या | - |
| ८-७ | वगलामुखी | वगलामुखी | वीररात्रि | सिद्धविद्या | एकवक्र महारूद्र |
| ९-८ | मातङ्गी | - | मोहरात्रि | विद्या | मातङ्ग |
| ०-९ | कमला | लक्ष्मी | महारात्रि | विद्या | सदाशिव विष्णु |

*इति दश महाविद्या समाप्तम् ।*

***



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# श्रीविद्या महिमा

श्रीविद्यानै ललिता, राजराजेश्वरी, महात्रिपुरसुन्दरी, वाला, पञ्चदशी, षोडशी आदि नामले प्रसिद्ध छन्। मूलतत्त्वमा यौटै हुन्छन् तापनि उपर्युक्त नामहरू अवस्था भेदको परिचायक हो। यो अवस्था भेद अव स्पष्ट गरिन्छ। प्रसिद्ध यी दशमहा विद्यामा षोडशी विद्या श्रीविद्याको नै परिणतरूप हो। सामान्यतः उपासक भक्तहरूले मात्र आफ्नु-आफ्नु, आराध्य देवतालाई सर्वश्रेष्ठ परव्रह्मात्मकरूप मान्दछन्।

दश महाविद्यामा पहिला काली, तारा, षोडशी यी तीनै सर्वप्रधान विद्या हुन्। यी तीनवाटनै नौ विद्या र एक पूरक विद्या मिलाएर दशमहाविद्याहरू निर्मित हुन्छन्। प्रथम मूल एकवाट नै यी तीन हुन्छन्। सर्वमूलभूत एक विद्या नै श्रीविद्या हुन्। यिनैलाई व्रह्म विद्या तथा व्रह्मत्रयी भनिन्छ।

कालीताराको मूलविद्या षोडशीसँग के सम्वन्ध छ ? मूल एकवाट यी तीन कसरी पैदा भए ? इत्यादि प्रश्नको समाधान तल गरिन्छ।

## (१) श्रीविद्यानै ब्रह्मविद्या हो

श्रीविद्या शव्दवाट श्रीत्रिपुरसुन्दरी मन्त्र र मन्त्रको अधिष्ठात्री देवता दुवैको वोध हुन्छ। सामान्यतः श्रीशव्दको अर्थ लक्ष्मी भन्ने प्रसिद्ध छ, परन्तु हारितायन संहिता, व्रह्माण्ड पुराण उत्तर-खण्ड आदि पुराणहरूमा वर्णित कथाअनुसार श्रीशव्दको मुख्यअर्थ महात्रिपुरसुन्दरी नै हो।

श्रीमहालक्ष्मीले महात्रिपुरसुन्दरीको आराधना गरी श्रीशव्दले ख्यातिप्राप्त हुनेछौ भन्ने वरदान पाएकाले श्रीको अर्थ लक्ष्मी भन्ने प्रसिद्ध हुँदै आएको हो, यसैले श्री शव्दको महालक्ष्मी भन्ने अर्थ उपाधिधारी गौण अर्थ हो मुख्य होइन।

श्री अर्थात् महात्रिपुरसुन्दरीको प्रतिपादिका विद्या मन्त्र नै श्री विद्या हो। वाच्य वाचकको भेद नमानेर यस मन्त्रकी अधिष्ठात्री देवता नै श्रीविद्या हुन्।

सामान्यत श्री शव्द श्रेष्ठता वोधक हो, श्रेष्ठ पुरुषको नामका अगाडी श्री शव्दको प्रयोग गरिन्छ, यो शास्त्र प्रचलित छ। सर्वश्रेष्ठ परव्रह्मा नै हो, सवै व्रह्म



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलांश हुन् भन्ने सूचना श्री शव्दद्वारा हुन्छ । जस्तै श्री शिव, श्री विष्णु श्री काली इत्यादि । सर्वकारण भूतात्मा शक्ति त्रिपुरेश्वरी व्रह्म स्वरूपिणी भएकीले केवल श्री शव्दवाटनै व्यवहार हुन्छ ।

'सा हि श्रीरमृता सताम् ।'. इत्यादि श्रुतिले पनि यी व्रह्मरूपिणी विद्याको स्तुति गरेको छ । शास्त्रमा यस्तो लेखेको छ कि, विभिन्न देवताहरूको आराधना गर्नाले धन पुत्र स्वर्ग आदि फल प्राप्त हुन्छ, श्री विद्याका उपासकहरूको अलौकिक फल यसै हस्तगत छन् । यसको साथै वेदमा वताएको 'तरतिशोकमात्मवित्' यस्तो मोक्षफल समेत प्राप्त गर्छन् ।

पाशांकुशधनुर्वाणा य एनां वेद सशोकं तरति स शोकं तरति । (आथर्वण देव्युपनिषद्) यस भनाईअनुसार श्रीविद्या उपासकहरू संसाररूपी शोकवाट पार हुन्छन् । यसकारण श्रीविद्या नै व्रह्म विद्या हुन् ।

यसमा यो शङ्का उठ्दछ कि संसारको शोक आदिवाट पार हुनु नै अभीष्ट फल हो भने यो अभीष्ट प्राप्तिका लागि अरू श्रवण मनन निदिध्यासन आदि अनेक वैदिक उपाय वताई राखेको छ भने यो विद्याको झन्झट किन चाहियो ? यसको उत्तर यो छ कि यी यस्ता अनेक छन् । यसैका पनि श्रवण मननादि ज्ञान मार्ग सारै कठिन हुन्छ । यसवाट करोडौंमा १ मात्र उत्तीर्ण हुन पनि मुस्किल छ । फेरि यसवाट पतनको भय हुन्छ । श्रीविद्या क्रमिक उपासनाको मार्ग हो यदि सद्गुरु पाइयो भने सामान्य मानिस पनि क्रमिश उपासनाको परिपाकवाट श्री माताको अभिन्न कृपाले यसै जन्ममा आत्मज्ञानी हुन सक्छ । यो उपासना मार्गमा श्रीगुरुरूपिणी शक्तिको अनुग्रह आलम्वन हुनाको कारण पतनको आशङ्का हुँदैन । सोकोत्तीर्णतारूप फल अवश्यँभावी छ । यही कुरा अथर्वण देव्युपनिषद्ले निश्चय गरेर दोहाऱ्याएर भनेको छ- स शोकं तरति स शोकं तरति । श्रीविद्याको उपासनामा विशेषता यही छ की यसवाट भोग र मोक्ष दुवै प्राप्त हुन्छन् ।

*यत्रास्ति भोगो न च तत्र मोक्षो*
*यत्रास्ति मोक्षो न च तत्र भोगः।*
*श्रीसुन्दरीसेवनतत्पराणां*
*भोगश्च मोक्षश्च करस्थ एव ॥*

## (२) श्री विद्या नै आत्मशक्ति हुन्

आत्मशक्ति उपासना नै श्री विद्याको उपासना हो । हारितायन संहिता, त्रिपुरारहस्य महात्म्यको चतुर्थ अध्यायमा महामुनि संवर्तले परशुरामलाई भनेका छन्- "संसारदेखि भयभीतको निमित्त शुभमार्ग यही हो गुरुको उपदेश मार्गवाट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वात्मशक्ति त्रिपुराको आराधना गर ! उनको कृपा लेशमात्र प्राप्त गरेर सर्वसाम्याश्रयात्मक स्वात्मभावलाई प्राप्त गर ! दृश्यमान (देखिने जति) संपूर्ण आभास मात्र हो, यो सारा शक्ति विलास (लीला) नै हो । यस्तो संझेर (अन्तरात्माले विश्वास पूर्वक वुझेर) जगद्गुरु समापत्तिमा प्राप्त भएर निर्भय निःसन्देह होऊ । हे परशुराम ! तिमी पनि म जस्तै यथेच्छ भएर हिँड । सर्वभावमा स्वात्मा र स्वात्मामा सर्वभावलाई देख्ने भएर पिण्डाहंभावलाई छोडेर वेत्तृ (वेत्ता) भावको आसनमा स्थिर रहू । स्वदेहलाई विद्या (वुझ्नु पर्ने कुरा यही हो भन्ने) संझेर वेत्तादृष्टि राख्ने पुरुषको यस संसार मार्गमा केही कर्तव्य वाँकि रहँदैन ।

**कामेश्वर कामेश्वरीको उपासक स्वरुपः** स्वात्मशक्ति श्रीविद्या नै ललिता, कामेश्वरी, महात्रिपुरसुन्दरी उनी महाकामेश्वरका काखमा विराजमान छन् । उपाधि रहित शुद्ध स्वात्मा नै महाकामेश्वर हुन् । सदानन्दरूप उपाधिपूर्ण स्वात्मा नै परादेवता महात्रिपुरसुन्दरी हुन् । निष्कर्ष (निचोर) यो हो- कि स्व अर्थात उपासकको आत्मा अर्थात उनी (उपासकको आत्मा) सदानन्द उपाधिपूर्ण ललिता नै हुन् । सच्चिदानन्दरूप धर्मत्रय-निर्मुक्त धर्मीमात्र उही स्वात्मा श्रीविद्या ललिताका आधार भएका महाकामेश्वर हुन् । परदेवता आत्मादेखि अभिन्न भएकोले अन्तःकरणोपाधिक आत्मा उपासक हो । सदानन्दोपाधिपूर्ण आत्मा उपास्य हो । सर्वथा निरुपाधिक आत्मा महाकामेश्वर हुन् ।

**कामेश्वर र कामेश्वरीको रक्तवर्णको संक्षेपः** श्री कामेश्वर कामेश्वरीको रक्तवर्णको ध्यान गरिन्छ यस्को रहस्य यो हो- *लौहित्यमेतस्य सर्वस्य विमर्शः* (भावनोपनिषद सूत्र २८) अर्थात् महाकामेश्वर, ललिता र आफू यी तीनको विमर्श अर्थात् स्वात्मा (आफू) मा अनुसन्धान (खोजी) गर्नु नै ललिताको रक्तवर्णको भावना हो । कामेश्वर कामेश्वरीको रक्त वर्णको वासना केवल गुरुमुखवाट जानिने हुँदा शव्दव्याख्यानवाट त्यसको ठीक वर्णन गर्न सकिँदैन तापनि जति सकिन्छ त्यति वर्णन गरिन्छ ।

निरुपाधि भन्नाले केवलत्व र सदानन्द पूर्ण भन्नाले धर्म विशिष्टतत्त्वको प्रतीत हुन्छ । विशिष्ट र केवल यी अवयवावयवीको समान अयुत सिद्ध हुन्छ । यिनको परस्पर तादाम्य सम्वन्ध नै हुन्छ, न कि भेद घटित संयोगादि सम्वन्ध । प्रकृतमा कामेश्वर कामेश्वरीको विग्रहात्मक स्थूल दुई रूपको सम्वन्ध कामेश्वरको अङ्कमाल (काख) मा कामेश्वरीले विराजमान हुनुमा वास्तविक छ । स्थूलदृष्टिमा यी शिव र शक्ति एकात्मक हुन् । जस्तो माटो र त्यसबाट वनेको घडा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकारको वासना नै रक्त वर्णको भावना हो ।

**शक्तिहीन शिव शवरूप होः** कामेश्वर शिवको शिवताभाव महाशक्तिको उल्लास रूप सानिन्ध्यले नै स्फुरित हुन्छ। स्कन्दपुराणमा भनेको छ-

*जगत्कारणमापन्नः शिवो यो मुनिसत्तम ।*
*तस्यापि साऽभवच्छक्तिस्तया हीनो निरर्थकः ॥*

त्यसरी नै सौन्दर्यलहरीमा भनिएको छ-

*शिवः शक्त्यायुक्तो यदि भवति शक्तः प्रभवितुं ।*
*नचेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ॥*

**पञ्च प्रेतासनाः** श्रीविद्या राजराजेश्वरी पञ्चप्रेतासनमा विराजमान भएकी छन् । व्रह्मा, विष्णु, रूद्र, ईश्वर र सदाशिव, यी ५ महाप्रेत हुन् । यसको रहस्य यस प्रकारको छ । निर्विशेष व्रह्म नै स्व शक्तिको सान्निध्यवाट सृष्टि, स्थिति, प्रलय, निग्रह अनुग्रह रूपी पाँच कार्यको संपादन गर्दछन् । जव व्रह्मादि वामाङ्गी शक्तिले हीन भएर आफू एकलै कार्य सम्पन्न गर्न असमर्थ हुन्छन् । त्यस वखत उनीहरू शव(प्रेत) समान हुन्छन् । यिनै पाँचमा पनि व्रह्मा, विष्णु, रुद्र ईश्वर यी चार आसन (खाट) का खुट्टा हुन्, सदाशिव फलेक हुन् । यस्तो खाट रूपी आसनमाथि महाकामेश्वरका काखमा महाकामेश्वरी विराजमान रहन्छिन् ।

## (३) श्रीकामेश्वरीका हतियार

कामेश्वरी चार हातमा पाश, अङ्कुश, इषु धनु र पञ्च पुष्प-वाणहरूको ध्यान गरिन्छ, उनको वास्तविक स्वरूप यसप्रकारको छ । पाश वैपरीत्य वन्धक राग हो अर्थात् प्रीति नामक तत्त्व नै पाश हो । वन्धकत्व धर्मका साथ साम्य हुनाले उही राग श्री आमाले पाश रूपमा धारणा गर्दछिन् । भाव सूत्र ३३ मा राग पाश लेखेको छ। सूत्र २४ मा द्वेष अङ्कुश लेखेको छ। सङ्कल्प विकल्पात्मक क्रियारूप मन नै इक्षु धनु हो । भावसूत्र २२ मा मन इषु धनु लेखेको छ । शव्द, स्पर्श, रूप, रस, गन्ध यी पञ्च तन्मात्रा नै पञ्च पुष्प वाण हुन् । भावसूत्र २१ मा शव्दादि तन्मात्राः पञ्च पुष्प वाणा लेखेको छ । उत्तर चतुःशतीमा यी आयुधको यथार्थरूप यसरी वताइएको छ–

*इच्छाशक्तिमयं पाशमङ्कुशं ज्ञान-रूपिणम्*
*क्रिया-शक्तिमये वाण-धनुषी दधदुज्ज्वलम् ॥*

पाश इच्छा शक्ति, अङ्कुश ज्ञान शक्ति, वाणधनु क्रिया शक्ति रूप हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (४) रहस्य पूजा (षोडशोपचार) विधि-

पूर्वोक्त प्रकारले श्रीमहाकामेश्वरको काखमा विराजमान भएकी पाश अङ्कुश, इक्षु धनु, पञ्चपुष्पवाण हातमा लिएकी पञ्च प्रेतासन गरी वसेकी यस्ती महात्रिपुरसुन्दरीको वाह्य पूजा वाह्य याग अनेक भक्तहरूले अनेक पद्धतिमा अनेक प्रकारवाट वताई राखेका छन्। यस वाह्य पूजाको विषयमा वताई रहनु आवश्यक छैन। रहस्य पूजाको केही दिग्दर्शन यसप्रकार वताइन्छ।

१) **आसन-** पूर्ण सर्व व्यापक चित् शक्तिको महिमा भक्तमा आफ्नू प्रतिष्ठा (संलग्नता) को भावना नै आसन प्रदान हो।

२) **पाद्यार्पण-** विषयादिस्थूल प्रपञ्चरूप चित्शक्तिको चरणको नामरूपात्मक मनलाई सच्चिदानन्दकै रूपत्व भावनारूप जलले पखाल्नु नै पाद्यार्पण हो।

३) **अर्घ्यापर्ण-** सूक्ष्म प्रपञ्चरूप हातको नाम-रूपात्मक मनलाई सच्चिदानन्दकै रूपत्व भावनारूप जलले पखाल्नु अर्घ्य प्रदान हो।

४) **आचमन-** भावना रूपलाईनै कवलीकरण (ग्रहण गरिहनु) गर्नु नै आचमनार्पण हो।

५) **स्नानार्पण-** अखिलावयवावच्छेदेन सत्त्वचित्त्वानन्दत्वादि भावनारूप जल संपर्क नै स्नानार्पण हो।

६) **वस्त्रार्पण-** उक्त अवयवहरूमा प्रसन्न भावनात्मक वृत्ति विषयताहरूलाई वृत्यविषय रूपी भावना वस्त्रले पुछ्नु नै देह पुछ्नु वा वस्त्रार्पण गर्नु हो।

७) **आभूषणार्पण-** निर्विषयत्व निर्जनत्व अजरत्व अशोकत्व, अमृतत्वादि अनेक धर्मरूप आवरणमा धर्म्यभेद भावना गर्नु नै आभूषणार्पण हो।

८) **गन्धार्पण-** स्व शरीर घटक पार्थिव भागको जडता हटाएर उसमा चिन्मात्र भावना गर्नु नै गन्धार्पण हो।

९) **पुष्पार्पण-** स्व शरीर घटक आकाशभागको जडता हटाएर उसमा चिन्मात्र भावना गर्नु पुष्पार्पण हो।

१०) **धूपार्पण-** स्व शरीर घटक वायवीय भागको जडता हटाएर उसमा चिन्मात्र भावना गर्नु धूपार्पण गर्नु हो।

११) **दीपार्पण-** स्व शरीर घटक तैजस भागको जडता हटाएर उसमा चिंन्मात्र भावना गर्नु नै दीपार्पण हो।

१२) **नैवेद्यार्पण-** स्व शरीर घटक जलभागको जडता हटाएर उसमा चिन्मात्र भावना गर्नु नै नैवेद्यार्पण हो।

१३) **ताम्वूलार्पण-** षोडशेन्द्र मण्डलको चिन्मात्रमया भावना केन्द्रित गर्नु



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तास्वूलार्पण हो ।

१४) **स्तुति अर्पण-** परा पश्यन्त्यादि सारा शव्दलाई नादद्वारा व्रह्ममा उपसंहार (अर्पण गर्नु, मिलाउनु) गर्ने भावना नै स्तुति हो ।

१५) **प्रदक्षिणाः-** विषयतर्फ उन्मुख (दौडने) चित्तवृत्तिलाई विषय जडतावाट निराश गराई व्रह्ममा विलीन गर्नु नै प्रदक्षिणा हो ।

१६) **प्रणाम-** चित्वृत्तिहरूलाई विषयवाट फर्काएर व्रह्ममा मात्र एकत्र गराउनु नमस्कार हो ।

यो षोडशोपचार रहस्य पूजाको दिग्दर्शन मात्र हो। गुरुमुखवाट यस अन्तर यागको रहस्य संझेर-वुझेर एकान्त स्थलमा प्रतिदिन उक्त प्रकारवाट चित् शक्तिको पूजा गर्ने भक्त साधकहरू साक्षात् शिव नै हुन्छन् ।

## (५) आत्मशक्तिको चतुर्विधरूप

१) **भक्तहरूका निमित्त उपासना गर्न सकिने आत्मशक्ति श्रीविद्याको स्थूल रूप-** हातपाउ आदि अवयवभूषित अत्यन्त सुन्दररूपलाई मन्त्र सिद्ध भएका उपासक भक्तहरूका हातले प्रत्यक्ष छुन्छन् । लोकलाई अत्यन्त आनन्द दिने उनको तेजोराशि मूर्तिको आँखाले प्रत्यक्ष दर्शन गर्छन् । हातले जननीको पाउ स्पर्श गर्न सक्छन् । यो जननीको स्थूल रूप हो ।

२) **मन्त्रात्मक रूप-** पुण्यवान् भक्त साधकहरूको कर्णेन्द्रिय र वागिन्द्रियको विषय हो । ललिता सहस्रनाममा वताएको छ- श्रीमद्वाग्भवकूटैकस्वरूपमुखपङ्कजा ।

**वाग्भव कूट-** पञ्चदशी मन्त्रको पहिला पाँच अक्षर नै जसको मुख कमल हो । अर्थात् मन्त्रमयी देवताको सिद्धान्त अनुसार मन्त्राक्षरमा नै देवताको शरीरावयवको कल्पना गर्नुवाट ऊ मन्त्रात्मक स्वरूपलाई मन्त्र ध्वनि श्रवण रूपमा कर्णेन्द्रिय (कान) ले तथा मन्त्रोच्चारण रूपमा वागिन्द्रिय (वचन) ले प्रत्यक्ष गरिन्छ । सवै मन्त्रका मूल भएका मातृका सरस्वत्यात्मक (स्वरादिहलादि साराअक्षर) रूप कहिन्छन् । जस्तै- एतस्यां साधितायां तु सिद्धास्यान्मातृका यतः ।

३) **वासनात्मक रूप-** पुण्यवान् भक्त साधकको मनेन्द्रियले मात्र ग्रहण गर्न सक्दछन्, जस्तो वताएको छ कि- 'चैतन्यमात्मनो रूपम् !' अर्थात् आत्मशक्ति जगदम्वाको चैतन्यनै स्वरूप हो । आत्म चैतन्यको अनुभव केवल मनले नै गर्दछ । उत्तम मध्यम अधम साधक अधिकारी भेदअनुसार यी उपर्युक्त तीन रूप उत्तम मध्यम साधकहरूका उपासना योग्य छन् । अर्को तुरीय रूप जुन छ, त्यो रूप त मनआदि सवै इन्द्रियदेखि पर छ । इन्द्रिय गोचर छैन । यस्तो अचिन्त्य रूपको त मुक्त-योगीहरूले मात्र अनुभव प्राप्त गर्दछन् । यस्तो रूप अखण्ड छ । महाशक्तिका चतुर्विध रूप यी नै हुन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (६) गुरुमन्त्र र देवतामा अभेदभावनाको रहस्य

मुख्य उपासना पद्धति हो । आत्मशक्ति रूपिणी देवता श्रीविद्या, उनको मन्त्र र मन्त्रको उपदेश दिने गुरू यी तीनमा अभेद भावको दृढता हुनु नै पूर्णसिद्धि लाभ प्राप्ति हो । गुरुको अभेद भावनाको करण यो हो- आदिनाथादि गुरुक्रम संप्रदाय प्रभाववाट जसले श्रीविद्याको साथ पूर्ण अभेद दृढ भावनाद्वारा पूर्ण अभेद प्राप्त गरेका हुन् । यस्तै गुरूका साथ यदि शिष्य आफू आत्मशक्ति ले अभेद भावना प्राप्त गर्छन् भने यस्ता शिष्यको पनि श्रीविद्या (उपास्यदेवता) का साथ पूर्ण अभेद तत्क्षणमा नै प्राप्त हुन्छ । यसकारण श्रीविद्या (उपास्य) का साथ पूर्ण अभेद प्राप्त गर्नका निमित्त गुरुकृपा वाहेक अर्को उपाय छैन । यसैले गुरुसँगको अभेद भावको नितान्त आवश्यकता हुन्छ । जस्तै घट, कलश, कुम्भ यी तीन शव्द एकै अर्थवाचक हुन् । यो सुन्दरी तापनीयमा बताएको छ-

*यथा घटश्च कलशः कुम्भश्चैकार्थवाचकाः ।*
*तथा मन्त्रो देवता च गुरुश्चैकार्थवाचकाः ॥*

श्रीविद्याको वाह्र संप्रदाय छन् र कामराज विद्याको महत्व यसरी उल्लेख गरिएको छ -

*मनुश्चन्द्रः कुवेरश्च लोपामुद्रा च मन्मथः*
*अगस्तिरग्निः सूर्यश्च इन्द्रःस्कन्दः शिवस्तथा ॥*

क्रोधे भट्टारको देव्या द्वादशामी उपासकाः । यी सवैको भिन्न भिन्न संप्रदाय थियो, यिनमा लोपामुद्रा र मन्मथ यी दुइको संप्रदाय अहिले प्रचलित देखिन्छन्, यी दुईमा पनि ज्यादा मन्मथ अर्थात कामराज विद्याको नै सवैतिर प्रचार देखिन्छ । त्रिपुरारहस्य महात्म्य खण्डमा कहिएको कथाअनुसार कामदेवले अत्यन्त भक्ति गरेर श्रीमातालाई प्रसन्न गराई श्री जगदम्वावाट अनेक दुर्लभ वर प्राप्त गरी आफूले उपासना गरेको राजविद्या प्रति उपासकका निमित्त पनि ज्यादै सुविधा गरिदिए, यसकारण कामराज विद्याको विशेष प्रचार हुन गयो ।

## (७) कामराज विद्याको स्वरूप

कामराज ककारादि पञ्चदश वर्णात्मक छ । यसलाई कादि विद्या पनि भनिन्छ । तन्त्रराजमा शिवले देवीलाई भन्दछन्- हे पार्वती कादि विद्या तिम्रो स्वरूप नै हो । यो कादि विद्यावाट सम्पूर्ण सिद्ध प्राप्त हुन्छ । कादि विद्याको उद्धार (मन्त्रोद्धार) यसप्रकार छ-

*कामो योनिः कमला वज्रपाणिर्गुहा ह सा मातरिश्वाभ्र मिन्द्रः।*
*पुनर्गुहा सकला मायया च पुरूच्येषा विश्वमातादि विद्या ॥*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अथर्वण त्रिपुरोपनिषद्) ॥

लोपामुद्रा चाँही हादि विद्या हो। यो पनि पञ्चदश वर्णात्मक कामेश्वराङ्कस्थिता कामेश्वरीको पूजा मन्त्रमा कादि हादि दुवै विद्याले युक्त नाम मन्त्रको योजना सत्संप्रदायमा प्रचलित छ। वाँकी रहेका मनु चन्द्रादि दश विद्याहरू खाली शास्त्रमा पाठ पढिएको मात्र देखिएको छ। प्रचलित उपासना पद्धतिमा दश विद्याहरूको समग्र उपयोग भएको उती देखिदैन।

## (८) श्रीविद्या नै त्रिपुरा हुन्

श्री कामराज विद्याकी अधिष्ठात्री श्रीविद्याको अर्को नाम त्रिपुरा हो। त्रिमूर्तिले पुरा, पुरानी, अर्थात परिपूर्ण हुनाले त्रिपुरा। गुणत्रयातीता, गुण नियन्त्री शक्ति। गौडपाद सूत्रमा 'तत्त्वत्रयेण भिदा,' आदि लेखेको छ।

त्रिपुरार्णवमा, इडा, पिङ्गला, सुषुम्णा यी तीन नाडि नै त्रिपुरा हुन्। उनी मन, वुद्धि, चित्त रूपी तीन पुरमा बस्ने शक्ति भएकीले त्रिपुरा भनिएकी हुन् भनेको छ। अरू शास्त्रहरूमा पनि व्रम्हा, विष्णु महेश त्रिमूर्तिकी जननी हुनाले तथा त्रयी विद्या ऋक् यजु साम पनि हुनाले एवं महाप्रलयकालमा तिनै लोकलाई आफूमा विलीन गर्ने हुनाले त्रिपुरा नाम प्रसिद्ध भएको हो।

सङ्केत पद्धति तथा वामकेश्वर तन्त्रमा त्रिपुराको स्वरूप यसप्रकार वताएको छ- व्रम्हा, विष्णु, महेशरूपिणी श्री विद्याको स्वरूप नै ज्ञान, क्रिया, इच्छाशक्ति हो। इच्छाशक्ति शिरोभाग, ज्ञानशक्ति मध्यभाग, क्रियाशक्ति अधोभाग यस्तो उनको शरीर हो। यस्तो शक्ति त्रयात्मक उनको स्वरूप हो, यसैले उनलाई त्रिपुरा भनेको हो।

## (९) त्रिपुरा आत्मशक्ति हुन्

त्रिपुरा आत्मशक्ति हुन् भन्ने कुरामाथि पनि केही वताइयो। यहाँ फेरी पनि केही वताइन्छ। दत्तात्रेय गुरु परशुरामलाई भन्दछन्- हे परशुराम ! त्रिपुराम्वा पराशक्तिको माहात्म्य कसले भन्न सक्दछ। सर्वज्ञ सर्वशक्तिमान् लोकेश्वर भनि कहलिएका व्रह्मा, विष्णु, महेश्वरहरूले पनि आजसम्म उनको स्थान र स्वरूप चिन्न-जान्न सकेका छैनन्। वस्तुतः उनी यस्ती शक्ति हुन् भनी कोही कुनैले पनि यथार्थ वर्णन गर्न सकेका छैनन्। वेद, शास्त्र र तन्त्रहरूले पनि यथार्थ वर्णन गर्न सकेका छैनन्। प्रत्यक्ष आदि प्रमाण पनि प्रमेय मात्रको ग्रहण गर्दछ। त्यस



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिको स्वरूपसम्म पनि उसको पुग्ने सामर्थ्य छैन । जस्तै अग्निको ज्वाला अग्नि-इन्धन दाउरा र अङ्गार आदिमा प्रत्यक्ष आविर्भाव भएको देखिन्छ । जव अग्नि निभ्दछ मर्छ तव अंग्निकहाँ गयो लीन भयो प्रत्यक्ष थाहा हुँदैन, त्यस्तै समस्त मातृमण्डल शक्ति संघट्टरूपिणी महाचैतन्यात्मिका श्री को कुन स्वरूप हो, उनी कसरी आविर्भाव हुन्छिन्, कसरी कहाँ अन्तरभाव हुन्छिन् । यो ज्ञान हुन सक्दैन । न तर्कवाट, न युक्तिवाट पत्ता लगाउन सकिन्छ । अहमस्मि (म हुं) भन्ने यो प्रतीति वाहेक उनलाई पत्ता लगाउने अरू उपाय छैन, अरू प्रमाण छैन । म हुं भन्ने यो प्रतीति हुनु नै आत्मशक्तिको भाव अस्तित्त्व हो । भित्र वाहिर सधैं सवै ठाउँमा यस प्रकारको प्रत्यक्ष अनुभव गर्ने साधक (उपासक) आनन्द रूपको अनुभव गर्ने हुन्छ ।

## (१०) श्रीविद्यानै चिच्छक्ति हुन्

आत्मशक्तिरूपिणी श्री विद्या लीलाले शरीर धारणा गर्छिन् अनि मात्र वेद शास्त्रहरूले उनको निरूपण गर्न लाग्दछन् । सारा प्रमाणकी प्रमात्री उनै शक्तिलाई चिच्छक्ति नामले व्यवहार गरिन्छ । उनको लीलावतारको महात्म्य अनन्त छ ।

**श्रीविद्याको ध्यान अरू देवताभन्दा विशेष छः** प्राय सवै देवताहरूको स्वरूप ध्यानमा वराभय-मुद्रा हुन्छन् । जुन मुद्राले यी देवताहरू आफ्ना भक्तहरूलाई वर तथा अभय प्रदान गर्ने सूचना गर्छन् । भक्तहरू पनि प्रायः यस्तै देवताहरू खोजेर सेवा गर्दछन्, जुन देवतावाट आफ्नु अभीष्ट वर प्राप्ति र भय नाश हुन्छ । श्रीविद्या त व्रह्ममयी हुन् सारा जगत्को कल्याणका निमित्त प्रादुर्भाव हुन्छिन् । उनको निमित्त वराभय प्रदानको आडम्वर गर्न कुनै आवश्यक छैन । सौन्दर्य लहरीमा शङ्कराचार्य भन्दछन्-

*त्वदन्यः पाणिभ्यामभयवरदो दैवतगण-*
*स्त्वमेका नैवासि प्रकटितवराभीत्यभिनया ।*
*भयात्त्रातुं दातुं फलमपि च वाञ्छासमधिकं*
*शरण्ये ! लोकानां तव हि चरणावेव निपुणौ ॥*

हे शरणागत रक्षिके आमा ! तिमी वाहेक प्राय अरू सवै देवताहरू आफ्नू हातले वर अभयदान दिने हुन् । एक तिमी मात्रै यस्ती छौ वर अभयको सूचना (आडम्वर) गर्दिनौ, के तिम्रा भक्तलाई वर अभय मिल्दैन ? यो होइन कि हे आमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरण्ये भक्तलाई वर दिने त तिम्रा पाउ नै छन् भने हातमा वराभया मुद्राको के जरूरत। अर्थात् अरू देवता जुन वरदान हातले दिन्छन् त्यो दिने त तिम्रा पाउ नै छन् किनभने तिमी राजेश्वरी ब्रह्ममयी छ्यौ।

## (११) श्रीविद्याका लीलावतार

श्रीविद्याका लीलावतारहरू अनन्त छन्। त्रिपुरा-रहस्य महात्म्य खण्ड, ब्रह्माण्ड पुराणोत्तरखण्ड, देवीभागवत, मार्कण्डेय पुराण आदि अनेकौं शास्त्रमा मुख्य अवतारहरूको गणना यसरी गरिएको छ र विश्वको कार्यअनुसार उनीले अनेका किसिमवाट अवतारहरू लिई रहन्छन्। उनका मुख्य अवतार यिनै हुन्- कुमारी, त्रिपुरा, गौरी, रमा, भारती, काली, चण्डिका, कात्यायनी, दुर्गा, ललिता इत्यादि। यिनी अवतारहरूको चरित्र उपर्युक्त ग्रन्थादि हेरेमा यथार्थ ज्ञान हुन्छ।

❋❋❋



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# तन्त्र रहस्य

हिन्दु धर्ममा तन्त्रको एक विशेष स्थान छ। धर्मको व्यापकता जीवन पथमा उसको आवश्यताको बोध तन्त्रले नै राम्रो प्रकारसँग गराउँछ। नीचभन्दा नीचलाई पनि धर्ममय दिव्य जीवन लाभ गराउने तन्त्रसँग अनुपम सन्देश छ। तन्त्रको आनन्ददायक काखमा सारा धर्महरूले आ-आफू विश्राम पाउँदछन्। यसकारण हिन्दु धर्मको परिपूर्णताको ज्योति तन्त्ररूपी सूर्यवाट नै प्रस्फुटित हुन्छ।

तन्त्रको अर्थ हो- सवैमा रमण गर्ने तन्तु (सूत्र)। यो यस्तो सूत्र हो कि जसमा मनका सवै भाव उनिएको हुन्छ। शक्तिः यो तन्त्ररूपी सूर्यकी आमाहरूमा सवैभन्दा ठूली आमा हुन्। प्रत्येक भाव, कर्म, साधन, पथ, योजना, सिद्धि इत्यादिमा शक्तिकै प्रभाव हुन्छ। शक्तिविना शिव समेत सारा विश्व शव (मुर्दा) सरह हुन्छन्। शक्ति विश्वातीत पुरुषोत्तमकी चिति हुन्।

पुरुषोत्तमकी यी विश्वातीत आद्यशक्ति प्रभाववाट मात्र ब्रह्मा विष्णु आदि देव गण आ-आफ्नू गति र प्राण प्राप्त गरेर, निर्दिष्ट कार्य गर्न समर्थ हुन्छन्। अस्तित्त्वको प्रतिष्ठा शक्तिको महाप्राणमा निर्भर रहन्छ। विश्वमा जो जे छ सवै शक्तिको आत्मप्रकाश हो। यदि शक्ति न हुँदो हो त कहीँ कसैको पनि अस्तित्त्व अथवा अवसान सम्भवै थिएन। सृष्टि प्रलय दुवैको शक्ति गति हो। यस्ती सर्वव्यापिनी शक्तिको अनन्त रूप छ। महाकारणमा यी शक्ति नाद रूपले र कारणमा विन्दु रूपले विराजमान छन्। स्फुरणको विस्तार साथै शव्दको पनि १ परा, २ पश्यन्ती, ३ मध्यमा, ४ वैखरी यी चार रूपमा विस्तार हुन जान्छ...।

शव्दमा विविध शक्तिको समावेश हुन्छ। कति शव्दको मेलवाट एक विशिष्ट शक्तिको दमक (चाल) मिल्दछ। यी संघवद्ध शव्दलाई मन्त्र भनिन्छ। प्रत्येक मन्त्रको आफ्नू एक विशिष्ट देवता अथवा अधिष्ठात्री शक्ति हुन्छ। त्यस शक्तिलाई जुन मन्त्रको रूपवाट जप गरेर प्रवुद्ध गराउन सकिन्छ, त्यो त्यही



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताको मन्त्र हुन्छ । पहिले उसको भाव जाग्रतमा लगाएर स्थूल रूप दिनु पर्छ र पछि मन्त्रको वारवार मानसिक जप हुन्छ अर्थात मन्त्र देवताको ध्यान । फेरी उस देवताको मन्त्र र मन्त्रको अधिष्ठात्री देवतालाई यन्त्रवद्ध गरिन्छ, साधकको निमित्त यो कठिन भूमिका हो । यस अवस्थालाई पार गर्नु वास्तविक उत्तम वीर पुरुषको काम हो ।

यन्त्रहरूको पूजा गर्ने आ-आफ्नो विधान हुन्छ र यसको सिद्धि लाभगर्न अनेक विघ्न-वाधाको सामना गर्नुपर्छ । यो कष्टको अनुभव गर्दै सदा शिवजीले धेरै यन्त्र-मन्त्रलाई कीलित गरिदिएका छन् । अर्थात कीलो ठोकेर वेकम्मा गरिदिएका छन् । जुन कीलित छैनन् ती मात्र आजकल प्रचलित छन् । यद्यपि कीलित यन्त्र र मन्त्रहरूलाई पनि विशेष पुरुषार्थद्वारा खुलाउन (सक्रिय गराउन) सकिन्छ । यी अकीलित मन्त्र र यन्त्रहरूमा पनि कोही साध्य छन् कोही ईश्वरीका कृपावाट उद्दीप्त छन् त्यसैले तिनलाई सिद्ध गरिरहनु पर्दैन । यन्त्र मध्ये श्रीयन्त्र सवैको शिरोमणि हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# श्रीयन्त्र प्रकरण

**श्रीयन्त्रको महिमा र स्वरूपः** अति प्राचीन कालमा हाम्रा सिद्ध, मुनी वैदिक महर्षिहरूले श्रद्धाभक्ति साथ श्रीविद्याको उपासना गर्दै आईरहेका हुन् । यसयुगमा शङ्कराचार्य र उनका गुरु गौडपाद आदि धुरन्धर विद्वान् सिद्धहरूले पनि साक्षात् शिवका साथसाथै श्री विद्याको उपासना गर्दै आएका छ । समयले गर्दा पूर्ण ज्ञानको कमी हुन गएता पनि श्री विद्याप्रतिको श्रद्धाभक्ति कम थिएन, हाम्रो नेपालका लिच्छवी, मल्ल र शाहवंशका राजाहरूले पनि शक्ति सेवा नगरेका होइनन् । यिनका समयमा शक्ति सेवाको विशेष विकास भएको देखिन्छ ।

**श्रीविद्याप्रति शाहवंशीय श्रद्धाः** गोरखाका राजा पृथ्वीपति शाहले गोरखा दरवारमा कन्दुक जस्तो गोल शिलामा अधोमुख ५ शक्ति चक्र र उर्ध्वमुख ४ शिवचक्रले संयुक्त भएको, मध्य भागमा यन्त्र र यसदेखि वाहिर मर्यादा वृत्त, यसवाहिर यसकै आडमा चारौ तर्फ षोडश दल र मर्यादा वृत्त, यस भन्दा वाहिर चार द्वार भएको तीन रेखाले वनेको भूपुर भएको श्री यन्त्र राखेका थिए । यद्यपि त्यस यन्त्रमा मन्त्र भने लेखेको छैन । यस्तो श्रीयन्त्रलेखाई यो यन्त्रका अरू उपकरण सहित गरी पत्थरको देवल वनाई श्रीविद्याको स्थापना गरी गुठी खेत समेत राखीदैनिक एवं पर्वपूजा समेत चलाएका थिए । यो साविक वमोजिम पूजा आजा गुठी खेत चलिरहैकै छ ।

पृथ्वीनारायणशाहवाट नेपालमा एकीकरण गर्न प्रस्थान गर्नु भन्दा पहिले घरमा पूजा गरिराखेकी श्रीविद्यावाट तिमी जान लाग्यौ मेरो के बन्दोवस्त गरी जान्छौ भन्ने स्वप्ना हुंदा उनलाई वैजनाथ अर्ज्यालका घरमा राखी उनका सन्तानले पूजा गर्ने र दैनिक पूजा पर्वका निमित्त ८० मुरी घोरटारी भन्ने खेत त्यसका लग्गापात समेत गुठी राखेका थिए । हाल सो गुठी जग्गा कहिले कता गयो खाली गोरखा दरवारबाट चैत्रवडादशैमा पूजावली मात्र आउँदैछ । दैनिक पूजालोप भएको छ । उपर्युक्त वेहोरा लेखेको लाल मोहोर ९० सालमां राजसमशेरको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखा दौडाहामा सक्कलै पेश गरेको थियो। आजसम्म केही भएको छैन।

यस्तै पशुपतिमा श्रीयन्त्र लेखी पूजा गर्ने र धादिङको सल्यान र वैतडी आदि स्थानहरूमा श्रीविद्या त्रिपुरासुन्दरीको भव्य रूपमा पूजा हुन्छ। यसरी शक्तितत्त्व वुझेका हामी नेपालीहरूले परम्परादेखि नै श्रीविद्याको सेवा गर्दै आएका छौं।

माथि दशमहाविद्यामा प्रस्तुत षोडशी नाम्नी तृतीया महाविद्या नै श्रीविद्याको स्वरूप हो। त्रिपुरासुन्दरी, ललितसुन्दरी आदि अनेक यिनका अरू नाम हुन्। यिनको उपासनाको तत्त्व ज्ञान प्राप्तिका निमित्त सर्वप्रथम श्रीविद्याको साक्षात् स्वरूप भएको चक्र अर्थात यन्त्रको यथार्थ ज्ञान हुनुपर्छ। शक्ति चक्ररूप अधोमुख त्रिकोण ५ र शिव चक्ररूप उर्ध्वमुख त्रिकोण ४ समेत एकत्र मिलान हुनाले श्री चक्र वन्दछ। यो चक्रको तत्त्व र लेखन शैली साधारण मानिसहरूले जान्न गाह्रो छ। यसको राम्रो ज्ञान विना श्री शक्तिसाधनाको एक लेशमात्र पनि ज्ञान हुन सक्दैन, यो ज्यादै जटिल विषय हो र ज्यादै सिद्धिदायक पनि छ।

आजकल श्रीयन्त्र धेरै देखिन आएका छन्। यिनी मध्ये केही यन्त्रहरू बीजाक्षर शक्ति मन्त्र नभएका छन्। वीजाक्षर शक्ति मन्त्रहरू यन्त्रका आत्मप्राण हुन्। वीजादि रहित यन्त्रहरू निष्प्राण हुन्छन्। तथापि साधारण श्रीचक्र पनि यस्ता प्रभावशाली छन् कि जसको दिन दिनै दर्शन मात्र गर्नाले श्रद्धा गर्नाले पनि केही कालमै मनोरथपूर्ण हुन जान्छ। वीज शक्तिको हेर फेरवाट यो महायन्त्र २७२ किसिम वाट तयार हुन सक्दछ भनि विद्वानहरू भन्दछन्। यी प्रत्येक रूपको कार्य र प्रभाव भिन्नाभिन्नै हुन्छन्।

## श्रीयन्त्र

१) विन्दु २) त्रिकोण ३) अष्टार ४) अन्तरदशार ५) वहिर्दशार ६) चतुर्दशार ७) अष्टदल ८) षोडश दल ९) भूपुर, यी नव चक्रको सम्मिलनवाट श्रीयन्त्रको निर्माण सम्पन्न हुन्छ।

## नवचक्रको स्वरूप

१) विन्दु-महाविन्दु– मूलकारण महात्रिपुरसुन्दरी कामेश्वर कामेश्वरी जगत्की मूल योनी तथा शिवभाव।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) त्रिकोण– आद्य विमर्शशक्ति या जीवभाव शव्द । अर्थ रूप सृष्टिको कारणात्मिका पराशक्ति एवं जीवतत्त्व ।

३) अष्टार– पुर्यष्टक, कारणशरीर, लिङ्ग शरीरको कारण ।

४) अन्तरदशार– इन्द्रिय वासना (लिङ्ग शरीर) ।

५) वहिर्दशार– तन्मात्रा तथा पँचभूत (इन्द्रिय विषय)

६) चतुर्दशार– जाग्रत स्थूल शरीर ।

७) अष्टदल– अष्टार वासना ।

८) षोडश दल– दशार द्वयवासना ।

९) भूपुर– विन्दु, त्रिकोण, अष्टदल, षोडशदल, यी चारको समष्टि प्रमातृपुर प्रमाणपुरको– पशुपदीय प्रकृति मन, बुद्धि, अहङ्कार, शिवपदीय शुद्ध विद्यादि तत्त्व चार ।

## नवचक्रको नाम र देवता

| | चक्र नाम | अधिष्ठात्री देवता |
|---|---|---|
| १) | सर्वानन्द मय | महात्रिपुरसुन्दरी |
| २) | सर्व सिद्धिप्रद | त्रिपुराम्वा |
| ३) | सर्वरोग हर | त्रिपुरसिद्धा |
| ४) | सर्व रक्षाकर | त्रिपुरमालिनी |
| ५) | सर्वार्थ साधक | त्रिपुराश्री |
| ६) | सर्व सौभाग्यदायक | त्रिपुरवासिनी |
| ७) | सर्व संक्षोभणकारक | त्रिपुरसुन्दरी |
| ८) | सर्वाशापरिपूरक | त्रिपुरेशी |
| ९) | त्रैलोक्यमोहन | त्रिपुरा |

यी नवावरणपूजाका नव देवता हुन् । मतान्तरमा यिनीलाई प्रकटा, गुप्ता, गुप्ततरा, परा, संप्रदाया, कुलकौला, निगर्भा, अतिरहस्या, परापर-रहस्या, परापरातिरहस्या इत्यादि नामले पनि प्रसिद्ध छन् ।

## श्रीयन्त्रको शव्दार्थ

श्रीको यन्त्र अर्थात श्रीको घर । नियमनार्थ यम धातुवाट यन्त्र शव्द



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनेकोले यन्त्रको अर्थ घर हुन्छ। किनभने सवै वस्तुको घरमा नियन्त्रण हुन्छ। जुन वस्तु जहाँ छ, जसको जन्म योनि जहाँ छ, त्यही ठाउँमा खोज्यो भने त्यो वस्तु पाईन्छ। यसैले श्रीविद्यालाई पनि उनको आफ्नू घर यन्त्रमा खोज्यो भने पाईन्छ। शास्त्रमा भनेको छ-

*यस्य सत्वस्यया योनिस्तस्यां तत् परिमार्ग्यते।*

यो विश्व नै श्रीविद्याको घर हो। यहा विश्व शव्दवाट पिण्डाण्ड, व्रह्माण्ड दुवै ग्रहण हुन्छ। मायाण्ड, प्रकृत्यण्ड पनि स्थूल-सूक्ष्म रूपवाट यसैकोअन्तरगत हुन्छ। पछि आउने यन्त्रको विवरणवाट विशेष ज्ञान हुनेछ।

*चक्रं त्रिपुरसुन्दर्या व्रह्माण्डाकारमिश्वरी।* (भैरवऽयामलतन्त्र)

यसरी त्रिपुरासुन्दरीको चक्र व्रह्माण्डाकार हो भन्ने सिद्ध हुन्छ। भावनोपनिषदमा- 'नव चक्रमयो देहः' भनिएको छ यसवाट पिण्डअण्डाकार छ भन्ने सिद्ध हुन्छ।

## श्रीशब्दको अर्थ

'श्रयते या सा श्रीः। श्रयणार्थक धातु सर्कमक छ, यसकारण कर्मको अपेक्षा राख्दछ। आगम, गुरूपदेश तथा प्राचीन परंपरा अनुसार श्रीको श्रयणकर्म हरि (व्रह्म) वाहेक अरू कोही हुन सक्दैन। जो सदा नित्य परव्रह्मको आश्रयण गर्छिन् उनी नै श्री हुन्। यहाँ व्रह्म र श्री भिन्न जस्तो भान पर्नजाला। यो शङ्का छैन, जस्तो अग्नि र अग्निको दाहशक्ति अभिन्न छ त्यस्तै परव्रह्म र उनकी शक्ति श्री पनि अभिन्न छिन्। यो शास्त्रले वताएको छ-

*न शिवेन विना देवी न देव्या च विना शिवः।*
*नानयोरन्तरं किञ्चिच्चन्द्र-चन्द्रिकयोरिव॥*

श्री कै कारणवाट व्रह्मलाई अनन्त शक्तिवान् सृष्टि स्थिति प्रलय कर्ता भनिन्छ। श्री शङ्कराचार्य भन्दछन्–

*शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं*
*नचेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि॥*

यी शक्ति विश्रमण अवस्था (प्रलय) मा प्रकाश रूप व्रह्ममय भएर रहन्छिन्। यस अवस्थामा शक्तिको पृथक् विवेक हुँदैन। खुला आकाशमा रहेको प्रकाश झैं व्रह्ममयी भईरहन्छिन् र यी महाविन्दु रूप या परव्रह्म परमात्मारूप भनी कहिन्छिन्। यसकारण अनन्त शक्ति परव्रह्म वर्तमान भएर पनि सृष्टि हुन


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन । किनभने व्रह्मलाई अनन्त शक्ति दिने महाशक्ति परव्रह्ममा नै लीन भएर रहेकी हुनाले व्रह्म अशक्त रहन्छ-

अनन्त शक्तिमान व्रह्म छँदाछँदै पनि शक्तिको शक्ति (विमर्श शक्ति) सन्मुख न भईकन व्रह्ममा शक्ति आउन सक्दैन । व्रह्म स्वयं निर्गुण निरञ्जन छ, यस अवस्थाको आगमशास्त्रमा यस्तो वर्णन गरिएको छ ।

*अचिन्त्या मिताकार-शक्तिस्वरूपा*
*प्रतिव्यक्त्यधिष्ठानसत्तैकमूर्ति : ।*
*गुणातीत-निर्द्वन्द्व- बोधैकगम्या*
*त्वमेका परव्रह्मरूपेण सिद्धा ॥*

यस्ती श्रीलाई जान्नु-चिन्नु सवै मुमुक्षुहरूको कर्तव्य हो । कामकला विलास शास्त्र भन्दछ- *विदिता येन स मुक्तो भवति महात्रिपुरसुन्दरीरूप: ॥*

यस्ती त्रिपुरसुन्दरीको यन्त्र (घर) को ज्ञान गर्नु अत्यन्त आवश्यक छ। मुमुक्षुहरूको मोक्षका निमित्त र सांसारीहरूको सुख भोगका निमित्त श्री यन्त्र ( यन्त्रराज) अत्यन्त लाभदायक छ । यो श्री यन्त्ररूपी श्रीको घर जाग्रत, स्वप्न, सुषुप्ति, प्रमाता, प्रमेय, प्रमाण रूपवाट त्रिपुरात्मक तथा सूर्य, चन्द्र, अग्नि, भेदवाट त्रिखण्डात्मक पनि कहिन्छ जस्तो-

*पुरत्रयं च चक्रस्य सोम-सूर्याऽनलात्मकम् ।*
*त्रिखण्डं मातृकाचक्रं सोम-सूर्यानलात्मकम् ॥*

यसप्रकार श्रीचक्र जसरी विश्वमय छ, त्यसैगरी शव्द-सृष्टि मातृकामय छ। यसवाट यो सिद्ध हुन्छ कि श्रीयन्त्र व्रम्हाण्ड एवं पिण्डाण्ड स्वरूप छ । यसमा शव्द र अर्थ भेदले द्विविध (दुई थरी) सृष्टि छ । अर्थ सृष्टि तत्त्वात्मिका र शव्द सृष्टि मातृकारूप छ । मातृकाको पनि स्वर, स्पर्श, व्यापक, (अन्तस्थ,उष्म) तीन खण्ड चान्द्र, सौर, आग्नेय रूप छ, यो भयो व्रम्हाण्डको कुरा । पिण्डाण्डमा पनि शिर, हृदय, मूलाधारान्त तीन भाग तेज त्रयात्मक छ । मध्यभागको शाखा हात र अन्यभागको शाखा पाउ हो ।

*चतुर्भि:शिवचक्रैश्च शक्तिचक्रैश्च पञ्चभि: ।*
*शिवशक्त्यात्मकं ज्ञेयं श्रीचक्रं शिवयोर्वपु: ॥*

श्रीयन्त्रमा पाँच शक्तिचक्र, चार शिवचक्र अर्थात त्रिकोण, अष्टकोण, अन्तरदशार, वर्हिदशार, चर्तुदशार यी पाँच अधोमुख त्रिकोण शक्तिचक्र हुन् । विन्दु, अष्टदल, षोडशदल, भूपुर (चतुरस्त्र) यी चार उर्ध्वमुख कोण शिवचक्र



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । यी नव चक्रको सम्मिलनवाट श्रीचक्र (यन्त्र) वन्दछ ।

तेज त्रयात्मक हुनाले प्रमाता, प्रमाण, प्रमेय रूपवाट पुरत्रयात्मक छ । यसमा विन्दु, त्रिकोण, अष्टार, अष्टदल, रूप आग्नेयखण्ड प्रमातृपुर हो । दशारद्वय, चतुरस्त्र रूप सौरखण्ड प्रमाणपुर हो । चतुर्दशार, षोडशदलरूप चान्द्र खण्ड प्रमेयपुर हो । यसप्रकार वामा, ज्येष्ठा, रौद्री, (इच्छा) ज्ञान क्रिया रूपले त्रितयात्मक छ । नाद, विन्दु, कला रूपले पनि त्रिरूप छ । तान्त्रिकहरू श्रीयन्त्रलाई शरीरमा रहेका नवचक्रका साथ ऐक्यभाव गर्दछन् । हुन त लिङ्गशरीरमा सुषुम्णा नाडीका आश्रयमा रहेका वत्तीस ३२ पद्म छन् । तथापि यहाँ नवचक्रको सादृश्यवाट नवचक्रान्तरगत गरेर नव पद्मको उल्लेख गरिन्छ ।

सुषुम्णाको उभोउधो दुवै छेउमा एक एक सहस्रार छन् । माझमा यस प्रकार नवचक्र छन् ।

| | शरीरस्थान | चक्रनाम | पद्मदल संख्या | वर्ण संख्या | श्रीचक्र नाम |
|---|---|---|---|---|---|
| १ | भ्रूमध्य | आज्ञाचक्र | द्विदल | हक्ष २ | विन्दु |
| २ | लम्विका | इन्द्रयोनि | अष्टदल | | त्रिकोण |
| ३ | कण्ठ | विशुद्ध | षोडशदल | स्वर १६ | अष्टकोण |
| ४ | हृदय | अनाहत | द्वादशदल | क-ठ १२ | अन्तरदशार |
| ५ | नाभि | मणिपुर | दशदल | ड-फ १० | वहिर्दशार |
| ६ | वस्ति | स्वाधिष्ठान | षड्दल | व-ल ६ | चर्तुदशार |
| ७ | मूलाधार | मूलाधार | चतुर्दल | व-स ४ | अष्टदल |
| ८ | तदधोदेश | कुल | षड्दल | | षोडशदल |
| ९ | तदधोदेश | अकुल | सहस्रार | | भूपुर |

व्रह्म रन्ध्रमा रहेका महाविन्दुलाई सहस्र दल भनिन्छ । यसरी श्रीचक्रलाई शरीर चक्रका साथ ऐक्य गरिन्छ । यसरी नै मातृका चक्रलाई पनि दुवैमा ऐक्य गरिन्छ, षोडशदल र चतुर्दशार स्वराक्षरमय छन्, दुई दशार चक्र क देखि न सम्म २० अक्षरमय छन् । अष्टार अन्तस्थ उष्माक्षरमय छन् । अष्टदल अ.क.च.ट.त.प.य.श. यी ८ वर्गमय छन् । विन्दु क्षंकार रूप हो, त्रिकोणात्मक रूप हो । शरीरचक्रमा माथि नै वताईयो । यसरी मातृका चक्र शरीर र यन्त्र दुवैमा ऐक्य छ । श्रीयन्त्र दुई दुई त्रिकोणको परस्पर सम्मिलनवाट वन्दछ, यो क्रमले नवत्रिकोण हुन्छ, यस्तो वनावटवाट यस श्री यन्त्रमा पिण्डाण्ड भित्र व्रह्माण्ड र व्रह्माण्ड भित्र पिण्डाण्ड समावेश भएको सूचित गर्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीयन्त्रलाई सृष्टि, स्थिति, प्रलयात्मक रूप मानिएको छ । यस्मा विन्दुचक्र शिवकी मूलप्रकृतिवाट वनेको कारणवाट प्रकृतिस्वरूप हो । वाँकि आठ चक्र प्रकृति विकृति उभयात्मक छन्, यसकारण सम्पूर्ण श्रीचक्र त्रितयात्मक छ, विन्दु, त्रिकोण, अष्टार, सृष्टि चक्र हो । दुई दशार र चर्तुदशार यी तीन स्थिति चक्र हुन् । अष्टदल, षोडश दल, भूपुर यी तीन संहार चक्र हुन् । अर्थात विन्दुदेखि लिएर भूपुरान्त चक्रलाई सृष्टि क्रम र भूपुरदेखि विन्दुसम्मको क्रमलाई संहार क्रम भन्दछन् । यो चक्र लेख्ने परिपाटीवाट थाहा हुन्छ । अर्थात विन्दुवाट त्रिकोण अष्टकोण गर्दै लेख्दै लाने क्रमलाई सृष्टि क्रम भनिन्छ । भूपुरवाट विन्दुसम्म लेख्दै लाने क्रमलाई संहार क्रम भन्दछन् । यिनै दुई क्रमवाट चक्र लेखिन्छ । यो प्रत्येक खण्डमा आदि, मध्य, अन्तमा इच्छा ज्ञान क्रिया रूपले संझनुपर्छ । यो श्रीचक्रको सामान्य संक्षिप्त परिचय हो । अव विन्दुदेखि भूपुरान्तसम्म विशेष चक्रको विवरण दिइन्छ ।

## (१) बिन्दुचक्र (पूर्णाहन्ता या शिवभाव)

अघि श्री शव्दको शव्दार्थमा भनिसकिएको छ, प्रलयकाल जसलाई सुषुप्तिकाल भनिन्छ, यसमा सारा स्थूल सूक्ष्म जगत् परमकारणमा लीन हुन्छ र व्रह्म स्वरूप एक मात्र रहन्छ । चक्रमा यो अवस्था महाविन्दुमा गनिन्छ । त्यस समय भास्य भासक स्रष्टि र स्रष्टव्य भाव केही पनि न रहेको हुन्छ, यसैलाई शिव विश्राम काल भनिन्छ ।

*सुप्त्याह्वयं किमपि विश्रमणं शिवस्य (मातृका चक्र विवेक) तथा*
*श्रुति-सुषुप्तिकाले सकले विलीने तमोऽभिभूतः सुखरूपमेति ।*

यो प्रलय दुई प्रकारको हुन्छ । एक प्रतिपिण्डाण्डमा हुने दैनिक प्रलय, दोश्रो कल्पान्तमा हुने व्रह्माण्ड प्रलय । जुन प्रकार पिण्डको सुषुप्तिकालको परिमाण निर्धारित छैन केवल अनादि अविद्या परंपरावाट जीव अनुवर्तमान वासनावश सुषुप्तिवाट उठेर जाग्रतको व्यवहार गर्न लागदछ । त्यस्तै सुषुप्तिकालको सुखमय सत्ता (सच्चिदानन्द रूपमा) आनन्दले सुतेको हुन्छ । यो सुख परामर्शद्वारा निर्धारित गरेको हुन्छ । यस प्रकार यो विश्वलाई त्यस आदि विमर्शमयी महाशक्तिले आफ्नू गर्भमा लीन गरेर प्रकाशमान भई रहन्छिन् । यसैलाई विश्राम काल भनिन्छ । यसरी केही काल (यहाँ कालको कल्पना मात्र हो, यस अवस्थामा दिग्देश कालादि सवै शून्य हुन्छ) निस्तव्ध रूपले विश्राम गरेर जुन विश्वसृष्टिको इच्छा पैदा हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशवाट वाहिर भई ब्रह्म संमुख हुन्छिन्। दुई ऐना समान निर्मल हुनाले परस्पर प्रतिविम्वित हुन्छन् र अनि दुवै शिवशक्तिको सम्पुट रूप अहं विमर्शमयी आद्यशक्तिको प्रादुर्भाव हुन्छ। सम्पूर्ण विश्व यसैमा अन्तरभाव हुन्छ।

**कामकला विलास**

चित्तमयो हंकार : सुव्यक्ताहार्ण समर साकारः।
शिवशक्ति-मिथुनपिण्डः कवलीकृत-भुवनमण्डलो जयति ॥

यही नै श्रुति, आगमशास्त्र आदिमा ईक्षण स्फुरण र विश्व सृजन आदि नामले प्रसिद्ध छ। श्रुति भन्दछ-

**'तदैक्षत वहुस्यां प्रजायेत'**। अर्थात्- आफ्नु शक्तिमा प्रतिविम्वित ब्रह्ममा शक्तिको प्रतिविम्व पर्नाले सर्वप्रथम पूर्णअहंभाव (विमर्श) उत्पन्न हुन्छ। यही नै समस्त विश्वको सृष्टि स्थिति, प्रलयको कारण हो। शव्दार्थ सृष्टिको वीज हो, जसलाई वेदमा नाम रूपको अव्याकृत अवस्था अक्षर पुरुष वताइएको छ।

*विमर्शो नाम विश्वाकारेण विश्व प्रकाशेन विश्वसंहारेण वा अकृत्रिमोऽहमिति स्फुरणम्।* (प्रसिद्ध तान्त्रिक नागानन्द) अर्थात् अहं यसप्रकारको स्वाभाविक स्फुरण (ज्ञान) नै विमर्श शक्ति हो। यही शक्ति नै जगतको सृष्टि स्थिति प्रलयको कारण हो। हुन त पूर्णाहंभाव या शुद्धहन्ता नै ब्रह्म रूप हो, तथापि अगाडी रहेको ऐनामा प्रतिविम्वित भएर मात्र आफ्नु मुख देखिन्छ। यस्तै विमर्शशक्तिमा प्रति विम्वित भएर मात्र आत्माको स्पष्ट अभिव्यक्ति हुन्छ। यसकारण अहं भाव विमर्शमय छ, लेखेको पनि त छ-

*नास्त्येव सा चिदपि यद्यविमृष्टरूपा*
*तथा- विना त्वात्मा त्वया नहि ॥*

यो अहं भावरूप शिवशक्ति सम्पुटमा अ, ह, अनुस्वार तीन वर्ण छन्। यिनमा अकार प्रकाश रूप हो, हकार विमर्श शक्तिरूप हो-

*अकारः सर्व वर्णाग्र्यः प्रकाशः परमः शिवः।*

*हकारोन्त्यकलारूपो विमर्शाख्यः प्रकीर्तितः ॥* अर्थात् अनुस्वार विन्दु रूप हो। अकार हकारको एकताको सूचक हो। यसकारण यो पूर्ण अहंतालाई शिवभाव अथवा मोक्ष भनिन्छ- *मोचयति चोन्नमिताऽहन्ता* (मातृकाचक्र विवेक) जीव पाशलाई नै पशुपाश या वन्धन भनिन्छ। पूर्णाहन्तावाट नै यो पशुपाश वन्धनबाट मुक्त हुन्छ।

*अहमि प्रलयं कुर्वन्निदमःप्रतियोगिनः।*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत मतको मुख्य दृष्टि सृष्टिवादको सिद्धान्तानुसार अहं भावनै सृष्टि स्थिति प्रलय आदि सवै प्रपञ्चको मूल हो । विश्व यही अहं भावमा छ । तान्त्रिक सिद्धान्त अनुसार पनि अहंभाव नै सम्पूर्ण विश्व हो । सृष्टि स्थिति प्रलयात्मक सकल विश्वलाई पेटमा लिने यही अहंभावको द्योतक विन्दु हो, जुन विन्दु यन्त्रको सर्वस्व हो । महाविन्दुदेखि विन्दुसम्म पुग्नमा अनन्त कलाले व्याप्त उन्मनी, समनी आदि अर्ध विन्दुसम्म नौ अवस्थाको द्योतक, अरु नौ चक्र छन् । यी नौमा सुक्ष्माति सुक्ष्मक्रमले केही न केही कालको संपर्क- संवन्ध तन्त्र शास्त्रमा देखाईएको छ । परन्तु महाविन्दुले त देश कालको लेश मात्र पनि सम्वन्ध राख्दैन ।

*देशकाल-नवच्छिन्नं तदूर्ध्वं परमं महत् ।*
*निसर्ग-सुन्दरं तत्तु परानन्दविघूर्णितम् ॥*

विन्दु र महाविन्दुको अन्तरगत यो अवस्था योगीको मात्र गम्य हुनाले यहां प्रकृत लेखमा बिन्दुदेखिमात्र प्रारम्भ गरिएको छ । यो विन्दु (अहं भावमा) मा वीजरूपले सारा प्रपञ्च आउने हुनाले सवै चक्र यसैको अन्तरगत आउँछ । यसकारण विन्दुचक्र नै प्रधानचक्र हो । यसमा श्री कामेश्वरका साथ श्री कामेश्वरी सदा सर्वदा नित्यानन्दमय भएर विहार गर्छिन् । यसैले यो विन्दुचक्रलाई सर्वानन्दमय चक्र भनिन्छ ।

## (२) त्रिकोण चक्र (शक्ति या जीवभाव)

हुन त विवर्तवाद या मायावादका मतवाट आद्यसृष्टि क्षर कालमा नै अक्रम सृष्टिको प्रादुर्भाव सम्भव छ, तथापि कणाद मतका अनुयायी भन्दछन्- **'इच्छामात्रं प्रभोःसृष्टिः'** । यो वताएर क्रमिक सृष्टिको समर्थन गरेको पाइन्छ । यस्तो हो ता पनि यहाँ प्रसिद्ध लोक क्रमवाट सिद्ध सामान्य र विशेष भावलाई लिएर स्पष्ट प्रतिपत्तिको त्रिकोणादि क्रमदेखाउनु आचार्यको इष्टसिद्धि (अभीष्ट) हो । विन्दु चक्रको विवरणमा पहिले भनिसकिएको छ कि विमर्श शक्ति सृष्टि उत्पन्न गर्नका निमित्त इच्छावाट विन्दुरूपमा परिणत हुन्छ ।

*विचिकीर्षु घनीभूता सा चिदभ्येति बिन्दुताम् ।।* यो विन्दुभावमा साराप्रपञ्च वासना तथा ज्ञेय, ज्ञातृ, ज्ञानभाव वरको सानुदाना भित्ररहेका वीज र त्यस भित्र लीन रहेको वरको वृक्षजस्तै सूक्ष्म भावले रहन्छन् । जस्तै-

*यथा न्यग्रोधबीजस्थः शक्तिरूपो महाद्रुमः।*
*तथा हृदय-बीजस्थं जगदेतच्चराचरम् ॥*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि पछिवाट यस्तो अन्तरलीन जगत्लाई व्यक्त गर्ने इच्छाले त्यो विन्दु त्रिकोण रूपमा परिणत हुन्छ, आफू रश्मिस्वरूप त्रिकोणलाई प्रकट गर्छ-

*कालेन भिद्यमानस्तु स विन्दुर्भवति त्रिधा ।*

यो त्रिकोणवाट स्थूल व्रह्म सृष्टिको आध्यात्मिक रहस्य प्रकट हुन्छ । सृष्टि, अर्थ र शव्द भेदले दुई प्रकारको छ । तान्त्रिक सिद्धान्त के छ भने अर्थ सृष्टि पनि शव्द मूलक नै छ । किनभने संसारको कुनैपनि व्यवहार शव्द पूर्वक नभएको छैन । सवै प्रकारका अर्थ व्यक्त हुनुभन्दा पहिले शव्दको नै उदय हुन्छ । तथा शव्द विना अर्थको पनि अतीत अनागत विषयहरू एवं असत् शशश्रृङ्गादिभैँ आफ्नु वृत्तिवाट कल्पित गरिदिन्छ । यसकारण शव्द नै अर्थ सृष्टिको मूल हो ।

प्रलय-कालमा समस्त अर्थ प्रपञ्चजाल परावाक्रूप शव्दव्रह्ममा लीन हुन जान्छ र सृष्टिकालमा फेरी शव्द व्रह्मवाटै प्रकट हुन जान्छ ।

*विश्रान्तमात्मनि पराह्वयवाचि सुप्तौ ।*

*विश्वं वमत्यथ विवोधपदे विमर्शः ॥* (मातृकाचक्र विवेक)

यो विन्दुरूप परावाक् (मूलकारण भूतविन्दु) वाट पश्यन्ती, मध्यमा, वैखरी रूप त्रिपुटीद्वारा त्रिकोणात्मक शव्द सृष्टि अभिव्यक्त हुन्छ । विन्दुरूप परावाक् नै कारणविन्दु हो र पश्यन्ती, मध्यमा, वैखरी यी तीन कार्यविन्दु कहिन्छन् । परा, पश्यन्ती, मध्यमा, वैखरी यी चारलाई क्रमैले शान्ता, वामा, ज्येष्ठा, रौद्री र तथा अम्विका, इच्छा, ज्ञान, क्रिया, पनि भन्दछन् । यिनीहरूलाई क्रमैले अधिदैवत, अव्यक्त (मूल प्रकृति) ईश्वर, हिरण्यगर्भ, विराट् मानिन्छ । यीनको क्रममा अधिभूत कामरूप, पूर्णगिरि, जालन्धर, औड्यानको पूजावाट परिभाषित चार पीठ हुन् । यिनको अध्यात्मिक मूलाधार कुण्डलिनी शक्ति हो । यही परावाक् अथवा विन्दुतत्त्वको अध्यात्मरूप हो ।

*या मात्रा त्रपुशीलता तनुलसत्तन्तुस्थितिवर्धिनी*
*वाग्वीजे प्रथमे स्थिता तव सदा तां मन्महे ते वयम् ।*
*शक्तिः कुण्डलीनीति विश्वजननी व्यापारवद्धोद्यमा*
*ज्ञात्वेत्थं न पुनःस्पृशन्ति जननीगर्भेऽर्भकत्वं नराः॥*

जव यो विन्दु पश्यन्ती आदि कार्य विन्दुहरूको सृजनामा प्रवृत्त हुन जान्छ तव यो अव्यक्त कारण भूत परारूप विन्दुलाई रव नामले पुकारिन्छ र यही रवनै शव्द कहलाउँछ ।

*स रवः श्रुति- सम्पन्नैः शव्द-व्रह्मेति गीयते ।*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जव यो निष्पन्द रवात्मक शव्दव्रह्म वक्ताको इच्छाले उत्पन्न प्रयत्न मात्रवाट संस्कृत भएर शरीर वायुद्वारा नाभिमा आउँछ तव उ मनोमात्र विमर्शले युक्त अ.क.च.ट. आदि वर्णविशेष शून्य स्पन्दात्मकप्रकाश मात्र कार्यविन्दु पश्यन्ती-वाक् कहलाउँछ। जव यो रवात्मक व्रह्म पश्यन्तीरूपमा प्राप्त भएर शरीर वायुद्वारा हृदयसम्म आउँछ, तव निश्चयात्मक वुद्धिले युक्त भएर अ.क.च.ट. आदि वर्ण विशेष सहित स्पन्दनवाट प्रकाशित भएर नादरूप मध्यमा वाक् हुन्छ। जव यो रवात्मक शव्द मध्यमा रूप प्राप्त भएर हृदय वायुले प्रेरित भई मुखसम्म आउँछ त्यस पछि कण्ठ ताल्वादिस्थानवाट स्पष्ट भएर अरू मानिसले कर्णवाट सुन्न योग्य अ.क.च.ट.त. आदि वर्णहरूको स्पष्ट प्रकाश रूपमा वीजात्मक वैखरी वाक् कहलाउँछ। जस्तै शास्त्र भन्दछ-

*मूलाधारात् प्रथममुदितो यश्चभावः पराख्यः*
*पश्चात् पश्यन्त्यथहृदयगो वुद्धियुङ् मध्यमाख्यः।*
*व्यक्ते वैखर्यथरुरुदिषोरस्य जन्तोः सुषुम्णा*
*बद्धस्तस्माद् भवति पवन-प्रेरिता वर्णसंज्ञा॥*

वर्णहरूको अभिव्यक्ति तत् तत् स्थानहरूवाट नभइ अरूहरूले सुन्न ग्रहण गर्न सकिने हुँदैन। यसैले मुखदेखि तल नाभिसम्म स्रोत मार्गवाट रोकिएकोले यससम्म वर्णाभिव्यक्ति हुँदैन। परन्तु मध्यमामा ऊ मूल अव्यक्त र व वुद्धि युक्त हुन्छ, यसकारण वुद्धि हुने सवै जीव आफ्नू आफ्नू भित्र मध्यमावाक्को अनुभव गर्नसक्दछन्। यस्तै पश्यन्ती र व सँग मनको मात्र संवन्ध हुन्छ। यसैले मन प्रणिधानमा समर्थयोगीहरूनै पश्यन्ती रव को प्रकाश प्राप्त गर्न सक्दछन्। साधारण मानिस पश्यन्ती र व को अनुभव गर्न सक्दैनन्। परावाक् त मन वुद्धिले पनि प्राप्त गर्न सक्दैन। यसकारण मन वुद्धिलाई पनि भेदन गरेर (जितेर) पूर्णाहंभावप्राप्त परमज्ञानी योगीहरूले मात्र परावाक्को प्रकाश अनुभव गर्न सक्दछन्। वस्तुत यही परावाक् पूर्णतारूप अहंभाव नै प्रकाशरूप हो। परन्तु साधारण जनको त अयं घटः अयं पटः (यो घडा हो यो वस्तु हो) इत्यादि अन्यापेक्ष (अरू प्रति अपेक्षा) हुनुवाट अपूर्ण रूप नानाभाव (इदमंश) द्वारा नै सत्ता प्रकाश हुन्छ, यसैले उ विकल्पव्याधि (यो हो उ हो भन्ने विकल्प) ले युक्त भएको हुन्छ।

ज्ञानीहरू यो नानाभाव (अपूर्णता) लाई त्याग गरेर शुद्ध परावाक्रूप पूर्णाहं भाव मात्र ग्रहणगर्दछन्। यसैकारण अज्ञानी बद्ध (वाँधिएको) हुन्छ कहिन्छ, ज्ञानीहरू मुक्त कहिन्छन् हुन्छन्। यही परावाक् शव्द, अर्थ, मन्त्र, चक्र, देह आदि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकल रूप हो सवैको मूलकारण हो। यथा-

*सावश्यँ विज्ञेया यत् परिणामादभूदेषा*
*अर्थमयी शव्दमयी चक्रमयी देहमय्यपिच ॥*

## महाशक्ति वर्णन

*शव्दानां जननी त्वमत्र भुवने वाग्वादिनीत्युच्यते*
*त्वत्तः केशववासवप्रभृतयोऽप्याविर्भवन्तिस्फुटम् ॥*
*लीयन्ते खलु यत्र कल्पविरमे ब्रह्मादयस्तेऽप्यमी*
*सा त्वं काचिदचिन्त्यरूपमहिमा शक्तिःपरा गीयते ॥*

यसरी सवै मन्त्र, कादिविद्या, हादिविद्या, षोडशी, पञ्चदशी, वाला, महात्रिपुरसुन्दरी, भुवनेश्वरी आदि विद्याहरूकी जननी पनि परावाक् नै हुन्। जुन प्रकारले विन्दुरूप परावाक्, सम्पूर्ण शव्दकी जननी हुन्, त्यस्तै प्रकारले, उनी सम्पूर्ण अर्थरूप ३६ छत्तीस तत्त्वको पनि जननी हुन्। तान्त्रिक मत अनुसार ३६ छत्तीस तत्त्व यी हुन्-

पञ्चमहाभूत, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच इन्द्रियका विषयहरू यी २० वीस भए। मन, वुद्धि, अहङ्कार, प्रकृति, पुरुप, कला, अविद्या, राग, काल, नियति, माया, शुद्धविद्या, ईश्वर सदाशिव, शक्तिशिव यी १६ सोह्रसमेत जम्मा छत्तीस तत्त्व हुन्। अर्थ सृष्टिका यिनै तत्त्वहरूद्वारा शक्ति सृष्टि हुन्छ।

शक्ति विन्दु नै सम्पूर्ण चक्रको मूल हो, यसकारण चक्र सृष्टि पनि यही विन्दुदेखि नै हुन्छ। देह पनि नवचक्रमय छ, यसकारण देह सृष्टिको कारण पनि यही महाविन्दु नै वन्न पुग्दछ।

## त्रिकोण वर्णन

माथि वताई सकिएको छ, यो त्रिकोणलाई योनिचक्र या शक्तिचक्र या जीव त्रिकोण र विसर्ग पनि भनिन्छ। पहिले नै भनिसकिएको छ कि विन्दु शिवरूप हो, यही तुरीय अवस्था हो। जीव त्रिकोण हो। जागृत, स्वप्न सुसुप्ति, यी तीन, अवस्था हो त्रिकोण। उनै शक्ति अन्तरमुखी भएर शुद्धअहं भाव प्राप्त भई शिव रूपले विश्राम लिन्छिन्। त्यस्तै वहिर्मुखी भएर जीवन भावले सक्षरण र संसार वन्दछिन्, गर्छिन्। शिव जीवको समष्टि भूत सूक्ष्म आत्मशक्ति त्रिपुरसुन्दरी, त्रिपुरा, श्री आदि शव्दले तन्त्रमा वर्णन गरिएकी छन्।

यसवाट सिद्ध हुन्छ कि शिव र जीवमा भिन्नता छैन, किन्तु अन्तरमुखी र



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहिर्मुखी दृष्टिले त्यो यौटै महाशक्तिका दुई नाम हन् । त्यस्तै यसैका साथ यो पनि ज्ञान भयो कि तत्त्वत: (तत्त्ववाट) विन्दु र त्रिकोणमा पनि केही अन्तर छैन फरक के भने विन्दु कारण हो- त्रिकोण कार्य हो, कार्य-कारणको तादात्म्य मानिन्छ ।

*आद्याकारणमन्या कार्यं त्वनयोर्यतस्ततो हेतोः*
*सैवेयं नहि भेदस्तादात्म्यं हेतु-हेतुमतोः ॥* (कामकला विलास)

यी महाशक्तिको पर, अपर, परापर विलास (लीला) बाट नै अहं (म) उत्तम पुरुष, इदं (यो) प्रथम पुरुष, त्वं (तिमी) मध्यम पुरुषको व्यवहार हुन्छ । जव यी शक्ति दोश्राको अपेक्षा व्यवहार न राखेर पूर्णाहं भावले सोहं रूप विमर्श या स्पन्दनलाई प्रकाशित गर्छिन् तव शिवतत्त्वको नामले प्रसिद्ध हुन्छिन् र स: (त्यो) इदं (यो) अहमिदं (म यो) भावमा समान गुण प्रधानरूपले उदासीन भएर विलास गर्छिन् । त्यस स्थितिमा सदाशिव या महेश्वर नामले प्रसिद्ध हुन्छिन् । सदाशिव र ईश्वर (शिव) अवस्थामा यति नै अन्तर हुन्छ कि सदाशिव दशा (अवस्था) मा अहंको अधिक्रण भूत चिन्मात्रमा अहं (म) इदं (यो) इत्याकारक इदं (यो) अंशको उल्लास हुन्छ । ईश्वर दशा (अवस्था) मा इदम् अहं इत्याकारक विमर्शका अन्तरगत इदं अधिकरणमा अहंअंशको स्पष्ट उल्लास हुन्छ । परन्तु शुद्धविद्या दशामा ग्राह्य ग्राहक भावको सामानाधिकरण्य हुन्छ- *सामानाधिकरण्ये हि सद्विद्याऽहमिदं धियोः ।*

वैयधिकरण्य (वैषभ्य) बाट इदंमा ग्राहय वुद्धि, अहंमा ग्राहक वुद्धि हुनु नै अशुद्ध विद्या या माया हो, तेरो मेरो हुनु हो । जव अघि नै भनि सकियो त्रिविध विलास सामान्यअधिकरण अर्थात् शुद्धविद्यावाट हुन्छ, तव शिवतत्त्वको विधायक शुद्धविद्या ईश्वर कहलाउँछ । जब उही विविध विलास पर, अपर, परापर विविध विलास अशुद्धविद्या या मायाले जनित हुन्छ तव जीवको म, तं, उ रूपी व्यवहारको प्रयोजक हुन्छ । फेरी उ त्रिकोण शक्ति मातृ, मेय, मान, ज्ञाता, ज्ञेय, ज्ञान, हरिहर, हिरण्यगर्भ, इच्छा, ज्ञान, क्रिया, मन, वुद्धि अहङ्कार अन्त:करणत्रय, सत्व, रज, तम-गुणत्रय इत्यादि त्रिपुट भावले पूर्ण हुन्छ । यो त्रिपुटवाट शून्य (विन्दु) अकोणाकार विन्दु नै पूर्वोक्त त्रिपुटीको उद्भावनार्थ त्रिकोणको आकृति धारण गर्छ । अर्थात् यो एक विन्दु नै त्रिकोणमा विभक्त हुन्छ ।

*सेयं त्रिकोणरूपं माता त्रिगुण स्वरूपिणी माता* (कामकला विलास) यो महात्रिकोणमा श्री कामेश्वर कामेश्वरी-रूप आश्रयाश्रयिभावापन्न तेज इच्छादि शक्तित्रय (इच्छा, ज्ञान, क्रिया) रूपले रहन्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*इच्छादि शक्ति त्रितयं यश: सत्वादि संज्ञकम् ।*
*महत् त्र्यस्रं चिन्तयामि, गुरुवक्त्रादनुत्तरात् ॥*

## (३) अष्टार चक्र (नवयोन्यात्मक)

पहिले भनी सकिएको छ श्रीचक्र विश्व र व्रम्हाण्ड पिण्डाण्ड नै हो । यसमा विन्दु शिव हो, त्रिकोण जीव हो, यो पनि वताई सकियो । यी दुई चक्रले चेतन जड उभयात्मक विश्वको त्रिपुटीरूप, जडचेतनरूप, शिवशक्तिरूप एवं चित्-चैत्यको पारस्परिक संश्लेषलाई सूचित गर्छन् । यसमा विन्दु अन्तरमुख विलास गर्ने महाशक्तिको अधिष्ठान हो, तथा त्रिकोण वहिर्मुख विलास गर्ने विमर्श शक्तिको अधिष्ठान हो । यद्यपि 'ईच्छा मात्रं प्रभो:सृष्टि' का अनुसार यिनमा कुनै क्रमको अपेक्षा छैन । तथापि कल्पित क्रमलाई लिएर अष्टार वासनाको सम्वन्धमा अव केही विवेचना गरिन्छ-

क्षकार शिव रूप हो, यो कूटाक्षर हो । अत: शिवतत्त्व पनि कूटतत्त्व हो, यसमा शुद्धविद्या या ईश्वर-सदाशिवका साथ चार तत्त्व छन् । यी चार तत्त्वलाई चतुरस्त्र शिव, चतुस्र भनिन्छ । जीवको विषयमा पहिले नै भनि सकिएको छ कि जीव शिवरूप हो, केवल वहिर्मुख उपाधिको कारणवश त्यो शिव, जीव नामले व्यवहार गरिन्छ । यो उपाधिको योजक हो माया, यो मायावाट अन्त:करणत्रय (मन, वुद्धि, अहंकार) कोजन्म हुन्छ । मतान्तरवाट कला, राग, अविद्या आदि कञ्चुक नै यसको प्रयोजक हो । यसकारण यो जीव पनि चतुरस्त्र नामक दोस्रो चतुरस्त्र हो । यी शिव चतुरस्र र जीव चतुरस्त्र मिलेर अष्टकोणात्मक अष्टार वन्दछ । यसले शिव र जीव दुई भावको सम्पादन गर्ने सामग्री उत्पादन गर्ने गर्छ । यसै अर्थका अनुसार तत्त्व सृष्टि हुन्छ ।

शब्द सृष्टि पनि तान्त्रिक रहस्यका अनुसार जीव चतुरस्र य वर्ग (य, र, ल, व) र शिव चतुरस्र श वर्ग (श, ष, स, ह) को प्रादुर्भाव गर्ने यो अष्टार चक्र हो । यस प्रकार अष्टारको आठ योनि र मध्य त्रिकोणको एक योनि मिलेर नव योनि चक्र वन्दछ । यसको साथमा भ्कको बिन्दु मिलाउनाले यौटा विन्दुको दश भेद हुन्छ । यो चक्र प्रधान चक्र मानिन्छ । यसमा शिव र जीव दुवैको चतुरस्र मिलेको हुन्छ । यसका प्रधान देवता श्रीमहात्रिपुरसुन्दरी नै शिव र जीवका समष्टि रूप हुन् । यसकारण प्रधान देवताको पूजा यही अष्टारमा गरिन्छ ।

*श-ष-स- पवर्गमयं तद्वसु कोणं विस्तार:*


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नवकोणं मध्यं चेत्यस्मिञ्चिद्दीप-दीपिते दशके ।* (कामकला विलास)

यो तीन चक्र प्रमातृपुर स्वप्नवासना, अग्निखण्ड, कहिन्छ । योगिनी हृदयाकार मतवाट यी तीन चक्र सृष्टि चक्र हुन् । यिनमा विन्दुचक्र सृष्टि अर्थात् इच्छा रूप हो । त्रिकोणचक्र सृष्टि, स्थिति अर्थात् ज्ञानरूप हो । अष्टार चक्र सृष्टि, संहार अर्थात् क्रिया रूप हो । विन्दुलाई सर्वानन्दमय चक्र, त्रिकोणलाई सर्वसिद्धि प्रदायक चक्र र अष्टारलाई सर्व रक्षाकर चक्र भनिन्छ । पाश, अङ्कुश, धनुष, वाण यी चार हतियार हुन् । इच्छा रूप पाश हो, यो वन्धन हो । ज्ञानरूप हो अङ्कुश, यो वन्धन मोचक हो । धनुर्वाण क्रियाशक्ति हो ।

*इच्छाशक्तिमयं पाशमङ्कुशं ज्ञानरूपिणम्*
*क्रियाशक्तिमयं वाण-धनुषी दधदुज्ज्वलम् ॥*
*शब्दस्पर्शादयो बाणा मनस्तस्या भवद्धनुः ॥*

यो वचनानुसार शव्दादि वाणलाई मनरूपी धनुमा जोड्नु क्रिया, क्रियाशक्तिको व्यापार हो, यसकारण धनुर्वाण क्रिया हो । आश्रय रूप कामेश्वर र आश्रयी रूप कामेश्वरी यी दुईका तेजको भिन्न भिन्न संयोगवाट आठ आयुध (हतियार) उत्पन्न हुन्छन्, जुन हतियार अष्टारमा रहन्छन् । उपर्युक्त वामा, ज्येष्ठा, रौद्री, इच्छा, ज्ञान, क्रिया, रूप त्रिकोण नै तीन प्रकारले विभक्त भएर दुई शक्ति त्रिकोण र एक वन्हि त्रिकोणको संयोगवाट अष्टार चक्र बन्दछ । (शक्ति वन्हिको परिभाषा पछि यन्त्र लेखने विधिमा स्पष्ट हुनेछ ।) फेरी यही अष्टार चक्र विधा विभक्त भएर वन्हि, शक्ति रूपले जव चक्रात्मक वन्न जान्छ । यसकारण सिद्ध हुन्छ कि स्वयं अष्टार चक्र नै यो चक्र हो ।

*चितिश्चैत्यश्च चैतन्यं चेतनाद्वयकर्म च*
*जीवः कला च देवेशि सूक्ष्मं पर्युष्टकं मतम् ॥* (स्वच्छन्द संग्रह)

यो शास्त्र वचन अनुसार पहिले वताइएका युगल (दुई) कामेश्वर र कामेश्वरीरूपको तेज नै आफ्नू सूक्ष्म रूप पर्युष्टकमा विभक्त भएर वशिनी १, कामेश्वरी २, मोदिनी ३, विमला ४, अरुणा ५, जयिनी ६, सर्वेश्वरी ७, कौलिनी ८, यी आठ देवताको रूप लिएर अष्टारमा विराजमान हुन्छन् । शास्त्रले अष्टार चक्रको संक्षिप्त परिचय यसरी भन्दछ-

*अष्टारव्यपदेशोयं चिन्निर्वाणैषणादिकम् ।*
*सूक्ष्मं पर्युष्टकं देव्या मतिरेषा हि गौरवी ॥*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (४) अन्तर्दशार चक्र

यहाँसम्म शिव जीव तथा शिवतत्त्वको घटक शुद्धविद्यादि चार तत्त्व, त्यस्तै जीव भावको हेतु भूत, माया, कला, रागादि, छ कञ्चुकहरू मिलाएर जम्मा दश तत्त्व र दश मूल अक्षर य, र, ल, व, श, ष, स, ह, क्ष, म को उत्पत्ति क्रमको विषयमा विवेचना गरियो । अर्थात् कारण, लिङ्ग, स्थूल यी त्रिविध शरीरमा, केवल शरीरको मात्र यहाँसम्म आलोकन गरियो । अव अन्तरदशार चक्रवाट लिङ्ग शरीरको विवेचना गरिन्छ । अन्तर दशारको दश कोठालाई पाँच ज्ञानेन्द्रिय पाँच कर्मेन्द्रियमा घटाइन्छ-

*अन्तरदशार वसुधा ज्ञानकर्मेन्द्रियाणि च ।*

*महात्रिपुरसुन्दर्या इति सञ्चिन्तयाम्यहम् ॥* (सुभगोदय)

माथि वताईएको अष्टार चक्रमा कामेश्वर-कामेश्वरीरूप जुन दुई तेज वसिन्यादिरूप अथवा पर्युष्टक (कारण) रूपमा रहेका थिए भने उनै युग्म (दुई) तेज यो दशारमा चक्रमा दश इन्द्रिय रूपले दशधा (दश भाग) भएर रहेका छन् र १) सर्वज्ञा २) सर्वशक्ति ३) सर्वैश्वर्यप्रदा ४) सर्वज्ञानमय ५) सर्वव्याधिविनाशिनी ६) सर्वाधारस्वरूपा ७) सर्वपापहरा ८) सर्वानन्दमयी ९) सर्वरक्षास्वरूपिणी १०) सर्वेप्सितफलप्रदा । यी दश देवताको रूपमा पूजित हुन्छन् । यसको नाम सर्वरक्षाकर चक्र हो, किनभने यी दुई थरी इन्द्रियवाट नै सवैको रक्षा हुन्छ ।

## (५) बहिर्दशार चक्र

बहिर्दशारकोण पनि पूर्वोक्त दश इन्द्रियका विषय रूप रसादि तथा वचनादिको आभ्यन्तर रूप आकाशादि दश विषयवाट वनेको छ ।

*वाह्यो दशारभागोऽयं वुद्धिकर्माक्षगोचरः॥*

यो वहिर्दशार चक्रलाई सर्वार्थ साधक चक्र भनिन्छ । किनभने विषयहरू नै सवै अर्थहरूका साधक हुन् । यस वहिर्दशार चक्रमा माथि वताइएका युग्म तेज (दुईतेज) नै दश भागमा विभक्त भएर १) सर्वसिद्धिप्रदा २) सर्वसंपत्प्रदा ३) सर्वप्रियङ्करी ४) सर्वमङ्गलकारिणी ५) सर्वकामप्रदा ६) सर्वसौभाग्यदायिनी ७) सर्व मृत्युप्रशमनी ८) सर्वविघ्ननिवारिणी ९) सर्वाङ्गसुन्दरी १०) सर्वदुःखविमोचिनी यी दश देवताका रूपमा पूजिन्छन् ।

यस वहिर्दशारको अग्नेयादि विदिक् चार कोणमा चार मर्मस्थान छन् । यसको अन्तर भाग (भित्रपट्टि) चार त्रिकोणको भावना गरिन्छ । यी चार त्रिकोणलाई



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक एक चतुरस्र मानिन्छ। यसको १।१ कोणमा प्रकृति, अहङ्कार, वुद्धि, मन, (यिनीहरूको उत्पत्तिक्रम- प्रकृति, मन, वुद्धि, अहङ्कार, यो उत्पत्ति क्रम प्रसिद्ध छ तापनि उपर्युक्त स्थानमा अर्थको दृष्टिले नै प्रकृति, अहङ्कार, वुद्धि, मन, यो क्रम राखेको हो। किनभने जडहुनाको कारण अहङ्कार साक्षात् प्रकृति धर्म हो। अहङ्कार र मनवाट वुद्धि वन्दछ। सवै इन्द्रियको प्रवर्तक हुनाले मनले पुरुषसँग अधिक सम्वन्ध राख्दछ, यसकारण यहाँ यस्तो प्रकृति, अहङ्कार, वुद्धि, मनको क्रम राखेको हो) यी चार तत्त्व र प फ व भ यी चार मातृका मन्त्र हुन्। मकार चाहिँ जीव रूप त्रिकोणमा संश्लिष्ट छ। अन्तर दशारमा ट वर्ग (ट, ठ, ड, ढ, ण) त वर्ग (त, थ, द, ध, न) र वहिर्दशारमा क वर्ग (क, ख, ग, घ, ङ) च वर्ग (च, छ, ज, झ, ञ) यी सवै मिलेर जम्मा २० मातृका वीज दुवै दशारका २० कोणमा हुन्छन्। यसमा माथि चतुरस्रका प, फ, व, भ, वीज मिलाई चौवीस वर्ण हुन्छन्। यी चौवीस वर्णमा दुई दुई वर्णको संयोगवाट एक ग्राह्य, अर्को ग्राहक (आभ्यन्तर रूप तन्मात्रा इन्द्रिय) सूर्यको १२ वाह्र कला वन्दछ।

आद्य शक्तिको वहिर्मुख विलास (लीला) वाट चित् शक्ति चैत्यमा लीन हुन जान्छ, चैत्य नै वहिर्व्याप्त रहन्छ। यो दशा (अवस्था) लाई तन्त्रमा पशुदशा भनिन्छ। यसमा तत्त्व र वीजको क्रम यस प्रकार छ-

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| पृथ्वी | जल | तेज | वायु | आकाश |
| च | छ | ज | झ | ञ |
| गन्ध | रस | रूप | स्पर्श | शव्द |
| ट | ठ | ड | ढ | ण |
| वायु | उपस्थ | हात | पाउ | वाक् |
| त | थ | द | ध | न |
| नासिका | जिह्वा | चक्षु | त्वक् | कर्ण |
| प | फ | व | भ | म |
| प्रकृति | अहङ्कार | वुद्धि | मन | पुरुष |

उपर्युक्त १२ वाह्र कलामा प+फ र व+भ यी दुई दुई वर्णको परस्पर संयोगवाट प्रकृति र मन दुई कला वन्दछ। यो हो चतुरस्रको प्रधान कला, किनभने चतुरस्र विम्वचक्र हो। बाँकी दश कलाहरू, इन्द्रिय र तन्मात्रा रूप अवयव कला हुन्। यो विम्वचक्र रश्मिको रूपमा दुवै दशामा रहन्छन्। यसकारण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशार दुई र चतुरस्र सौर खण्ड प्रमाणपुर जागरात्मक कहिन्छ। यहाँ यो ध्यान राख्नुपर्छ कि अन्तर दशारको तत्त्व (इन्द्रिय) वहिर्दशारको तत्त्व (विषय) को आफू व्याप्तिले आच्छन्न (ढाकिएको) हुँदैन। अर्थात् जव विषय आफ्नु आफ्नु नगिच आभ्यन्तर रूपमा विलीन रहन्छ, तव दश इन्द्रिय र शव्दस्पर्शादि पंचतन्मात्रा मन, पुरुष यी सत्र तत्त्वको लिङ्ग-शरीर वन्दछ। मूल कारणरूप सूक्ष्म विन्दु (अव्यक्त) क्रमशः वाह्य रूपमा विकसित भएर इन्द्रियादिरूपमा प्राप्त भई लिङ्ग-शरीरमा परिणत हुन जान्छ। यस्तै प्रकार त्यो विन्दु अन्त्य अवयवी तन्त्र विकसित भएर वाह्य रूपमा परिणत हुन्छ र स्थूल शरीर वन्न जान्छ। यो अवस्थाको सूचना चतुरस्र गर्भित दशारद्वय चक्रले गर्दछ।

स्थूल शरीरद्वारा जाग्रत व्यवहारको प्रवर्तक सूर्य हो। यसमा जड ( चन्द्रकला) अजड (वन्हिकला) यी दुवैको समावेश रहन्छ। जाग्रतपुर रूप उपर्युक्त त्रिचक्र इन्द्रिय र विषय (चेतन र जड) दुवैको संमिश्रण हो। यो दशारद्वयको संक्षिप्त परिचय भयो। इन्द्रिय र मन विषयग्राहक हुनाले यिनलाई औपचारिक चेतनतत्त्व भनिएको हो।

## (६) चतुर्दशार चक्र

माथि वताइएका कामेश्वर-कामेश्वरीरूप युग्मतेज चर्तुदशार चक्रको चौधकोणमा विभक्त भएर १) सर्वक्षोभिणी २) सर्वविद्राविणी ३) सर्वाकर्षिणी ४) सर्वाल्हादकारिणी ५) सर्वसंमोहिनी ६) सर्वस्तम्भनकारिणी ७) सर्वजम्भिनी ८) सर्ववशकरी ९) सर्व रञ्जिनी १०) सर्वोन्मादनरूपिणी ११) सर्वार्थसाधिनी १२) सर्वसम्पत्प्रपूरणी १३) सर्वमन्त्रमयी १४) सर्वद्वन्द्वक्षयंकरी यी चौध शक्तिहरूको रूपमा पूजित छन्। यी चौध शक्तिहरू पिण्डाण्डमा दशइन्द्रिय र मन, वुद्धि, चित्त, अहङ्काररूपी चार अन्तःकरणसमेत चौधकरणमा रहन्छन्-

*चतुर्दशार वसुधा करणानि चतुर्दश* (सुभगोदय)

यो चतुर्दशार चान्द्रखण्ड तथा जड हुनाले सुषुप्तिपुर कहिन्छ। चन्द्रको सोह्र कलाहरू हुन्छन्। यी चौध कोणवाट चौधकलाहरू: स्वर वर्णमा अदेखि औसम्म चौध र अं अः अनुस्वार र विसर्गसमेत मिलाएर मातृका वर्णका सोह्र स्वर प्रार्दुभाव हुन्छन्। विन्दुदेखि लिएर चर्तुदशारसम्म प्रधान श्रीचक्रको संक्षिप्त परिचय यहाँसम्म दिईयो।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (७) अष्टदल चक्र

विन्दु चक्रको वासनामा अघि नै भनिसकियो, यस्तै यन्त्र लेख्ने क्रममा पनि वताईने छ कि सम्पूर्ण चक्र विन्दु रूप नै हो। शक्तिद्वारा विन्दुदेखि चतुर्दशारसम्मको कल्पना गरियो, । समस्त विश्व शिवशक्त्यात्मक भएको कारणवश त्रिकोणदेखि लिएर चतुर्दशारसम्मको शक्तिचक्र शिवचक्रगर्भित छ। शिव चक्रान्तरगत छ। जस्तै-

*त्रिकोणे वैन्दवं श्लिष्टमष्टारेऽष्टदलाम्वुजम्*
*दशारयोः षोडशारं भूगृहेभुवनास्त्रके ॥*

केवल वुद्धिविकास र स्पष्ट ज्ञानका निमित्त शिवशक्ति चक्रको पृथक् विवेचना गरेको हो। लेख्ने तरिका अनुसार चर्तुदशार चक्रदेखि वाहिर वनाउने अष्टदल चक्रमा अनङ्गकुसुमा १, अनङ्गमेखला २, अनङ्गमदना ३, मदनातुरा ४, अनङ्गरेखा ५, अनङ्गवेगिनी ६, अनङ्गाङ्कुशा ७, अनङ्गमालिनी ८, माथि वताईएको तेज मिथुन नै यी ८ देवीहरूका रूपमा पूजा गरिन्छ। यो सर्वक्षोभण चक्र हो, तन्त्रमा सृष्टिलाई क्षोभ भनिन्छ। कारणात्मक हुनाले नै यो सृष्टि कारक हो।

यो अष्टदल चक्र अष्टार चक्रको अन्तरभूत छ, यसकारण आग्नेय खण्ड र प्रमात्पुर हो। यसमा विन्दुरूप वन्हिको आठकला हुन्छ। यो विन्दु अभेद प्रमाता हो, विसर्गरूप चर्तुदशारको वाहिरी भागमा रहेको विन्दु अष्टदल अष्टार चक्रको अन्तरभूत हुनाका कारण चर्तुदशारको अभ्यन्तरमा रहेको हुन्छ। त्यस्तै विसर्गात्मक षोडशदलको अभ्यन्तर रहन्छ।

लोकप्रसिद्ध वर्णानुक्रममा पनि अः विसर्ग पूर्व अं अनुस्वार (विन्दु) आउँछ। जस्तै- अं अः। त्यस्तै विलोम (उल्टो) पाठमा विसर्ग वाह्य (वाहिर) हुन जान्छ। यस प्रकार विसर्ग र विन्दु परस्पर वाह्यभ्यन्तर (भित्रवाहिर) हुन जान्छ। यस्तो भएर तान्त्रिक सिद्धान्तको गुरुतम रहस्य द्योतन गर्दछ, प्रकाश गर्दछ। यसको सारांश यही हो कि विसर्गको वहिर्भाव पशुभावको विकास हो। विन्दुको बहिर्भाव शिवभावको अभिवृद्धि सूचक हो। अष्टदल प म अव्यक्तादि आठ कारणवाट वन्दछ। यथा-

*वसुच्छदन-पद्माङ्गदेशो यश्चक्रगो विभुः।*
*अव्यक्ताद्याः प्रकृतयो भूतात्मा निश्चिनोम्यहम् ॥*

*यो-अष्ट दल चक्र षोडशदल चक्र भन्दा भिन्न छ भन्ने कुरा स्वत प्रष्टिन्छ।*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (८) षोडशदल

षोडशदल चक्र कमल विसर्गरूप चन्द्रको षोडशकला युक्त छ। यो चक्र विकार रूप अन्त्यावयवीले घटित छ।

*षोडशच्छदपद्माङ्गदेशो भूताक्षमानसम् ।*

*विकारात्मकमापन्नं देव्याः संभावयाभ्यहम् ॥* (सुभगोदय)

यो षोडशदल चक्रमा कार्याकर्षिणी, वुद्ध्याकर्षिणी, अहङ्काराकर्षिणी, शव्दाकर्षिणी, स्पर्शाकर्षिणी, रूपाकर्षिणी, रसाकर्षिणी, गन्धाकर्षिणी, शव्दाकर्षिणी, धैर्याकर्षिणी, स्मृत्याकर्षिणी, नामाकर्षिणी, वीजाकर्षिणी, आत्माकर्षिणी, अमृताकर्षिणी, शरीराकर्षिणी, गरी सोह्र शक्तिको रूपमा पूर्वोक्त युग्मतेजो मिथुनको नै पूजा हुन्छ। केही तान्त्रिकहरू यिनलाई नित्यतादात्म्यको नामले पुकार्छन्। सोह्र स्वरवर्णनै यसको सोह्रदल हो। यसको एक नाम सर्वांशपरिपूरक चक्र पनि हो। किनभने पूर्वोक्त कार्याकर्षिणी आदि सोह्र नित्याहरूको तृप्तिले नै सारा आशाहरू पूर्णहुन्छन्। यो जडात्मक चान्द्र खण्डको सौर खण्ड रूप दशारद्वय (दुई) मा अन्तरभाव हुन्छ। सूर्य चन्द्राग्निको मिश्रण नै हो। यसको आग्नेय खण्डमा उपर्युक्त चतुरस्र रहेको छ।

## (९) भूपुरचक्र

अव अन्तिमचक्र भूपुरचक्रको विवेचना गरिन्छ। यसको आकार भेद यन्त्र लेख्ने विधिमा वताइनेछ। यहाँ केवल पूज्य देवता, त्यस्तै चक्रवासनाको विषयमा केही वर्णन गरिन्छ।

भूपुर चक्रमा उपर्युक्त युग्मतेज (कामेश्वर र कामेश्वरी) दुई शिव शक्तिको अणिमा, लघिमा, महिमा, ईशित्व, वशित्व, प्राकाम्य, भक्ति, इच्छा, प्राप्ति, सर्वकामा (मुक्ति) दश सिद्धि र व्राम्ही, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही ऐन्द्री, चामुण्डा, महालक्ष्मी गरी अरु लोकमाता समेत अठार शक्तिलाई पुजिन्छ। मतान्तरवाट त्रिखण्डा, सर्वसंक्षोभिणी, द्राविणी, सर्वाकर्षिणी, सर्वसंकरी, उन्मादिनी, महाङ्कुशा, खेचरी, वीज, योनि नामक दश मुद्राको रूपमा पनि पूजिन्छन्। नित्याषोडशीकार्णव ग्रन्थको तृतीय विश्राममा यी मुद्राहरूको विस्तार पूर्वक वर्णन गरिएको छ।

जव विमर्श शक्ति स्वयं आफु भित्र विश्व प्रकाशन तथा इदंरूपले परामर्शन रूप सृष्टि अर्थात् शिवदेखि लिएर क्षिति (पृथ्वी) पर्यन्त तत्त्वमा परिणत हुने गर्दछ, तव क्रिया रूपमा त्यो संविद्रूप अम्विका पराशक्ति, विश्वको मोदन र द्रावणको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारण मुद्रा नाममा प्राप्त हुन्छे।

*चिदात्मभित्तौ विश्वस्य प्रकाशामर्शने यदा*
*करोति स्वेच्छया पूर्णविचिकीर्षा समन्विता*
*क्रिया शक्तिस्तु विश्वस्य मोदना द्रावणा तथा*
*मुद्राख्या इति...।* (योगिनी हृदय)

यो मुद्राको सामान्य अर्थ हो- *प्रति चक्रंतु मुद्रास्तु चक्र-संकेत-चोदिता।*

यस अनुसार मुद्राहरू प्रत्येक चक्रमा उसका नाम रूप अनुसार पूजिन्छन्। पराशक्ति त्रिकलात्मिका हुनाले त्रिखण्डा मुद्रा हुन्छ, यो सकल यन्त्रको व्यापक मुद्रा हो। किनभने यन्त्र नै त्रिकोणमय छ, यही मुद्रा आफू खण्ड त्रयात्मकलाई छोडेर योनी प्रचुररूपमा प्राप्त हुनाले सर्वसंक्षोभिणी कहलाउँछे। यो वामा शक्ति प्रधान हुनाको कारण सृष्टिरूप हो। यो त्रैलोक्य मोहन चतुरस्र चक्रमा रहन्छ। यो निर्मित्त विश्वको पालन गर्ने भएकी स्थूल नादरूप जेठी शक्तिनै कामाकर्षिण्यादि स्वरूप भएकी द्राविणी मुद्रा हो। यो सर्वाशापूरक चक्रमा रहन्छ। सर्वाकर्षिणी मुद्रा सृष्टि, स्थिति, साम्यरूप हो, यो सर्वसंक्षोभण चक्रमा रहन्छ। सर्व वशङ्करी मुद्रा चतुर्दशारमा, उन्मादिनी मुद्रा वर्हिदशारमा, महाङ्कुशा अन्तरदशारमा र योनि मुद्रा सर्वानन्दमय (विन्दु) चक्रमा रहन्छ। यसरी यी मुद्राहरू यी चक्रमा पूज्य छन्। यो भूपुर चक्रलाई त्रैलौक्यमोहन चक्र भनिन्छ। यसलाई तन्त्रमा श्रीगङ्गा, यमुनारूप तीर्थराज प्रयाग कहिन्छ।

*तस्माच्चतुष्पदमिदँ चतुरस्र विम्वं*
*चिद्चैत्यनिर्झरसरिद् यमुना प्रयागः।* (मातृकाचक्र विवेक)

यसमा चिद् चैत्य रूपी दुई श्वेत कृष्णा नदीको सङ्गम हुन्छ। (सारांश यो हो कि यो भूपुर चक्र चेतन जड तथा शिव जीव दुवैको समष्टि रूप हो। तन्त्रमा यसको व्याख्या यसरी गरिएको छ।

वहि (अष्टार) चक्रको अन्तरगत चित्रूप विन्दुचक्र चतुर्दशार चक्रको अन्तरगत छ। अष्टदलको वाहिर आफू रश्मिकिरण षोडशदलले आच्छन्न छ। विम्वमाझमा रहन्छ। किरण चारौतर्फ वाहिर छरिई रहन्छ। यो सामान्य नियम अनुसार विन्दुदेखि वाहिर त्रिकोण र अष्टदलदेखि वाहिर षोडशदल रहेको छ। यसप्रकार विन्दु र अष्टदल यी दुई विम्व आफ्नू-आफ्नू प्रभाचक्र क्रमशः त्रिकोण षोडश दलचक्र (विन्दुको प्रभा त्रिकोण र अष्टदलको प्रभा षोडशदल) को साथ दशार चक्रको माझमा चतुरस्रको एकएक कोणका रूपमा परिणत हुन्छ। यसकारण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस चक्रलाई तीर्थराजको साथ उपमा गर्नु सुसङ्गत प्रतीत हुन्छ। यसप्रकार यो यन्त्र पूजा पद्धतिमा सर्वप्रथम पूजनीय मानिएको हो। यथा-

*अर्च्यं भवेत् प्रथमतोऽथ तदङ्गभूतं*
*चित् चैत्य चक्र यजनांत्विति पूर्वतस्तत् ॥*

पूजा दशार चक्रको माभमा नै हुनु गर्नुपर्छ। केवल व्युत्पत्तिका निमित्त मात्र उसको सवैभन्दा वाहिरी कक्षमा गर्नुभन्नें लेखिएको हो। यथा

*अन्तःस्थमेव चतुरस्रमुषोर्वुधेन्दो*
*रर्कात्मकं चिदचिदुद्भव मेतदङ्गम्*
*एवं च सत्यपि जडाजडसारमेतत्*
*प्रागेवपूज्यमिति पूर्णपदे कृतं तत् ॥* (मातृकाचक्र विवेक)

## संक्षिप्त पूजा रहस्य

माथि पनि एउटा रहस्य पूजाको वर्णन गरिएको थियो। यहाँ फेरी अर्को विशेष रहस्य पूजाको संक्षिप्त वर्णन गरिन्छ। तन्त्रशास्त्रमा श्रीयन्त्रको पूजन प्रकार वाह्य र आभ्यन्तर दुई भेदले दुई प्रकारको वताईएको छ।

**१) वाह्य पूजा-** पहिले पीठादि माथि यन्त्र लेखन-विधिले यन्त्र लेख्नु पर्छ। परन्तु यन्त्र लेख्नुभन्दा पहिलेदेखिनै साधकले योग्य गुरुवाट दीक्षा लिएर शुभ मुहूर्त्तमा उपासना गर्नु पर्छ। यसो नगरी पूजा गरेमा फल प्राप्ति हुनुभन्दा अनिष्ट हुने संभावना हुन्छ। यसरी यन्त्र लेखेपछि गुरुले वताए वमोजिम विधिले षोढान्यासादि गरेर श्रीचक्र न्यास भूत शुद्धि गरेर (देवोभूत्वा यजेद्देवम्) का अनुसार तत् तत् यन्त्रमा तत् तत् देवताको आवरणपूजा गर्नुपर्छ। त्यस पछि गुरुपादुकाको पूजा गर्नु आवश्यक छ। यस पछि वलिपूजा उपहार इत्यादि चढाएर यन्त्रको विसर्जन गर्नुपर्छ। यही हो वाह्य पूजा विधि।

**२) आभ्यन्तर पूजा-**

*ज्ञाता स्वात्मा भवेज्ज्ञानमर्घ्यं ज्ञेयं हविःस्मृतम् ।*
*श्रीचक्रपूजनं तेषामेकीकरणमीरितम् ॥* (तन्त्रराज)

ज्ञाता ज्ञान ज्ञेय र होता, अर्घ्य हवि, यी त्रिपुरीको अभेद भावना नै आभ्यन्तर पूजा हो। यो भावना पनि अधिकारी भेदले तीन प्रकारको वताइन्छ, १)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकल भावना २) सकल-निष्कल भावना ३) निष्कल भावना- यी तीन क्रमशः उत्तम, मध्यम र सामान्य छन् ।

केवल महाविन्दुमानै विन्दु आदि नवचक्रको पारस्परिक भेद नभई निर्विषयक संविन्मात्रात्मक (चित् रूप) कामकलाको भावना गर्नु- हुनु यो सर्वोत्तम साधन हो, यस्तो भावना हुनु उत्तम निष्कल भावना हो ।

विन्दुदेखि लिएर अर्धचन्द्र, पादचन्द्र, कलाचन्द्र, नाद, शक्तिव्यापिका, रोधिनी, समना, उन्मना, आदि नवचक्रमा श्रीचक्रका उपर्युक्त नवचक्रहरूको ऐक्य भावना गर्नु-हुनु उत्तम हो । यसैलाई सकल-निष्कल भावना भनिन्छ, यो मध्यम श्रेणीका साधकमा हुन्छ ।

श्रीचक्रको सामान्य विवेचनामा वताइएका शरीरचक्रको साथ ऐक्य भावना हुनु सकल भावना हो । यो सामान्य साधकमा हुन्छ । यो भावनाको भेदले अधिकारी पनि विज्ञान, केवलशुद्ध, अशुद्ध तीन प्रकारका हुन्छन् ।

## सम्पूर्ण चक्रको एक महाबिन्दुमा अन्तर्भाव

जुनप्रकार एक बिन्दुमा नै श्रीचक्रको अन्तर्गत रहेका नवैचक्रको अन्तरभाव छ, त्यस्तै नै यौटै सहस्रात्म विन्दुमा शरीरस्थ षड्चक्रहरूको पनि अन्तर्भाव छ ।

विन्दु मूलाधार आदि चक्रहरूको समष्टि, जगत्को सृष्टि-स्थिति संहारको कारण शिवको शक्ति विशेष हो । त्यो एक भएर पनि सहस्रदल कमलको मध्य चारद्वारवाट वनेको कर्णिकाको वीचमा चतुष्कोणात्मक शक्तितत्त्वको रूपमा रहेको छ । त्यसको वीचमा नादरूप शिवतत्त्व छ । त्यो पनि चार प्रकारको छ, शिवशक्ति दुई शब्दार्थरूप हुनाको कारण कलात्मक छ । नाद कलाको मिश्रण रूप अतिरिक्त पदार्थ मानिएको छ । यो बिन्दु पुनः दशमा विभक्त छ ।

*दशधा भिद्यते विन्दुरेक एव परात्मकः ।*
*चतुर्धाधारकमले षोढाधिष्ठान-पङ्कजे ।*
*उभयाकाररूपत्वादितरेषां तदात्मना ॥*

यसको सारांश यो हो कि यौटै विन्दु मूलाधार चक्रमा मन, बुद्धि अहङ्कार, चित्त, प्रकृति, भेदले चार प्रकारको बन्न जान्छ । त्यस्तै षड्दल स्वाधिष्ठानमा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य या मायादि ६ कञ्चुहरूका रूपमा उही विन्दु छ प्रकारको हुन्छ । यी दशविन्दु नै संसारका कारणविन्दु हुन् । यी शरीरमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेका दुई चक्र नै उपर्युक्त दश विन्दु रूप भएको हुन्छ। यसको अगाडी यी दुई प्रकारका कमलको मिश्रण नाभि प्रदेशको दशदश मणि पूरक नामको चक्रमा हुन्छ। यसको अगाडी हृदय प्रदेशमा द्वादशदल अनाहतचक्र छ। यो चक्र मणिपुरको दश दल र उसको मूल दुई दल मिलेर वन्दछ र द्वादश दल हुन्छ। यसकारण मणिपुर चक्र नै अनाहत चक्रको प्रकृति हो। कण्ठ प्रदेशमा षोडश दल छ। मणिपुर चक्रको द्वादश दल र मूलाधार चक्रको चतुर्दल मिलेर विशुद्धि षोडश दल वन्दछ। भ्रूमध्यमा द्विदल आज्ञाचक्र छ, यो मूलाधार र स्वाधिष्ठान प्राकृत हुनाले द्विदल आज्ञा चक्र हुन्छ।

यसप्रकार मणिपुर, अनाहत, विशुद्धि, आज्ञा यी चार मूलाधार र स्वाधिष्ठानदेखि उत्पन्न भएका हुनाले यी दुई चक्रको अन्तरभूत यी ४ चक्र हुन्छन् र यी दुई चक्र (मूलाधार र स्वाधिष्ठान) सहस्रात्मक विन्दुभेद भएका कारण सहस्रपद्मको अन्तरभूत छन्। यसप्रकार सवै चक्रहरूको ऐक्य हुन जान्छ, यसरी एक विन्दु नै दशधा भएर सर्वमय हुन जान्छ।

***



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# श्रीयन्त्रलेखन विधि र प्रकार

कुलाचार, सदाचार र आचार्यहरूको संप्रदाय गत मतभेदले गर्दा श्रीयन्त्र लेख्ने अनेक प्रकारहरू आगमशास्त्रमा र साधकहरूमा पाईएको छ। यहाँ केवल लेखन प्रणालीका उपयोगी स्वरूपमात्र देखाइएको छ।

विन्दु, त्रिकोण, अष्टार, अन्तरदशार वहिर्दशार चतुर्दशार, अष्टदलपद्म, षोडशदलपद्म, भूपुर (चतुरस्त्र) यी नौ चक्रले श्रीयन्त्र बन्दछ।

*चतुर्भि श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि*
*प्रभिन्नाभिः शम्भोर्नवभिरपि मूलप्रकृतिभिः॥*
*चतुश्चत्वारिंशद् वसुदलकलाश्रत्रिवलय*
*त्रिरेखाभिः सार्धं तव शरणकोणाः परिणताः ॥* (सौन्दर्य लहरी)

(कसै-कसैले षोडशदल वाहिरको वृत्त तीनलाई अतिरिक्त चक्र मानेका छन्।)

*बिन्दु-त्रिकोण-वसुकोण-दशारयुग्मम्*
*मन्वस्त्र-नागदलसंयुतषोडशारम्*
*वृत्तत्रयं च धरणी सदतत्रयं च*
*श्रीचक्रराजमुदितं परदेवतायाः ॥* (यामल तन्त्र)

आचार्यहरूका मतमा विन्दु सर्वव्यापक चक्र हो। अतः विन्दुलाई नव चक्रमा गणना गरिँदैन। धेरै आचार्यहरू र साधकहरू चतुर्दशारको वाहिर एक मर्यादा वृत्त र अष्टदल कर्णिकाको निमित्त यस वाहिर अर्को वृत्त, त्यस वृत्तको आडमा षोडशदल कर्णिका र अर्को मर्यादाष्टक दिएर तीन वृत्त वनाउँछन् यहाँ यसै गरी वृत्त दिइन्छ।

कसै कसैले भने मर्यादावृत्त नदिएर केवल कर्णिकावृत्त मात्र दिन्छन् र षोडशदल वाहिर अतिरिक्त तीन वृत्त वनाउँछन्। कोही उपासकहरू वृत्त दिदै दिदैनन्। यस्ता मतभेद भूपुर चतुरस्त्रमा पनि पाईन्छ, कोही एक रेखात्मक चारद्वार भएकोचतुरस्र मान्दछन्। कोही तत् तत् दिशाहरूमा विभिन्न संख्यावाट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई द्वार भएको चतुरस्र लेख्दछन् । कोही कोही चार रेखाको चतुर्द्वार द्वादश द्वार पनि लेख्दछन् । धेरै जसोले त्रिरेखात्मक चारद्वार भएको चतुरस्र नै वनाउँछन् । यस्ता यन्त्रहरू धेरै पाईएका छन् । यहाँ पनि यस्तै चतुरस्र वनाएको छ वनाईन्छ । जे होस् विन्दुदेखि चतुर्दशारसम्म नै प्रधान पक्ष हो ।

*चतुर्भिः शिवचक्रैश्च शक्तिचक्रैश्च पञ्चभिः*
*नवचक्रैश्च संसिद्धं श्रीचक्रं शिवयोर्वपुः ॥* (भैरव यामल)

किनभने यथार्थ श्रीयन्त्र शिवशक्तिको सम्पुट रूप हो, चतुर्दशारसम्म नै नौ चक्रको अन्तरभाव छ । यसमा त्रिकोण, अष्टकोण, अन्तर् दशार, वहिर्दशार, चतुर्दशार यी पाँच शक्ति चक्र हुन् । विन्दु, अष्टदल, षोदश दल भूपुर यी चार शिव चक्र हुन् ।

*त्रिकोणमष्टकोणञ्च दशकोणद्वयं तथा ।*
*चतुर्दशारचैतानि शक्तिचक्राणि पञ्च च ॥*
*विन्दुचाष्टदलपद्मं पद्मं षोडशपत्रकम्*
*चतुरस्रञ्च चत्वारि शिवचक्राण्यनुक्रमात् ॥*

त्रिकोणमा विन्दु, अष्टारमा अष्टदल दुई दशारमा षोडश दल चतुर्दशारमा चतुरस्रको अन्तरभाव छ ।

*त्रिकोणे वैन्दवं श्लिष्टमष्टारेऽष्टदलाम्वुजम्*
*दशारयोःषोडशारभूगृहं भुवनाष्टके ॥*

यस प्रकार यसमा शिव शक्तिको अभिन्न भावरूप मिश्रण छ; यो अविनाभाव जान्ने पुरुष नै श्रीचक्रज्ञ हो ।

*शैवानामपि शाक्तानां चक्राणां च परस्परम् ॥*
*अविनाभावसम्वन्धं यो जानाति स चक्रवित् ।*
*न शिवेन विना शक्तिः शिवोपि न तया विना ।*

यसकारण स्पष्ट छ कि शिव शक्तिको पृथक्ता हुन सक्दैन । शिव चक्रहरूको चतुर्दशारदेखि वाहिर लेख्नु शिष्यको वुद्धिविकासको निमित्त मात्र हो । यसैले चतुर्दशारसम्म मात्र प्रधान यन्त्रको साँध हो, यो सर्वसम्मत सिद्धान्त हो ।

## परिभाषा

अव यहाँ कितावको पत्र सानु भएकाले र नौचक्रले युक्त भएको यौटै पूर्ण यन्त्रमा मात्र प्रतिकोठामा मन्त्रलेखनलाई ठाउँ नपुग्ने हुनाले र प्रत्येक यन्त्रको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोठा-कोठामा मन्त्र लेख्दै लगि दिनाले यौटै नवचक्र युक्त पूर्णयन्त्र भई संकेपछि त्यसको प्रतियन्त्रका प्रति कोठामा यो हेर्दै मन्त्र लेख्न साधकलाई सजिलो समेत हुने हुँदा यहाँ जति चक्र लेखिदै जान्छ। त्यसमा समेत मन्त्र लेखेर लगेको हो। आखिर नवै चक्रले संयुक्त यन्त्र भई सकेपछि त्यसैमा यन्त्रसमेत लेखि पूर्णयन्त्र एउटै भए पछि मात्र पूज्य हुन्छ। अव वामकेश्वर तन्त्रको आधारमा सर्वत्र प्रचलित श्रीयन्त्र लेख्ने तरिकाको दिग्दर्शन गराउनका निमित्त प्रथम तदुपयोगी परिभाषालाई उल्लेख गरिन्छ।

## दिशा ज्ञान

*'यदाशाभिमुखो मन्त्री'* इत्यादि अनुसार जुन दिशातिर फर्केर साधकले यन्त्र लेख्दछ। सो दिशालाई पूर्व दिशा सम्झनु पर्दछ। त्यसरी आफू फर्केको दिशालाई पूर्व वनाएर सोही अनुसार अरु दिशाको कल्पना गर्नु। जस्तै:-




## शक्ति त्रिकोण

*इशानादग्निपर्यन्तामृजुरेखां समालिखेत्*
*इशादग्नेस्तदग्राभ्यां रेखे आकृष्य देशिकः*
*एकीकुर्याच्च वारुण्यां शक्तिरेखामतः प्रिये।*
*त्रिकोणाकाररेखेयमित्यादि ।*

यस अनुसार ईशानवाट आग्नेयसम्म एक सरल रेखा खिच्नु र यो रेखाको ईशान आग्नेयको दुवै छेउवाट दुई पार्श्व रेखा खिच्दै लगेर पश्चिममा यी दुवै पार्श्व रेखा जोडिदिनु र आफ्नू सम्मुखमा उर्ध्वमुख त्रिकोण बन्दछ। यो त्रिकोणलाई शक्ति त्रिकोण भन्दछन्। यस त्रिकोणलाई शक्ति, पार्वती र योनि आदि नामले पनि व्यक्त गरिन्छ। जस्तै शक्ति त्रिकोण अधोमुख-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri




## शिव (वह्नि) त्रिकोण

*रेखां कृत्वा महेशानि वायु-राक्षसकोणगाम् ।*
*रेखे आकृष्य कोणाभ्यां तदग्रात्पूर्वगे कुरु ॥*
*वह्निनमण्डलमेतन्तु पूर्वाग्रं वीरवन्दिते ।* (ज्ञानार्णव)

अर्थात् वायव्यवाट नैऋत्य कोणसम्म एक सरल रेखा खिचेर यो रेखाको वायव्य र नैऋत्यको छेउवाट पूर्वतर्फ वढ्दै गएको दुई पार्श्वरेखा खिच्दै (तान्दै) लगेर पूर्वमा जोडी देऊ र उर्ध्वमुख त्रिकोण बन्दछ । यो त्रिकोणलाई शिव, वन्हि, वा यसको पर्याय वाचक महेश्वर, अग्नि इत्यादि नामले व्यक्त गरिन्छ ।
जस्तैः शिव (वन्हि) त्रिकोण उर्ध्वमुख-




यस प्रकार ईशान, आग्नेय, पश्चिमतर्फको कोणलाई शक्तिकोण र वायव्य नैऋत्य, पूर्वतर्फका कोणलाई शिवकोण भन्दछन् ।
**पार्श्व रेखाः** दायाँ र वाँया रहेको रेखालाई पार्श्वरेखा भनिन्छ, कहीं कहीं यसलाई उर्ध्व र अधोरेखा पनि भन्दछन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**तिर्यक् रेखाः** ईशानदेखि आग्नेय सम्म र वायव्यदेखि नैर्ऋत्यसम्म खिँचिएका रेखालाई तिर्यक् रेखा भनिन्छ। यसलाई पूर्व रेखा र पश्चिम रेखा पनि भनिन्छ।

**भेदनः** एक रेखाको माथिवाट अर्को रेखा आउनेलाई भेदन भन्दछन्।

**सन्धिः** भेदन गर्ने दुई रेखाको संयोग स्थानलाई सन्धि भन्दछन्

**मर्मः** भेदन गर्ने तीनरेखाको संयोग स्थानलाई मर्मस्थान भनिन्छ। मर्म र सन्धिलाई ग्रन्थि पनि भनिन्छ।

**डमरुः** शक्तिको पश्चिमकोण र वन्हिको पूर्वकोण मिलेर डमरु वन्न जान्छ।

**वृत्तः** चन्द्राकार रेखालाई वृत्त भन्दछन्।

**परिवेशः** चतुरस्त्र रेखालाई परिवेश भन्दछन्।

**भूपुरः** त्रिरेखात्मक वृत्तलाई भूपुर भन्दछन्।

## यन्त्र लेखने विधि-क्रम

सर्वप्रथम माथि वताए वमोजिम शक्ति त्रिकोण वनाऊ। यो प्रथम शक्ति त्रिकोण भयो। यो प्रथम शक्ति त्रिकोणको माझ पारेर उत्तरवाट दक्षिणतर्फ गएको एक तिर्यक् रेखा प्रथम शक्ति त्रिकोणलाई भेदन गर्दै खिच। यो तिर्यक् रेखाको उत्तर दक्षिण तर्फको दुवै छेउवाट दुई पार्श्वरेखा पश्चिम तर्फ खिच्दै लैजाऊ। प्रथम शक्ति त्रिकोणको पश्चिम कोणको सोझो पश्चिम तर्फ केही तल पुऱ्याई यी दुवै पार्श्व रेखालाई जोडीदेऊ। यो त्रिकोण द्वितीय शक्ति त्रिकोण हुन्छ। यद्यपि यस क्रममा विन्दु लेख्ने काम आएन तापनि पूजा क्रमको अनुसार प्रथम शक्तिलाई भेदन गरी वनेको द्वितीय शक्ति त्रिकोण माझमा विन्दु राख्नु पर्दछ। जस्तैः प्रथम द्वितीय शक्ति त्रिकोण चक्र-






Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## नवयोनिचक्र निर्माण विधि

यसरी दुई शक्ति त्रिकोण वनेपछि प्रथम शक्ति त्रिकोणको ईशानवाट आग्नेय तर्फ गएको तिर्यक् रेखाको ठिक माभदेखिको सोभो माथि पूर्वतर्फ एक विन्दु राखेर त्यस विन्दुदेखि ईसान आग्नेय तर्फ दुवैतर्फ दुई शक्ति त्रिकोणको




(नवयोनिचक्रको आकार)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पात भएको दुवै ठाउँमा सम्पात भई तीन रेखा एकै ठाउँमा जोडिन गई मर्म स्थान वन्ने गरी उक्त पार्श्व दुई तलतिर तान्दै लैजाऊ र ठीक ठाउँसम्म पुऱ्याऊ । यी खिंचेका पार्श्व रेखाको दुवै छेउमा जोडिने गरी वायव्यवाट प्रथम शक्तिको पश्चिम कोण (छेउ) लाई स्पर्श (छुँदै) गएको एक तिर्यक् रेखा खिच र एक उर्ध्वमुख त्रिकोण वन्दछ र यो प्रथम वन्हि त्रिकोण वन्दछ ।

यस प्रकार आठ दिशामा आठ त्रिकोणले अष्टार (अष्ट कोण) र माझमा एक त्रिकोण, यस त्रिकोणको माझमा एक विन्दु समेत तिन यन्त्र वन्न गयो । विन्दु, त्रिकोण, अष्टार यी तीन यन्त्रले वनेको यो चक्रलाई नवयोनिचक्र भन्दछन् । यो चक्रमा नव त्रिकोण, छ सन्धि, दुई मर्म र दुई डमरु छन् । प्रथम शक्तिको वायाँदायाँ पार्श्व रेखा र द्वितीय रेखाको उत्तर दक्षिण तिर्यक् रेखा (जोर्नी) लाई प्रथम वन्हि त्रिकोणको वायव्य, नैऋत्यवाट पूर्व गएको पार्श्व रेखाले भेदन गरी तीन रेखाको सम्वाद गर्नाले उत्तर दक्षिण दुई मर्म स्थान वन्न पुग्छ । यसै गरी परिभाषा अनुसार सन्धि डमरुको प्रक्रिया पनि सम्झिनु पर्छ ।

## अन्तर्दशार विधि

माथि वताएको नवयोन्यात्मक चक्रको प्रथम शक्ति त्रिकोणको तिर्यक् रेखालाई ईशान र आग्नेयतर्फ केही परसम्म वढाऊ ! यसको दुवै छेउवाट दुई पार्श्व रेखा पश्चिम तर्फ तान्दै लैजाऊ । द्वितीय शक्ति त्रिकोणको पश्चिम कोण सोझो केही पर लगेर यी दुवै पार्श्वरेखा जोडि देऊ ! अब तृतीय शक्ति त्रिकोण वन्दछ । यो तृतीय शक्ति त्रिकोणको भित्र नव योन्यात्मक चक्रको प्रथम वन्हि त्रिकोणको पूर्व कोण वाहेक अरू सातको सवै भित्र पर्दछन् । जस्तै-




(अन्तरदशारचक्र)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अव प्रथम वन्हि त्रिकोणको तिर्यक् रेखालाई वाह्रच नैऋत्य तर्फ केही वढाऊ र यो वढेको रेखाको दुवै छेउवाट पूर्व तर्फ दुई पार्श्वरेखा खिच्दै लैजाऊ उक्त रेखाले प्रथम शक्तिको क्रमशः ईशान आग्नेय कोणलाई स्पर्श गर्दै जाओस् र प्रथम वन्हिको पूर्व कोणको सोझो केही पर लगेर दुवै पार्श्वरेखालाई जोडिदेऊ ! यो द्वितीय वन्हि त्रिकोण वन्छ । यो चक्रमा अष्टार चक्र वाहिर ६ कोण वन्दछ । तृतीय शक्ति र द्वितीय वन्हिको संयोगवाट दुवै पार्श्व भागमा दुई डमरु वन्न गए । यसै गरी सन्धि मर्म पनि सम्झनु पर्छ । जस्तै-




अव फेरि प्रथम शक्ति त्रिकोणको पार्श्वरेखालाई ईशान र आग्नेय तर्फ माथि प्रथम वन्हि त्रिकोणको पूर्व कोणको वरावरसम्म वढाऊ र प्रथम वन्हि त्रिकोणको पूर्व कोणलाई स्पर्श गर्दै जाने एक तिर्यक् रेखा खिंच । यस तिर्यक् रेखाको दुवै छेउ क्रमश अघि तानेको प्रथम शक्तिको पार्श्व रेखाको दुवै छेउसम्म जोडिन जाओस् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै फेरी प्रथम वन्हि त्रिकोण दुवै पार्श्व रेखालाई वायव्य नैऋत्य तर्फ द्वितीय शक्ति त्रिकोणको पश्चिम कोणको वरावरसम्म वढाऊ, तान र यही द्वितीय शक्ति त्रिकोणको पश्चिम कोणलाई स्पर्श गर्दै जाने एक तिर्यक् रेखा खिँच। यो रेखाको दुवै छेंउले अघि वढाएको प्रथम वन्हिको पार्श्व रेखाको दुवै छेउमा क्रमश जोड्दै जाओस्। यसरी फेरी चार कोण वढ्न जान्छ। यी चार कोण अघिको छ कोणसमेत गरी जम्मा दश कोण भयो। यो दश कोणले युक्त निम्न लिखित अन्तर्दशार चक्र पूर्ण भयो।




क्रमाङ्क अनुसार त्रिकोण भित्र लेखिने मन्त्रहरू:

१) ह्री क्ली ल्वूं। कुज यंमं सर्वज्ञा।
२) ह्रीं क्लीं ल्वूं रं यं सर्वशक्ता।
३) ह्रीं क्लीं ल्वूं रं लं सर्वैश्वर्यप्रदा।
४) ह्रीं क्लीं ल्वूं वं लं सर्वज्ञानमयी।
५) ह्रीं क्लीं ल्वूं शं वं सर्वव्याधिविनाशिनी।
६) ह्रीं क्लीं ल्वूं शं नि षं शं सर्वाधारस्वरुपिणी।
७) ह्री क्लीं ल्वूं सं षं सर्वपापहरा।
८) ह्रीं क्ली ल्वूं हं सं सर्वानन्दमयी।
९) ह्री क्लीं ल्वूं लं हं सर्वरक्षास्वरुपिणी।
१०) ह्री क्लीं ल्वूं क्षँलंक्ष सर्वेप्सितफलप्रदा।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## बहिर्दशार विधि

प्रथम वन्हि द्वितीय वन्हि त्रिकोणको माभ्रुवाट गएको आद्यशक्तिको पूर्वदिशामा रहेको तिर्यक् रेखाको दुवैकोण (अर्थात् अन्तरदशारका पूर्व कोणवाट आग्नेय तर्फवाट गन्दै लैजाँदा दशार द्वितीय कोणलाई) लाई पूर्व कोणसँग आग्नेय इशानतर्फवाट केही वढाएर यी दुवै छेउ वाट पश्चिम रेखा उधो पश्चिम तर्फ खिच्दै लैजाऊ र तृतीय शक्ति त्रिकोणको पश्चिम तर्फ सोझो केहीपर लगी दुई पार्श्वरेखा जेडिदेऊ र वहिर्दशार वनाउने यो चतुर्थ शक्ति त्रिकोण बन्दछ।

यसपछि प्रथम वन्हिको पश्चिम रेखा तिर्यक् रेखाको दुवै कोणलाई अर्थात् अन्तरदशारको पाँचौ र सातौं कोणलाई उत्तर-दक्षिणतर्फ वढाएर यसवाट पूर्वतर्फ जाने दुई पार्श्व रेखा तान्दै लैजाऊ र जुन दुई रेखाले चतुर्थ शक्तिको पार्श्व रेखालाई भेदन गर्दै जाओस् र द्वितीय वन्हिको पूर्व कोणको पूर्वतर्फ केही पर दुई पार्श्व रेखालाई जोडिदेऊ र तृतीय त्रिकोण वन्न जान्छ र अन्तर्दशारदेखि वाहिर षट्कोण जस्तै वन्न जान्छ।

यसपछि आद्यशक्ति त्रिकोणको वायाँ दक्षिणको अर्थात् पार्श्व रेखालाई ईशान र आग्नेय कोण तर्फ द्वितीय वन्हि त्रिकोणको पूर्वकोण वरावर हुने गरी बढाऊ र यसको दुवै शिरलाई द्वितीय वन्हिको पूर्व कोणलाई छुँदै लैजाने तिर्यक् रेखाले जेडिदेऊ ! यसवाट ईशान आग्नेयतर्फ दुई कोण वन्न जान्छ। अधिको ६ कोण र यो २ कोण गरी ८ कोण बन्दछ।

साथै प्रथम वन्हिको दुई पार्श्वरेखालाई क्रमश उर्ध्ववायव्य नैऋत्यतर्फ तृतीय शक्तिको पश्चिम कोणको वरावर हुने गरी बढाऊ र यी दुई पार्श्वरेखाको शिरमा जोडिने गरी तृतीय शक्तिको पश्चिम कोणलाई स्पर्श गर्दै जाने एक तिर्यक् रेखा तान र यसवाट फेरी २ कोण हुन्छ। यसरी अघिको ८ कोण र यो २ कोण गरी जम्मा दशकोण हुन्छ र यसरी वहिर्दशार चक्र बन्दछ। जस्तैः-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri




**(बहिर्दशारचक्र)**

*कुलोत्तीर्ण योगिनीसहितं सर्वार्थसाधकचक्रं पञ्चमावरणम् ।*

निर्दिष्ट क्रमाज्ञानुसार यो यन्त्रको पूर्वादि त्रिकोण भित्र लेख्ने मन्त्रहरू
(१) हस ऐं हस क्लीं हस सौः चन्द्र कं णं सर्वसिद्धि प्रदा (२) हस ऐं हस क्लीं हस सौः खं तं संपद्प्रदा (३) हस ऐं हस क्लीं हस सौः गं थं सर्वप्रियङ्करी (४) हस ऐं हस क्लीं हस सौः यं दं सर्वमङ्गलकारिणी । (५) हस ऐं हस क्लीं हस सौः ङं धं सर्वकामप्रदा । (६) हस ऐं हस क्लीं हस सौः चं नं सर्वदुःखविमोचिनी । (७) हस ऐं हस क्लीं हस सौः छं पं सर्वमृत्युप्रशमनी । (८) हस ऐं हस क्लीं हस सौः जं फं सर्वविघ्ननिवारिणी । (९) हस ऐं हस क्लीं हस सौः झं वं सर्वाङ्गसुन्दरी । (१०) हस ऐं हस क्लीं हस सौः ञं मं सर्वसौभाग्यदायिनी ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## चतुर्दशार विधि

चतुर्थशक्तिको पूर्व दिशामा रहेको तिर्यक् रेखालाई अर्थात् वहिर्दशारको तेस्रो र नवम कोणलाई क्रमशः उत्तर दक्षिणतर्फ केही वढाऊ र यो वढाएको रेखाको दुवै छेउवाट दुई पार्श्वरेखा तल पश्चिमतर्फ खिच्दै लैजाऊ र चतुर्थशक्ति त्रिकोणवाट पश्चिम कोणलाई पर लगेर यी दुवै पार्श्व रेखालाई जोडिदेऊ। यो चतुर्दशार वनाउने पंचम शक्ति त्रिकोण हुन्छ।

यसै गरी तृतीय वन्हि त्रिकोणको पश्चिम दिशामा रहेको तिर्यक् रेखाको दुवैकोण (अर्थात वहिर्दशारको चौथो र आठौं कोणमा संलग्न रहेको तिर्यक् रेखा)लाई क्रमैसँग वायव्य नैऋत्यतर्फ केही वढाएर यो वढाएको रेखाको दुवै छेउवाट पञ्चम शक्ति त्रिकोणको दुवै पार्श्वरेखाले भेदन गर्दै उँभो पूर्वतर्फ तृतीय वन्हि त्रिकोणको सोझो पूर्व केही पर लगेर दुवै रेखा जोडिदेऊ। यो चतुर्थ वन्हि त्रिकोण हुन्छ। यसरी यो पञ्चम शक्ति त्रिकोण चतुर्थ वन्हि त्रिकोणको संयोगवाट चर्तुदशार वनाउने षट्कोण वन्न जान्छ।

यसपछि चतुर्थ शक्तिको पार्श्वरेखालाई क्रमशः ईशान आग्नेयतर्फ केही वढाऊ र आद्यशक्तिको पूर्व (तिर्यक्) रेखालाई क्रमशः ईशान आग्नेयतर्फ अघि वढाएको चतुर्थशक्तिको पार्श्वरेखाको दुवै छेउमा जोडिदेऊ। फेरी यही आद्य शक्तिको पार्श्वरेखालाई दुवै छेउमा जोडिदेऊ। फेरि यही आद्यशक्तिको दुवै पार्श्वरेखालाई उभो यहाँसम्म वढाऊ कि जुन यी पार्श्वरेखाले चतुर्थ वन्हिको पार्श्वरेखालाई भेदन गर्दै तृतीय वन्हिको पूर्वकोणको सोझो वरावर सम्म पुगोस्। फेरी यही तृतीय वन्हिको पूर्वकोणलाई स्पर्श गर्दै जाने पूर्वरेखा खिंच यसको दुवै छेउले यो वढाएको आद्य शक्तिको पार्श्वरेखाको छेउमा जोडिन जाओस्। यसरी चक्रको पूर्वभागमा चार कोण वन्न गयो। षड्कोणको ६ र यो ४ जम्मा १० कोण भयो।

अव तृतीय वन्हिको पार्श्वरेखालाई क्रमशः वायव्य नैऋत्य तर्फ वढाऊ र आद्यवन्हिको पश्चिम (तिर्यक्) रेखाको दुवै छेऊ (कोण) लाई क्रमैसँग वायव्य नैऋत्य तर्फ वढाउँदै लगेर उक्त पार्श्व रेखाको दुवै छेउमा जेडिदेऊ।

यस्तै आद्य वन्हिको पार्श्व क्रमैले वायव्य नैऋत्यतर्फ चतुर्थ शक्तिको पश्चिम कोणको वरावरसम्म वढाऊ र यही चतुर्थ शक्तिको पश्चिमकोणलाई स्पर्श गर्दै जाने एक पश्चिम र तिर्यक् रेखा खिंच यो रेखा उक्त पार्श्व रेखाको दुवै छेउमा जोडिन आवोस् र चतुर्दशको पश्चिम तर्फ चार कोण वन्न गयो। अघिको १० र यो चार जम्मा चर्तुदशार चक्र वन्न जान्छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व




पश्चिम

(चतुर्दशारचक्र)

*संप्रदाय योगिनीसहित सर्वसौभाग्यदायकं चक्रं चतुर्थावरणम् ।* निर्दिष्ट क्रमानुसार यो यन्त्रको पूर्वादि त्रिकोणको भित्र लेख्ने मन्त्रहरू यस प्रकार छन्
१) ह ऐं ह क्लीं ह सौः टं सूर्य कं सर्व संक्षोभिणी २) ह ऐं ह क्लीं ह सौः ठं खं सर्वविद्राविणी ३) ह ऐं ह क्लीं ह सौः डं गं सर्वाकर्षिणी । ४) ह ऐं ह क्लीं ह सौः ढं घं सर्वाल्हादिनी । ५) ह ऐं ह क्लीं ह सौः णं ङं सर्वसंमोहिनी । ६) ह ऐं ह क्लीं ह सौः तं चं सर्वस्तम्भिनी । ७) ह ऐं ह क्लीं ह सौः थं छं सर्वजृम्भिणी । ८) ह ऐं ह क्लीं ह सौः दं केतू जं सर्ववशंकरी । ९) ह ऐं ह क्लीं ह सौः धं झं सर्वरञ्जिनी । १०) ह ऐं ह क्लीं ह सौः नं ञं सर्वोन्मादिनी । ११) ह ऐं ह क्लीं ह सौः पं टं सर्वार्थसाधिनी । १२) ह ऐं ह क्लीं ह सौः फं ठं सर्वसंपत्तिपूरिणी । १३) ह ऐं ह क्लीं ह सौः वं डं सर्वमन्त्रमयी । १४) ह ऐं ह क्लीं ह सौः भं ढं सर्वद्वन्द्वक्षयङ्करी । (पाना नं. १३५ मा रहेको श्रीयन्त्र चित्रको ग १ देखि ग १४ सम्म सङ्केत गरिएको स्थानमा पनि लेख्नु पर्ने मन्त्रहरू)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो चतुर्दशार चक्र वाहिर पट्टि शिवचक्र लेख्ने विधि पूर्वोक्त वमोजिम मर्यादा वृत्त र कर्णिका वृत्त वनाएर वा नवनाएर जे गरोस् यो चतुर्दशार चक्र वरिपरि वृत्ताकारलाई १६ औं भागमा विभाजन गरोस् र यो १६ भागमा एकान्तर गरेर भएको आठ भागमा अष्टदल कमल वनाइयोस, यस अष्टदल वाहिर वरिपरि वृत्ताकारमा कर्णिका वृत्त वनाएर वा नवनाइ यस वृत्त वरीपरी ३२ भाग लगाउनू र यो वत्तीस भागमा एकान्तर गरेर हुने १६ भागमा षोडश दल कमल वनाउनू।

यस वाहिर मतान्तर अनुसार वृत्त नवनाई अथवा १ वृत्त वा लगातार तीन वृत्त वनाएर र यस वाहिर भूपुरका निमित्त चार द्वार वा दुई द्वार वा द्वार नै नवनाई मतानुसार एक वा २।३।४ रेखा खिँचेर भूपुर वनाउनू र यसरी माथि वताउँदै आएका विन्दु देखिन् र यो भूपुरसम्मका ९ यन्त्र एकै ठाउँमा सम्मिलित भई यौटै यन्त्र वनिसकेपछि मात्र सम्पूर्ण पूरा श्रीयन्त्र वन्दछ।

यो माथि वताएको यन्त्र लेख्ने क्रमलाई कोहि कोहि आचार्यहरू सृष्टि क्रमको लेखन शैली हो भन्दछन्। समयाचार मत हुनेहरू सृष्टिक्रमवाट लेखिएको यन्त्र पूज्य छ भनी भन्दछन्।

यसवाट थाहा हुन्छ कि कुलाचार मतमा लेख्नेविधि संहार क्रम नै हो। यसको उल्लेख श्री शङ्कराचार्य प्रणीत सौन्दर्य लहरीको एघारौं श्लोकको व्याख्यानमा श्रीलक्ष्मीधरले गरेका छन्। संहार क्रममा लेखने क्रम वृत्तवाट शुरु गरेर विन्दुमा समाप्त गरिन्छ। यस क्रमको सङ्केत पनि लक्ष्मीधरले गरेका छन्। जुन यो यन्त्र लेखने क्रम वामकेश्वरअनुसार देखाई लेखिएको हो।

यी दुई क्रममा प्रथम यो देखाई आएको क्रममा त्रिकोणको नियत परिमाणको ज्ञानहुन मुस्किल हुन्छ (जहाँ जुन जस्तो परिमाणको त्रिकोण कल्पना गर्दा ठीक-ठीक मर्म सन्धि हुन्छ, यस्तो त्रिकोणको परिमाण कल्पना गर्न सारै मुस्किल हुन्छ) र मर्म सन्धिको ठीक-ठीक निर्माण हुन सक्दैन। जसको (जुन मर्म सन्धिको) यथोचित समावेश हुनु आवश्यक छ। यसमा व्यक्तिक्रम भयो भने अनिष्ट फल दायक हुन्छ।

*षड्रेखा सन्धिमर्माख्यं सन्ध्याख्यं द्वयसङ्गमात्।*
*तच्चतुर्विंशतियुतं चक्रं सर्वार्थसिद्धिदम्।*
*अन्यथा भिन्नमर्यादायुक्तचक्रं समर्चनात्।*
*शस्त्राद् वधँ महाव्याधिं दारिद्र्यमयशो मृतिम्*
*तस्मात् लक्षणसंयुक्त मुक्तरूपं विधाय वै*
*चक्रं तत्रैव तां नित्यमँर्चयन्मत्समो भवेत्॥*

❊❊❊



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# संहारक्रमबाट श्रीयन्त्र लेख्ने विधि

आचार्यहरूको मत छ कि समयाचारी सृष्टिक्रम र कुलाचारी संहारक्रम यी दुवै क्रमवाट लेखिएका यन्त्र पूज्यछन् । समयाचारीहरू सृष्टिक्रमवाट शक्ति त्रिकोण पाँचलाई उर्ध्व मुख र शिवत्रिकोण चारलाई अधो मुख वनाउँछन् ।

उपासकले आफ्नू पूजासनको अगाडी पूर्वतर्फ आवश्यक पूजासामान पात्रादि राख्नको निमित्त एक हात् जति जमीन छाडेर त्यसदेखि पनि पूर्वतर्फ एकहात प्रमाणको अथवा यथेच्छाको एक वेदी वनाओस्, अथवा स्वर्णादि निर्मित पट्ट राखेर त्यसमा श्रीयन्त्रको निर्माण गर ।

वेदीको मध्य भाग समतल (सम्म) वनाएर वेदी वा पट्टिको मध्यभाग (माझ) वाट पूर्वदेखि पश्चिमतर्फ गएको एक सरल सोझो रेखा (व्रम्हसूत्र) वनाऊ । यो रेखा वा सूत्रलाई वहत्तर भाग गर, र यो वहत्तर भाग मध्ये यसको पूर्व र पश्चिम छेउँ दुवै तर्फ साढे तेरह भाग छोडेर एक परिधि वृत्त बनाऊ । यो वृत्तको केन्द्रवाट पूर्व पश्चिम परिधिसम्म दुवैतर्फ साढे बाईस साढे, बाईस भाग होओस् अर्थात् दुवै तर्फ गरी वृत्तको व्यास रेखा ४५ भागको हुन्छ ।

यस वृत्तको वाहिरी भाग अर्थात् पूर्वोक्त साढे तेरह, साढे तेरह दुवै तर्फ गरी २७ भाग मध्ये दुवै तर्फ साढे चार भागमा कर्णिका सहित अष्टदल र यसदेखि क्रमश पूर्व पश्चिम दुवै तर्फ पाँच पाँच अंशमा कर्णिका सहित षोडश दल वनाऊ । यसदेखि पनि पूर्व पश्चिम दुवै तर्फ वाँकी रहेको ४।४ भागमा मर्यादा वृत्त वनाएर चतुरस्र भूपुर वनाऊ यसरी वृत्त वाहिरको २७ भाग सकिन्छ ।

अव वृत्तभित्र माझ विन्दुदेखि लिएर चतुर्दशार सम्मका चक्रहरू वनाउनका निमित्त यसवृत्तको माझमा रहेको ४५ पैतालिस अंशको व्रह्मसूत्रलाई पुनः ४८ अठचालिसभाग लगाऊ र यो अठचालिस भागमध्ये पूर्वदेखि पश्चिमसम्म क्रमशः ६, ६, ५, ५, ३, ३, ३, ३, ६, ६ अंश (भाग) को अन्तर गरेर नौ तिर्यक् रेखा खिंच (अर्थात् ६, ६, ५, ५, ३, ३, ३, ३, ६, ६ भागको अन्तर गरेर नौ तिर्यक् रेखा खिच) यसदेखि छैटौं भागमा मर्यादा वृत्त हुन्छ । यी सवै रेखाहरूको आयाम (लमाई)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यन्त्र वनाउन योग्य छैन । यस निमित्त विभिन्न नाप मानवाट विभिन्न रेखाहरूको दुवै शिर (छेउ) लाई मेटदै लानु पर्छ । तिर्यक् रेखा वनाउँदा पूर्ववाट सुरु गर्नु पर्ने हुँदा पूर्व छेउको रेखालाई प्रथम र अर्कोलाई दोस्रो गर्दै पश्चिमको छेउको रेखालाई नवौं मानिएको थियो । मार्जन (रेखाको दुवै छेउँ मेट्ने र त्रिकोण वनाउने विधि) पश्चिमवाट शुरु गरिने हुँदा पश्चिमको छेउको रेखालाई प्रथम र त्यसदेखि पूर्वको रेखालाई दोस्रो गन्दै पूर्वको अन्तिम तिर्यक् रेखालाई नवौं मानेर मार्जन रेखा मेट्ने विधि र त्रिकोण वनाउने विधि गर्नु पर्छ । प्रथम पश्चिम छेउको तिर्यक् रेखा र नवौं पूर्व छेउँको तिर्यक रेखा (सूत्र) को छेउँ दुवैको पाँच-पाँच भाग मेट, तेस्रो र सातौं रेखालाई वृत्तसम्म नै रहन देऊ । चौथो र छैठौं रेखाको दुवै पट्टिको छेउ १६-१६ अंश भाग मेट यस्तै पाँचौ रेखाको दुवै छेउँ १८-१८ मेट ।

अव त्रिकोण वनाउंदा वृत्तसम्म पुगि नमेटिएको तृतीय रेखाको वृत्तमा स्पर्श भएको दुवै छेउवाट पूर्वतर्फ दुई पार्श्व रेखा खिच्दै लैजाऊ र व्रह्म सूत्रले स्पर्श गरेको वृत्त विन्दुसम्म पुऱ्याई दुवै पार्श्व रेखा जोडिदेऊ र एक त्रिकोण वन्दछ । फेरि नमेटिएको वृत्तसम्म पुगेको सातौं रेखाको दुई रेखावाट पार्श्वरेखा पश्चिम तर्फ खिच्दै लैजाऊ र व्रह्म सूत्रले स्पर्श गरेको विन्दुमा लगि दुवै पार्श्वरेखा जोडिदेऊ र अर्को त्रिकोण वन्दछ । यसरी वृत्त भित्र षट्कोण वन्न जान्छ ।

फेरि प्रथम पश्चिम रेखाको मध्य भागवाट दुई पार्श्वरेखा खिंच र अष्टम रेखाको दुवै कोण (दुवै छेउ) मा लगी जोड । यस प्रकार यी दुई रेखावाट पहिले वनाएको षडकोणमा दुई मर्म स्थान वन्न जान्छ । यस पछि नवौं रेखाको माझवाट दुई पार्श्वरेखा पश्चिमतर्फ खिंचेर द्वितीय रेखाको दुई कोणमा मिलाई देऊ यसवाट षड्कोणमा फेरि मर्म स्थान वन्न जान्छ ।

फेरि नवौं रेखाको दुई अग्रकोण (छेउवाट) दुई पार्श्वरेखा पश्चिमतर्फ खिच्दै लगेर चतुर्थ रेखाको माझमा मिलाई देऊ । यी दुई रेखा खिंच्दा यो ध्यान राख्नु पर्छ कि सप्तम, अष्टम तिर्यक् रेखाको सन्धि स्थानमा भेदन भएर ४ मर्म स्थान वन्नु पर्दछ । फेरी सप्तम सूत्र (रेखा)को माझवाट पश्चिम तर्फ दुई पार्श्वमा २-२ मर्मस्थान वनाउँदै गएको दुई पार्श्वरेखा खिच र प्रथम (पहिलो) पश्चिम रेखाको दुई कोण (छेउ) मा जोडि देऊ यसवाट पनि चार मर्म स्थान वन्न पुग्दछ ।

यस पछि अष्टम तिर्यक् रेखाको मध्यभागवाट दुई पार्श्वरेखा पश्चिम तर्फ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खिच र चतुर्थ तिर्यक् रेखाको दुवै कोणमा लगि मिलाई देऊ फेरी छैठौं रेखाको दुवै अग्र भागवाट पार्श्वरेखा पश्चिमलाई द्वितीय रेखाको माझमा त्रिकोणको रूपमा मिलाई देऊ । त्यस्तै पश्चिम तिर्यक् रेखाको दुवै अग्र कोणवाट दुई पार्श्व रेखा पश्चिम तर्फ खिच र सातौं तिर्यक् रेखाको माझमा त्रिकोणको रूपमा मिलाई देऊ र वृत्त भित्र चतुर्दशारसम्मको श्रीयन्त्र वन्न जान्दछ ।

माथि वताए वमोजिम वृत्त वाहिरको व्रह्म सूत्रको भाग वमोजिम अष्टदल षोडशदल भूपुर वनाऊ र सवै व्रह्म सूत्रलाई मेटिदेऊ सम्पूर्ण श्रीयन्त्र वन्दछ ।

## चक्रहरुको वर्ण

१) सर्वानन्दमयचक्र केन्द्रस्थ (माझमा रहेको रक्त वर्ण, विन्दु)

२) सर्वसिद्धिप्रदचक्र (पहेलो रङ्गको त्रिकोण)

३) सर्वरक्षाकरचक्र (हरियो रङ्गको त्रिकोण)

४) सर्वरोगहरचक्र कृष्ण (कालो वर्णको दश त्रिकोण)

५) सर्वार्थसाधकचक्र (रक्तवर्णको दश त्रिकोण)

६) सर्वसौभाग्यदायकचक्र (नीलो वर्णको १४ त्रिकोण)

७) सर्वसंक्षोभणचक्र (गुलावी रङ्गको अष्टदल कमल)

८) सर्वांश परिपूरकचक्र (पहेलो रङ्गको षोडष कमल)

९) त्रैलोक्यमोहन चक्र (हरियो रङ्गको भूपुर) यस्ता रङ्गीन चक्रहरू हुनु पर्छ ।

श्रीयन्त्र लेख्ने विभिन्न मतमतान्तर भए तापनि माथि गोरखा दरवारको श्रीविद्यामा लेखिएको हाम्रो शिष्टाचार वमोजिम चतुर्दशार वाहिर एक मर्यादा वृत्त, यसको आडमा अष्टदल यसपछि एक रेखाको मर्यादा वृत्त, यसको आडमा सोह्र षोडशदल र यस वाहिर दुई रेखाको मर्यादा वृत्त लेखिएर यस वाहिर तीन रेखाले वनेको चारद्वार भएको (भूपूर) र ५ उर्ध्वमुख शक्ति त्रिकोण चार अधोमुख भएको शिव त्रिकोण यन्त्र यहाँ निर्माण गरिएको छ । चलन चल्तिमा देखिएका हादि-कादिमध्ये यहाँ हादि युक्त श्रीयन्त्र लेखिन्छ र यसमा त्रिकोण विन्दु आदिमा पूजा गर्न लेख्ने मन्त्रहरू यस प्रकार छन् ।

श्री यन्त्रको माझमा रहेको भगवती त्रिपुरसुन्दरीको रूप हो । यो विन्दु नादविन्दु तीनको संयोगवाट वनेको हो । यसको रहस्य शक्तितन्त्रमा पाइन्छ ।
**भगवती त्रिपुराको ध्यान-**



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*वालार्कमण्डलाभासां चतुर्वाहुं त्रिलोचनाम् ।*
*पाशाङ्कुशधनुर्वाणान् धारयन्तीं शिवां भजे ॥*

तन्त्रमा सुधा सिन्धुको माझमा मणिद्वीपमा शिव शक्ति वस्तछन् भन्ने जो भनियो त्यो मणिकोणद्वीप यही विन्दु हो । यसै विन्दुलाई हृत्पुण्डरीक भनिन्छ । यही हृत्युण्डरीक (हृदयकमल) मा इष्टदेवको ध्यानका निमित्त रहेको ध्यान विन्दु हो । यी त्रिपुरासुन्दरी आफ्ना आवरण देवताको भेदवाट कही षोडश नित्यामा मुख्य यथाक्रम यिनी तीनमा प्रस्तारको कही अष्टमातृकामा सर्वश्रेष्ठ, कही, अष्टवशिनी देवताकी अधिष्ठात्री मानिएकी छन् । यो भेद प्रस्तार भेदवाट भएको हो । यी तीनको नाम मेरु, कैलाश र भूप्रस्तार हो । यही नै श्रीयन्त्रको उपासनाको मुख्य प्रकार हो । यो विन्दु चक्रलाई परापरातिरहस्य योगिनीसहित सर्वानन्दमयचक्र नवमावरण भनिन्छ । यस विन्दुचक्रमा लेखिने मन्त्रहरू- हस कल रडै ॐ हं इं नमः हष कल रडीं, हस कल रडौं, हुन् ।

यो मध्य विन्दुमा पूजा गर्ने मन्त्रः- ॐ ह्रीं क्लीं ऐं सौः । ॐ ह्रीं श्रीं क ए ई ल ह्रीं ह स क ह ल ह्रीं स क, ल सौंः ऐं क्लीं ह्रीं श्री ॐ नमः हो ।

## अष्टमावरण त्रिकोणचक्र

यस त्रिकोणको तिनकोण कामरूप, पूर्णागिरि र जालन्धर तीन पीठ हुन् । यिनको वीचमा औड्यान पीठ छ । कामरूप, पूर्णागिरि, जालन्धर यी तीन पीठकी अधिष्ठात्री देवी कामेश्वरी, वज्रेश्वरी र भगमालिनी हुन् । यिनीहरू प्रकृति महत्तत्त्व, अहङ्कार रूप हुन् । यो अति रहस्य योगिनी सहित सर्वसिद्धिप्रद चक्र अष्टमावरण भनिन्छ । यो त्रिकोण भित्र विन्दु वाहिर लेखनेमन्त्रः त्रिकोणको पश्चिम भित्रीकोणमा- ह स, ए, वं । ईशानकोण भित्र- ह स क्लीं इं । आग्नेयकोण भित्र- ह स सौः सं । मध्य योनि त्रिकोण वाहिर अष्टकोण भित्र लेखने मन्त्रहरू: मध्य त्रिकोण पछाडि अर्थात् पूर्वतर्फ लेख्ने मन्त्र यसप्रकार छन् ।

१) क्लीं महावज्रेश्वरी विष्णुपाशशक्ति गुरु शुक्र धनुः शक्तिः ।
२) नैऋत्य तर्फ-सौः भगमालिनी रुद्रः अङ्कुशशक्तिः ।
३) वायव्य तर्फ-ऐं कामेश्वरी व्रह्म वाणशक्ति

मध्य त्रिकोणको आठकोण (दिशामा पूज्ने मन्त्र)

१) अ वर्ग अं षोडश वशिनी वाक्देवता २) क वर्ग- कं. खं. गं. घं. ङं. कामेश्वरी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) च वर्ग- चं. छं जं झं ञं मोहिनी ४) ट वर्ग- टं ठं डं ढं णं पञ्च विमला ५) त वर्ग- तं धं दं धं नं पञ्च अरुणा । ६) प वर्ग- पं पञ्चम जयन्ती ७) य वर्ग- यं चतुर्थ सर्वेश्वरी ८) श वर्ग- शं पञ्चम कौलिनी ।

## सप्तमावरण अष्टकोण चक्र

यस चक्रको आठ त्रिकोणका अधिष्ठात्री देवीहरू १ वशिनी, २ कामेश्वरी ३ मोहिनी ४ विमला ५ अरुणा ६ जयन्ती ७ सर्वेश्वरी ८ कौलिनी हुन् । क्रमशः १ शीत २ उष्ण ३ सुख ४ दुःख ५ इच्छा ६ सत्व ७ रज ८ तमकी स्वामिनी हुन् । यस चक्रको साधक त्रिगुण युक्त द्वन्दभाव जित्ने हुन्छ । यो रहस्य योगिनी सहित सर्वरोगहर चक्र हो । यो अष्टकोणमा प्रथम वन्हि त्रिकोणको पूर्व कोणदेखि क्रमश आग्नेय र दक्षिण हुँदै इशान सम्म लेख्ने मन्त्रहरू यस प्रकार छन् ।
१) ह्रीं श्रीं सौः वुध व्लूं २) ह्रीं श्रीं सौः ह्यूं ३) ह्री. श्रीं सौः क्लीं ह्रीं ४) ह्रीं श्रीं सौः न्ल्यीं ५) ह्रीं श्रीं सौः ज्म्रीं ६) ह्री श्रीं सौः हव्यू ७) ह्रीं श्रीं सौ इ म न्यू ८) ह्रीं श्रीं सौः क्ष्म्रीं । यी मन्त्रका अन्त्यमा वशिनी आदि शक्तिहरू क्रमश लेखिन्छन् ।

## षष्ठावरण अन्तर्दशारचक्र

यस अन्तरदशार चक्रका शक्तिहरू १) सर्वज्ञा २) सर्वशक्तिप्रदा ३) सर्व ऐश्वर्यप्रदा ४) सर्वज्ञानमयी ५) सर्वव्याधिविनाशिनी ६) सर्वाधारस्वरूपिणी ७) सर्वपापहरा ८) सर्वानन्दमयी ९) सर्वरक्षास्वरूपिणी १०) सर्वेप्सितफलप्रदा हुन् । यिनीहरू क्रमशः १ रेचक २ पाचक ३ शोषक ४ दाहक ५ प्लावक ६ क्षारक ७ उद्धारक ८ क्षोभक ९ जृम्भक १० मोहक वन्हिकलाहरूकी अधिष्ठात्री देवीहरू हुन् ।

निर्गम योगिनी सहित सर्वरक्षाकर दशारचक्रमा लेख्ने मन्त्रहरू- यो अन्तरदशार चक्रको पूर्वतर्फ रहेको द्वितीयवन्हि त्रिकोण भित्रदेखि क्रमशः आग्नेय तर्फदेखि लिएर ईशानसम्म लेख्दै लैजाने मन्त्रहरू यस प्रकार छन्-
१) ह्रीं क्लीं ल्वूं । कुज यं मं सर्वज्ञा २) ह्रीं क्लीं ल्वूं रं यं सर्वशक्तिप्रदा । ३) ह्रीं क्लीं ल्वूं रं लं सर्वश्वर्यप्रदा । ४) ह्रीं क्लीं ल्वूं वं. लं. शर्वज्ञानमयी । ५) ह्रीं क्लीं ल्वूं शं. वं. सर्वव्याधिविनाशिनी । ६) ह्रीं क्लीं ल्वूं शनि षं शं सर्वाधारस्वरूपीणि । ७) ह्रीं क्लीं ल्वूं सं षं सर्वपापहर । ८) ह्रीं क्लीं ल्वूं हं. सं सर्वानन्दमयी ९) ह्रीं क्लीं ल्वूं सं हं सर्वरक्षास्वरूपिणी १०) ह्रीं क्लीं ल्वूं क्षं कं क्षं सर्वेप्सितफलप्रदा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## पञ्चमावरण बहिर्दशारचक्र

यस चक्रका अधिष्ठात्री देवीहरू १० छन् । ती यी हुन् १) सर्वसिद्धिप्रदा २) सर्वसंपत्प्रदा ३) सर्वप्रियङ्करी ४) सर्वमङ्गलकारिणी ५) सर्वकामप्रदा ६) सर्वदु:खविमोचनी ७) सर्वमृत्युप्रशमनी ८) सर्वविघ्ननिवारिणी ९) सर्वाङ्गसुन्दरी १०) सर्वसौभाग्यदायिनी । क्रमशः यिनीहरू दशप्राण की अधिष्ठात्री हुन् । यो कुलोत्तीर्णयोगिनी सहित सर्वार्थसाधक चक्र हो । यो वहिर्दशार चक्रमा लेख्ने मन्त्रहरू क्रमशः तृतीय वन्हि त्रिकोणको पूर्व कोठा भित्रदेखि आग्नेय दक्षिणतर्फ हुँदै ईशानसम्मका १० त्रिकोण भित्र लेख्दै जानुपर्छ ।

१) हस ऐं हस क्लीं हस सौं: चन्द्र कं णं सर्वसिद्धिप्रदा । २) हस ऐं ह स क्लीं हस सौ: खं तं सर्वसम्पत्प्रदा ३) हस ऐं हस क्लीं हस सौं: गं थं सर्वप्रियङ्करी । ४) हस ऐं हस क्लीं हस सौ: घं दं सर्वमंगलकारिणी । ५) हस ऐं हस क्लीं हस सौ: ङं धं सर्वकामप्रदा । ६) हस ऐं हस क्लीं हस सौ: चं नं सर्वदु:खविमोचिनी । ७) हस ऐं हस क्लीं हस सौ: छं पं सर्वमृत्युप्रशमनी ८) हस ऐं हस क्लीं हस सौ: जं हं सर्वविघ्ननिवारिणी ९) हस ऐं हस क्लीं हस सौ: झं वं सर्वाङ्गसुन्दरी । १०) हस ऐं हस क्लीं हस सौ: जं भं सर्व सौभाग्यदायिनी ।

## चतुर्थावरण चतुर्दशारचक्र

यो चतुर्दशार चक्रको चौध त्रिकोण, क्रमशः १ अलंवुपा २ कुहु ३ विश्वोदरी ४ वारणा ५ हस्तिजिह्वा ६ यशोवती, ७ पयस्विनी ८ गान्धारी ९ पूषा १० शङ्खिनी ११ सरस्वती १२ इडा १३ पिङ्गला १४ सुषुम्णा यी चौध नाडी स्वरूप हुन् । यिनकी अधिष्ठात्री देवीहरू क्रमशः १ सर्वसंक्षोभिणी २ सर्वविद्राविणी ३ सर्वाकर्षिणी ४ सर्वाल्हादिनी ५ सर्वसंमोहिनी सर्वस्तंभिनी ७ सर्वजृम्भिणी ८ सर्ववशङ्करी ९ सर्वरञ्जिनी १० सर्वोन्मादिनी ११ सर्वार्थसाधिनी १२ सर्वसंपत्तिपूरिणी १३ सर्वमन्त्रमयी १४ सर्वद्वन्द्वक्षयकरी हुन् ।

यो सम्प्रदाय योगिनी सहित सवै सौभाग्यदायक चतुर्दशारचक्रको उर्ध्वमुख चतुर्थ वन्हित्रिकोणको पूर्व त्रिकोण भित्रदेखि आग्नेय तर्फवाट दक्षिण तर्फ हुँदै ईशानतर्फ सम्म पुगेका १४ त्रिकोण भित्रलेखीने मन्त्रहरू यस प्रकार छन्-
१) ह ऐं ह क्लीं ह सौ: टं सूर्य कं सर्वसंक्षोभिणी । २) ह ऐं ह क्लीं ह सौ: ठं खं सर्वविद्राविणी । ३) ह ऐं ह क्लीं ह सौ: डं गं सर्वाकर्षिणी । ४) ह ऐं ह क्लीं ह सौ:



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढं घं सर्वाल्हादिनी । ५) ह ऐं ह क्लीं ह सौः णं ङं सर्वसंमोहिनी ६) ह ऐं ह क्लीं ह सौः तं. चं सर्वस्तम्भिनी । ७) ह ऐं ह क्लीं ह सौः थं छं सर्वजृम्भिणी । ८) ह ऐं ह क्लीं ह सौः दं केतू जं सर्ववशंकरी । ९) ह ऐं ह क्लीं ह सौः घं झं सर्वरञ्जिनी । १०) ह ऐं ह क्लीं ह सौः नं ञं सर्वोन्मादिनी । ११) ह ऐं ह क्लीं ह सौः पं टं सवार्थसाधिनी । १२) ह ऐं ह क्लीं ह सौः फं ठं सर्वसम्पत्तिपूरिणी । १३) ह ऐं ह क्लीं ह सौं वं डं सर्वमन्त्रमयी । १४) ह ऐं ह क्लीं ह सौ भं ढं सर्वद्वन्द्वक्षयङ्करी ।

यो चतुर्दशारचक्र वाहिर, सो कै मर्यादावृत्तदेखि भित्र पट्टि अर्थात यो चतुर्दशारको त्रिकोण वाहिर, चतुर्थ वन्हि त्रिकोण पूर्व कोणदेखि आग्नेयतर्फ हुँदै वरिपरि ईशानतर्फवाट समेत उही पूर्व कोणसम्म क्रमश लेख्दै जाने विन्दु सहित मातृकाक्षर यस प्रकारका छन् । अं आं इं ईं उं ऊं ॠं लृं एं ऐं ओं औं अं अ : कं खं गं घं ङं चं छं जं झं ञं टं ठं डं ढं णं तं थं दं धं नं पं फं वं भं मं यं रं लं वं शं षं सं हं कं क्षं (पाना नं. १३५ मा रहेको श्रीयन्त्र चित्रको ङ १ देखि ङ ६ सम्म सङ्केत गरिएको स्थानमा लेख्नु पर्ने मातृकाक्षर)

## तृतीयावरण अष्टदलचक्र

यस चक्रको ८ दल १ वचन २ आदान ३ गमन ४ विसर्ग ५ आनन्द ६ हीन ७ उपादान ८ उपेक्षाहरूको वुद्धिस्थान हो । यिनीहरूकी अधिष्ठात्री देवीहरू यी हुन् क्रमशः १ अनङ्गकुसुमा २ अनङ्गमेखला ३ अनङ्गमदना ४ अनङ्गमदनातुरा ५ अनङ्गरेखा ६ अनङ्गवेगिनी ७ अनङ्गमदनांकुशा ८ अनङ्गमालिनी ।

यो चतुर्दशारको परिधि वाहिर वनेको गुणस्तर योगिनी सहित सर्वसंक्षोभणचक्र अष्टदल भित्र पूर्व दलदेखि आग्नेय घुम्दै ईशानसम्म पुगेका अष्टदलमा क्रमशः लेख्ने मन्त्रहरू यस प्रकार छन्-

१) कं खं गं घं ङं ह्रीं क्लीं सौः अनङ्गकुसुमा । २) चं छं जं झं ञं ह्रीं क्लीं सौंः अनङ्गमेखला । ३) टं ठं डं ढं णं ह्री क्लीं सौंः अनङ्गमदना । ४) तं थं दं धं नं ह्रीं क्लीं सौंः अनङ्गमदनातुरा । ५) पं फं वं भं मं ह्रीं क्लीं सौः अनङ्गरेखा । ६) शं षं सं ह्रीं क्लीं सौः अनङ्गवेगिनी । ७) यं रं लं वं ह्रीं क्लीं सौः अनङ्ग मदनाङ्कुशा । ८) हं कं क्षं ह्रीं क्लीं सौः अनङ्गमालिनी । (पाना नं. १३५ मा रहेको श्रीयन्त्र चित्रको ख १ देखि ख ८ सम्म सङ्केत गरिएको स्थानमा लेख्नु पर्ने)

यो अष्ट दल वाहिरको मर्यादा वृत्तभित्र पूर्व अष्टदलदेखि आग्नेय तर्फवाट अष्टदलको वीच वीच ८ अन्तरमा लेख्दै जाने मन्त्रहरू यसप्रकार छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) ॐ आं ह्रीं क्रीं यं रं लं । (२) वं शं षं सं हं ह्रीं हं । (३) सः सौभाग्यविद्या याः प्राणाः (४) इ ह प्राणाः जीव इह स्थितः (५) सर्वेन्द्रियाणि वाङ् मनश्चक्षु श्रोत्र जिह्वा घ्राण । (६) पाणिपादपायूपस्थादिनीचेहश्री चक्रे (७) समागत्य सुखं चिरं तिष्ठन्तु स्वाहा (८) सो हं हं सः क्रों ह्रीं आं ॐ । यो क्रम संख्याको केही अरू मतलव छैन अन्तर छुटयाउने र ठाउँ अडकल्ने मात्र हो सवै एकै छन् लेख्दैलाने हो ।

## द्वितीयावरण षोडशदल चक्र

यो षोडशदल चक्रको १ मन २ वुद्धि ३ अहंकार ४ शव्द ५ स्पर्श ६ रूप ७ रस ८ गन्ध ९ चित्त १० धैर्य ११ स्मृति १२ नाम १३ वार्धक्य १४ सूक्ष्मशरीर १५ जीवन १६ स्थूल शरीरसँग क्रमशः संबन्ध हुन्छ। यिनीहरूकी अधिष्ठात्री देवीहरू १ कामाकर्षिणी २ व्रह्मकर्षिणी ३ अहंकाराकर्षिणी ४ शव्दाकर्षिणी ५ स्पर्शाकर्षिणी ६ रूपाकर्षिणी ७ रसाकर्षिणी ८ गन्धाकर्षिणी ९ चित्ताकर्षिणी १० धैर्याकर्षिणी ११ स्मृत्याकर्षिणी १२ नामाकर्षिणी १३ वीजाकर्षिणी १४ आत्माकर्षिणी १५ अमृताकर्षिणी १६ शरीराकर्षिणी हुन् ।

यस चक्रलाई गुप्त योगिनी सहित सर्वाशापरिपूरक चक्र भनिन्छ । यो षोडश दलको सोझो पूर्व दल भित्रदेखि आग्नेय तर्फबाट फेरोमार्दै ईशानतर्फसम्मको षोडश दल भित्र क्रमशः लेख्दै जाने मन्त्रहरू यस प्रकारका छन्-

१) ऐं क्लीं सौः अं कामाकर्षिणी कामेश्वरी । २) ऐं क्लीं सौः आं व्रम्हाकर्षिणी भगमालिनी । ३) ऐं क्लीं सौः इं अहङ्काराकर्षिणी नित्यक्लिन्ना । ४) ऐं क्लीं सौः ईं शव्दाकर्षिणी भेरुण्डा । ५) ऐं क्लीं सौः उं स्पर्शाकर्षिणी वन्हिवासिनी । ६) ऐं क्लीं सौ ऊं रूपाकर्षिणी महावज्रेश्वरी । ७) ऐं क्लीं सौः ॠं रसाकर्षिणी शिवदूती । ८) ऐं क्लीं सौः एं गन्धाकर्षिणी त्वरिता । ९) ऐं क्लीं सौः लृं चित्ताकर्षिणी कुलसुन्दरी । १०) ऐं क्लीं सौः लृं धैर्याकर्षिणी नित्या । ११) ऐं क्लीं सौः एं स्मृत्याकर्षिणी नीलपताका । १२)ऐं क्लीं सौः ऐं नामाकर्षिणी विजया । १३) ऐं क्लीं सौः ओं वीजाकर्षिणी सर्वमङ्गला । १४) ऐं क्लीं सौः औं आत्माकर्षिणी ज्वालामालिनी । १५) ऐं क्लीं सौः अं अमृताकर्षिणी चित्रा । १६) ऐं क्लीं सौः अः शरीराकर्षिणी महा । (पाना नं. १३५ मा रहेको श्रीयन्त्र चित्रको क १ देखि क १६ सम्म सङ्केत गरिएको स्थानमा लेख्नु पर्ने मन्त्रहरू)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## प्रथमावरण भूपुर (चतुरस्र) चक्रम्

यसमा पूर्वादिक्रम वाट १ सर्वसंक्षोभिणी (२) सर्वविद्राविणी ३ सर्वाकर्षिणी ४ सर्वावेशकारिणी ५ सर्वोन्मादिनी ६ महाङ्कुशा ७ खेचरी ८ वीजमुद्रा ९ महायोनि १० त्रिखण्डा यी मुद्रा शक्तिको संवन्ध १० आधारवाट हुन्छ। यहाँ धेरै भन्न सकिँदैन पछि दश आधारका रूपमा श्री यन्त्र तथा षड्चक्रको तादात्म्य सिद्ध हुन्छ। यस्तै पूर्वादि क्रमवाट दश दिक्पाल ऐन्द्री आग्नेयी आदिको स्थापना हुन्छ यसवाट साधकको रक्षा हुन्छ।

यस्तै पूर्वादिक्रमबाट ब्राह्मयादि अष्टमातृकाको स्थापना हुन्छ। यिनीहरूको पूजाबाट काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, पाप, पुण्य माथि विजय प्राप्ति हुन्छ। पूर्वादिक्रमबाट दश सिद्धिको स्थापना पूजा हुन्छ। यिनको सेवाबाट नव रस र भाग्य उपर विजय हुन्छ। अव यो भूपुरमा माथि लेखिएका मुद्रा आदि र अरू देवता मन्त्रहरू समेत पूर्वदिशादिक्रमबाट पूर्वतर्फको सक्दै आग्नेयतर्फ बढ्दै ईशान पूर्व बीचसम्मका सवै क्रमशः लेख्दै गईन्छ। तल दिइएका सत्तरी मन्त्रहरू श्रीयन्त्रमासमेत क्रमाङ्क अनुसार देखाईएको छ, यही वमोजिम हेर्नु पर्छ। (पाना नं. १३५ मा)

१) पूर्वद्वारको सोझो बाहिर लेखने- लं पूर्वा (माहेन्द्री)
२) पूर्वद्वारको बाहिरी रेखा भित्र रेखाको माझमा- अं अणिमा सिद्धि
३) माझको रेखाभित्र- ब्राह्मा शक्ति।
४) तेस्रो रेखा भित्र (द्वार भित्र)- द्रां सर्वसंक्षोभिणी।
५) यस भित्र द्वारमा- आं क्रौं आं क्रौं।
६) आग्नेयतर्फ पूर्वद्वारैनेर वाहिरी रेखा भित्र- ऐं इं इं इं।
७) दोस्रो रेखाभित्र- इं इं ऐं।
८) तेस्रो रेखाभित्र- ऐं क्लीं सौः।
९) आग्नेय कोणदेखि नगिचै दक्षिण वाहिरतर्फ लेख्ने- आग्नेयी
१०) यो कोणदेखि पूर्वतर्फ लगि रेखा वाहिर लेखने- अं आं सौः रं।
११) आग्नेय भित्रीकोणदेखि नगिचै दक्षिणतर्फ भित्र- द्रां सर्वविद्राविणी।
१२) यस बाहिर भित्री रेखाभित्र लेख्ने- माहेश्वरी शक्ति।
१३) यस नगिचै बाहिरी रेखा भित्र- महिमासिद्धि
१४) दक्षिण द्वार नगिच आग्नेयतर्फ रेखा भित्र- ऐं क्लीं सौः
१५) यो नगिचै भित्री रेखा- उं ऊं ऐं।
१६) योसँगै बाहिरी रेखा भित्र- ऐं सं सं सं।
१७) दक्षिण द्वार बाहिर लेखने- दक्षिणा याम्याँ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८) दक्षिणद्वारमा वाहिरी रेखा भित्र- लं लघिमा सिद्धि ।
१९) माफको रेखाभित्र- कौमारीशक्ति
२०) भित्री रेखाभित्र- क्लीं सर्वाकर्षिणी ।
२१) यसभन्दा पनि भित्र- आं क्रौं आं क्रौं
२२) दक्षिण द्वारै नेर नैर्ऋत्यतर्फ वाहिरी रेखा भित्र- ऐं अं अं अं ।
२३) दोस्रो रेखा भित्र- ऋं ऋं ऐं ।
२४) तेस्रो रेखा भित्र पट्टि- ऐं क्लीं सौः ।
२५) नैर्ऋत्य चौंसो वाहिर- नैर्ऋत्या ।
२६) यसदेखि दक्षिणतर्फ नगिचै- अं आं सौः क्षं ।
२७) नैऋत्य चौंसै नेर पश्चिमतर्फ वाहिरी रेखा भित्र- ईं ईं शिखसिद्धि
२८) माफ रेखा भित्र- वैष्णवी शक्ति ।
२९) तीनै रेखा भित्रपट्टि- ब्लुं सर्ववशंकरी ।
३०) यसदेखि पश्चिमतर्फ नगिचै वाहिरी रेखाभित्र- सं सर्वकामसिद्धि
३१) यही नगिचै तीनवटै रेखा भित्र- सर्वत्रिखण्डा ।
३२) निर्ऋति वरुण मध्ये- अनन्ता
३३) पश्चिमद्वार नेर नैर्ऋत्यतर्फ वाहिरी रेखा भित्र- ऐं वं वं वं ।
३४) दोस्रो रेखा भित्र- लृं लृं ऐं ।
३५) नगिचै तीनवटै रेखा भित्र- ऐं क्लीं सौः
३६) पश्चिम द्वार रेखा वाहिर- पश्चिमा (वारुणी) वं.
३७) -द्वारमा वाहिरी रेखा भित्र- वं वशित्वसिद्धि
३८) दोस्रो रेखा भित्र- वाराही शक्ति ।
३९) तीनै रेखा भित्रपट्टि- सः सर्वोन्मादिनी ।
४०) यसभन्दा पनि भित्र- आं क्रौं आं क्रौं ।
४१) पश्चिमद्वार नगिचै वायव्यतर्फ वाहिरी रेखाभित्र- ऐं लं लं लं
४२) दोस्रो रेखा भित्र यही- ऐं ऐं ऐं ।
४३) तीनवटै रेखा भित्रपट्टि- ऐं क्लीं सौः
४४) वायव्य वाहिरी चोंसो वाहिर- वायवी ।
४५) 'यसदेखि पश्चिमतर्फ नगिचै- आं आं सौः यं ।
४६) वायव्य कोण नगिचै उत्तरतर्फ वाहिरी रेखा भित्र- प्रां प्राकाम्यसिद्धि ।
४७) दोस्रो रेखा भित्र- माहेन्द्री शक्तिः ।
४८) तीनै रेखा भित्र- क्रों सर्वमहाङ्कुशा ।
४९) उत्तरद्वार नगिचै वायव्यतर्फ वाहिरी रेखाभित्र- ऐं भुं भुं भुं ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०) दोस्रो रेखा भित्र- ओं औं ऐं
५१) तीन वटै रेखा भित्र पट्टि- ऐं क्लीं सौः ।
५२) उत्तरद्वार वाहिरी रेखा वाहिर- उत्तरा (कौवेरी) सं
५३) उत्तरद्वार वाहिरी रेखाभित्र- भु भुक्ति सिद्धिः ।
५४) दोस्रो रेखा भित्र- चामुण्डा शक्तिः ।
५५) तीनै रेखा भित्र द्वारमा- ह् स् ख् फ्रें सर्व खेचरी ।
५६) यसदेखि पनि भित्र- आं क्रौं आं क्रौं ।
५७) उत्तरद्वार नेरै ईशानतर्फ वाहिरी रेखा भित्र- ऐं इं इं इं ।
५८) यसदेखि भित्र रेखा भित्र- अं अः ऐं ।
५९) यसदेखि पनि भित्र- ऐं ल्कीं सौः ।
६०) ईशान कोण वाहिर- ऐशानी ।
६१) यसदेखि उत्तरतर्फ नगिचै- अं आं सौः हं ।
६२) ईशान नगिच पूर्व तर्फ- वाहिरी रेखा भित्र- इं इच्छासिद्धि
६३) माझको रेखा भित्र- महालक्ष्मी शक्तिः ।
६४) तीनै रेखा भित्र- ह सौः सर्ववीजा ।
६५) इच्छांसिद्धिदेखि पूर्वतर्फ तेही कोठामा- प्रा प्राप्तिसिद्धि
६६) यसदेखि भित्र पूर्वेशान मध्ये व्राह्मी- दिक्पाल शक्तिः
६७) यसदेखि भित्रपट्टि- स सर्वयोनि ।
६८) पूर्वद्वार नगिचै ईशानतर्फ वाहिरी रेखा भित्र- ऐं इं इं इं
६९) यसदेखि भित्र- अं आं ऐं ।
७०) तिनै रेखा भित्र पट्टी- ऐं क्लीं सौः

यी भए भूपुर चक्रमा लेखने मन्त्रहरू । हेर्नू-श्री यन्त्रको रेखाचित्र पाना नं. १३५ मा । नवचक्रले युक्त मूल यन्त्रमा यी क्रमाङ्कानुसार भूपुरमा लेखिएको छ ।

**श्री यन्त्रमा जीवप्राण इन्द्रियादि देवताहरुको आवाहनप्राण प्रतिष्ठा गर्ने मन्त्रहरुः** अष्टदलको मर्यादावृत्त भित्र अष्टदलको कोठा बाहिर पूर्व अष्टदलदेखि आग्नेयतर्फ हुँदै ईशानदेखि पनि पूर्वकोठासम्म क्रमैसँग लेख्दैलाने मन्त्रहरू यस प्रकार छन्- ॐ आं ह्रीं क्रों यं रं लं वं शं षं सं हं ह्री हं सः सौभाग्य विद्या याः प्राणा इह प्राणाः जीव इह स्थितः सर्वेन्द्रियाणि वाङ् मनश्चक्षुः श्रोत्र-जिन्हा-घ्राण-पाणिपाद-पायूपस्थादीनि चेह श्रीचक्रे समागत्य सुखँ चिरं तिष्ठन्तु स्वाहा ! सोहं हंसः क्रों ह्रीं आं ॐ । (पाना नं. १३५ मा रहेको श्रीयन्त्र चित्रको घ १ देखि घ ८ सम्म सङ्केत गरिएको स्थानमा लेख्नु पर्ने मन्त्रहरू)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# श्रीयन्त्र

## श्रीमाता त्रिपुरसुन्दरीको ध्यान

बालार्क मल्डलाभाषां चतुर्वाव्हां त्रिलोचनाम् ॥
पाशांकुशधनुर्वाणान् धारयन्तीं शिवां भजे ॥




श्रीयन्त्रमा उल्लेख हुनु पर्ने मन्त्रहरु र देवीहरुको स्थानको संवन्धमा माथि चित्र भित्र नै तिनीहरु उल्लेख गर्न स्थानाअभावले असमर्थ भएबाट उपरोक्तानुसार सांकेतिक अक्षर र अङ्क उल्लेख गरिएको छ। तिनीहरुको स्पष्ट व्याख्या यही चित्रको पछाडि पाना नं. १३६ मा छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क) षोडषोदल चक्र: माथि श्रीयन्त्र चित्रमा क १ देखि क १६ सम्म सङ्केत गरिएका स्थान षोडषोदल चक्र हो जसमा उल्लेख गर्ने मन्त्रहरू पाना नं. १३१ मा छन् ।

ख) अष्टदल चक्र: माथि श्रीयन्त्र चित्रमा ख १ देखि ख ८ सम्म सङ्केत गरिएका स्थान अष्टदल चक्र हो जसमा उल्लेख गर्ने मन्त्रहरू पाना नं. १३० मा छन् ।

ग) चतुर्दशार चक्र: माथि श्रीयन्त्र चित्रमा ग १ देखि ग १४ सम्म सङ्केत गरिएका स्थान चतुर्दशार चक्र हुन् जसमा उल्लेख गर्ने मन्त्रहरू पाना नं. १२२ मा छन् ।

घ) अष्टदलको मर्यादावृत्त भित्र अष्टदलको कोठा बाहिर पूर्व अष्टदलदेखि आग्नेयतर्फ हुँदै ईशानदेखि पनि पूर्वकोठासम्म अर्थात श्रीयन्त्र चित्रको घ १ देखि घ ८ सम्म सङ्केत गरिएको स्थानमा उल्लेख गर्ने मन्त्रहरू पाना नं. १३४ मा छन् ।

ङ) चतुर्दशारचक्र बाहिर, सो कै मर्यादावृत्तदेखि भित्र पट्टि अर्थात यो चतुर्दशार त्रिकोण बाहिर, चतुर्थ बन्हि त्रिकोण पूर्व कोणदेखि आग्नेयतर्फ हुँदै वरिपरि ईशानतर्फबाट समेत उही पूर्व कोणसम्म क्रमशः लेख्दै जाने विन्दु सहित मातृकाक्षर अथवा श्रीयन्त्र चित्रमा ङ १ देखि ङ ६ सम्म सङ्केत गरिएको स्थानमा रहने मन्त्रहरू पाना नं. १३० मा उल्लेख छ ।

च) श्रीयन्त्रको भूपुरचक्रमा उल्लेख भएका १ देखि ७० सम्म सङ्केत गरिएका स्थानमा रहने देवीहरूको स्थान र मन्त्रहरू पाना नं. १३२-१३४ सम्ममा उल्लेख भएका छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# तन्त्रको प्रसङ्ग र रहस्य

हिन्दु धर्ममा तन्त्रको विशेष स्थान छ, धर्मको व्यापकता र जीवन पथमा त्यसको आवश्यकताको वोध तन्त्रले नै राम्रो प्रकारसँग गराउँछ। नीचभन्दा नीचलाई पनि धर्ममय दिव्य-जीवन लाभ गराउने तन्त्रसँग अनुपम सन्देश छ। तन्त्रको आनन्दमय काखमा सारा धर्महरूले आफ्नू विश्रामस्थल पाउँदछन्। यसकारण हिन्दु धर्मको परिपूर्णताको ज्योति तन्त्ररूपी सूर्यवाट नै प्रस्फुटित हुन्छ। तन्त्रको अर्थ यो हो कि- सवैमा रमण गर्ने व्यापक तन्तु मनका भावहरू यसैमा उनिएका हुन्छन्।

तन्त्रका दृष्टिले हेर्दा शक्तिलाई सूर्यकी ठूली आमा मानेको पाईन्छ। प्रत्येक भाव, कर्म, साधनपथ, योजना आदिको सिद्धिमा शक्तिकै प्रभाव हुन्छ। विनाशक्ति सवै निष्क्रिय हुन्छन्। शक्ति विद्यातीत पुरुषोत्तमकी चिति हुन्। पुरुषोत्तम ईश्वरकी आद्यशक्तिवाट व्रम्हा, विष्णु, महेश्वर आदि देवगणहरू आफ्नू-आफ्नू गति प्राण प्राप्त गरेर मात्र आफ्नू-आफ्नू निर्दिष्ट कार्यमा प्रवृत्त हुन समर्थ हुन्छन्, नत्र सवै शव (मुर्दा) समान हुन्छन्।

अस्तित्वको प्रतिष्ठा शक्तिको महाप्राणमा हुन्छ। अनन्त विश्वमा जो जे जति छन् सवै शक्तिकै आत्म-प्रकाशन हुन्। शक्ति नहुँदो हो त कहीं कसैको पनि अस्तित्त्व अथवा अवसान हुँदैनथ्यो। भाव (उद्‌भाव) अभाव (लय) दुवै गति शक्तिकै उपज हुन्।

यी सर्वव्यापिनी शक्तिको अनन्तरूप छ। महाकारणमा नादरूप र कारणमा विन्दुरूपले रहन्छिन्। सूक्ष्ममा उनका आनन्द स्फुरण शव्दरूपमा प्रकट हुन्छिन्। स्फुरणको विस्तारका साथ शव्दको पनि परा, पश्यन्ती, मध्यमा, वैखरी गरी चार रूपमा विस्तार हुन्छन्।

शव्दमा विविध शक्तिहरूको समावेश हुन्छ। कैयौं शव्दहरूको मेलवाट एक विशिष्ट शक्तिको दमक (चाल) निस्कन्छ, यी सङ्घ वा समूहवद्ध शव्दलाई मन्त्र भन्दछन्। प्रत्येक मन्त्रको आफ्नू-आफ्नू अधिष्ठात्री देवता हुन्छन्, यी अधिष्ठात्री देवतालाई मन्त्रको वारंवार जपरूपी तापवाट व्यूँझाउन (जागृत गर्न) सकिन्छ। जुनदेवताको जुन मन्त्र हुन्छ पैले उसको भाव जाग्रतमा लगाएर स्थूलरूप दिनु पर्छ, र यसपछि मन्त्रको वारंवार मानसिक जप हुन्छ, अर्थात् मन्त्र देवताको मानसिक ध्यान गरिन्छ। यसरी फेरी उस देवताको मन्त्र र उ अधिष्ठात्री देवतालाई समेंत यन्त्र वद्ध गरिन्छ, साधकको निमित्त यो कठिन भूमिका हो। यस अवस्थालाई जानेर वुझेर पार गर्नु वास्तविक ठूलो पुरुषार्थ हो।

यन्त्रहरूको पूजा गर्ने आफ्ना विशेष विधान हुन्छन् र उसको सिद्धि प्राप्ति गर्न अनेकन विघ्न-वाधाहरूको सामना गर्नु पर्छ। यस्तो कष्टको अनुभव गर्दै



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदाशिवजीले धेरै मन्त्र-यन्त्रहरूलाई कीलित गरी (किलो ठोकेर) वेकम्मा परिदिएका छन् । जो कीलित छैनन् उनीहरू धेरै प्रचलित छन् । यद्यपि कीलित मन्त्र-यन्त्रहरूलाई पनि विशेष पुरुषार्थद्वारा खुलाउन (सक्रिय गराउन) सकिन्छ । यी अकीलित मन्त्र-यन्त्रहरू पनि कोही साध्य छन्, कोही भगवानको कृपाले सिद्ध गरिरहनु नै पर्दैन । आजभोली धेरै किसिमका श्रीयन्त्र देखिएका छन् धेरै जसोमा वीज, शक्ति, मन्त्रहरू छैनन् । वीजाक्षर, शक्ति र मन्त्र श्री यन्त्रको आत्मा (प्राण) हो । साधारण श्रीचक्र पनि यस्ता प्रभावशाली छन् कि यस्ता चक्रको पनि दिन दिनै श्रद्धा पूर्वक दर्शन मात्र गर्नाले पनि केहीकालमा मनोरथसिद्ध हुन्छ । वीज शक्तिमन्त्रको हेरफेरवाट यो महायन्त्र २७२ किसिमवाट तयार हुन सक्दछ । प्रत्येक रूपको कार्य र प्रभाव भिन्नभिन्न हुन सक्दछन् । यो माथि पनि संक्षेपमा लेखीसकिएको छ ।

## श्रीयन्त्रको सेवा गर्ने संक्षिप्त विधि

पौष संक्रान्ति अष्टमीले युक्त छ भने महायन्त्रको सेवा गर्ने अत्यन्त उत्तम मुहूर्त यो दिन हुन्छ । यो योग परेको छैन भने पनि केवल पौष संक्रान्ति वा अरू कुनै संक्रान्ति रविवारको दिन अथवा कुनै महिनाको शुक्लाष्टमी रविवारको दिनमा ब्राह्म मुहूर्तमा उठेर स्नानादि नित्य कर्म सके पछि, शुद्धशान्त ठाँउमा पूर्वाभिमुख गरी वसेर धूप दीप वालेर भक्ति पूर्वक भूजापत्रमा तुलसी अथवा दाडिमको कलमले पहेलो केशर मिलेको रक्त चन्दनले श्रीयन्त्र लेखनु पर्छ । यसरी यो महायन्त्र विधिपूर्वक चन्दनादिले जतन साथ राखेर नित्य षोडशोपचारको पूजा गरोस् । परन्तु पूजनाधिकार तन्त्रदीक्षित-शक्तिदीक्षित व्यक्तिहरूको मात्र हुन्छ । नित्यप्रात: कालमा योयन्त्र को भक्तिपूर्वक दर्शन गर्नु गन्धधूपादि चढाउनाले मात्र पनि प्रभावकारी उपलव्धि (फल) अवश्य मिल्दछ विश्वास गर्नु । यामल ग्रन्थमा यो यन्त्रको दर्शन मात्र गर्नले पनि यस्तो फल मिल्दछ भनेको छ-

*सम्यक् शतक्रतून् कृत्वा यत्फलं समवाप्नुयात् ।*
*तत्फलम् लभते भक्त्या कृत्वा श्रीचक्रदर्शनम् ॥*
*महाषोडशदानानि कृत्वायल्लभते फलम्*
*तत्फलं समवाप्नोति कृत्वा श्रीचक्रदर्शनम् ॥*
*सार्ध-त्रिकोटितीर्थेषु स्नात्वा यत्फलमश्नुते ।*
*लभते तत्फलं भक्त्या कृत्वा श्रीचक्रदर्शनम् ॥*

श्रीयन्त्र र यो महायन्त्रको महत्त्व र सेवा गर्ने विधिसमेत जान्न वुझ्न श्रद्धाभक्ति हुनेहरूले त्रिपुरतापनीयोपनिषद्, त्रिपुरोपनिषद्, ललितासहस्रनाम, तन्त्रराज र कामकला विलास, इत्यादिग्रन्थहरू हेर्नु जान्नु वुझ्नु पर्छ ।

❋❋❋



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट

# (क) महासरस्वती तत्त्व

ऋपिहरू आश्वलायन ऋषिसँग प्रार्थना गर्दछन् । "दशश्लोकी सरस्वतीको उपासना, जुन व्रह्मज्ञान प्राप्तिको एक परमोत्तम साधन छ, तपाईंका मुखवाट सुनाउनुहवस् । भगवान आश्वलायन (तपाऩी) ले यही साधनद्वारा तत्त्वज्ञान प्राप्त गरेको सुन्दछौं । यो दशश्लोकी उपासना यदि पूर्ण रूपले गर्न सक्यौं भने हाम्रो विद्या प्राप्तिको निमित्त पर्ने वाधाहरू विशेष रूपले नाश हुन सक्दा हुन् । हामी आमाको कृपा प्राप्त गर्न सकौं ! हजुरले हामीलाई आज यस मन्त्रको उपदेश दिनुहोस् र यो मन्त्रको केही व्याख्यान गरिदिनुहोस् !"

ऋषि भन्दछन्- "यदि दशै श्लोकको उपासना गर्न नसके पनि पछिल्लो दशौं श्लोकको र मन्त्रको आश्रय लिनु होस् । यो दशौं श्लोक मन्त्रद्वारा नित्य सरस्वती आमाको उपासना गर्नु होस् । यस मन्त्रले पनि आमाको कृपा प्राप्त गर्न समर्थ भइन्छ । विद्या प्राप्तिको विघ्न बाधा हट्ने छ र क्रमशः व्रह्मरूपिणी आमाको स्वरूपको ज्ञान हुनेछ । दशम मन्त्र यसप्रकार छ-

*ऐंअम्वितमे नदीतमे देवीतमे सरस्वति*
*अप्रशस्ता इव स्मसि प्रशस्तिमन्च नस्कृधि*

यस मन्त्रको केही व्यापक भाव- पहिलो शव्दार्थ अनुसार यसको सरलार्थ जान्नुहोस् ।

मातृगणमा श्रेष्ठ, नदीहरूमा श्रेष्ठ, देवीहरूमा श्रेष्ठ, हे सरस्वती ! हामी अप्रशस्तका समान अर्थात् धनाभावमा असमृद्धवत् भईरहेका छौं । यसकारण हे माता ! हामीलाई प्रशस्ति अर्थात् धन सम्पति प्रदान गर्नुहोस् । अव पदको तात्पर्य अर्थ विचार गर्नु छ, यहाँ सरस्वतीलाई अम्वितमा, नदीतमा, देवीतमा यी तीन नामले संवोधन गरेको छ । यसकारण हामीहरूले मातृभाव, नदीभाव, देवीभाव, यी तीन भावको तात्पर्य तत्त्वप्रति विचार गर्नुछ ।

अम्वितमे– अम्वा शव्दको अर्थ हो आमा (माता) अम्वितमाको अर्थ हो मातृत्वमा सारा विश्वमा जति मातृशक्ति छन् ती सवैमा तिमी श्रेष्ठ छौं, मातृभाव कसलाई भनिन्छ ? जसले रक्षा पोषण गर्दछ उनै मातृ (आमा) हुन् । (मा धातुको शव्द र परिमाण गर्नु पनि अर्थहुन्छ र शव्द व्रह्म र विश्व व्रह्माण्डदेखि लिएर परमाणु रूपसम्मको मानलाई लिएर व्याख्यान गर्न पनि सकिन्छ ।

तिमीमा जस्तो मातृशक्ति अरू कसैमा पनि छैन । ज्ञान रूपमा तिमीनै



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवैको पालन गर्छ्यौं । ज्ञानका निमित्त अत्यन्त रक्षा गर्ने शक्ति दोस्रो अर्को कोही कँही छैन । ज्ञान भन्ने वस्तु नै जीवन- अमृत हो । अज्ञाननै नाशवान हो ।

नदीतमे– जति नदीहरू छन्, तिनीहरूमा तिमी नै श्रेष्ठ छौं । नदी रूपा सरस्वतीको अधिभौतिकभाव जलरूपा सरस्वती गङ्गा- यमुनाका साथ प्रयाग त्रिवेणीमा मिलेकी छन् । यो अधिभौतिक तीर्थमा श्रेष्ठ छ । नदीहरूमा सरस्वतीको आध्यात्मिक भावको त्रिवेणी मूलाधार चक्रमा इडा र पिङ्गला नाडीको मध्यभागमा रहेकी सरस्वतीरूपा सुषुम्णा मिलेको त्रिवेणी हो । नदी शव्दको अर्थ नद धातुको अर्थ हो- शव्द गर्नु, जहाँ गति छ त्यहाँ शव्द हुन्छ । नदी भनेको गतिका साथ वगेर कुनै ठूलो नदी वा समुद्रमा मिल्न जाने पानीको स्रोत भन्ने वुझिन्छ । यहाँ नदीतमा भन्नाले शव्दद्वारा नाद विशिष्टा चलनात्मिका शव्द व्रह्ममयीलाई नै विशिष्ट लक्षित गरिन्छ । नदीको जो आश्रय लिन्छ, नदी पछ्याएर गई रह्यो भने समुद्रमा अवश्य नै पुगदछ । उसै गरी शव्द व्रह्म (वेद) को आश्रय लिएर गयो भने ऊ अवश्यं नै परव्रह्ममा मिल्दछ ।

देवीतमे– देवीहरूका मध्यमा तिमी नै श्रेष्ठ छौ, तिमी उज्वल छौ, ज्योतिमयी छौ, तिमी व्रह्मरूपा छौ । तिमीलाई जसले ब्रम्हरूपी ज्योतिमा ध्यान गर्न सक्दछ । उसैले तिमीलाई चिन्दछ । दिव धातुको अर्थ हो ज्योति, प्रकाश आलोक । अन्धकार नाश गरेर आलोक (प्रकाश) प्रदान गर्ने जति शक्ति संसारमा छन् ती सवै तिमी नै हौ ।

सरस्वति– सृ धातुदेखि असुन् प्रत्यय गरेमा सरस शव्द बन्दछ । सरस जम्मा ६ छन् । जो सरस की अधिष्ठात्री देवी उनै सरस्वती हुन् । सृधातुको अर्थ हो गति । गतिरोध भयो भने संसारमा कुनै कार्य सम्पन्न हुँदैन । त्यस वखत सारा अन्धकार हुन्छ । विना गति कुनै कार्य हुँदैन, गति प्रवर्तित शक्ति, गतिकी अधिष्ठात्री देवी सरस्वती नै हुन् । जसवाट सारा गति प्रवर्तित हुन्छ, सवै आलोक उज्यालो हुन्छ, अज्ञान हट्छ, ज्ञानको विकास हुन्छ उही तत्त्वशक्ति सरस्वति हुन् । गद्य पदादिरूपमा वाक् वा शव्दको प्रसारण गति हुन्छ उही सरस्वति हुन् । जहाँ छन्द छ उहीँ गति अर्थात् सरस्वतीको रूप रहन्छ, जहाँ छन्द छैन त्यहाँ अन्धकार रहन्छ ।

यिनै सरस्वती मातृरूपमा, नदीरूपमा, देवीरूपमा, सधै हाम्रो वुद्धिको विषय वनिरहेकी छन् । यिनै मातृ श्रेष्ठ सरस्वती वाग्देवी हुन् । शव्द ब्रह्मात्मिक मातृकाक्षर स्वरूपिणी हुन् । ब्रह्मज्ञान पनि उनै हुन् । उनी परमार्थ ब्रह्म स्वरूपिणी हुन् । जुन परमाणुको अखिल जगत्की नाद स्वरूपिणी हुन् । जुन परमाणुको स्पन्दन हो उहीनै उनको क्रिया हो । उनी जगत्को अन्तर र वाह्यमा रहेर ज्ञान दिन्छिन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*अप्रशास्ता इवस्मसि प्रशस्तिमम्ब नस्कृधिः ।*

धनको अभावले मनुष्य संकुचित हुन्छ, ज्ञानधन, विद्याधन, इत्यादिको अभाववाट हामी सङ्कीर्ण शीर्ण (खिएका) छौं । प्रकाशको जहाँ अभाव हुन्छ, त्यहाँ सङ्कोच हुन्छ, गतिजहाँ स्वच्छन्द प्रवाहित हुँदैनन उही सङ्कोच अवरोध अन्धकार हुन्छ । ज्ञेयको स्वरूप जान्नका निमित्त हाम्रो मार्गमा जो वाधा उपस्थित हुन्छ । उसको कसले नाश गरिदेला ! तिमी नै नाश गरिदिन्छ्यौ ! जो-सत-चित आनन्दको प्रसारणी शक्ति छ उही नै तिमी सरस्वती हौं । यस्ति तिमी सरस्वती हाम्रो प्रसारमा परेको वाधा हटाएर हाम्रो अभावको नाश गर्दै प्रकाश प्रदान गरेर हामीलाई समृद्धि प्रदान गर । हामीलाई जुन विषयको आवश्यक छ, उसबाट हामी परिपूर्ण हुन सक्दछौं । विशालता प्राप्त गर्न सक्दछौं, उही हामीलाई प्रदान होओस् ।

ब्रह्मको अर्थ वृहत् (ठूलो) छ, अपरिच्छिन्नता नै हाम्रो सहज अवस्था हो । अपरिच्छिन्नता प्राप्त गर्नु नै पूर्ण सुख हो । जुन शक्तिद्वारा हामी परिच्छिन्न छौं हुन्छौं, त्यो शक्तिको नाम हो– माया या अविद्या । हामी जुन अल्प, देशव्यापी वनिरहेका छौं । निरानन्द (आनन्द रहित) भईरहेका छौं । यसको कारण हो उही माया अविद्या । यसकारण विद्याद्वारा हाम्रो परिच्छेद, अभाव, मलिनता, अविद्याहरूको नाश गरिदिनु होस्, सम्पूर्ण विषयमा व्यापक गराई दिनु होस् जहाँ प्रसारित हुँदैन त्यहाँ क्लेश (दुःख) हुन्छ । प्रसारको अभावमा हाम्रो मन संकुचित (खुम्चिने) हुन्छ, पर दुःख देखेर हामी कातर नहुँ । आत्मा जुन परिमाणमा अप्रशस्त रहन्छ, उही परिमाणमा ब्रह्म भाववाट उ टाढा रहन्छ । प्रसारण प्रतिको वाधा सरस्वती नै हटाउँछिन् । गति प्रवर्तित गरिदिन्छिन् सृधातुको अर्थ हो- प्रसारण गति ।

सम्पूर्ण जगतमा जो जति छ नाद (शब्द)वाट नै वोध हुन्छ । यसकारण शब्द वाक्यका जुन अधिष्ठात्री देवी सरस्वती हुन् यिनै देवी सवैकी उपास्या हुन् (सवैले उपासनागर्न योग्य हुन्) यसैकारण ब्रह्मा विष्णु महेश्वर आदि देवताहरूले यिनै आमाको सेवा उपासना गरेर विद्या प्राप्त गरेका थिए । भगवान आश्वलायनले वनाएको दशौं श्लोकमा पनि अर्थजान्ने हेतुले सोध्दछन् ।

*नामरूपात्मकं सर्वं यस्यामावेश्य तां पुनः ।*
*ध्यायन्ति ब्रह्मरूपैका सा मां पातु सरस्वती ॥* (दशौं श्लोक)

सारा जगत्मा जति नाम र रूप छन् सवै उनकै नाम र रूप हो । उनी नै नाम र रूपमा विवर्तित (परिणत) भएर सारा जगतको रूप धारण गर्छिन् । नाम रूप उनको वास्तविक रूप होईन माया (परिच्छिन्न) रूप हो । वास्तविक रूपका अभिलाषी योगीहरू समाधि योगवाट नामरूपलाई विलयन गरेर यसको प्रकृत



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपलाई ध्यान गर्छन् । यस्ती ब्रह्मरूपा सरस्वती देवीले हाम्रो पालन गरून् । आमाको यथार्थ रूप हृदयमा लिनका निमित्त समाधियोगको अवलम्वन गर्नु पर्छ । नभए हाम्रो चित्तको अप्रशस्त (अपूर्णता) नाश हुँदैन हामी देवीतमाको रूप जस्ताको तस्तै प्राप्त गर्न सक्दैनौं ।

यो मन्त्रको अगाडी ऐं वीज मन्त्र लगाउनुको मतलव केहो ? ऐं यो वाक् वा गुरु वीज हो आमा वाक्रूप विश्वकी गुरु हुन् । आमा चित्रूपा ब्रह्मरूपिणी हुन् । ज्ञानमय परमात्मारूपिणी वाहेक ज्ञान दिने शक्ति अरू कुनैमा पनि छैन आमा ब्रम्हादि देवताकी पनि गुरु हुन् ।

अव सरस्वती हृदयोपनिषदको केही व्याख्यान गर्ने प्रार्थना गर्दछौं । आखिर दश श्लोकी भागको व्याख्यान सुनेर आफूहरूलाई कृतार्थ संझन्छौं । यो ऋग्वेदको उपनिषद हो, यो ऋग्वेदीय शान्ति पाठको अर्थको केही विचार पहिले गर्नुहोस् । अन्धकारवाट प्रकाशतर्फ जाने चेष्टा गर्न प्रार्थना गर्नु जीवको स्वाभाविक गुण हो । स्व प्रकाशरूप परमात्माको आविर्भाव नै जीवको निमित्त अभिलक्षित पदार्थ हो । यज्ञद्वारा नै पवित्र गर्नु, मल हटाउनु परमात्माको प्रकाश हुनु हुन्छ । वेदोक्त अथवा छन्द क्रिया नै यज्ञ स्वरूप हो । मन र वाक्द्वारा नै सबै यज्ञ हुन्छन् । यो मन र वाक्यका क्रिया परस्पर अनुकूल हुन्छन् । यसमा यौटा क्रियाको साथ अर्को क्रिया यदि सामञ्जस्यपूर्ण हुन्छ भने मात्र यथार्थ यज्ञ हुन्छ र परमात्माको प्रकाश हुन्छ । मन एकातिर वाक्य अर्कोतिर भयो भने कहिल्यै कार्य सफल हुँदैन । यथार्थ यज्ञका निमित्त ब्रह्मविद्या लाभरूप स्वाध्याय यज्ञमा प्रवृत्त हुनुभन्दा पहिले विद्यार्थीहरू प्रार्थना गर्दछन् ।

*वाङ्मे मनसि प्रतिष्ठिता मनो मे वाचि प्रतिष्ठितमाविरावीर्म एधि । वेदस्य म आणीस्थः श्रुतं मे मा प्रहासीरनेना धीतेनाहोरात्रात्संदधाम्यृतं वदिष्यामि । सत्यं वदिष्यामि । तन्मामवतु तद्वक्तारमवतु अवतु मां अवतु वक्तार मवतु वक्तारम् ॐ शान्तिः शान्तिः शान्तिः ॥*

हे आदिप्रकाशरूप परमात्मन् ! हे ब्रह्मविद्ये ! अवः तिमी प्रकट होऊ । जब मेरो वाक् मनमा र वाक्मा मन प्रतिष्ठित होला तव तिमी मेरो हृदयमा प्रकट होउली । जहाँसम्म मेरो मनमा कुटिलता रहिरहला तहाँसम्म तिमी प्रकट हुने छैनौ । तिमी ममा प्रकट होऊ मेरो नगिच आऊ (म ए धि) । वेदलाई मेरो सम्मुख गराऊ (वेदस्य म आणीस्थः) । अर्थात् यस्तो भएमा नै तिम्रो यथार्थ ज्ञान मेरो हृदयमा प्रकटहोला । म गुरुका मुखवाट जति श्रवण गर्न सक्दछु त्यत्ति नै कत्ति त्रुटि नगरीकन हृदयमा धारणा गर्न सकूँ, त्यसलाई कहिल्यै पनि न विसूँ (श्रुते मे



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा प्रहासीः) यस्को निमित्त के गर्नु संकुँ? गुरुकृपावाट सुने जति दिन रात चिन्तन ध्यान मनन् गरुँला (अनेना धीतेना होरात्रात् सन्दधामि) अर्को के गरुँला भने वेदको कृपावाट सत्योक्तिको कृपावाट जुन सत्य कुरा छ उही मात्र सुन्ने गरुँला ! सत्यनै जानुला ! सत्योक्ति नै अरूलाई सुनाउँला सिकाउँला । जुन सत्योक्ति छ यसलाई भुलेर अरू कुनै असत्यादि कसैलाई भन्ने छैन, (ऋतं वदिष्यामि सत्यं वदिष्यामि) (ऋतं नियति) परमाणुको स्पन्दनबाट प्रारम्भ गरेर सारा जगत्मा जो जतिक्रिया हुन्छ सवै ऋतको निमित्त हुन्छ । सत्योक्तिको प्रेरणावाट हे आमाः यो भन्दछु कि केही गर्न तपाईंले कृपा गर्नु भएन भने त यी कुरा कसरी गर्न सकुँला । यस निमित्त यो भन्दछु हे सत्योक्ति ! तिमीले सधैं मेरो रक्षा गर (मामवतु) खाली मेरो रक्षा गरेर मात्र हुँदैन मेरो गुरुदेवको पनि रक्षा गर, (वक्तारमवतु) मेरा गुरुलाई सत्यज्ञान दिनु हवस् गुरुले मलाई त्यही सत्यज्ञान दिनु हुनेछ । गुरुवाट त्यो सत्यज्ञान पाउन सकूँ । हे आमा मेरो विद्या प्राप्तिका निमित्त हुने आध्यात्मिक, आधिदैविक, आधिभौतिक प्रतिवन्ध विघ्न वाधा शान्त हओस ! ॐ शान्तिः शान्तिः शान्तिः ॥

ऋषिहरूले भगवान् आश्वलायनका नगिचमा गएर सोध्न लागे- भगवान् कसरी त्यो व्रह्मपदार्थावभासक ज्ञान प्राप्त गर्न सकिन्छ, जसको उपासना गरेर तपाईं तत्त्वज्ञानी हुनु भयो ? यो सवै हामीलाई भन्नु हवस् । यस्तो प्रश्न गरेपछि ऋषिहरूलाई अश्वलायन ऋषिले भन्न लाग्नु भयो– हे मुनि श्रेष्ठ हो ! वीज मन्त्र सहित ऋग्वेदको सरस्वती दशश्लोकवाट स्तुति गरेर परासिद्धि तत्त्वज्ञान मैले पाएको हो ।

यसपछि ऋषिहरूले फेरी प्रश्न गर्न लागे- त्यो सारस्वत ज्ञान प्राप्तिका निमित्त कस्तो ध्यान उपासना गर्नु पर्छ ? जुन उपासनावाट भगवती सरस्वती प्रसन्न हुन्छिन् । यो सवै हामीहरूलाई वताई दिनु होस् भनेपछि भगवान आश्वलायन ऋषि भन्न लाग्नु भयो-

श्रीमहासरस्वंती दशश्लोकी महामन्त्रको ऋषि मै अश्वलायन हुँ, छन्द अनुष्टुप् हो, देवता श्रीवागीश्वरी हुन् वीज यद्वाक मन्त्र हो, शक्ति देवीवाचं मन्त्र हो, कीलक प्रणोदेवी मन्त्र हो, विनियोग सरस्वती प्रीत्यर्थे हो । श्रद्धा, मेधा, प्रज्ञा, धारणा, वाग्देवता, महासरस्वती यीद्वारा क्रमश षडङ्गन्यास गर्नु पर्छ, यति गरेपछि ध्यान गर्नु पर्छ । ध्यान गर्ने श्लोक-

*नीहार-हारघनसार-सुधाकराभ्यां*
*कल्याणदां कनकचम्पकदामभूषाम् ॥*
*उत्तङ्गपीन-कुचकुम्भ मनोहराङ्गीं*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*वाणीं नमामि मनसा वचसा विभूत्यै ॥*

हिमलहर र कपूर जस्तो प्रभा भएका चन्द्रमाको प्रभा जस्ती अथवा हिमलहर, कपूर र चन्द्रमाको जस्तो प्रभा भएकी। सुनको चम्पाकलीमाला लगाएकी, उच्चपुष्ट कुम्भरूपी स्तनले सुन्दर अङ्ग भएकी, सबैलाई कल्याण दिने वाक् रूप सरस्वतीलाई विभूत्यै विद्याज्ञानरूपी ऐश्वर्यका निमित्त मन र वचनले नमस्कार गर्दछु। यसरी ध्यान गरेपछि दशश्लोकी जपको प्रारम्भ हुन्छ।

*या वेदान्तार्थतत्त्वैकस्वरूपा परमार्थतः ॥*

*नामरूपात्मनाव्यक्ता सा मां पातु सरस्वती ॥१॥* (प्रथम श्लोक)

परमार्थ रूपमा वेदान्तले सिद्ध गरेकी तत्त्वरूपा तिमीनै हौ ! अर्थात् जसको प्राकृतस्वरूप एक मात्र वेदान्तले जान्न सकिन्छ। यस्ती अव्यक्त परब्रह्मरूपिणी पनि नामरूपात्मना व्यक्तविश्व रूपमा प्रादुर्भाव हुन्छिन्। यस्ती सरस्वतीले मलाई रक्षा गरुन्।

*ॐ प्रणोदेवी सरस्वती वाजेभिर्वाजिनीवती। धीनामवित्र्यवतु ॥* (प्रथम मन्त्र)

जो दानी गुणले युक्त छन्, जो अन्न यज्ञकी अधिष्ठात्री देवती हुन् जो अन्नदात्री आफ्ना शरणमा परेका उपासकहरूको रक्षा गर्छिन्, यस्ती सरस्वती देवीले अन्न प्रदान गरेर हाम्रो विशेष रूपले रक्षा गरून् ! हामीलाई तृप्ति प्रदान गरुन्-

*या साङ्गोपाङ्ग वेदेषु चतुर्ष्वेकैव गीयते।*

*अद्वैता ब्रह्मणःशक्तिः सा मां पातु सरस्वती ॥* (द्वितीय श्लोक)

अङ्ग-उपाङ्ग सहित चारै वेदले स्तुति गरिएकी एक तिमी मात्र छौ, यस्ती अद्वैत ब्रह्मकी शक्ति भएकी सरस्वतीले मलाई रक्षा गर्नुहोस्। यहाँ शक्ति शक्तिमान् भिन्न होईन।

*ह्रीं आनो दिवो बृहतः पर्वतादा, सरस्वती यजता गन्तु यज्ञम् ॥*
*हवं देवी जुजुषाणा घृताची, शग्मां नो वाचमुशती शृणोतु ॥* (द्वितीय मन्त्र)

भावार्थ-आमा ब्रह्म रूपिणी चित्‌रूपा सर्वव्यापिनी छन्, हाम्रो निमित्त अलक्ष छन्, आमाको सूक्ष्म अव्यक्तावस्था (परा, पश्यन्ती, मध्यमा अवस्था) पनि हाम्रो निमित्त अगम्य छ। आमा हाम्रो निमित्त कृपा गरेर हाम्रो पूजा यज्ञ सिद्धिको निमित्त आफू अव्यक्त सूक्ष्मावस्थाबाट आविर्भाव (प्रकट) हुनुहवस्। उनै यज्ञ प्रवर्तिका हुन् र उनै यज्ञ गर्ने प्रवृत्ति प्रदान गर्ने हुन्। उनै उपकरण रूपमा छन्, उनै यसको अधिष्ठात्रीका रूपमा छन्। उनी नै फलरूपमा आविर्भाव हुन्छिन् हामी उनका अधम सन्तति हौं हाम्रो यो स्तुतिलाई कृपापूर्वक ग्रहण गर्नुहुन्छ। आफ्ना सन्ततिको विन्ती प्रर्थाना सुनेर संझेर प्रसन्न हुनुहुन्छ। वहा स्वयं पूर्ण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ, कुनैसँग केही लिनु खानु गर्न उहाँलाई केही आवश्यक छैन । कुनै कसैको स्तुति प्रार्थनाको पनि केही मतलव छैन । तर हामी उनका सन्तति हौं । सन्तान दु:खी दरिद्री भएर पनि अकपट (स्वच्छ) भावले भक्तिसाथ जे जो अर्पण गर्छ, जस्तो स्तुति गर्दछ त्यो सुन्न, ग्रहण गर्न स्नेहमयी आमा उत्सुक हुनुहुन्छ । यसैले हामी प्रार्थना गर्छौं, उहाँले यो हाम्रो प्रार्थना रोदन सुन्नुहुन्छ र सुन्नु होस् हाम्रो अभीष्ट पूर्ण गरिदिनु होस् ।

*या वर्णपदवाक्यार्थस्वरूपेणैव वर्तते ।*
*अनादि निधनानन्ता सा माँ पातु सरस्वती ॥* (तृतीय श्लोक)

जुन आमा वर्ण, पद, वाक्य, अर्थ (वाक्यार्थ) रूपले रहेकी छन्, जो आदि अन्त्य नभएकी अनन्ता छन्, यस्ती उनै सरस्वतीले मेरो रक्षा गरुन् । पालना गरुन् ।

*श्रीं पावका नः सरस्वती वाजेभिर्वाजिनीवती । यज्ञं वष्टु धिया वसुः ॥* (तृतीय मन्त्र)

भावार्थ- सरस्वती देवीले हाम्रो यज्ञकामना पूरा गरुन् । उनको इच्छा प्रेरणा विना कुनै काम प्रवर्तित हुँदैन, यसैले उनको आवाहन स्तुति गर्दछु । किनभने उनी सर्वशक्ति सम्पन्न छन् । उनी वाहेक कुनै कार्य सम्पन्न हुन सक्दैन । कुन उद्देश्यले कामना गर्छु भने अन्न निमित्त । उनी कस्ती हुन् भने अन्न यज्ञकी अधिष्ठात्री हुन्, यसैले अन्नदान गर्न समर्थछिन् । उनी फेरी कस्ती हुन् भने 'धिया वसु' अर्थात कर्म गरेर जसवाट धन प्राप्त गरिन्छ त्यसवाट यही सत्य कुरा थाह हुन्छ विना कर्म कुनै फल प्राप्त हुँदैन । आमा सवैकी अभीष्टदात्री हुन्, सवैको अभीष्ट सिद्धि गर्छिन् । परन्तु यसको निमित्त कर्म गर्नु पर्छ, यही उनको नियम हो ।

कर्म त हामी गर्छौं, गर्नुपर्छ तर विना प्रवृत्ति कर्म हुन सक्दैन । शुभकर्ममा हाम्रो सहज प्रवृत्ति मायाले दविई राखेको हुन्छ । यो प्रवृत्ति उनै आमावाट जागृत हुन्छ । यसका निमित्त कर्म, उनको स्तुतिसेवा गर्नुपर्छ र उनैले हाम्रो यज्ञ कामना व्यूंझाइ दिन्छिन्, (यज्ञकामनाको प्रवृत्ति जगाई दिन्छिन्) यस यज्ञद्वारा यही प्रार्थना गरिन्छ ।

कर्म गर्न पनि शक्तिको आवश्यक पर्छ । यो शक्ति पनि शक्तिरूपिणी उनैले दिन्छिन् । उनै यज्ञ रूप हुन्, विना ज्ञान मुक्ति हुँदैन । सम्पूर्ण दु:खको निवृत्ति हुँदैन । चित्त शुद्ध नभई ज्ञान हुँदैन, वेदोक्त यज्ञ विना चित्त शुद्ध हुँदैन । यसकारण जो ज्ञानकी अधिष्ठात्री सरस्वती देवी हुन् उनै वेदोक्त यज्ञकर्मकी अधिष्ठात्री देवी हुन् । उनै देवी हामीहरूको भित्र र वाहिर रहेर सधैं हामीहरूको परमकल्याण मार्गमा, यथार्थ सुखको मार्गमा प्रवृत्तगराई हामीलाई सञ्चालित गर्छिन् । यसकारण हामीवाट यज्ञ गराएर हामीहरूलाई शोधन पवित्र शुद्ध गराएर ज्ञानको अधिकारी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनाएर हामीहरूलाई मुक्ति प्रदान गर्दछिन् ।

*अध्यात्ममधिदैवञ्च देवानां सम्यगीश्वरी ।*

*प्रत्यगास्ते वदन्ती या सा मां पातु सरस्वती ॥* (चतुर्थ श्लोक)

जो देवताहरूको अध्यात्म अधिदैव छ, अर्थात् जो देवताहरूकी आध्यात्मिकी अधिदैविकी शक्ति छ, सवै देवताहरूको अथवा सवै शक्तिहरूको जो अन्तरयामी रूपले प्रेरणा गर्छिन् । अर्थात् प्रणवको प्रेरणावाट नै सम्पूर्ण कार्य गर्छिन् यस्ती उनै सरस्वतीले मलाई रक्षा र पालन गरून् ।

*व्लूं चोदयित्री सूनृतानां चेतन्ती सुमतीनाम् । यज्ञँ दधे सरस्वती ॥* (चतुर्थ मन्त्र)

भावार्थ- जसले हामीलाई सत्य वाक्यको प्रयोग गर्ने प्रवृत्ति र प्रेरणा दिन्छिन्, जसले सुमतिको चेतना दिन्छिन्, उनी नै सरस्वती हुन्- यसप्रकार हामी सरस्वतीको यज्ञ गरौंला, सरस्वतीले नै यज्ञ गराउने छिन् ।

*अन्तर्याम्यात्मना विश्वं त्रैलोक्यं या नियच्छति ।*

*रुद्रादित्यादिरूपस्था यस्यामावेश्य तां पुनः ॥*

*ध्यायन्ति सर्वरूपैका सा मां पातु सरस्वती ।* (पञ्चम श्लोक)

अन्तर्यामिनी रूपले जसले तिनै लोकलाई नियन्त्रण गर्छिन्, अर्थात् सवैभन्दा ठूलोदेखि लिएर सवैभन्दा सानु परमाणु तकका पदार्थहरू जसको प्रेरणाअनुसार कर्म गर्छन् । के रुद्र के सूर्य के अरुदेवता यी सवैमा वसेकी छन् । जसको प्रवेश शक्ति पाएर मात्र यी सवै देवताहरू आफ्नु कार्यमा प्रवृत्त हुन समर्थ छन् । जसको ध्यान गर्दै रहेर सवै कार्य गर्दै रहन्छन्, यस्ती उनै सरस्वती देवीले मलाई रक्षा गरुन् ।

*सौः महो अर्णः सरस्वती प्रचेतयति केतुना ।*

*धियो विश्वा विराजति ॥* (पञ्चम मन्त्र)

भावार्थ- महोअर्ण भनेर यहाँ समुद्रलाई लक्ष गरेको छ, समुद्र भनेर हामी यहाँ पानीको ठूलो राशि सम्झन्छौं तर यहाँ त्यो समुद्र भनेको होईन । वेदमा समुद्र-अर्ण भनेर आकाशलाई भनेको छ । आकाशमा नै सारा शक्ति निहित छ, आकाश नै सवै शक्तिरूपी आधार हो, यसैले अर्णको अर्थ आकाश नै हो । यसको स्पन्दन छन्द नै गतिभेदले क्रमशः वायु जल तेज आदि स्थूल अवस्थामा परिणत हुन्छ । पुन विलोमक्रमबाट यी स्थूल अवस्थामा पुगी आकाशमा नै विलीन हुन्छन् तथा वेद रूपमा अवस्थित हुन्छन् । पूजाका समयमा यो कर्म क्रिया मानसिक भावले गर्नु पर्छ । पर ब्रह्मवाट प्रकृति शक्ति क्रमशः कसरी स्थूल, स्थूलतर स्थूलतम अवस्थामा प्राप्त हुन्छिन् । त्यस्तै फेरी कसरी कुन प्रकारवाट उही अवस्थामा प्रत्यावर्तन गर्छिन्, यसको विचार गर्नु पर्छ । यसको नाम हो प्रकृत उपासना, यो स्कन्दको वर्णन गरियो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानको स्पन्दन जड स्पन्दन होईन, चैतन्य युक्त स्पन्दन हो, यही सरस्वतीको रूप हो। यी ज्ञानमयी चित् रूपा हुन्, विश्वको जो ज्ञानशक्ति हो उही सरस्वती हुन्। उनी केवल स्पन्दन रूपमा होइन कि विश्वबोधी रूपमा विराजमान छन्।

*या प्रत्यग् दृष्टिभिर्जीवैर्व्यज्यमानानुभूयते।*
*व्यापिनी ज्ञप्तिरूपैका सा मां पातु सरस्वती॥* (षष्ठ श्लोक)

सरस्वती ज्ञान रूपिणी सर्वव्यापिनी छन्। तर जीवले साधारण अवस्थामा उनको अनुभव गर्न सक्दैन। जीव जव प्रत्यग्दृष्टि हुन्छ, अर्थात् वहिर्मुख अवस्था त्यागेर अन्तरमुख अवस्थामा लीन हुन्छ, तव उसको हृदयमा सरस्वती प्रतिभास (प्रकाश) हुन्छिन्। तव जननीलाई प्राप्त गर्न सक्दछ। यही चिन्मात्ररुपा सरस्वतीले मलाई रक्षा गरुन्। सवै विषयमा प्रकाश प्रदान गरून्, आमाको सत्ताको उपलव्धि जननी कै कृपावाट मात्र हुन्छ।

*ऐं चत्वारि वाक् परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति॥* (षष्ठ मन्त्र)

भावार्थ– वाक् (शव्द वा वेदरूपा सरस्वती) को चार अवस्था छ। यी चार अवस्था मध्ये परा, पश्यन्ती, मध्यमा यी तीन अवस्था गुहानिहित अर्थात् सर्व साधारणका दृष्टिमा देखिँदैनन्, जान्न चिन्ह सक्दैनन्। यी तीन अवस्थालाई व्रह्मज्ञानी व्राम्हण योगीहरूले योगदृष्टिले पहिचान गर्दछन्। साधारण मनुष्यहरू जुन शव्द वाक्यको व्यवहार गर्दछन् त्यो अवस्था हो वैखरी (वाहिर प्रकट भएको शव्द)

*नाम जात्यादिभिर्भेदैरष्टधा या विकल्पिता।*
*निर्विकर्ल्पात्मना व्यक्ता सा मां पातु सरस्वती॥* (सप्तम श्लोक)

नाम जाति आदि आठ भेदले जो विकल्पित रूप धारणा गर्दछिन्। निर्विकल्प रूप आत्मामा व्यक्त भई रहन्छिन् यस्ती सरस्वती देवीले मलाई रक्षा पालना गरुन्।

*क्लीं यद्वाग्वदन्त्यंविचेतनानि*
*राष्ट्री देवानां निषसाद मन्द्रा*
*चतस्र ऊर्जं दुदुहे पयांसि*
*क्व स्विदस्याः परमं जगाम॥* (सप्तम मन्त्र)

भावार्थ- वाक् विश्वव्यापी छ वाक्द्वारा सर्वभूत व्याप्त छ, वाक् व्यवहार सवै गर्छन्। पशुपक्षिहरू पनि वाक् व्यवहार गर्छन्। यिनीहरूको परिभाषा हुन्छ, जो विचेतन छन् ती पनि वाक् व्यवहार गर्छन्। यो वाक्को प्रेरक सरस्वती नै हुन्। यिनै सरस्वती अचेतन जडलाई पनि वाक शव्द युक्त गर्छिन्। उनै देवताहरूको अन्तरमा वाक् प्रेरणा गर्छिन्।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक परमाणु जो अनेक परमाणुमध्ये एक निर्दिष्ट परमाणुलाई आकर्षण गर्छ, यो सरस्वती कै प्रेरणा हो। उनी वाक्‌रूपले उसमा पनि विराजमान छन्। उनैको प्रेरणाको अनुसरणमा नै के जान्न सकिन्छ भने यो हाम्रो हो यो हाम्रो होइन इत्यादि। यसकारण त्यो वाक् उ विशिष्ट परमाणुलाई नै आकर्षण गर्दछ। देवताहरूको पनि उही नै नायक हो, कर्मशील जगतमा व्यक्त सारा विश्व आमाकै रूप हो, आमा कै वैखरी रूप हो, आमा कै प्रेरणामा सम्पूर्णले सवै कार्य गर्छन्। आमाको वैखरी रूपको चरित्र लीलालाई धेरैकाल-दिनसम्म प्रत्यक्ष गरे पछि मात्र साधक विद्यार्थी भक्तहरू आमाबाट प्रेरणा मिलेपछि यो इच्छा गर्छन् कि हे आमा तपाञीको परमावस्थालाई म कसरी कहिले चिन्न जान्न सकुँला ? गाई जसरी भोक प्यास नाश गर्ने परंपुष्टिदायक दुधदान गर्छन्, उसैगरी एक सर्वदुधा धेनु छन् जो सारा जीवहरूका अभिलाषा पूर्ण गर्छिन्। सारा कामनाहरूलाई परिपूर्ण गर्छिन्; उनैको नाम हो- सरस्वती। उनै सरस्वतीद्वारा नै साधक विद्यार्थी भक्तहरू संसारको सर्वप्रयोजन साधनोपयोगी शक्ति चतुष्टयलाई दुहुन्छन् ग्रहण गर्छन्।

*व्यक्ताव्यक्तगिर: सर्वे वेदाद्या व्याहरन्ति याम्।*
*सर्वकामदुघा धेनु: सा मां पातु सरस्वती ॥* (अष्टम श्लोक)

व्यक्ताव्यक्त शव्दात्मक वेदादि शास्त्रहरू जसको स्वरूपको गान गर्छन्, जसको विस्तृत रूपको वर्णन गर्छन्। उनै सर्वकामदुधा धेनुरूपा सरस्वतीले मलाई रक्षा गरुन्।

व्यक्त शब्द हो वैखरी अर्थात् मुखबाट वाहिर स्पष्ट शब्द बोली निस्कने अवस्था। अव्यक्त शब्द हो परा, पश्यन्ती, मध्यमावस्था। जो चित्ताशक्ति छ उही नै हो अव्यक्त वेद। सन्दर्शन, परीक्षा आदिद्वारा जुन ज्ञानको विकास हुन्छ वैज्ञानिक आविष्कार आदि हुन्छन् यी सवै सरस्वती या वेदद्वारा हुन्छन्। अव्यक्त वाक् शक्ति नै सन्दर्शन परीक्षा आदिद्वारा आविष्कारादि रूप-स्थूल अवस्थाको रूपमा, प्राप्त हुन्छन्।

*सौ: देवीं वाचमजनयन्त देवा*
*स्तां विश्वरूपा: पशवो वदन्ति ॥*
*सा नो मन्द्रेषमूर्जं दुहाना*
*धेनुर्वागस्मानुपसुष्टुतैतु ॥* (अष्टम मन्त्र)

भावार्थ- देव गण (सर्वव्यापिणी अधिभौतिकी शक्ति) जुन मध्यमा वाक्‌लाई सवै प्राणिहरूको आभ्यन्तरमा उत्पत्ति गर्छन्, जुन मध्यमा वाक् छ, यो क्रमश: वैखरी रूपमा परिणत हुन्छ। त्यस्तै जो जीवनको हृदयमा धर्मऽअधर्म कर्तव्यऽ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकर्तव्यको निर्देशन गर्छिन्, उही वाक्रूपिणी सरस्वतीले हामीहरूलाई अन्नपानादिद्वारा तृप्त गर। उनले उ अन्न- पानादिद्वारा कसरी के गर्छिन् भन्ने कुरा साधक (भक्त) हरू यस प्रकारको वाक्यबाट स्पष्ट गर्दछन्।

मनुष्य जसरी गाई दुहेर कृतार्थ हुन्छ, दुधबाट भोक प्यास नाश भएर परंपुष्टि प्राप्त गर्छ सवै शान्त हुन्छ, हे आमा ! हामी पनि तेसैं गरि तिमीलाई दुहेर तेस्तै कृतार्थ हुने इच्छा गर्छौं। हामी ज्ञानरुपी भोकको निवृत्ति तत्त्व पिपाशा शक्तिको विधानको अभिलाषा गर्छौं। हे जननी ! तिमी हाम्रो हृदयमा आविर्भाव (प्रकट) होऊ।

गाई जसरी वाच्छाको नजिक आफै आएर दुध पियाउँछिन्, तेसै गरेर आई हे आमा तिम्रा सन्तान हामीलाई आफ्नू अमृतमय ज्ञानरूपीदुध पान गराउनुहोस्।

*यां विदित्वा खिलं बन्धं निर्मथ्याखिलवर्त्मना।*
*योगी याति परं स्थानं सा मां पातु सरस्वती।* (नवम श्लोक)

वेदवेदान्तादि सारा शास्त्र मथनरूपी मार्गबाट तिमीलाई चिनेर संसार-पाशलाई छिनालेर सर्वव्यापी भएका योगीहरू परम मुक्तिपदवीमा प्राप्त हुन्छन्, यसरी तिमी सरस्वतीले मलाई रक्षा गर।

*सः उत त्वः पश्यन्नददर्श वाचमुतत्त्वः श्रृण्वन्न श्रृणोत्येनाम्। उतो त्वस्मै तन्वं विसस्रे जायेव पत्ये उशती सुवासाः॥* (नवम मन्त्र)

भावार्थ- यस मन्त्रद्वारा आमाको स्वरूपको दुर्बोधना वेदले प्रकट गर्छ। हे जननी तिम्रो कृपाले नै सवै बोल्दछन् वातगर्छन् विचार गर्छन्। तिम्रै कृपाले नै तिमीलाई सत् असत् सिद्ध गर्छन्, परन्तु तिमीलाई कोही चिन्न जान्न सुन्न देख्न सक्दैनन्, तिमीलाई देखेर पनि देख्न सक्दैनन् तिम्रो कथा सुनेर पनि तिमीलाई सुन्न सक्दैनन् केवल तिमीले कृपा गरेर जसलाई आफ्नु रूप देखायौ चिनायौ भने मात्र उसैले देख्न चिन्न सक्छ पाउँदछ।

*नाम-रूपात्मकं सर्वं यस्यामावेश्यतां पुनः।*
*ध्यायन्ति ब्रह्मरूपैका सा मां पातु सरस्वती।* (दशम श्लोक)

यसको अर्थ माथि प्रथम अंशमानै व्याख्या भई सकेको छ।

*ऐं अम्बितमे नदीतमे देवीतमे सरस्वती।*
*अप्रशस्ता इव स्मसि प्रशस्तिमम्ब नस्कृधि॥* (दशम मन्त्र)

यो मन्त्रको पनि माथिनै व्याख्या भईसकेको छ।

***



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# (ख) विद्याशक्ति

माथि विद्या रहस्यको रूपमा वर्णन भयो । अव यहाँ विद्या शक्तिको रूपमा वर्णन गरिन्छ ।

विद्यानै परम पद हो, विद्यानै परम तत्त्व हो, विद्या प्राप्तिनै मनुष्य जीवनको चरम लक्ष हो । भगवान शिवको शिवत्व विद्यामय हुनाले नै यसो भएको हो । यो विद्याको प्रभावनै हो कि- पुराणोऽपि स्थाणुः फलति किल कैवल्यपदवीम् । विना विद्या पशुपाश कहिलै छुटन सक्दैन । विद्या नैं अमृत हो । विद्याहीन जीव वाँचेर पनि वाँचेको ठहरिंदैन मरेकै हो । विद्या युक्त जीवन मुक्त कहिन्छ ।

श्रुति, स्मृति, पुराण, तन्त्र, दर्शन आदि सवै शास्त्र भगवती विद्याको एकै उच्च स्वरले स्तुति गर्छन् । सवै सिद्धान्तहरूमा विद्यानै मोक्षको निमित्त आवश्यक कहिएको छ । विद्या विना मोक्ष हुन सक्दैन । मनुष्य जीवनमा मोक्ष हुनु नै परमपुरुषार्थ ठहरिन्छ, अतः विद्या संप्राप्ति नै जीवनको परमऽचरम लक्ष हो । सम्प्राप्तिको यो अर्थ हो कि वस्तुको यस प्रकारको लाभ होस् कि उसको कुनै अंश शेष नरहोस् लाभ भएर कहिल्यै पनि नहटोस् न नाशियोस् ।

विद्यावाट यस प्रकारका लाभ भयो भने मात्र दुःखअन्त्य निवृत्त भएर परमानन्द प्राप्ति हुन सक्दछ । प्रत्येक वुद्धिमान पुरुषहरूको सवैभन्दा ठूलो कर्तव्य यही नै हो । शरीर रहुन्जेल यही विद्या प्राप्ति गर्न सक्नु पर्छ । जीवनको प्रत्येक कर्म, प्रत्येक प्रवृत्ति यही प्रवाहमा लागेर जान सक्यो भने यो परम लक्ष शीघ्रातिशीघ्र अवश्य नै सिद्ध हुन्छ । जो मनुष्य जीवन पाएर यो अमूल्य जीवनलाई पेटको समस्या आदि क्षुद्र विषयमा मात्र लगाएर नष्ट गर्नु त (सौवर्णैर्लाङ्गलाग्रे विलिखति वसुधामर्कमूलस्य हेतोः) जावो आँकको जराका निमित्त सुन टुप्पो (फाली) भएको हलाले जोत्नु जस्तै हो । यस्तो पुरुषलाई आत्मघाती भन्दछन् । यो शरीर ढले पछि अन्धंतमः प्रविशन्ति, अत्यन्त अन्धकारमा (परमार्थ ज्ञान ज्योति नभएका नरक पशु वृक्षादि योनिहरूमा) प्रवेश गर्छ अर्थात् त्यो महानारकी हो ।

विद्याको सम्प्राप्ति नभईकन विद्याको यथार्थज्ञान हुन सक्दैन, जुन पदार्थ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आफू समक्षदेख्न, प्राप्त गर्न सकेको छ भने मात्र त्यस्को इयत्ता पत्ता लाग्दछ। विद्वान हुं भन्नेहरू धेरै जसो साधारणतया विद्या शव्दको अर्थ जान्दछन् तर यहाँ त्यत्ति साधारण संकुचित अर्थले काम दिँदैन, यस्ता विद्वानहरू छन् तापनि त्यस्ताले अमृतत्त्व प्राप्त गर्न सक्दैनन्।

विद्ययाऽमृत मश्नुते, यो वाक्यको यो अवस्थामा के अर्थ होला। वेदको भनाई छ, 'सा विद्या या विमुक्तये' जसद्वारा मुक्ति हुन्छ त्यही नै विद्या हो। विद्या शव्दद्वारा केवल साधन शास्त्रादि रूपलाई वेदले विद्या भनेको होईन। अमृतं तु विद्या भनेको हो। (विद्या शक्ति समस्तानां शक्ति रित्यभिधीयते) इत्यादि वेद वाक्यवाट उही विद्या साध्यरूपा परमार्थरूपा पनि वताएको छ। उपनिषद् वाक्य प्रति मनन गरेर आगम शास्त्र सिद्धान्त प्रति लक्ष राखेर विद्याको वास्तविक रूपको अनुसन्धान गरेर जानु पर्छ। विद्यानै सम्पूर्ण शक्तिको मूल शक्ति हो, उनी सच्चितानन्दरूपा हुन्।

विद् सत्तायाम् यस धातुवाट 'विद्यते देशकालानवच्छिन्नत्वेन वर्तते या सा विद्या' अथवा विद्लृ लाभे-परमानन्द रूपत्वेन लभनीया या सा विद्या, अथवा विद ज्ञाने विद्यते ज्ञायते अनया। विद्लृ लाभेवाट सच्चिदानन्द रूपा परमाशक्ति विद्या यो अर्थ विद्या शव्दवाट निस्कन्छ।

अग्नि र अग्निको दाह शक्तिको जस्तो अभिन्नता छ तेस्तै व्रह्म र विद्याको सम्वन्ध छ। अक्षमालिकोपनिषद्-तं यत् सूत्रितं सा विद्या यत्सूत्रं तद् व्रह्म। इत्यादि वताएर रूपकद्वारा व्रह्म र विद्याको सम्वन्ध वताएको छ। भगवान् शङ्कराचार्यले परव्रह्ममहिषी भनेर यही भावको प्रकट गरेका छन्। परमाल्हादशक्ति भन्ने वैष्णवाचार्यहरूको पनि अर्को अभिप्राय होईन।

यिनै शक्ति जव सृष्टिउन्मुख हुन्छिन् तव अविद्याशक्तिको क्रमश विकास हुन लाग्दछ। जव संहारक्रम सुरु हुन लाग्दछ तव विकास भएकी अविद्या शक्ति प्रत्यावर्तनमा फर्काइमा लाग्दछिन्। यौटै शक्तिद्वारा विकास र संकोच दुवै कार्य हुन्छ। यही आशयलाई लिएर उपनिण्द् भन्दछ-

*द्वे अक्षरे व्रह्मपरे अनन्ते*
*विद्याऽविद्ये निहिते यत्र गूढे।*
*क्षरन्त्वविद्यास्यमृतन्तु विद्या*
*विद्याऽविद्ये ईशते यस्तु सोन्यः॥*

वन्ध र मोक्षको कारण पनि उही एक विद्या नै हो। जस्तै-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी ।*
*संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी ॥*

गुणले रहित अद्वैत सिद्धान्त परिनिष्ठ आत्मानुभवी योगी भए पछि मात्र परमानन्दरूपा परमाराध्या मूलभूत विद्याशक्तिको आत्मानुभवद्वारा ज्ञान प्राप्त गर्न सक्दछ । यसकारण साधारण जीव मनुष्यको निमित्त विद्याको गुणत्रयात्मक तीन रूप वताएको छ ।

*विद्या-शक्तिः समस्तानां शक्तिरित्यभिधीयते ।*
*गुणत्रयाश्रयाविद्या सविद्या च तदा मया ॥* (वृहज्जावालोपनिषद्)

*हेतुः समस्तजगतां त्रिगुणाऽपि दोषै र्नज्ञायसे हरिहरादिभिरप्यपारा ।*
*सर्वाश्रया खिलमिदं जगदंशभूत मव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥* (सप्तशतीं)

उनी आद्य-प्रकृति मूलशक्ति विद्या तीन गुण अनुरूप व्राम्ही, वैष्णवी, माहेश्वरी रूप धारणा गर्छिन् । तत्त्वतः उनी नै परव्रह्म हुन् । अव यी विद्याको मोक्षक्रमक अनुसार श्रुतिले वताएको आगमशास्त्रले पुष्टि गरेका रूपको वर्णन तल गरिन्छ ।

## (१) अधिभौतिकी विद्या

यो विद्यासँग साधारण रूपवाट सवै जसो परिचित छन् । विद्यते ज्ञायते अनया (जसद्वारा जानिन्छ) यो व्युत्पत्तिवाट विदज्ञाने धातुवाट वनेको शव्द भयो विद्या । जति वेद, पुराण, उपनिषद आदि ज्ञान राशि छन्, यी सवै हामीले जानेका पनि हौंला जान्न सकिने पनि हुन्छ । यी सवै यही विद्या शव्दको अन्तरगत पर्दछन् अर्थात् विदज्ञाने धातुबाट वनेको यही व्युत्पत्तिको विद्या अन्तरगत पर्दछन् ।

यहाँ एउटा कुरालाई ध्यानमा राख्नु आवश्यक छ । केवल केही जानेर मात्र वास्तविक विद्या जानेको हुँदैन । धातुको अर्थप्रति ध्यान दिनाले यो स्पष्ट हुन्छ । विद्धातु र ज्ञा धातुको अर्थ भेद सम्झनु पर्छ, यी संस्कृत धातुहरूको गोत्रापत्य अरू आर्य भाषाहरूमा पनि यी अर्थहरूको तारतम्य, आजसम्म छ, विद् र ज्ञा धातुको अर्थ भेद बरावर चलेर आएको पाईन्छ । विद् धातुबाट वनेको वेद शव्दले पनि यस्को स्पष्ट गर्छ । यही अर्थको लक्षलाई राखेर तत्त्वावलिकार विद्या शव्दको संवन्धमा भन्दछन्–

विशेषणवद् विशेष सन्निकर्षलिङ्गपरामर्शादि रूपगुणजन्यो वुद्धिविशेषः



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(न्याय भाष्य, वात्स्यायन-विजातीयज्ञानहेतुः)
यसको निष्कर्ष यही हो कि विद्या शव्द केवल ज्ञान होईन । वरु यसले यथार्थ ज्ञान या तात्त्विक ज्ञानको द्योतित (प्रकाशित) गर्छ । यस विद्याको परा र अपरा दुई रूप वताईएको छ ।

*द्वे विद्ये वेदितव्ये हि पराचैवापरा च ते ।*
*तत्रापरा तु विद्यैषा ऋग्वेदो यजुरेव च ॥*
*सामवेदस्तथाथर्ववेदः शिक्षा मुनीश्वर ।*
*कल्पो व्याकरणँञ्चैव निरुक्तं छन्द एव च ॥*
*ज्योतिषञ्च तथा नात्मा विषया अपि बुद्धयः ।*
*अथैषा परमा विद्या तथात्मा परमाक्षरम् ॥* (रुद्रहृदयोपनिषद) यो भयो अधिभौतिक विद्याको साधनात्मक रूप । यही साध्य पनि हो । शास्त्र पढ्नु पढाउनु यसवाट शुद्ध आत्मज्ञान प्राप्त भएपछि यी चित् रूपा विद्याको प्राप्ति हुन्छ ।

## (२) आध्यात्मिक विद्या

यो विद् सत्तायां धातुवाट सिद्ध विद्या शव्दलेअखण्ड सत्ताको द्योतन (प्रकाश) गर्दछ । "दिक्कालाद्यनवच्छिन्नत्वेन या विद्यते सा विद्या"- जसको स्थिति प्रत्येक स्थानमा छ, उही विद्या हो । यी सर्व व्यापिनी शक्ति हुन् । यिनको वास्तविक ज्ञान अनुभव विना खाली योगले मात्र पनि हुन सक्दैन । प्राणायामादिको योगवाट जसले मनलाई वुद्धिमा वुद्धिलाई आत्मामा लीन गर्ने अभ्यास सुख पूर्वक गर्न सक्छ, ती योगिहरूले मात्र यस विद्याको यथार्थ अनुभव गर्न सक्दछन् ।

## (३) अधिदैविकी विद्या

यो विद्याको रूप धेरै जसोले जानेकै कुरा हो, तापनि केही संक्षेपमा उल्लेख गरिन्छ । यी विद्या नाना सगुणरूप धारणा गरेर भक्तलाई भुक्ति-मुक्ति दिन्छिन् । आगम पुराण शास्त्रहरूमा यी विद्या शक्तिको विभिन्न रूप र प्रतिरूपको उपासनाका प्रकरणहरू छन् । विभिन्न भक्तहरूले आफ्नू-आफ्नू लक्ष सिद्धिका निमित्त विभिन्न नामरूप, विधि, उपासनावाट सिद्ध गरेका अनुष्ठानहरू छन् । वैष्णव, शैव शाक्तहरूले आफ्नू-आफ्नू लक्षका लागि फरक-फरक तरिकावाट विभिन्नरूपको सेवा गरेका छन् । यही विभिन्न भेद दर्शाउन यहाँ लेखिएको हो । वास्तवमा यी सारा भेद



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मानुभवका मार्ग हुन् । वास्तविक विद्या उही आत्मानुभव परावस्थाको नाम हो । जहाँ ज्ञाता, ज्ञान, ज्ञेय यो त्रिकुटको दर्शन (भान) नभई केवल परमात्मा रूप चित्रकूट प्रति नै अवस्थित रहन्छ । लौकिक अवस्थामा भेद प्रतिपत्तिको कारण (भेदभावको भान पर्नाले) यी साधनहरूको आवश्यकता हुन्छ । विद्या संप्राप्तिका साधनाहरू हुन्- स्वाध्यायन, उपासना, योगहरू । सवभन्दा ठूलो साधन हो पराप्रवृत्ति (परा रूपमै लागु भई रहनु) यही आत्मार्पण हो, यही नै योग हो ।

माथि दुई किसिमको विद्या वारे वताईयो १ अपरा, २ परा । वेद पुराण उपनिषद षड्शास्त्रादि र आत्मा वाहेक अरू मन वुद्धि इन्द्रिय विषयादि सवै अपरा विद्या हो । यी विधानरूप हुन् केवल आत्माक्षर परव्रम्ह हो पराविद्या । विद्या शक्तिका विभिन्न रूपको वर्णन–

*या मुक्तिहेतुरविचिन्त्य महाव्रतात्व मभ्यस्यसे सुनियतेन्द्रियतत्त्वसोरेः ।*
*मोक्षार्थिभिर्मुनिभिरस्त-समस्तदोषै र्विद्यासि सा भगवती परमा हि देवी ॥*
*शव्दात्मिका सुविमलर्ग्यजुषां निधान- मुद्गीथरम्य पदपाठवतां च साम्नाम्*
*देवित्रयी भगवती भवभावनाय वार्तासि सर्वजगतां परमार्तिहन्त्री ॥*
*मेधासि देवि विदिताऽखिलशास्त्रसारा दुर्गासि दुर्गभवसागरनौरसङ्गा ।*
*श्रीः कैटभारि हृदयैककृताधिवासा गौरि त्वमेव शशिमौलिकृतप्रतिष्ठा ॥* (सप्तशती)

❊❊❊



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# (ग) विद्यादान महिमा

सृष्टि अनादि छ कहिलेदेखि हुन थाल्यो कतिपल्ट भयो, कहिलेसम्म हुन्छ भन्ने कुरा वताउने विद्या, प्रत्येक सृष्टिको आदिमा पहिले शव्द सृष्टि हुन्छ, त्यो शव्द समूह नै वेद हो । यही वेद विद्याको र यसले वताउने संस्कार वैदिक सनातन धर्म हो र यसलाई नै हिन्दु धर्म भनिएको हो । यो कुनै प्राणीले कल्पना गरेको होईन । शास्त्रले यसको व्याख्यान गरेको मात्र पाइन्छ । यसको आयुर्दा तोकेको कहीं पाईंदैन । यसैले यो अनादि सनातन वैदिक धर्म हो । यस्तो हाम्रो वैदिक सनातन धर्मको लक्ष हो- धर्म, अर्थ, काम, मोक्ष, यी चारै वर्ग सिद्ध गर्नु । मनुष्य जीवन नियमवद्ध तरिकाले चलेको हुन्छ, ब्रम्हचर्य गृहस्थ वानप्रस्थ र सन्यास यी ४ आश्रम हुन् । यी प्रत्येक आश्रम नियमित सँग चलेको हुनु पर्छ । हाम्रो जीवन सामान्यतया १०० वर्ष मानिएको छ । यसमा ४ भागको १ भागलाई एक आश्रम मानिन्छ । जीवनको प्रथम भाग २५ वर्षसम्म ब्रह्मचर्याश्रममा ब्रह्मचर्यको नियममा रहेर विद्याभ्यास गरी सवैविषयको ज्ञान प्राप्त गरे पछि मात्र विवाह गर्ने अधिकार प्राप्त हुन्छ । विवाह गरेपछि गृहस्थाश्रम सुरु हुन्छ । गृहस्थाश्रमको नियम वमोजिम ईश्वर आस्था राखी मानव कर्तव्यलाई अँगाली, फलको इच्छा नराखी कर्तव्य परायण भई कर्म मार्गवाट जानु पर्छ । आफूले जस्तै विद्याभ्यास गरी आएका छोरालाई विवाह गरिदिई छोरालाई गृहस्थी भार सुम्पनु पर्छ र संसारदेखि वैराग्य प्राप्त भएको छ भने मात्र वानप्रस्थाश्रममा जाने हो, यदि वैराग्य ज्ञान प्राप्तिको ईच्छा नगरी कर्ममार्गद्वारा ईश्वरको सेवा गर्ने हो भने साधुसङ्गत गर्ने जीवनमा आफूले आर्जेको ज्ञान छोरा नाती समाजमा सुनाउने उपदेश गर्ने इत्यादि सत्कर्म गरेर गृहस्थीमै जीवन विताउनु पर्छ ।

वैराग्य ज्ञान प्राप्त छ भने पनि वनजानु पर्छ भन्ने केही छैन । ज्ञानी पुरुष स्वयं जीवन मुक्त हुन्छन् । यो अवस्थामा पनि परमात्माको प्रकाश भई रहेको हुन्छ । यसैलाई लिएर शास्त्र भन्दछ । (इन्द्रियं इन्द्रियार्थेषु) यस्ता हाम्रा पुर्खा योगेश्वर योगीश्वरीहरू थिए- राम, कृष्ण, वसिष्ठ, जनक आदि र सीता, अरुन्धती अनसूया, सावित्री, गार्गी, मैत्रेयी आदियोगीश्वरीहरू थिए । स्वयं जीवन्मुक्त रहेपनि इन्द्रियका अर्थ राजकाज व्यवहार गरिरहेका पाइन्छन् । वैदिक धर्मले ज्ञानप्राप्त गरेका युवकहरूलाई वनसन्यासमा जान दिदैन । ज्ञानी शुकदेवले पनि गृहस्थाश्रम गरी योग्य नागरिक सृजना गरेर मात्र तपस्या गर्न जान वेदव्यासले स्वीकृति दिएको पाईन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक धर्मको लक्ष हो- इहलोक परलोक दुवै लोकको राम्रो प्रवन्ध मिलाउनु । यसैलाई युवक वा युवति अवस्थामै ज्ञान प्राप्त भएमा पनि आश्रमको रोल नाघेर वन जान दिदैन । ज्ञान प्राप्त नभएकालाई त झन् कुनै अवस्थामा पनि योगी-योगीनी भई मठ कुरेर भ्रष्टाचार गरी समाजलाई वोझ वोकाउन दिदैन । गृहस्थाश्रमको काम जोजानेको उव्जाएर आफ्नो र परिवारको समेत उपकार गर्नै पर्छ र देश धनी वलवान हुन्छ । ज्ञानीहरूको अनुकरण गरेर, धर्मको ध्वाँस लगाएर लुच्चा स्वांठहरूले समाजलाइ ठगदछन् भन्ने प्राचीन लाखौ वर्प अघिका कुराहुन् । ऋषभदेव द्वन्द्वातीत परम ज्ञानी थिए । अरू वस्त्र त के लगौंटी पनि लाउँदैनथे । आफ्नू शरीरको पनि पर्वाह थिएन उनको अनुकरण गर्ने अज्ञानीहरू पनि समाजमा निर्धनता फैलाउँदै हिँड्छन् । कसैले देखेनन् र जाडो भयो भने लुगा लाउने र ओढ्ने पनि गर्दछन् ।

पछि यस्तो वैदिक सनातन धर्ममा आघात गर्ने अनेकन साम्प्रदायिक धर्मप्रचारकहरू निस्के र योगी-योगिनी भएमा धर्म हुन्छ भन्ने आडम्वरी धर्म चल्न थाल्यो । साराका सारा भिक्षुणी भई मठ कुर्न लागे । राजा रजौटाहरू पनि यही धर्ममा विश्वास गर्न लागे । वुद्ध धर्मले त झन् यिनीहरूको संख्या ज्यादै वढाएर लग्यो । देशशिथिल हुँदै जान लाग्यो । वैदिक धर्मको जव ह्रास हुन लाग्यो राजा र राज्य पनि कम्जोर हुँदै गयो र यसै वेला कौटिल्य, शंकराचार्य जस्ता वैदिक सनातन धर्मावलम्वी महात्माहरूको जन्म भएर भिक्षु-भिक्षुणीलाई पक्रँदै, स्थिर वनाउँदै सामाजिक सुधार गर्न लागेका थिए । जव उनीहरू पनि अस्ताए उनको रहस्य कसैले वुझेन । यो रहस्य राजाहरूले वुझ्नु पर्ने थियो । राजाहरू पनि शिथिल भैसकेका थिए, नचाँहिदो धर्म प्रचारले विभिन्न धर्मावलम्वी भएर शिथिल भैसकेका थिए । आखिर त्यत्रो विशाल भारत परमुखापेक्षी भएर कैयौं वर्पसम्म आँसु काडेर वस्नु पर्‍यो ! यो नेपालीले देखिरहेकै कुरा हो ।

वैदिक सनातन धर्मले यता आफ्ना नागरिक, देशतर्फ विद्याभ्यास र गृहस्थी धर्मानुकूल कर्मद्वारा शान्तिपूर्वक उद्योग उन्नति धर्मतर्फ डोर्‍याई राखेका हुन्छन् । उता राजनैतिकतर्फ, राजा हातहतियार र फौज सेनाको समेतपूर्णरूमा विकास भईरहेको हुन्छ र वाहिरी आघातवाट देशलाई जोगाएर राखेको हुन्छ र शान्ति धर्म प्रति आघात हुन थालेमा वाहिरी भित्री अशान्तिलाई दमन गरी पुनः धर्म र शान्तिलाई कायम राखिछोड्छ ।

वैदिक सनातन धर्मले कर्मलाई नै मुख्य मान्दछ । विना कर्म सृष्टि नै हुँदैन । यो सारा विश्व व्रह्माण्ड नै कर्म क्षेत्र हो । ईश्वरको सृष्टि विश्व व्रह्माण्ड जहाँसम्म रहन्छ, त्यहाँसम्म कर्म रहित कहिल्यै हुँदैन । विना कर्म विश्व व्रह्माण्डलाई नाघेर अद्वैतमा पुग्न सकिदैन । कर्मद्वारा नै ज्ञान प्राप्त हुन्छ र मात्र तुरीयावस्था प्राप्त भएपछि अद्वैतको अनुभव हुन्छ, अनि मात्र कर्म नाश हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विना कर्मले कुनै कार्य सिद्ध हुँदैन । यसैले वैदिक सनातन धर्मले अज्ञानीको त कुरै छोडीदिउँ ज्ञानी वैरागीलाई समेत कर्मक्षेत्र-गृहस्थ जीवन, छोडेर भिक्षु भिक्षुणी भएर हिँड्न दिदैन । आ-आफ्नो योग्यताअनुसार कर्म गर्नैपर्छ । ज्ञानी विद्वानहरूले ज्ञान विद्या प्रदान गरेर, कर्म मार्गवाट डोऱ्याएर धर्म, अर्थ, काम, मोक्ष चार वर्गको उपभोग समाजलाई गराई, योग्य उन्नत शिष्ट समाजको निर्माण गराई वैदिक धर्मवाट देश र समाजलाई उत्थान गर्नै पर्छ अनि मात्र वेदले कल्पना गरेजस्तो राष्ट्र र समाजको उन्नति हुन्छ। जस्तै आव्रह्मन् व्राह्मणो व्रह्मवर्चसीर्जायतामित्यादि ।

विश्व व्रह्माण्डमा राम्रा र नराम्रा जति गुण र पर्दार्थहरू छन् ती सवै हाम्रा शरीरमा विद्यमान वीजहरूमा छन्। सद् विद्यावाट उत्तम गुण र असद् विद्यावाट दुर्गुणहरू विकसित हुन्छन्। यसैले उपर्युक्त सारा प्रपञ्च सद्‌विद्यावाट नै सिद्ध हुन्छन् । विना विद्या कुनै पनि विषयसिद्धि वा प्राप्त हुन सक्दैन । यसैले हाम्रो सामान्य जीवनको प्रथम चरणमा विद्याभ्यासको पाउ राखिएको हो । यसरी पहिले विद्याभ्यास भए पछि मात्र देश काल समयको परिवर्तनका साथ साथै समाज उन्नति पथमा लम्कँदै जान्छ र आफ्नूपनको रक्षा गर्दै धर्म, कर्म, काम, मोक्षको सम्म उपभोग गर्ने हुन्छ । यसैले संसारमा विद्याभन्दा ठूलो उत्तम वस्तु केही छैन ।

सत्य शौच, दया, दान, यी धर्मका चार पाउ हुन् । यी मध्ये कलियुगमा दानको महिमा ठूलो छ। दाताहरू आफू सावगासअनुसार विभिन्न वस्तुहरू दान गर्छन्। तर असलदाताहरू केही दान गरेर पनि कृतार्थ हुदैनन् । दान लिनेहरू पनि परिपूर्ण कृतार्थ हुँदैनन् । उपभोगले मानिस कहिल्यै अघाउँदैन । भो पुग्यो भनेर कहिल्यै भन्दैन । यो पृथ्वीमा भएका उव्जेका उपलब्ध भएका देखे-सुनेका वस्तुहरूको उपभोग पाएर पनि उसको इच्छा कहिल्यै तृप्त हुँदैन । नदेखेको स्वर्ग वैकुण्ठसम्मका आनन्दको कल्पना गर्दै रहन्छ । हुन त यो मानव उन्नतिको मार्ग हो । उसका इच्छा कहिल्यै तृप्त हुँदैनन् । यस्तालाई के दिएर सन्तुष्ट हुन्छ र ? यसैले असल सात्विक दाताहरू कुनै वस्तु दान गरेर म दानी हुं म कृतार्थ छु भनेर हिन्दैनन् । विद्या दानभन्दा ठूलो दान अरू कुनै दान छैन । यसैले जसले विद्या दान गरेको छ उसले मात्र आफूलाई दानी र कृतार्थ भन्ने संभन्छ । विद्या दान पाउने लिने विद्यार्थी पनि दान लिएर पनि कृतार्थ हुन्छ । यो दान प्रतिग्रह ठहर्दैन । पछि दातालाई वुझाउन फर्काउन पर्दैन । किन भने सदाविद्याद्वारा आफूलाई इच्छा लागेका सारा उपभोग्य वस्तुहरू कमाउन पाउन सकिन्छ, यसलोकमा भात्र नभई सवर्ग नै वैकुण्ठ मोक्ष मार्गमा समेत आफू मात्र नभइ दाता गुरूलाई समेत पुऱ्याउन सक्दछ । अर्थात् धर्म, अर्थ काम मोक्ष चारै वर्ग प्राप्त गर्न सक्दछ । यसैले संसारमा विद्यादान दिनु र लिनुभन्दा ठूलो दान अरू केही छैन र हुँदैन ।

विद्या के हो भन्ने कुरा माथि विद्या शक्तिको महिमा उल्लेख गर्दा लेखिसकिएको छ । तापनि संक्षेपमा यहाँ लेखिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिभौतिक विद्या, अधिदैविक विद्या र आध्यात्मिक विद्या गरी ३ भेद र अर्को परा र अपरा २ भेद भनी मानिएको छ । वेद पुराण आदि संसारमा जति विद्या वनेका छन् र वन्दै जानेछन् यी सारा अधिभौतिक विद्या हुन् । संसारका देव र देवी वारेमा ज्ञान दिने अधिदैविक विद्या हुन् । अद्वैत परव्रह्मा ईश्वर हो- आध्यात्मिक विद्या । अर्को दुई भेदमा वुद्धि मन इन्द्रय र यिन्काविपयदेखि लिएर सारा विश्व व्रम्हाण्डमा जति पदार्थ वस्तु छन् यिनी र यिनीहरूका तत्त्ववाट के कति सृजना हुन सक्दछन् यो सारा अपरा विद्या हो । यी वाहेक एक मात्र शुद्ध परव्रह्मा ईश्वर हो पराविद्या ।

यस्ती विद्याकी शक्ति प्राप्त भए पछि संसारमा नजानिने र न पाइने वस्तु केही रहँदैन । यसवाट धर्म अर्थ काम मोक्ष चारै वर्ग प्राप्त हुन्छन् । यस्ती विद्या शक्तिभन्दा ठूलो शक्ति संसारमा कुनै छैन, यस्तो विद्यादान गर्नभन्दा ठूलो दान पनि संसारमा कुनै दान छैन । दान लिनु पनि यो भन्दा ठूलो दान लिनु अरू केही हुँदैन । यस्तो विद्यादान गर्ने तरिका र दानको महिमा दिव्यचक्षु भगवान कृष्णले राजा युधिष्ठिरलाई वताउनु भएको यसप्रकार छ -

शास्त्रका पुस्तकहरू लेखाउँदा लेखकवाट शुद्धसँग पदच्छेद मात्रा अनुसार ह्रस्वऽदीर्घ मिलाएर वाटुला वरावर सोझो पङ्तिमा पृथक स्पष्ट अक्षर लेखाएर लेखकलाई दक्षिणा दिएर लिएका पुस्तकहरू सुनको कलम चाँदीको मसीपात्र वस्त्र आदिका साथ शास्त्रको मर्मज्ञ विद्वानहरूलाई दान गर्नु अथवा देवालय मन्दिरमा चढाउन पुराण लगाउन सवैलाई ज्ञान दिलाउन लगाउनु । अथवा सवैले हेर्ने पढ्न पाउने सर्वजनिक स्थान, मठ, पुस्तकालयहरूमा राखिदिनु । विद्यादानमा पनि सवैभन्दा महत्त्वपूर्ण दानको तरिका यो छकि विद्यार्थीहरूलाई भरण-पोपण सेवा गरेर, विद्यार्थीलाई रूचि भएको विपय आफैले पढाई दिनु अथवा जानिदैन सकिदैन भने शिक्षकलाई वेतन दिई प्रफुल्ल वनाई पढाउन लगाउनु, यो सवै गर्न साव-गास पुग्दैन सकिदैन भने विद्यार्थीहरूलाई भिक्षा र अन्न वस्त्र इत्यादि दान दिएर सुविस्तासँग विद्या हासिल गर्न मद्दत गरिदिनु यिनै हुन् विद्यादानका तरिकाहरू- क्रमहरू ।

सुन चाँदी अन्न वस्तु आदि दान गरेर मानिस कहिल्यै भरिपूर्ण हुँदैन, विना विद्यादान । विद्यापाएपछि विद्याद्वारा संसारमा आफूलाई इच्छा लागेका सारा वस्तु उ आफै कमाउन सक्दछ। धर्माधर्म कर्तव्यको ज्ञान हुन्छ। यसैले विद्यादान गरेपछि संसारमा भएका सारावस्तु दान गरेको फल पुण्य मिल्दछ र दाता पनि कृतार्थ हुन्छ। अश्वमेध आदि ठूलाठूला यज्ञ र पृथ्वी आदि ठूलाठूला दान गरेको भन्दा विद्यादान गरेको पुण्य ज्यादै धेरै ठूलो हुन्छ । यस्ता दाताहरू कैयौं वैकुण्ठमा वसेर जन्मलिन परे पनि पृथ्वीमा ठूलो धार्मिक राजा भई जन्मेर फेरी यस्तै पुण्य गर्ने गरी फेरी वैकुण्ठ तिरै जान्छन् वारम्वार यस्तै नै भई रहन्छ । अधोगतिमा कहिल्यै जाँदैन भनी भगवान कृष्णले राजा युधिष्ठिरलाई उपदेश गर्नु भएको छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## (विद्यादान महिमाको संस्कृत श्लोक उद्धरण)

युधिष्ठिर उवाच-
सांप्रतं यदुशार्दूल विद्यादानस्य यो विधि : ॥
तमहं श्रोतुमिच्छामि कथयस्व जनार्दन ॥१॥
श्री कृष्ण उवाच-
विद्यादानविधिंवक्षे यथातथ्येन तेऽधुना ॥
यथादेयं फलंयच्च दत्तेन कुरुनन्दन ॥२॥
शुभेन्हि विप्रकथिते गोमयेन सुशोभनम् ॥
कारयेन्मण्डलं दिव्यँ चतुरस्रं समन्ततः ॥३॥
पुष्प प्रकर संछन्नं स्वस्तिकादि विभूषितम् ॥
पुस्तकं तत्र संस्थाप्य गन्ध पुष्पै : समर्चयेत् ॥४॥
सौवर्णी लेखनी कार्या रौप्यं च मषिभाजनम् ॥
लेखकं पूजयित्त्वा तु आरम्भं कारयेत् सुधीः ॥५॥
विनीतश्चाप्रमत्तश्च ततः प्रभृति लेखकः ॥
मात्रानुस्वारसंयुक्तं पदच्छेदसमन्वितम् । ॥६॥
समानि समशीर्षाणि वर्तुलानि घनानिच ॥
लेखयत अक्षराणीह तद्‌गतेनान्तरात्मना ॥७॥
निष्पादयित्वा तत्छास्त्रं शैवं वा प्यथवैष्णवम् ॥
निष्पादिते ततः पूज्यो लेखको वस्त्रभूषणैः ॥८॥
संपूजयित्वा तच्छास्त्रं देयं गुणवते तदा ॥
शास्त्रं सद्‌भाव विदुपे वाचके च प्रियंवदे ॥ ९॥
वस्त्र युग्मेन संवीतं पुस्तकं प्रतिपादयेत् ॥
सामान्यँ सर्वलोकानां स्थाँपयेत् अथवा मठे ॥१०॥
अनेन विधिना दत्वा यत्फलं प्राप्नुयान्नरः॥
तदहंते प्रवक्षामि युधिष्ठिर निवोधतत् ॥११॥
यत्पुण्यं तीर्थ यात्रायां यत्पुण्यं यज्वनां तथा ॥
तत्पुण्यं कोटि गुणितं विद्यादानाल्लभेन्नरः ॥१२॥
कपिलानां सहस्रेण सम्यग्दत्तेन यत्फ्लम् ॥
तत्फलं समवाप्नोति पुस्तकस्य प्रदायकः ॥१३॥
पुराणं भारतं वापि रामायणमथापि वा ॥
दत्वा यत्फलमाप्नोति पार्थ तत्केन वर्ण्यते ॥१४॥
प्रातरुत्थाय यः शिष्यानध्यापयति यत्नतः ॥



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदं शास्त्रं नृत्यगीतं कस्तेन सदृशः कृती ॥१५।
उपाध्यायस्य यो वृत्तिं दत्वाध्यापयते जनः ॥
किं नदत्तं भवेत्तेन धर्मकामार्थदर्शिना ॥१६।
छात्राणां भोजनाभ्यङ्गवस्त्रं भिक्षामथापिवा ॥
दत्वा प्राप्नोति पुरुषः सर्वकामान्नसंशयः ॥१७॥
विवेको जीवितं दीर्घं धर्मकामार्थ संपदः ॥
सर्व तेन भवेद्दत्तं छात्राणां पोषणे कृते ॥१८॥
शास्त्रं शस्त्रं कलां शिल्पं यो यदिच्छेदुपार्जितुम् ॥
तस्योपकारकरणे पार्थ कार्यं सदामनः ॥१९॥
वाजपेयसहस्रस्य सम्यगिष्टस्य यत्फलम् ॥
तत्फलं समवाप्नोति विद्यादानान्न संशयः ॥२०॥
शिवालये विष्णुगृहे सूर्यस्य भवनेऽथवा॥
यःकारयति धर्मात्मा सदा पुस्तकवाचनम् ॥२१॥
गोभूहिरण्यवासांसि शपनान्यासनानि च ॥
प्रत्यहं तेन दत्तानि भवन्ति भरतर्षभ ॥२२॥
धर्माधर्मं नजानाति विद्यया रहितः पुमान् ॥
तस्मात् सदैव धर्मात्मा विद्यादानरतो भवेत् ॥२३॥
त्रैलोक्यं चतुरोवर्णाश्चत्वारश्चाश्रमाः पृथक् ॥
व्रह्माद्या देवताः सर्वा विद्यादाने प्रतिष्ठिताः ॥२४॥
चतुर्युगानि राजेन्द्र एकसप्तति संख्यया ॥
कल्पं विष्णुपुरे तिष्ठेत् पूज्यमानः सुरोत्तमैः ॥२५॥
क्षितिमुपेत्य कालान्ते राजा भवति धार्मिकः ॥
हस्त्यश्वरथदानाढ्यो दाता भोक्ता विमत्सरी ॥२६॥
रुपसौभाग्यसंपन्नो दीर्घायुर्निरुजो भवेत् ॥
पुत्रैः पौत्रैः परिवृतो जीवेच्च शरदांशतम् ॥२७॥
दानं विशेष फलदं जगतीह नान्यद्विद्यां विहाय वदनाव्जकृताधिवासाम् ॥
गोभूहिरण्य-गजवाजि-रथादि सर्वं तां यच्छतां किमिह पार्थ भवेन्न दत्तम् ॥२८॥

इति भविष्य पुराणे विद्यादानमहिमा सुभम् ।

❋ समाप्त ❋



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान

## मितिः २०६२/७/२ को भेलाबाट गठित पहिलो कार्य-समितिको नामावली

प्राध्यापक श्री शिवहरि मरहठ्ठा - अध्यक्ष
(उपकुलपति-महेन्द्र संस्कृत विश्वविद्यालय)

श्री गंभिर प्रधान - उपाध्यक्ष
श्री नारायणप्रसाद पाण्डे - महासचिव
श्री दिपक अर्याल - सचिव
श्री सुदिप अर्याल - कोषाध्यक्ष (कोष संस्थापक वलराम अर्यालका प्रतिनिधि)
श्री तुलसी न्यौपाने - सदस्य
श्री दिनेशचन्द्र देवकोटा - सदस्य
श्री परशुराम अर्याल - सदस्य (कोष संस्थापक)
श्री विष्णु प्रभात - सदस्य
श्री भाष्करकुमार श्रेष्ठ - सदस्य
श्री मनोज भट्टराई - सदस्य
श्री राजुवावु श्रेष्ठ - सदस्य
श्री राजेन्द्रप्रसाद अर्याल - सदस्य (कोष संस्थापक)
श्री सरोज देवकोटा - सदस्य
श्री हरिहर अर्याल - सदस्य (कोष संस्थापक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## ज्यो.पं. दण्डपाणि अर्ज्याल

**जन्म** : वि.सं. १९६३ कार्तिक २४ शुक्रबार

**मृत्यु** : वि.सं. २०४५ माघ ७ गते

**जन्मस्थान** : गोरखा

**शिक्षा** : ज्योतिषशास्त्री

**माता** : भवानीदेवी अर्ज्याल

**पिता** : ज्यो.पं. तप शर्मा अर्ज्याल

### संलग्न

२००४ देखि गोरखा भाषा पाठशालाको पण्डित, २००७ देखि आधार मिडिल स्कूल गोरखाका प्रधानाध्यापक, २०१२ देखि २०३१ सम्म शक्ति मा.वि. गोरखा बजारका शिक्षक, पटक-पटक जिल्ला शिक्षा समितिको सदस्यभै जिल्लाको शैक्षिक जागरणमा संलग्न । इतिहासवेत्ता, ज्योतिषविद्, गणित विषयका साधक एवं समाजशास्त्री, विभिन्न पत्रपत्रिकाहरूमा लेख-रचनाहरू प्रकाशित ।

### कृति

अर्ज्यालहरूको बृहत् वंशावली (अप्रकाशित)

इतिहास, संस्कृति र ज्योतिषशास्त्रसम्बन्धी विविध लेखहरू (अप्रकाशित)

प्रतिष्ठानको प्रकाशन पुष्प : १

ISBN 99946-848-0-9

9789994684809

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal